२९९

# भक्तपुर

मासिक

Bhaktapur Monthly

साउन २०७८

ISSN 2705-4454



## विदेश पुगेका मूर्ति फर्काउन

## भक्तपुर नपाको पहल

- 'जनताको हित गर्न राजनीतिक पार्टीहरुको जिम्मेवारी' विषयक शिखर सम्मेलन
- क्युबामा विरोध प्रदर्शन पछाडिका हातहरु
- भारतीय बाँधको कारण नेपाली भूमि डुबान
- किम इल सङको संस्मरण शताब्दीका साथ
- भक्तपुरको प्रख्यात दत्तात्रय मन्दिर
- नेवार समाजमा दिगु पूजा
- महान् वैज्ञानिक माइकल फाराडे
- माटो परीक्षणको आवश्यकता
- नगरपालिका गतिविधि




नेमकिपाका अध्यक्ष का. रोहितलगायत 'जनताको हित गर्न राजनीतिक पार्टीहरुको जिम्मेवारी' विषयक अनलाइन शिखर सम्मेलनमा (असार २२)



नेमकिपाका सचिव प्रेम सुवाल भक्तपुर नपाद्वारा प्रकाशित 'ख्वपको पहिचान' भाग २ पुस्तक अनलाइन माध्यमबाट सार्वजनिक गर्नुहुँदै (असार २८ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#*⋆cÆ (⋆g];⋕!$!⋆lj-;⋕@)&*;fpg⋆A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘शिक्षाले नागरिकहरूलाई राज्यको राजनैतिक एवं नैतिक जीवनमा भाग लिन योग्य बनाउँछ ।’ - प्लेटो**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘जनताको हित गर्न राजनीतिक पार्टीहरूको जिम्मेवारी’ विषयक अनलाइन शिखर सम्मेलन | - | ३ |
| २) | नेमकिपाको दुई वक्तव्य | - | १३ |
| ३) | क्युवामा विरोध प्रदर्शन पछाडिका हातहरू | बेन्जामिन र फ्लोर्स | १४ |
| ४) | भारतीय बाँधको कारण र नेपाली भूमि दुबान | विवेक | १७ |
| ५) | किम इल सङको संस्मरण : शताब्दीका साथ (९) | अनुवाद : नीरज | १९ |
| ६) | शिशु स्याहार केन्द्रः भविष्य हुर्काउने थलो | - | २४ |
| ७) | झुक्याएर मन्जुरीनामा लिई पुर्ख्यौली सम्पत्ति बेची नयाँ घर बनाउन पाइन्छ र ? | कुशल | २५ |
| ८) | भक्तपुरको प्रख्यात दत्तात्रय मन्दिर | डा. बलराम कायस्थ | २७ |
| ९) | नेवार समाजमा दिगु पूजा | ओम धौभडेल | ३० |
| १०) | स्वाध्ययनबाट महान् वैज्ञानिक माइकल फाराडे | राजेन्द्रबहादुर कायष्ठ | ३५ |
| ११) | कर परीक्षण एक चर्चा | एम.आर.गौतम | ४० |
| १२) | माटो परीक्षणको आवश्यकता | सबिन ख्याजू | ४२ |
| १३) | ख्वपको पहिचान-भाग २ | ज्ञानसागर प्रजापति | ४५ |
| १४) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | - | ४८ |
| १५) | खतरनाक भाइरसहरू | नाति कवां | ७१ |
| १६) | अक्सिजन प्लान्ट (कथा) | धनमान श्रेष्ठ | ७२ |
| १७) | बागमती प्रदेशका मुख्यमन्त्री पौडेल भक्तपुरमा | - | ७४ |
| १८) | प्रजग कोरयाका राजदूत भक्तपुरमा | - | ७६ |
| १९) | राष्ट्रिय साझेदारी रुपरेखाबारे मध्यावधि समीक्षा | - | ७८ |
| २०) | भक्तपुर नगरपालिकाको गतिविधि | - | ७९ |
| २१) | विविध समाचार | - | ९४ |
| २२) | सिंहदरबारको बादरको पुच्छरजस्तो निषेधाज्ञा (सम्पादकको पृष्ठ) | - | १०८ |

**साथमा -** केटाकेटीको लागि - ९/ नेपालमा कोरोना - ९७/ ख्वप अस्पताललाई सहयोग जारी - ९८/ विश्वमा कोभिड - १९ को स्थिति - १००/ बसिबियालो - १०२/ २८ वर्ष काम लाग्ने क्यालेन्डर - १०३/ हाम्रो स्वास्थ्य - १०४/ आफन्तीको कथा - १०४/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२१) -१०५,/ SKETCHES FROM NIPAL–Henry Ambros Oldfield (62) - १०७/ रंगीन पृष्ठ -क-घ ।


**आवरण चित्र : भक्तपुर नपाको नासमना टोलको उमामहेश्वरको मूर्ति, १२ औं शताब्दी (करिब ९ सयवर्ष पुरानो) । यो मूर्ति सन् १९८४ मई २३ (विसं २०४१ जेठ १० गते बुधबार) को राति चोरी भएको थियो जुन अहिले फ्रान्सको एक सङ्ग्रहालयमा रहेको छ ।**

# 'जनताको हित गर्न राजनीतिक पार्टीहरूको जिम्मेवारी' विषयक शिखर सम्मेलन

चिनियाँ कम्युनिस्ट पार्टीको १०० औँ स्थापना दिवसको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागको आयोजनामा चिकपा र संसारका राजनीतिक पार्टीहरूबीच असार २२ गते मङ्गलबार अनलाइन शिखर सम्मेलन भयो ।

साँझ ६:१५ बजेबाट सुरु भएको शिखर सम्मेलनमा १६० देशका पाँच सयभन्दा बढी राजनीतिक पार्टी र राजनीतिक सङ्गठनका १० हजारभन्दा बढी प्रतिनिधिहरूले अनलाइनमार्फत सहभागिता जनाएका थिए ।

चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवम् जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी चिनफिङले मुख्य विषय प्रस्तुत गर्नुभएको सो सम्मेलनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) पनि सहभागी हुनुहुन्थ्यो ।

आफ्नो सम्बोधनमा महासचिव सी चिनफिङले सम्मेलनमार्फत विश्वका जनताको समृद्धिका लागि संसारका सबै राजनीतिक दलहरूबीच सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो ।



सम्मेलनमा प्रमुख वक्ताको रूपमा चिकपाका महासचिव सी चिनफिङ

विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणविरुद्धको सङ्घर्षको क्रममा विश्व मानवतावाद नै सर्वोपरि रहेको पुष्टि भएको उहाँले बताउनुभयो । *(सम्बोधनको पूर्णपाठ यसै अङ्कमा दिइएकोछ)*

सम्मेलनमा समाजवादी देश क्युवाका राष्ट्रपति मिगुयलले चिनियाँ कम्युनिस्ट पार्टी र क्युवाली कम्युनिस्ट पार्टीबीच लामो समयदेखि नै आपसी समानता, भ्रातृत्व, समाजवादप्रतिको ऐक्यबद्धता र आपसी राजनैतिक विश्वासको आधारमा द्विपक्षीय सम्बन्ध विकास भएको बताउनुभयो ।

न्याय, समानता, सार्वभौमसत्ता मानवीय जिम्मेवारीबोध नै दुई देशबीच मित्रताको आधार भएको चर्चा गर्नुहुँदै राष्ट्रपति मिगुयलले जोसे मार्टी, मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मानी क्युवामा समाजवादको झन्डा फहराइरहेको प्रस्ट पार्नुभयो ।



क्युवाका राष्ट्रपति मिगुयल

६० वर्षभन्दा लामो समयदेखि क्युवामा संरा अमेरिकाले अमानवीय तथा अपराधिक आर्थिक नाकाबन्दी लगाएको विरुद्ध विश्वका न्यायप्रेमी जनताले ऐक्यबद्धता जनाएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

नाकाबन्दीको प्रतिकूल परिस्थितिमा समेत क्युवाली सरकारले विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ विरुद्ध अग्रमोर्चामा रही चिकित्सा लडाइँ लडिरहेको उल्लेख गर्दै राष्ट्रपति मिगुयलले भन्नुभयो, 'हामी आफ्नै स्रोत साधनको उपयोग गर्दै चिकित्सा क्षेत्रमा लामो अनुसन्धानपश्चात् कोभिडविरुद्ध ५ ओटा खोप आविष्कार गर्‍यौँ । सम्पूर्ण क्युवाली जनतालाई कोभिडविरुद्ध आफ्नै खोप लगाइसक्यौँ र हाम्रो २५ सयभन्दा बढी चिकित्साकर्मीहरू विभिन्न देशमा कोभिड सङ्क्रमितहरूको उपचारमा अहोरात्र खटे ।'

राष्ट्रपति मिगुयलले समाजवादी देश क्युवा एक चीन नीतिप्रति निरन्तर ऐक्यबद्धता प्रकट गर्दै आएको र जनवादी गणतन्त्र चीनले पनि क्युवामाथि संरा अमेरिकी आर्थिक नाकाबन्दीविरुद्ध ऐक्यबद्धता प्रकट गर्दै आएको स्मरण गर्नुभयो ।

दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका अध्यक्ष सिरिल




दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका अध्यक्ष सिरिल रामाफोसा

रामाफोसाले चीन, अफ्रिकी जनताका असल तथा उदार मित्र भएको उल्लेख गर्दै अफ्रिकाको आर्थिक विकास र शान्ति स्थापनाका लागि चीनले निरन्तर सहयोग गरिरहेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।




रुसका दिमित्री मेदभेदेभ

रुसका दिमित्री मेदभेदेभले चीन र रुसबीचको ऐतिहासिक मित्रताबारे चर्चा गर्दै चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनताले सूचना प्रविधिमा गरेको विकासको प्रशंसा गर्नुभयो ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले चीन र




पाकिस्तानका प्रधानमन्त्री इमरान खान

पाकिस्तानबीच ७० वर्ष लामो गौरवपूर्ण मित्रता रहेको चर्चा गर्नुहुँदै चिनियाँ कम्युनिस्ट पार्टी र क्रान्तिकारी चिनियाँ जनताको वीरतापूर्ण सङ्घर्षले विश्वबाट उपनिवेशवादको हार भएको स्पष्ट पार्नुभयो । उहाँले महान नेता माओ त्सेतुङको नेतृत्वमा चिनियाँ जनताले आत्मसम्मान र पूर्ण नागरिक अधिकार हासिल गरेको बताउनुभयो ।




भियतनाम कम्युनिस्ट पार्टीका महासचिव न्युगेन फु ट्रोङ

भियतनाम कम्युनिस्ट पार्टीका महासचिव न्युगेन फु ट्रोङले कोभिड महामारीको प्रतिकूल समयमा रोगविरुद्धको प्रतिरक्षा प्रणाली बलियो बनाउनु नै रोगको सबभन्दा ठुलो औषधि भएको बताउनुभयो । उहाँले वायु प्रदूषण, आतङ्कवाद र महामारीविरुद्ध संसारका सबै न्यायप्रेमी जनता एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।




अर्जेन्टिनाका राष्ट्रपति अलबर्टो फर्नान्देज

शिखर सम्मेलनमा अर्जेन्टिनाका राष्ट्रपति अलबर्टो फर्नान्देजले अर्जेन्टिनाली कम्युनिस्ट पार्टी स्थापनाको ७५ वर्ष र चिनियाँ कम्युनिस्ट पार्टीसँगको मित्रताको ४९ औँ वर्षगाँठ मनाइरहँदा अर्जेन्टिनामा ग्यास पाइपलाइन निर्माणमा चिनियाँ सरकारले गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

कजाखस्तान, फिलिपिन्स, प्यालेस्टाइन, सर्बिया, कम्बोडिया, मोजाम्बिक, नामिबिया, कङ्गोका राष्ट्रप्रमुख तथा




सम्मेलनमा नेमकिपाका तर्फबाट सहभागीहरू




बोलिभियाका पूर्वराष्ट्रपति इभो मोरालेस

पार्टी प्रमुखहरूले एकध्रुवीय विश्वविरुद्ध विश्व शान्ति र भ्रातृत्वका लागि चीनले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र स्वतन्त्रताको सम्मान गर्दै बहुध्रुवीय समाज निर्माणमा चिनियाँ कम्युनिस्ट पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो।




श्रीलङ्काका प्रधानमन्त्री महिन्दा राजापाक्षे

श्रीलङ्काका प्रधानमन्त्री महिन्दा राजापाक्षेले जनवादी गणतन्त्र चीनसँग श्रीलङ्काले कूटनीतिक सम्बन्ध स्थापना गरेको ६४ वर्ष भएको स्मरण गर्दै श्रीलङ्काको पूर्वाधार विकास एवम् कोभिड महामारीको समयमा खोप उपलब्ध गराएकोमा धन्यवाद व्यक्त गर्नुभयो।

बोलिभियाका पूर्वराष्ट्रपति इभो मोरालेसले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा गरिबीको रेखामुनि रहेको १७ करोड ७० लाख चिनियाँ जनताको जीवनस्तर माथि उकास्न सफल भएकोमा प्रशंसा गर्नुभयो। उहाँले चीनले प्रस्ताव गरेको एक क्षेत्र एक मार्ग अगुवाइले विभिन्न देशको आर्थिक सामाजिक विकासमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

'जनताको हित गर्न राजनीतिक पार्टीहरूको जिम्मेवारी' मूल नारासहित भएको शिखर सम्मेलनमा मोरोक्को, दक्षिण सुडान, समाजवादी अन्तर्राष्ट्रिय संस्था, स्पेनलगायतले चीनले अगाडि सारेको एक क्षेत्र एक मार्ग अगुवाइले एसिया, युरोप र ल्याटिन अमेरिकाका देशहरूको आर्थिक-सामाजिक विकासमा महत्त्वपूर्ण योगदान हुने विश्वास व्यक्त गर्नुभयो।

शिखर सम्मेलनमा नेपालको तर्फबाट नेपाल मजदुर किसान पार्टीसँगै नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (माले), जनता समाजवादी पार्टी र राप्रपाका प्रतिनिधिहरूले पनि सहभागिता जनाएका थिए।

शिखर सम्मेलनमा प्रस्तुत प्रस्तावलाई सहभागी ५०२ राजनीतिक दलहरूले सहमति प्रदान गरेको घोषणा गरियो।

स्रोत : मजदुर दैनिक

नगरपालिका नगरवासीहरूको संस्था हो।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं।

# शिखर सम्मेलनमा प्रमुख वक्ता सी चिन फिङको सन्देश




चिनियाँ कम्युनिस्ट पार्टी (चिकपा) १०० औँ वर्ष पुगेको अवसरमा १ सय ६० भन्दा बढी देशका राजनीतिक दल, राजनीतिक एवम् अन्य सङ्गठनका ५ सयभन्दा बढी नेताहरूका साथै राजनीतिक पार्टी र विभिन्न समूहका दस हजारभन्दा बढी प्रतिनिधिहरूसँग यो अनलाइन कार्यक्रममा 'जनताको हितमा राजनीतिक पार्टीहरूको जिम्मेवारी' जस्तो महत्त्वपूर्ण प्रश्नबारे छलफलमा तपाईंहरू सँगै सहभागी बन्न पाउँदा मलाई खुसी लागेको छ ।

बितेका केही सातामा १ सय ७० भन्दा बढी देशका ६ सयभन्दा बढी राजनीतिक पार्टी, राजनीतिक एवम् अन्य सङ्गठनले चिकपाको शतवार्षिकोत्सवको अवसरमा आफ्ना सद्भावना र शुभकामनासहित पठाएका १५ सयभन्दा बढी शुभकामना सन्देश र चिठी प्राप्त भए । चिकपाको तर्फबाट म यो अवसरलाई सबै शुभचिन्तक पार्टी र सङ्गठनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न उपयोग गर्न चाहन्छु ।

केही दिनअघि हामीले भव्य समारोहबीच चिकपाको १०० औँ स्थापना दिवस मनायौँ । बितेका १ सय वर्षमा चिकपाले चिनियाँ राष्ट्रलाई उठाउने, समृद्ध बनाउनेदेखि बलियो बनाउनेसम्मको बृहत् रूपान्तरणको निम्ति अथक काममा चिनियाँ जनताको नेतृत्व गर्‍यो । बितेका १ सय वर्षमा चिकपाले संसारका जनतासँग चीनका जनताको भाग्यलाई नजिकबाट जोड्न लगातार काम गर्‍यो । सबै देशको साझा विकास र समृद्धि प्रवर्द्धन गर्न संसारको प्रवाह र समयको धारसँगै चीनको विकास अघि बढायो ।

संसारका जनताको हार्दिक समर्थनविना चिकपा र चिनियाँ जनताले हासिल गरेका ऐतिहासिक उपलब्धि सम्भव थिएन ।

चिकपा र चिनियाँ जनताको तर्फबाट म सबै देशका राजनीतिक पार्टी, जनता र मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु जसले चिकपाबारे चासो, समर्थन र सहयोग गर्नुभयो । चीनको क्रान्ति, विकास र सुधारको लक्ष्यमा तपाईंहरूको ऐक्यबद्धताप्रति म आभार व्यक्त गर्दछु ।

**महिला तथा सज्जनवृन्द र मित्रहरू,**

आज पछिल्लो एक शताब्दीमै नदेखिएका ठूलठूला रूपान्तरणहरू संसारमा भइरहेका छन् । यस परिस्थितिमा बहु ध्रुवीयता र आर्थिक भूमण्डलीकरणले ठूलो उभार अनुभव गरिरहेको छ । देशहरू बढ्दो मात्रामा एकआपसमा अन्तर सम्बन्धित, अन्तरनिर्भर र जेलिएका छन् । कोभिड-१९ को सामना गर्न, अर्थतन्त्र पुन:सुचारू गर्न र विश्व स्थायित्वको रक्षा गर्न अन्तर्राष्ट्रिय समुदायले कठिनतापूर्वक काम गरिरहेको छ । विभिन्न देशका राजनीतिक पार्टीले सक्रियतापूर्वक खोज-अनुसन्धान गर्दै जिम्मेवारीको बलियो भावना प्रदर्शन गरिरहेका छन् । यसैबीच केही ठाउँमा युद्ध र द्वन्द्व राँकिरहेको छ । अनिकाल र रोगको समस्या अझै पनि कायम छ । वैमनस्यता र द्वन्द्व अझ गहिरो बन्दै छ । सबै देशका जनताको उत्तम जीवनको लागि गरिएको आह्वान अझ ठूलो र प्रस्ट बन्दै छ ।

आज मानव समाज फेरि एकपल्ट ऐतिहासिक चौबाटोमा उभिएको छ । त्यो चौबाटो निर्मम द्वन्द्व वा आपसी सम्मान, निषेध र अलगाव अथवा खुलापन र सहकार्य, शून्य उपलब्धिको खेल वा सबैको जित हुने परिणामसँग सम्बन्धित छ । छनोट हाम्रो हातमा छ र जिम्मेवारी हाम्रो काँधमा छ ।

मानव जाति अभिन्न समुदाय हो र पृथ्वी हाम्रो गृहभूमि हो । साझा चुनौतीको सामना गर्न कोही पनि व्यक्ति वा देश अलग रहन सक्दैन । यस्तो अवस्थामा एउटैमात्र बाटो भनेको एउटै लयमा सद्भावका साथै काम गर्नु हो । मानव प्रगतिको लागि महत्त्वपूर्ण शक्ति बनेका राजनीतिक दलहरूले सही बाटोमा अघि बढ्नुपर्छ, मानिसको भलो सुनिश्चित गर्ने र मानिसको प्रगति प्रवर्द्धन गर्ने ऐतिहासिक जिम्मेवारी काँधमा बहन गर्नुपर्छ । मेरो विचारमा राजनीतिक दलहरूले निम्न विषयमा अझ कडा मिहिनेत गर्नुपर्छ :

**प्रथमत:** मानिसको साझा भविष्यलाई आकार दिन

र कार्यान्वयनलाई गति दिन हामीले जिम्मेवारी बहन गर्नुपर्छ। मानिसले समृद्धि र सन्तुष्टिको चाहना राख्छ। उनीहरू न्याय र निष्पक्षताको निम्ति अभिसप्त हुन्छन्। महान् समयले भव्य वास्तुकलाको माग गर्छ र भव्य वास्तुकलाले महान् विचारको लागि आह्वान गर्छ।

'मेरो आफ्नै देश पहिला' भन्ने अवधारणाबाट हेर्दा आजको संसार भयानक प्रतिस्पर्धा र हानथाप भइरहेको डावानलजस्तो देखिन्छ। 'साझा भविष्यको विश्व समुदाय' को कोणबाट हेर्दा आजको संसार सहकार्यका अवसरहरू अथाह भएको विशाल र बृहत् क्षेत्रजस्तो देखिन्छ। हामीले जनताको आवाज सुन्नुपर्छ, समयको पदचाप पछ्याउनुपर्छ र सहकार्य एवम् समन्वयलाई बलियो बनाउनुपर्छ। यसो गर्दा एउटा देशका जनताको हितलाई सबै अरू देशका जनताको हितसँग जोड्न सकिन्छ। अनि, मानव जातिलाई साझा भविष्यतर्फ अघि बढाउन सकिनेछ।

**दोस्रो,** हामीले मानवताको साझा मूल्य-मान्यताको विकास र प्रवर्द्धनमा सहमति निर्माण गर्ने जिम्मेवारी बहन गर्नुपर्छ। इतिहास, संस्कृति, राजनीतिक व्यवस्था र विकासको तहमा देश-देशबीच अन्तर भए पनि ती देशका जनता शान्ति, विकास, समता, न्याय, प्रजातन्त्र र स्वतन्त्रताजस्ता साझा मानवीय मूल्यको पक्षमा छन्। सम्पूर्ण मानव जातिको भविष्यको लागि बलियो जिम्मेवारीको भावनासहित हामीले मानवताको साझा मूल्यमा पारङ्गत हासिल गर्न जरुरी छ। विभिन्न सभ्यतामार्फत मूल्य-मान्यताको समझदारीतर्फ बृहत् हृदयको समभाव प्रवर्द्धन गर्नुपर्छ। विभिन्न चाहना र मूल्य-मान्यतालाई वास्तविकतामा रूपान्तरण गर्न सबै देशका जनताको उपलब्धिको कदर गर्न सिक्नुपर्छ। यसो गर्दा मानवताका साझा मूल्य-मान्यतालाई मूर्त र वस्तुगत तरिकाबाट जनताको हितको लागि प्रत्येक देशले व्यवहारमा अनुवाद गर्नसक्नेछ।

**तेस्रो,** हामीले न्यायपूर्ण तरिकाबाट सबै जनताको बृहत् हित गर्न विकासको जिम्मेवारीलाई बहन गर्न सक्नुपर्छ। विकास नै जनताको भलोको आधार हो। सम्पूर्ण मानव जातिको भलो गर्ने बाटोमा कुनै पनि देश वा राष्ट्र पछि छाडिनु हुन्न। सबै देश र राष्ट्रलाई समानरूपमा विकासको अवसर र विकासको अधिकारको हक हुन्छ। हामीले आर्थिक असमानता र विकासको विभेदजस्ता प्रमुख समस्यालाई विशेषतः अल्पविकसित देश र क्षेत्र तथा गरिब जनतालाई विशेष ध्यान र चासो दिएर सामना गर्नुपर्छ, ताकि संसारको हरेक कुनामा आशाको किरण पुग्न सकोस्। एउटा प्राचीन चिनियाँ भनाइ छ, 'आफ्नै भलोमात्र खोज्नेहरू अन्ततः पन्छाइनेछन् र जसले अरूको सफलताको लागि आफ्नो हित त्याग्न सक्छ, उसलाई नै सहयोगको हात मिल्नेछ।' विकास केही सम्भ्रान्तको मात्र होइन, सबै देशको अधिकार हो। हामीले सबै देशलाई विकासको सहकार्यतर्फ अघि बढ्न सक्ने बनाउनुपर्छ। विकासको फल सबैले चाख्न पाउने बनाइनुपर्छ। हामीले विश्वव्यापी विकासको लागि बृहत् समता, उच्च प्रभावकारिता र बलियो ऊर्जा जम्मा गर्नुपर्छ। अनि, प्राविधिक नाकाबन्दीका प्रयास र विभाजनका साथै निषेधका अभ्यासको एकढिक्का भएर विपक्षमा उभिनुपर्छ। अन्तिम विश्लेषणमा मलाई विश्वास छ, कुनै पनि देशको विकासको बाटो रोक्ने र अरू देशका जनताको दिनचर्यालाई अवरोध गर्न खोज्ने अभिप्रायका कुनै पनि राजनीतिक कदमप्रति कमैमात्र समर्थन हुनेछ र त्यस्ता कदम कमजोर प्रमाणित हुनेछन्।

**चौथो,** हामीले विश्वमा मडारिरहेको जोखिम र चुनौती सामना गर्न सँगै मिलेर काम गर्न सहकार्यको प्रवर्द्धन गर्ने जिम्मेवारी बहन गर्नुपर्छ। अहिले कोभिड-१९ को परिप्रेक्ष्यमा हामीले विज्ञानमा आधारित प्रतिक्रियालाई चालु राख्नुपर्छ। ऐक्यबद्धता र सहकार्यको पक्षमा उभिनुपर्छ। त्यसो गर्दा विश्वभर कोभिडको खोपमा देखिएको असमानता कम गर्न सकिन्छ। हामीले महामारीको राजनीतीकरणको अभ्यासको विरोध गर्नुपर्छ वा भाइरसलाई कुनै भूगोलको बिल्ला लगाएर हेर्नुहुन्न। हामीले सबैको लागि स्वास्थ्य प्राप्त हुने विश्व समुदायको लागि मिलेर काम गर्नुपर्छ। आतङ्कवाद र मानव जातिका अन्य साझा शत्रुको सामना गर्न हामीले सहकार्यमार्फत सुरक्षा र स्थायित्व प्रवर्द्धन गर्नुपर्छ जसले सुरक्षाको पर्खाललाई बलियो बनाउनेछ। थिलथिलो पर्यावरणीय वातावरणमा हामीले प्रकृति माताप्रति सम्मान गर्नुपर्छ। प्रकृतिका नियम पछ्याउनुपर्छ। हामीले हरित गृहभूमि मिलेर बनाउन प्रकृतिको रक्षा गर्नुपर्छ। जलवायु परिवर्तनले निम्त्याएको मानव जातिको अस्तित्त्व र विकासमाथिको गम्भीर चुनौतीमा हामीले मानिस र प्रकृतिबीच सद्भावपूर्ण सहअस्तित्त्वको बाटो पहिल्याउने जिम्मेवारी बहन गर्न र काम गर्न पुग्दो साहस देखाउनुपर्छ।

**पाँचौं,** जनताको भलो सुनिश्चित गर्न हाम्रो क्षमतालाई सबल बनाउन शासन प्रणालीमा सुधारको जिम्मेवारी हामीले बहन गर्नुपर्छ। जनताको हितका धेरै बाटा छन्। सबै देशका जनता आफ्नो लागि उपयुक्त विकासको बाटो छान्न र शासन व्यवस्था बनाउन अधिकारसम्पन्न छन्। यो अधिकारमै जनताको हित अन्तरनिहीत छ। त्यसरी नै प्रजातन्त्र सबै जनताको अधिकार हो, केही मुट्ठीभर सम्भ्रान्तको मात्र विशेषाधिकार होइन। प्रजातन्त्रको अभ्यास गर्ने कुनै एउटैमात्र तरिका छैन, बरु धेरै बाटा र माध्यम छन्। कुनै पनि देश प्रजातान्त्रिक हो वा होइन भन्ने कुराको निर्क्योल त्यही देशका जनताले गर्ने हो, कोही अरू मुट्ठीभर मानिसले गर्ने होइन। कुनै पनि देशको

राष्ट्रिय परिस्थिति सुहाउँदो राजनीतिक प्रजातन्त्र स्थापनाको निम्ति हामीले आपसी सम्बन्ध र सिकाइलाई बलियो बनाउनुपर्छ, सञ्चारको संयन्त्रमा सुधार गर्नुपर्छ, जनमतप्रति पूर्ण सजग हुनुपर्छ, पूर्ण क्षमतावान सरकारलाई काम गर्न दिइनुपर्छ र हाम्रो शासन क्षमताको विकास गर्नुपर्छ । यसो गरेर जनताको हितको निम्ति हाम्रो क्षमता र प्रभावकारितालाई लगातार विकास गर्नसक्छौँ ।

## महिला तथा सज्जनवृन्द र मित्रहरू,

जनताको हितको लागि काम गर्नु नै चिनियाँ कम्युनिस्ट पार्टीको खास भावना हो र विभिन्न तरिकाबाट त्यसको कार्यान्वयन गरिरहेका छौँ । सबै हिसाबले मध्यम ढङ्गले समृद्ध समाज निर्माणको लक्ष्य हासिल भइसकेपछि चीन अब आधुनिक समाजवादी देश निर्माणको नयाँ यात्रातर्फ अघि बढेको छ । चिनियाँ जनता अब हरेक दिन पूर्णता, खुसी र सुरक्षाको भावनाले ओतप्रोत हुनेछन् । आफ्नै घर राम्ररी चलाउने र १ अर्ब ४० करोडभन्दा बढी जनतालाई सुखी जीवन दिने तथा सम्पूर्ण मानव जातिको शान्ति एवम् विकास प्रवर्द्धन गर्ने विशाल लक्ष्यमा साथ अघि बढ्ने चिकपाको दिगो लक्ष्य हो । चिकपाले जनताकेन्द्रित विकासको दर्शनलाई पछ्यारहनेछ, राष्ट्रिय पुनःजागरण र समय तथा क्षेत्रको फराकिलो सन्दर्भमा मानव प्रगतिका अहम् विषयमा प्रतिबद्ध रहनेछ । अनि अथक अग्रसरता र परिश्रमी भावनाका साथ अझ सुन्दर भविष्य बनाउन समस्त चिनियाँ जनतालाई नेतृत्व गर्नेछ ।

हामीलाई इतिहासले सिकाएको छ- संसारलाई ध्यान दिएमात्र हामीले भविष्यलाई ध्यान दिएको ठहरिन्छ । अनि, सबै सँगै हिँडेमात्र हामी सुरक्षित र सानदार यात्रा गर्नसक्छौँ । हाम्रो सपना सफल बनाउन र सुन्दर भविष्यको लागि काम गर्न चिकपा संसारका राजनीतिक पार्टीहरूसँग सहकार्य गर्न तयार छ । हामी सबै सधैँ विश्व शान्तिका निर्माता बनौँ । विश्वव्यापी विकासको वकालत गरौँ र अन्तर्राष्ट्रिय विश्व व्यवस्थाको अभिभावक बनौँ ।

मानव जातिले गरिरहेको आधुनिकीकरणको खोजमा नयाँ योगदान गर्न चिकपाले चिनियाँ जनतालाई चिनियाँ शैलीको आधुनिकीकरणसहित सङ्गठित र नेतृत्व गरिरहेको छ । वास्तविकतामा आधारित भएर चिकपाले गल्तीबाट पाठ सिक्दै चिनियाँ विशेषतासहितको समाजवादको बाटोमा चिनियाँ जनतालाई नेतृत्व गर्दै आएको छ । इतिहास र व्यवहारले काम गर्ने सही बाटो यही मात्र नभएको प्रमाणित गरेको छ र प्रमाणित गरिरहनेछ । तर, यो बाटोले पक्कै परिणाम दिने कुरा पनि सही हो । हाम्रो आफ्नै र संसारको हितको निम्ति विकासको बाटो सुनिश्चित गर्न हामीले उज्यालो भविष्यतर्फको बाटो कटिबद्धताका साथ पछ्याउनेछौँ । आधुनिकीकरणको बाटोको कुनै निश्चित ढाँचा छैन । कुनै पनि देशलाई जस्तो व्यवस्था सुहाउँछ, त्यही व्यवस्थाले त्यो देशको सेवा गर्छ । जुत्ताको आकारअनुसार खुट्टाको आकार ढाल्ने कामले केही फल प्राप्त हुनसक्दैन । सबै देशले आफ्नो विशिष्ट राष्ट्रिय परिस्थितिमा आधुनिकीकरणको बाटो स्वतन्त्ररूपमा खोज्नु सम्मानजनक हो । आफ्नो देशका जनता र अन्य देशका जनताको भलो सुनिश्चित गर्न एकअर्काको आधुनिकीकरणको तरिकालाई अझ समृद्ध बनाउन सबै देशका राजनीतिक पार्टीहरूसँग चिकपा आधुनिकीकरणको अनुभव आदानप्रदान गर्न चाहन्छ ।

संसारका सबै देशहरूको विकास र समृद्धिमा नयाँ योगदान गर्न सुधार र खुलापन गहिरो बनाउन बृहत् कदम चाल्न चिकपाले चिनियाँ जनतालाई सङ्गठित र नेतृत्व गरिरहेको छ । अहिले अनेकन प्रतिकूलताबीच आर्थिक विश्वव्यापीकरणले अझ अघि बढ्ने गतिशीलता प्राप्त गरेको छ । त्यो प्रतिकूलतालाई गतिशीलताले जित्दै छ । सबै देशमा खुलापन र सहकार्यको धार अपरिवर्तनीय छ र रहनेछ । चिकपा आर्थिक विश्वव्यापीकरणलाई बृहत् खुलापन, समावेशिता, सन्तुलित र सबैको जित हुने परिणामको निम्ति विश्वका राजनीतिक पार्टीहरूसँग संवाद गर्न तयार छ । हामी विश्वको कनेक्टिभिटीमा सुधार गर्न र उच्च गुणस्तरको बेल्ट एन्ड रोड सहकार्यलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय समुदायसँग काम गर्न तयार छौँ । त्यसो गर्दा धेरै देश र जनताले विकासको फल उपभोग गर्न पाउनेछन् ।

मानव जातिको हित गर्न नयाँ योगदानको लागि एउटा प्रमुख देशको प्रमुख राजनीतिक पार्टीको नाताले चिकपाले आफ्नो जिम्मेवारी बहन गर्नेछ । गरिबी निवारण सबै देशका जनताको साझा भावना हो । सबै राजनीतिक दलहरूले हासिल गर्न चाहेको यो महत्त्वपूर्ण लक्ष्य पनि हो । चिकपाको अठारौँ राष्ट्रिय महाधिवेशनयता चीनको विद्यमान गरिबीको मापदण्डमुनि बसेका ९ करोड ८९ लाख ९० हजार ग्रामीण जनतालाई गरिबीबाट उकासियो । संयुक्त राष्ट्र सङ्घीय दिगो विकास एजेन्डाअन्तर्गत तय भएको लक्ष्यको समयसीमाभन्दा दस वर्षअघि नै चीन सो लक्ष्य हासिल गर्न सफल भएको छ । चिकपा विश्वभर गरिबी निवारण गर्न थप चिनियाँ शक्ति लगाएर यसमा योगदान गर्न चाहन्छ । कोभिड-१९ विरुद्ध अन्तर्राष्ट्रिय सहकार्यको समर्थनमा चिकपाले कुनै पनि काम बाँकी राख्नेछैन । विकासशील देशहरूमा खोपको सुलभता र खरिद गर्नसक्ने क्षमता बढाउन चिकपाले लगातार प्रयास जारी राख्नेछ । चीन कार्बनको न्यूनीकरण र कार्बन शून्यताप्रतिको प्रतिबद्धता कार्यान्वयनमा कटिबद्धताका

साथ लाग्नेछ, जलवायु परिवर्तनविरूद्ध विश्वव्यापी लडाइँमा चीनले थप योगदान गर्नेछ। चिनियाँ कम्युनिस्ट पार्टीले जैविक विविधतासम्बन्धी महाधिवेशनको आयोजना गर्ने तयारी गरिरहेको छ। त्यसमा जैविक विविधताका नयाँ रणनीतिबारे एक आपसमा छलफल हुनेछ र विश्व जैविक विविधताको व्यवस्थापनको नयाँ यात्रा अघि बढाउनेछ।

चिकपा मानिसका साझा चुनौतीको मिलेर सामना गर्ने काममा नयाँ योगदान गर्न विश्व शासन व्यवस्थामा सुधारको लागि सक्रियतापूर्वक लाग्नेछ। बहुपक्षता आजको अन्तर्राष्ट्रिय प्रणाली र व्यवस्थाको मूल तत्त्व हो। बहुपक्षताको जति सबल तरिकाबाट अभ्यास हुन्छ, मानिसका साझा समस्या उत्ति चाँडै समाधान हुनेछन्। अन्तर्राष्ट्रिय कानुन केही मुठ्ठीभरको नियममा होइन, संसारभर स्वीकारिएको मान्यतामा आधारित हुन्छ। देशहरूबीचको सहकार्य समूहगत राजनीति प्रभुत्ववादबाट लाद्न होइन, समस्त मानव जातिको सेवाको निम्ति हुनुपर्छ। हामीले बहुपक्षताको मुखुण्डो लगाएको एकपक्षताको अभ्यासको विरोध गर्नुपर्छ र प्रभुत्ववाद एवम् शक्ति राजनीतिको विरोधमा उभिनुपर्छ। चीन संयुक्त राष्ट्र सङ्घीय बडापत्रको अभिप्राय र सिद्धान्तमा प्रतिबद्ध रहँदै सबै विषयलाई आपसी सल्लाहबाट समाधान हुनुपर्छ भन्ने धारणा राख्छ। यसो गर्दा अन्तर्राष्ट्रिय व्यवस्था र प्रणाली थप न्यायपूर्ण र समतामूलक हुनेछ। म जोड दिएर भन्न चाहन्छु, चीन विकासशील देशको सदस्य रहनेछ र विश्व शासन प्रणालीमा विकासशील देशहरूको प्रतिनिधित्वसहित चीनले आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्दछु। चीनले कहिल्यै पनि प्रभुत्ववाद, विस्तारवाद वा आफ्नो प्रभाव वृत्त बनाउन खोज्नेछैन। चिकपाले पार्टी–पार्टीको सरसल्लाह र सहकार्यमार्फत सबै देशका राज्य–राज्यबीच सरसल्लाह र सहकार्य प्रवर्द्धनको निम्ति सबै राजनीतिक दलसँग सहकार्य गर्नेछ। अनि विश्व व्यवस्थामा राजनीतिक दलको उत्तम भूमिकाको निम्ति काम गर्नेछ।

**महिला तथा सज्जनवृन्द र मित्रहरू,**

हाम्रो यात्रा लामो र कष्टप्रद हुनेछ। तर, जबसम्म हामी लगनशीलताको भावनाले अघि बढ्छौँ, तबसम्म हामीले अपेक्षा गर्नसक्ने ठाउँ धेरै हुनेछ। अगाडिको बाटा नागबेली पक्कै छ। तर, नागबेली बाटोमै आशा हुन्छ। इतिहासको सही पाटोमा उभिन र मानव जातिको प्रगतिशील पक्षमा लाग्न हामी सबै देशका राजनीतिक पार्टी र सङ्गठनसँग सहकार्यलाई जारी राख्न चाहन्छौँ। मानव जातिको साझा भविष्यको समुदाय निर्माण गर्न र उत्तम संसार बनाउन थप योगदान गर्ने बाटोतर्फ अघि बढौँ। सबैलाई धन्यवाद !

नेपाली अनुवादः सुशिला

केटाकेटीको लागि   बौद्ध जातककथा

## घमण्डी बँदेल

एउटा सिंह हिमालयको गुफामा बस्थ्यो। गुफा नजिकैको वनमा बँदेलको बथान पनि बस्थ्यो। एक दिन सिंह जनावर मारेर पेट भरिएपछि नजिकैको पोखरीमा पानी खान गयो। पोखरीको नजिकै एउटा मोटो बँदेल चरिरहेको उसले देख्यो। पेट भरिएको हुनाले सिंहलाई त्यो दिन सिकार खेल्ने मन थिएन। भोलि त्यो बँदेललाई मार्ने बिचार गर्दै ऊ त्यहाँबाट बँदेलले थाहा नपाउने गरी चाल मारेर वनतिर गयो।

तर बँदेलले सिंहलाई लुसुक्क वनतिर लागेको देखेको थियो। सिंह आफूसँग डराएर भागेको भन्ने उसलाई लाग्यो। त्यसैले उसले सिंहलाई आफूसँग लड्ने हाँक दियो। सिंहले ऊसँग लड्न इन्कार गर्दै एक सातापछि लड्ने कुरा गऱ्यो। सिंहको कुरा सुनेर बँदेल खुशी भयो।

त्यसपछि बँदेलले आफ्नो बथानका अरू बँदेलहरूलाई सिंह आफूसँग डराएर भाग्न खोजेको र एक सातापछि मात्रै लड्न मानेको कुरा दंग पर्दै सुनाउन थाल्यो। उसको कुरा सुनेर उसको बथानका बँदेलहरू दुःखी भए। उनीहरूलाई सिंह कति बलियो हुन्छ भन्ने थाहा थियो। त्यसपछि सिंहले अरू बँदेललाई पनि बाँकी राख्ने छैन भन्ने उनीहरूलाई डर थियो। त्यसैले उनीहरूले त्यो घमण्डी बँदेललाई भने, 'बँदेल र सिंहको तुलना कहिल्यै पनि हुनसक्तैन। सिंहले तिमीलाई दया गरेर हो वा भोक नलागेर हो एक साताको म्याद दिएको रहेछ। अब तिमीलाई मर्न मन छैन भने हामीले भनेझैँ गर।'

उनीहरूले त्यो बँदेललाई हरेक दिन सकेसम्म गन्हाउने ढल र हिलोमा लडिबुडी खेलेर आफ्नो जिउमा हिलोको पत्रैपत्र थुपार्ने सल्लाह दिए। उनीहरूको सल्लाहबमोजिम घमण्डी बँदेलले पनि दिनदिनै हिलोमा गएर जिउमा हिलो जम्मा गर्ने र घाममा सुकाउने गर्न थाल्यो। यसरी छ दिनसम्म हिलोमा लडिबुडी खेल्दै सुकाउँदै गर्दा उसको शरीरमा बाक्लो हिलो जम्मा भयो।

सिंहसँग लडाइँ गर्ने दिन बँदेलले आफ्नो जिउ पानीले भिजायो। यसले गर्दा उसको जिउको हिलो सहनै नसकिने गरी गन्हाउन थाल्यो। ऊसँग लड्न भनेर आएको सिंहले त्यो गन्ध सहनै सकेन। सिंहलाई उसको जिउमा हमला गर्ने त के कुरा उसको नजिक जान पनि गाह्रो भयो। उसले भन्यो, 'ए, फोहोरी गन्हाउने बँदेल घ तेरो छालाबाट आएको दुर्गन्धले मेरो नाकै फुट्लाजस्तो भयो। तँसँग लड्नुभन्दा त बरु हार स्वीकार गर्छु।'

त्यस दिनदेखि त्यो बँदेल झन घमण्डी भयो। तर उसको बथानका अरू बँदेलहरूले भने सिंहले कुन दिन आएर हमला गर्ला भन्ने डरले त्यो ठाउँ छाडेर अन्तै बसाइँ सरे।

(साहित्य सङ्ग्रहालय/इन्टरनेट)

# शिखर सम्मेलनमा नेमकिपा अध्यक्ष बिजुक्छेँको सन्देश

*(चिनियाँ कम्युनिस्ट पार्टीको १०० औँ स्थापना दिवसको अवसरमा चिकपा अन्तर्राष्ट्रिय विभागको अग्रसरतामा असार २२ गते मंगलबार भएको विश्वभरका राजनीतिक दलहरूको शिखर सम्मेलनको निम्ति नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पठाउनुभएको सन्देश पाठकको जानकारीको लागि ।)*

**सम्माननीय चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी चिनफिङ, अन्य प्रतिनिधिमण्डल सदस्य र कमरेडहरू,**

हरेक राजनीतिक पार्टी निश्चित विचारधारा र वर्गको आधारमा बहुमत जनताको नि:स्वार्थ सेवा गर्न स्थापना भएको हुन्छ । एक शताब्दीअघि चिनियाँ कम्युनिस्ट पार्टी साम्राज्यवादी शक्तिबाट चीनलाई मुक्त गर्न स्थापना भयो । ७२ वर्षअघि चीनमा समाजवादी व्यवस्था स्थापनापछि चिकपा सत्तामा गयो । चिकपा स्थापनाको १०० वर्ष र सत्ता चलाएको ७२ वर्षमा चिनियाँ जनताले गरिबी निर्मूल गरे । विज्ञान-प्रविधि, उद्योग, शिक्षा, स्वास्थ्य र अर्थतन्त्रका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरे ।

यो सुखद अवसरमा म नेपाल मजदुर किसान पार्टीका सदस्य र शुभचिन्तकहरूको तर्फबाट 'संसारकै सबभन्दा ठूलो राजनीतिक पार्टी' का महासचिव सी चिनफिङलाई शुभकामना व्यक्त गर्दै यो अवसरको निम्ति आभार व्यक्त गर्दछु ।

हरेक क्षेत्रमा व्यक्तित्व विकासमा समान अवसर, सबैलाई क्षमता र कामअनुसार ज्याला, उत्पादनका साधन र सेवालाई जनता तथा समाजको निम्ति समर्पण गर्नु चिकपा र चिनियाँ जनताको सभ्य भावना र संस्कृतिका प्रतीक हुन् । जनताको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर सन् २०५० भित्र चिनियाँ समाजलाई आधुनिक समाजवादी समाजमा रूपान्तरण गर्ने लक्ष्य वास्तवमै महान् र प्रशंसनीय विचार र सपना हो । नेमकिपा यस्ता ऐतिहासिक र दूरदर्शी लक्ष्यमा सफलताको निम्ति शुभकामना व्यक्त गर्दछ ।

कोभिड-१९ महामारीविरुद्ध चिनियाँ जनताको सङ्घर्ष र विजय एवम् संसारभरका राजनीतिक दलहरूसँग आफ्नो अनुभव र उपलब्धि आदानप्रदान गर्ने 'सार्वजनिक हित' को विचारले संसारलाई आश्चर्यचकितमात्र बनाएको छैन, बरु कठिनाइ सामना गर्ने आशाको किरण पनि बनेको छ । चिकपाका महासचिव एवम् चिनियाँ जनताका राष्ट्रपति महामहिम सी




चिनफिङले सिङ्गो संसारका जनतालाई 'हातमा हात मिलाएर काम गर्न' गर्नुभएको आह्वान ऐतिहासिक थियो ।

नेपालका सबै राजनीतिक पार्टीहरूले चिकपा र चिनियाँ जनताको उच्च भावना अँगाल्न सके आफ्नो लक्ष्य पूरा गर्न त्यसले पक्कै योगदान गर्नेछ । महामारीविरुद्ध राजनीतिक पार्टीहरूले चौबीसै घण्टा अथक र प्रशंसनीय प्रयास गरेजस्तै यदि उनीहरूले भ्रष्टाचारविरुद्ध लडे र जनतालाई शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, आवासलगायत आधारभूत आवश्यकता पूरा गर्न दलगत स्वार्थ त्यागे हामी हाम्रो कर्तव्य पूरा गर्न सक्थ्यौँ र लक्ष्यमा पुग्ने थियौँ ।

जनताको हित हेर्ने, नि:स्वार्थरूपमा सेवा गर्ने र दिलोज्यानले लाग्ने नेताहरू भएको चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ जनताले विकसित विज्ञान-प्रविधि, शिक्षा र भौतिक सामग्रीको प्रचुरता भएको आदर्श समाजतर्फ रूपान्तरणमा संसारका जनतासँग हातेमालो गर्न म शुभकामना व्यक्त गर्दछु । त्यो आदर्श समाजमा सबैले आफ्नो क्षमताअनुसारको काम र आवश्यकताअनुसार सेवा पाउनेछन्, मजदुर र किसान, शारीरिक र बौद्धिक श्रम, सहर र गाउँबीच कुनै भिन्नता हुने छैन । म मानव समाजलाई वर्गविहीन र शोषणमुक्त समाजमा रूपान्तरण गर्ने कठिन कार्यमा योगदानको सफलताको शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय समितिलाई चीन र अन्य देशका राजनीतिक पार्टीको यो शिखर सम्मेलन आयोजनाको निम्ति आभार व्यक्त गर्दछु ।

# शिखर सम्मेलनको संयुक्त वक्तव्य

चिनियाँ कम्युनिस्ट पार्टीको आयोजनामा हामी १६० देशहरूका ५०२ राजनैतिक पार्टी एवं सङ्गठनहरूका प्रतिनिधिहरू चिनियाँ कम्युनिस्ट पार्टी र विश्वका राजनैतिक पार्टीहरूको शिखर सम्मेलनमा अनलाइन भिडियोमार्फत सहभागी भयौँ। 'जनताको भलाइको लागि राजनैतिक पार्टीहरूको जिम्मेवारी' सम्बन्धी विषयवस्तुमा केन्द्रित भई शिखर कार्यक्रममा हाम्रा विचारहरू गहिराइमा आदानप्रदान गऱ्यौँ। कार्यक्रमबाट बृहत् समझदारीसहित निर्णयहरू गरियो।

आर्थिक विश्वव्यापीकरणको फैलावट, विज्ञान र प्रविधिको तीव्र विकास र विविध सभ्यताहरूबीच बढ्दो अन्तर्क्रियाले विश्वमा झन् जटिल र गहन परिवर्तन भएका छन्। विश्वका सबै देशहरूको भलाइमा लाग्दा हामी पहिलेभन्दा धेरै एकआपसमा जोडिएका छौँ। साथै, ऐतिहासिक अवसरहरू र जोखिम तथा चुनौतीहरू पनि। एकता र एकआपसमा जोडिएको र साझा भविष्य भएको मानव समाज कोभिड-१९ को आक्रमणले अझ एउटै विश्व-गाउँमा रहेको पाठ सिकाएको छ। मानवतामाथि आइपरेका समस्या र चुनौतीहरूको समाधान ऐक्यबद्धता र सहकार्यबाट मात्र सम्भव छ। राष्ट्रिय नीतिहरूको केन्द्रबिन्दु र जनताको चासोका विषयहरूसँग सम्बन्धित भएकोले राजनैतिक पार्टीहरूले देशको राजनीतिमा महत्त्वपूर्ण भूमिका निभाउन सक्छ। यस ऐतिहासिक घडीमा सबै जनताको भलाइमा सम्पूर्ण राजनैतिक पार्टीहरूले सच्चा भावनाले जिम्मेवारी पूरा गर्नु आवश्यक छ।

१) हामी सबै देशका राजनैतिक पार्टीहरूले विश्वका मूल्य मान्यताहरूमा सहमति जनाउने प्रस्ताव गर्दछौँ। हाम्रो प्रयास मानवजातिको साझा महत्त्वका विषयहरू शान्ति, विकास, निष्पक्षता, न्याय, प्रजातन्त्र र स्वतन्त्रताको प्राथमिकतामा समर्पित हुनुपर्दछ। अन्तर्राष्ट्रिय सम्बन्धहरूमा अधिक प्रजातन्त्रको लागि ऐतिहासिक पथ पछ्याउनुपर्दछ र साझा जमिन, आपसी सम्मान र आपसी सिकाइमा आधारित सम्बन्ध निर्माणको लागि बहुपक्षीयतालाई जोड दिनुपर्दछ। देशहरूबीचको संवादको लागि आपसी सम्मान, निष्पक्षता, न्याय र जित-जित सहकार्यको सिद्धान्तलाई मध्यनजर गर्नुपर्दछ। सुरक्षाको लागि साझा, व्यापक, सहकार्य र दिगो अवधारणा अँगाल्नु आवश्यक छ। दिगो शान्ति, विश्वव्यापी सुरक्षा र साझा सम्पन्नतासहितको खुला, सहभागीमूलक, सफा र सुन्दर विश्व निर्माणमा ठोस प्रयास हुनु पर्दछ। यसरी, अन्तर्राष्ट्रिय समुदायले साझा भविष्य निर्माणमा र बलियो राजनैतिक शक्तिले मानव विकास र प्रगतिको लागि कार्य गर्नेछ।

२) सबै देशका राजनैतिक पार्टीहरू साझा विकासको लागि प्रतिबद्ध हुने हामी प्रस्ताव गर्छौँ। दिगो विकास, विकास रणनीतिको लागि संयुक्त प्रयास, बृहत् आर्थिक नीतिको समन्वय र प्राविधिक नवीनताको लागि बृहत् विश्व सहयोगको संयुक्त राष्ट्र सङ्घ २०३० एजेन्डाहरू कार्यान्वयन गर्न सक्रियता हुनु आवश्यक छ। उदारीकरण र व्यापार तथा लगानी बढाउन विश्व व्यापार सङ्गठनसँगको बहुपक्षीय व्यापार प्रणालीलाई सुरक्षित बनाउनु आवश्यक छ। औद्योगिक सञ्जाल, आपूर्ति सञ्जाल र वित्तीय वातावरणको स्थायित्व र सहज कार्यको लागि पूर्वाधार र औद्योगिक सहयोग बढाउनुपर्दछ। यसरी, आर्थिक भूमण्डलीकरण सबैको लागि अझ खुला, सहभागितामूलक, सन्तुलित र फाइदाजनक हुनेछ र विश्व विकास झन् निष्पक्ष, धेरै प्रभावकारी र समन्वयकारी हुनेछ।

३) हामी सबै देशका राजनैतिक पार्टीहरू हाम्रो पृथ्वी मातालाई आतिथ्य घर बनाउन प्रतिबद्ध हुने प्रस्ताव गर्दछौँ। मानिस र प्रकृतिबीचको सद्भावको दर्शन प्राप्त गर्न राजनैतिक पार्टीहरूले अन्तरपुस्ता इक्विटी (intergenerational equity)को अनुभूति गर्नु आवश्यक छ। प्राकृतिक स्रोत संरक्षण र वातावरण संरक्षणलाई प्राथमिकता दिने र प्रकृतिको आफै पुन:स्थापना गर्न दिने सिद्धान्तको नियमित निरीक्षण गर्नुपर्दछ। सबै तत्त्वहरूसहितको सद्भावपूर्ण पर्यावरणको लागि जीवन जिउने तरिका र उत्पादनको लागि हरित, न्यून कार्बन, चक्रिय र दिगो तरिकाहरू अपनाउनु पर्दछ। मौसम परिवर्तन, समुद्री प्रदूषण, जैविक संरक्षण र अन्य विश्व वातावरणीय समस्याहरू समाधान गर्न विकासशील देशहरूलाई अन्य क्षेत्रमा जस्तै पूँजी, प्रविधि र क्षमता विकासमा मद्दत गर्नुपर्दछ। यसरी, साझा भविष्यको लागि मानिस-प्रकृति समुदायलाई निष्पक्ष, समतामूलक र जीत-जीत सहकार्यसहितको विश्व वातावरणीय सुशासन प्रणालीको विकास हुनेछ।

४) हामी सबै देशका राजनैतिक पार्टीहरू जनता र जनताको स्वास्थ्यको सुरक्षामा प्रतिबद्ध हुने प्रस्ताव गर्दछौँ। विकासका मुद्दाहरूमा जनताको जीवन र स्वास्थ्यलाई सबैभन्दा माथि राख्नु र स्वास्थ्यसम्बन्धी नीतिहरूलाई पूर्ण ध्यान दिनु नै 'जनता प्रथमको' सिद्धान्त हो। सबै जनताको स्वस्थ जीवनको लागि जनताको प्राथमिकतामा पर्ने सुरक्षित, प्रभावकारी, सुविधाजनक र सस्तो स्वास्थ्य सुविधालाई चित्तबुझ्दो बनाउनुपर्दछ। भाइरससँग जित्न र सुरक्षित रहन विज्ञान र सहकार्यलाई आधार बनाइनु आवश्यक छ। भाइरसमा महामारीको राजनीतीकरण र कलङ्क थुपार्ने प्रवृत्तिको प्रतिरोध गर्नुपर्दछ। कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली भएका विकासशील देशहरूलाई रोगविरुद्ध कार्य क्षमता बढाउन मद्दत प्रदान गर्नुपर्दछ। यसरी, सबैको लागि स्वास्थ्य समुदाय निर्माणमा प्रगति गर्दै सार्वजनिक स्वास्थ्यसम्बन्धी विश्व सुशासन प्रणाली सुधार हुनेछ।

५) हामी सबै देशका राजनैतिक पार्टीहरूले विभिन्न सभ्यताहरूबीच सिकाइको आदानप्रदान र साझा सिकाइमा प्रतिबद्ध हुने प्रस्ताव गर्दछौँ। विश्वका सबै सभ्यताहरूमा भएको विविधता संरक्षण गर्न, सभ्यता र विचारधाराहरूमा भएका भिन्नताबाट माथि उठ्न समानता, सम्मान, खुलापन र सहभागितामूलक सिद्धान्तबारे अवलोकन आवश्यक छ। सबै सभ्यताहरूले बौद्धिक सम्पत्ति हकमा अधिकार राख्न सक्छन्। शिक्षा, विज्ञान, संस्कृति, खेलकुद, पर्यटन र थिङ्क ट्यांकको क्षेत्रहरूमा जनता-जनताबीचको अन्तरक्रिया र सहकार्यबाट विविध सभ्यताहरूबीच सरसल्लाह र आदानप्रदान बढाउनुपर्दछ। सबै देशका विभिन्न सभ्यताहरूका सामाजिक समूहहरू बीच यस्ता अन्तरक्रियाहरूमार्फत बुझ्ने र प्रशंसा गर्ने कार्यलाई प्रोत्साहन गर्नुपर्दछ। यसरी, आ-आफ्नो सभ्यताहरूमा नवीन विकास गर्दै विभिन्न सभ्यताहरू एकआपसमा सन्तुलनमा रहनेछन्।

६) सबै देशका राजनैतिक पार्टीहरू आफ्नो देशका जनताको जीवन सुधार गर्न प्रतिबद्ध भएको प्रस्ताव गर्दछौँ। समाजमा आवश्यक संस्थाहरू निर्माण गर्ने र कानुनको शासन, सामाजिक नियम र सुविधाहरूको सुधार र आम्दानीमा न्याय र समानतामार्फत जनताको तात्कालीन समस्याहरू सम्बोधन गरिनुपर्दछ। स्वच्छ र प्रतिस्पर्धी सरकार निर्माण गर्न भ्रष्टाचार नियन्त्रण गर्न भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय सहकार्यको लागि थप पहल गर्नु आवश्यक छ। गरिब देशहरूको विकासको लागि कमजोर बजेट र वित्तीय नीति, शिक्षा र तालिम तथा विशेष उद्योग सहयोगको लागि विविध समाधानका उपायहरू अवलम्बन गर्नुपर्दछ। तसर्थ, गरिबी निवारण थप स्वचालित, लक्षित र नतिजामूलक हुनेछ। साथै, गरिबी निवारणमा समर्पित हुन अन्तर्राष्ट्रिय सहकार्यमा विशेष ध्यान र लागत हुनु जरुरी छ। गरिबी निवारणको लागि सबै देशहरूमा, विशेषतः विकासशील देशहरूमा धेरै जोड र सहयोग केन्द्रित गर्नुपर्दछ।

७) सबै देशका राजनैतिक पार्टीहरू सुशासनमा प्रतिबद्ध भएको प्रस्ताव गर्दछौँ। डिजिटलीकरण र सूचना प्रविधिको प्रयोगको छालको कारण उब्जेको नयाँ परिस्थितिमा पार्टी निर्माणमा आएका चुनौतीहरू सम्बोधन गर्न सुशासनबारे अनुभव आदानप्रदान तथा सहकार्य र पार्टी निर्माणमा नयाँ तरिकाहरूको खोजअनुसन्धानमा आवश्यक ध्यान दिनुपर्दछ। सामाजिक सुशासनलाई समग्र र समन्वयात्मक प्रदर्शनको तहमा उठाउनु पर्दछ। यसरी, जनताको जीवन सुधारको लागि सहभागितामूलक, विचारमूलक र प्रवाहमूलक अवधारणामार्फत सुशासनमा सुधार आउनेछ। मानव समाजको विकासका चुनौतीहरूको समाधानमा अधिक योगदान पुग्नेछ।

८) सबै देशका राजनैतिक पार्टीहरू विश्व सुशासनको लागि उत्तम नियमहरू निर्माण गर्न प्रतिबद्ध रहने प्रस्ताव गर्दछौँ। विस्तृत परामर्श, संयुक्त योगदान र साझा फाइदाहरूको अवधारणालाई थप विकास गर्नुपर्दछ। संयुक्त राष्ट्र सङ्घको चार्टर (बडापत्र) को उद्देश्य र सिद्धान्तले निर्धारण गरेको अन्तर्राष्ट्रिय आदेश र प्रणालीको सुरक्षा गर्नुपर्दछ। विश्व सुशासन प्रणालीको अन्तर्राष्ट्रिय कानुनको स्थिति र भूमिकालाई उकास्नुपर्दछ। अन्तर्राष्ट्रिय जगतमा कानुनको शासन पालना गर्न अन्तर्राष्ट्रिय नियमहरूको प्रभावकारी निरीक्षण र अभ्यास गर्नुपर्दछ। सबै देश र जनताको पहुँचमा हुने गरी नवीन प्राविधिक क्रान्ति र औद्योगिक रूपान्तरणसहितको नियम र संस्थान प्रणाली विकास गर्न संयुक्त प्रयासहरू गर्नुपर्दछ। यसरी, विश्व सुशासन प्रणाली अझ समतामूलक, खुला, पारदर्शी तथा सहभागितामूलक र सबै देशको अधिकार र चासोको प्रत्याभूति हुनेछ।

हामी यस विश्व शिखर सम्मेलन सफल पार्ने चिनियाँ कम्युनिस्ट पार्टीलाई धन्यवाद दिन चाहन्छौँ। हामी सबै राजनैतिक पार्टीहरू सम्पूर्ण जनतासँग आपसी समझदारी र साझा विकासमा चिकपासँग आदानप्रदान र सहकार्यलाई थप प्रभावकारी बनाउन समझदार छौँ।

अनुवाद : सबिन

# समाजवादी देश क्युवाको पछिल्लो परिस्थितिबारे नेमकिपाको वक्तव्य

अमेरिकी साम्राज्यवादको उक्साहटमा क्युवामा भइरहेको सरकारविरोधी प्रदर्शन र अघोषित साइवर युद्धको विरोध एवम् भर्त्सना गर्दै साउन १ गते नेपाल मजदुर किसान पार्टीले एक वक्तव्य प्रकाशित गरेको छ। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा शुक्रबार बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकले उक्त प्रेस वक्तव्य प्रकाशित गर्ने निर्णय गरेको हो। पार्टी सचिव प्रेम सुवालद्वारा हस्ताक्षरित प्रेस वक्तव्यमा भनिएको छ :

'केही दिनयता अमेरिकी साम्राज्यवादको उक्साहटमा समाजवादी देश क्युवामा भइरहेको सरकारविरोधी प्रदर्शन र अघोषित 'साइवर युद्ध' को नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ। अमेरिकी साम्राज्यवादले सानो भूगोल र जनसङ्ख्या भएको क्युवाविरूद्ध ६० वर्षभन्दा लामो समयदेखि पर्यटन, ऊर्जा र अर्थतन्त्रका अन्य क्षेत्रलाई लक्षित गरी लगाएको नाकाबन्दी क्युवाको समाजवादी राजनीतिक प्रणाली र क्रान्तिकारी सरकारको विरोधमा हो। अमेरिकी साम्राज्यवादले संरा अमेरिकामा बसेका क्युवालीले पठाएको रेमिट्यान्ससमेतमा रोक लगाएको छ। अमेरिकी नाकाबन्दीको कारण क्युवाली जनताले औषधिसमेत पाएका छैनन्।

संयुक्त राष्ट्र सङ्घको महासभाको अत्यधिक बहुमतबाट क्युवाविरूद्धको नाकाबन्दी हटाउनुपर्ने प्रस्ताव २९ औं पटक पारित भयो। तर, अमेरिकी साम्राज्यवादले विश्व जनमतलाई ठाडै अस्वीकार गरी क्युवाविरूद्ध नाकाबन्दी चालू राखेको निन्दनीय छ। अमेरिकी साम्राज्यवादद्वारा क्युवामा लगाइएको आर्थिक नाकाबन्दीविरूद्ध सङ्घर्ष गरिरहेका क्युवाली जनताले क्युवाको क्रान्तिकारी सरकारको समर्थन गरेका छन्। नेपाल मजदुर किसान पार्टी अमेरिकी साम्राज्यवादविरूद्ध सङ्घर्ष गरिरहेका क्युवाली जनताप्रति समर्थन र ऐक्यबद्धता जनाउँदछ।

क्युवाली क्रान्तिकारी जनता आफ्नो देशको क्रान्तिकारी समाजवादी सरकारलाई रक्षा गर्न सक्षम हुनेमा हामी पूर्ण विश्वस्त छौँ।'

# सर्वोच्च अदालतको फैसलाबारे नेमकिपाको वक्तव्य

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा असार २८ गते बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकले सर्वोच्च अदालतको असार २८ गतेको फैसलाबारे वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो।

पार्टीका सचिव प्रेम सुवालको नाउँमा सोमबार प्रकाशित सो वक्तव्य यसप्रकार छ –

'असार २८ गते सर्वोच्च अदालतबाट भएको फैसलाले वर्तमान राजनीतिक अन्योललाई सम्बोधन गर्दैन। प्रमको नियुक्तिको परमादेश, मन्त्रिमण्डलको गठन र राजनीतिक दलबाट निर्वाचित सांसदहरूलाई दलको 'ह्वीप' नलाग्ने फैसला संविधानको शक्ति पृथकीकरणको सिद्धान्तविपरीत छ। यो फैसला व्यवस्थापिकामाथि न्यायपालिकाको आक्रमण हो, प्रजातन्त्रविरोधी कदम हो।

राजनीतिक दलका सांसदहरूलाई 'ह्वीप' नलाग्ने व्यवस्थाले प्रमको निर्वाचनमा सांसदहरूको दलबदल हुनेछ। यो फैसलाबाट संसदीय व्यवस्थामा संसद् विघटन गरी निर्वाचनमा जाने प्रमको विशेषाधिकारमाथि हस्तक्षेप भएको छ। नेपालमा बेलायती पद्धतिको प्रजातन्त्र असफल भएको छ।

यो स्थिति आउनुमा भागबण्डामा न्यायाधीश नियुक्ति गर्ने तत्कालीन शासक दलहरू जिम्मेवार छन्। यसले भागबण्डामा न्यायाधीश नियुक्ति गर्नु गलत साबित गऱ्यो। नयाँ जनादेशमा जानु नै तत्कालको उपयुक्त विकल्प भएको पार्टीको अडान पुनः दोहोऱ्याउन चाहन्छौं।'

असार २९, २०७८

# क्युवामा विरोध प्रदर्शन पछाडिका हातहरू

● बेन्जामिन र फ्लोर्स

खराब आर्थिक अवस्था र कोभिड-१९ सङ्क्रमितको सङ्ख्या बढ्दै गर्दा क्युवाका विभिन्न सहरमा जुलाई ११ मा विरोध प्रदर्शनहरू भएका छन् । पछिल्लो तीन दशकमा भएका विरोध प्रदर्शनमा अहिले सबभन्दा ठूलो प्रदर्शन भएको छ । विरोध प्रदर्शन आगामी साता पनि चालु रहन सक्छ । सन् २०२० को अन्त्यतिर राजधानी हवानामा भएको कलाकारहरूको विरोध प्रदर्शनकै जगमा अहिलेका प्रदर्शनहरू भइरहेका छन् । क्युवाका विभिन्न भागमा यस्ता प्रदर्शन भएका छन् । तर, विगत ६० वर्षदेखि नै लगातार क्युवा सरकार पतन हुने भविष्यवाणी गर्दै आएका पश्चिमा सञ्चारमाध्यम र क्युवाली अमेरिकीहरूले त्यस्ता विरोध प्रदर्शनलाई लिएर अतिरञ्जना फैलाइरहेका छन् ।

'द न्यु योर्क टाइम्स' जस्ता सञ्चारमाध्यमले 'सयौँ क्युवालीहरू' सहभागी भएको भनी लेख्दै गर्दा रोयटर्सले भने हजारौँको सहभागिता भएको लेखेको छ । क्युवाको कुल जनसङ्ख्या १ करोड ११ लाख हो । प्रदर्शनमा सहभागिता र राज्यको प्रतिक्रिया दुवैको आधारमा क्युवामा भएको विरोध प्रदर्शनलाई बितेका पाँच वर्षमा कोलोम्बिया, हाइटी, चिली, इक्वेडर र ल्याटिन अमेरिकाका अन्य देश अथवा पोर्टल्यान्ड, ओरेगन वा फर्गुसन, मिसौरीमा भएका प्रदर्शनसँग तुलना गर्नु कदापि मिल्दैन । बरु, संरा अमेरिकी सञ्चारमाध्यमले क्युवाली सरकार र क्रान्तिको समर्थनमा सडकमा निस्केका प्रदर्शनलाई लुकाउन खोजेका छन् । क्युवामा भएका सरकारविरोधी प्रदर्शनलाई 'जनताको एकतामा चिरा ल्याउने' प्रयास भनी भर्त्सना गर्दै हवानाका सडकमा भएका प्रदर्शनमा क्युवाली राष्ट्रपति मिगुएल डाएज कानल पनि सहभागी थिए ।

क्युवामा भएको सरकारविरोधी प्रदर्शनलाई संरा अमेरिकाले बितेका ६० वर्षभन्दा लामो समयदेखि क्युवामाथि थोपरिएको निर्मम आर्थिक युद्धको सन्दर्भमा पनि बुझ्न जरुरी छ । सन् १९६० मा संरा अमेरिकी सहायक विदेश सचिवले खुलारूपमा 'क्युवामा पैसा र अन्य आपूर्ति बन्द गर्ने, मौद्रिक र वस्तुगत ज्याला घटाउने, भोक र निराशा फैलाएर सरकार अपदस्थ गर्ने' घोषणा गरेर क्युवाविरुद्धको आर्थिक युद्ध सुरु गरेको थियो । क्युवाको सत्ता परिवर्तन गर्ने यो लक्ष्य भने दशकौँ बितिसक्दा पनि सफल भएको छैन । न त अहिले नै सफल हुने कुनै सम्भावना छ ।

यतिबेला क्युवालीहरूले ज्यादै कठिन समयको सामना गरिरहेको कुरालाई अस्वीकार गर्न सकिन्न । क्युवामा विद्युत् आपूर्तिमा अवरोध हुने समस्या छ । त्यस्तै औषधि, खाना र अन्य आधारभूत आवश्यकता पनि अभाव छ । खाद्य अभावले भोकमरी वा अनिकाल नै निम्त्याएको छैन । तर, मानिसहरू आवश्यक सामान महँगो मूल्यमा किन्न पनि लामो लाइन बस्न बाध्य छन् । उनीहरूको खाना सीमित बनेको छ ।

स्वास्थ्य सेवामा पनि सुई दिने सिरिन्जजस्ता अत्यावश्यक चिकित्सकीय सामग्री पाउन हम्मेहम्मेको अवस्था छ । त्यसमाथि कोभिड-१९ सङ्क्रमितको सङ्ख्या बढिरहेको छ । विशेषतः मतान्जास सहरमा कोभिडका बिरामीको सङ्ख्या बढिरहेको छ । मतान्जासका जनताको निम्ति कष्टकर बनेको सङ्क्रमण दर बढे पनि त्यसैको आधारमा कुनै धारणा बनाइहाल्नु भने गलत हुन्छ । झन्डै १ करोड १० लाख जनसङ्ख्या भएको क्युवामा कोभिड-१९ बाट २ लाख ४० हजारभन्दा कम मानिस सङ्क्रमित भए र १ हजार ५३७ जनाको निधन भयो । तुलनात्मक अध्ययन गर्ने हो भने संरा अमेरिकाको ओहायो राज्यमा पनि उही सङ्ख्यामा मानिस बस्छन् । त्यहाँ ११ लाख मानिस सङ्क्रमित भए र २० हजारभन्दा बढी मानिसको निधन भयो ।

चर्को अभावबीच क्युवाली स्वास्थ्य नीति महामारीको भयावह अवस्थामा पनि जनताको रक्षा गर्न सफल भयो । प्रति दस लाख मानिसमा १३९ जना मानिसको निधन भएको क्युवालाई दक्षिण गोलार्द्धकै सबभन्दा अब्बल नतिजा देश मान्न सकिन्छ । कोभिड-१९ को कारण संरा अमेरिकामा प्रति दस लाख जनसङ्ख्या १ हजार ८७१ जना मानिसको निधन भएको छ । त्यसका साथै क्युवाले बनाएका पाँच थरी खोपमध्ये दुई थरी खोप कोरोना भाइरसविरुद्ध प्रभावकारी प्रमाणित पनि भएको छ । दुवै खोप कोरोनाको सङ्क्रमण रोक्न सफल भएको प्रमाणित भएको छ । हालसम्म क्युवाले आफ्नै माटोमा बनेका खोप बीस लाखभन्दा बढी मानिसलाई लगाइसकेको छ ।

सत्ता परिवर्तनका पक्षधरहरूले अहिलेको अभावलाई आफ्नो नागरिकप्रति क्युवा सरकारको बेवास्ताको रूपमा चित्रण गर्न खोजिरहेका छन् । संरा अमेरिकी बाइडेन सरकारले पनि क्युवा सरकारलाई 'आफ्ना जनताको कुरा सुन्न र आफैलाई धनी बनाउनेतिर लाग्नुभन्दा अहिलेको महत्त्वपूर्ण समयमा जनताको सेवा गर्न' आग्रह गरेको छ । बाइडेनले क्युवामा 'आफैलाई धनी

बनाउनेतिर' लागेको भनी कसलाई भन्न खोजेको हो, प्रस्ट छैन । तर, अन्तर्राष्ट्रियरूपमा सर्वत्र भर्त्सना गरिएको क्युवामाथिको नाकाबन्दीको पूर्णतः विश्लेषण नगरी क्युवाको कुनै पनि आलोचनाले क्युवाली जनताले अहिले सामना गरिरहेको कठिनाइको मूल विषय बुझ्न सक्दैन ।

क्युवा सरकारलाई अपदस्थ गर्न संरा अमेरिकाले क्युबाविरुद्ध आर्थिक युद्धबाहेक अरू पनि धेरै रणनीति अपनाएको छ । हत्या प्रयास, आतङ्कवादीहरूलाई समर्थन (जस्तै सन् १९७६ मा ७३ जना मानिसको ज्यान जाने गरी भएको क्युवाली विमानमा विस्फोटनको दोषी लुइस पोसाडा कार्लेससँग मेलमिलाप) र 'सफ्ट' पावरमा करोडौँ डलर खर्च गरेर हस्तक्षेपको प्रयास आदि रणनीति पनि क्युवा सरकारले अपनाएको छ । उदाहरणको लागि संरा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड) ले क्युवाका सरकारविरोधी समूहलाई वर्षको २ करोड अमेरिकी डलर पैसा खर्च गर्दै आएको छ ।

क्युवाविरुद्धको नाकाबन्दी ६ दशक पुरानो भए पनि ट्रम्प सरकारको 'अधिकतम दबाब' को नीतिले त्यो नाकाबन्दीलाई उल्लेख्यरूपमा कडा बनाएको छ । संरा अमेरिकी सरकारको यो रणनीतिले क्युवाको पर्यटन, ऊर्जा र अर्थतन्त्रका अन्य क्षेत्रलाई लक्षित गरेको छ । क्युवाली अमेरिकीहरूले क्युवामा पैसा पठाउन पनि अमेरिकी सरकारले रोक्यो । अमेरिकामा बसेका क्युवालीहरूले रेमिट्यान्स पठाउने प्रमुख बाटो वेस्टर्न युनियनको क्युवाली शाखा पनि अमेरिकी सरकारले बन्द गराएको छ । यस्तो नीतिले क्युवाली अर्थतन्त्रमा निकै ठूलो खराब असर पार्‍यो । विशेषतः कोभिड-१९ को कारण पर्यटन क्षेत्र प्रभावित हुँदा क्युवालाई अर्बौं डलर घाटा भएको र हजारौँ क्युवालीहरूले रोजगारी गुमाएका छन् । बाइडेन सरकारले आफ्नो क्युवा नीतिमा समीक्षा गरिरहेको ६ महिना भइसकेको छ । तर, यसबीच बाइडेन सरकारले पनि आर्थिक युद्धको ट्रम्प रणनीति नै अवलम्बन गरेको छ । त्यसकारण क्युवाली जनता अहिलेको अभावको समय व्यतीत गर्न बाध्य भएका छन् ।

संरा अमेरिकी पैसाले चलेको क्युवाली प्रसारण कार्यालयले रेडियो र टीभी मार्टी सञ्चालन गर्दै आएको छ । त्यसमा एक सयभन्दा बढी कर्मचारी छन् । त्यसको बजेट २ करोड ८० लाख अमेरिकी डलर छ । त्यसको मूल लक्ष्य भनेकै लगातार क्युवा सरकारविरोधी प्रचारबाजी गर्नु हो ।

यो प्रचारबाजी सामाजिक सञ्जालमा पनि विस्तार भएको छ । अहिले क्युवामा भएको विरोध प्रदर्शन हुनु एक दिनअघि फ्लोरिडामा ह्यासट्याग एसओएसक्युवा ट्रेन्डिङमा थियो । त्यसले क्युवा सरकारविरुद्ध समन्वयात्मक आन्दोलनको निम्ति आह्वान गर्नुका साथै क्युवाली जनताले सामना गरिरहेका समस्याको निम्ति क्युवा सरकारमाथि दोषारोपण गरिएको थियो । त्यसले सन् २०२० मा भएको एउटा काण्डको सम्झना गरायो । संरा अमेरिकी विदेश विभागसँग साइनो भएको सीएलएस रणनीतिअन्तर्गत ल्याटिन अमेरिकी देशहरूमा रहेका वामपन्थी सरकारहरूबारे हानिकारक झूटा समाचारको बाढी सामाजिक सञ्जालमा ओइरिएको थियो ।

सामाजिक सञ्जालमा मच्चाइएको सो अभियानले ल्याटिन अमेरिकामा काम गरेको पनि देखियो, तर क्युवामा भने त्यसले सिल्टिमुर खायो । त्यसैले फ्लोरिडाका क्युवाली खेमा र त्यसका समर्थकहरूलाई आक्रोशित बनाइयो । मायामीका प्रमुख फ्रान्सिस स्वारेजले त संरा अमेरिकी हमलाको निम्ति समेत आह्वान गर्न भ्याए । सत्य कुरा के हो भने क्युवामै हुने कुनै पनि घटनाभन्दा फ्लोरिडामा हुने कुनै पनि घटनाको प्रभाव क्युवामा बढी पर्ने गर्छ ।

अहिले क्युवामा भएको विरोध प्रदर्शनले क्युवा सरकारलाई त ढाल्न सक्दैन । तर, ट्रम्प सरकारले क्युवामाथि थोपरेका नाकाबन्दी हटाउन बाइडेन सरकारमाथि दबाब दिने काममा भएका केही प्रगतिलाई अवरोध गर्न भने ती प्रदर्शनले सामर्थ्य राख्छ । ओबामा सरकारको पालामा जस्तै बाइडेनको सरकारबाट पनि नाकाबन्दी हटाउन केही महत्त्वपूर्ण काम भइसकेका थिए । जस्तै मार्च महिनामा प्रतिनिधि सभाका ८० जना सांसदहरूले राष्ट्रपति बाइडेनलाई एउटा पत्र पठाएर




क्युवाली समाजवादी क्रान्तिका नेता एवम् पूर्वराष्ट्रपति राउल क्यास्ट्रो, वर्तमान राष्ट्रपति मिगुएल डायज कानललगायत उच्चस्तरीय नेताहरू क्रान्तिको रक्षा र संरा अमेरिकी साम्राज्यवादी नाकाबन्दीको विरोधमा लाखौं जनता सहभागी भएको जनप्रदर्शनमा (साउन १ गते)




क्युवाको राजधानी हवानामा समाजवाद र सरकारको समर्थनमा लाखौं जनताको प्रदर्शन

अविलम्ब यात्रा र रेमिट्यान्समाथिको रोक अन्त्य गर्न माग गरे । अहिले शिक्षक तथा युद्धवीर कार्लोस लाजोको नेतृत्वमा क्युवाली अमेरिकीहरूको समूह क्युवामाथिको नाकाबन्दी अन्त्यको माग गर्दै मायामीदेखि वाशिङ्टनसम्मको पैदल यात्रा गरिरहेका छन् । अनि नाकाबन्दीविरुद्धको दबाबस्वरूप हजारौँ अमेरिकीहरूले क्युवामा कोभिड–१९ को खोप दिन आवश्यक सुइ किन्न ५ लाख अमेरिकी डलर सङ्कलन गरी चन्दा दिए ।

जनस्तरमा भइरहेका राजनीतिक दबाबका यस्ता गतिविधिलाई दक्षिणपन्थी मुद्दाहरूले बिथोल्ने प्रयास भइरहेका छन् । ती दक्षिणपन्थी मुद्दाहरूबाट क्युवालीहरूको रक्षाको नाममा क्युवालीहरूलाई सजाय गर्न खोजिँदै छन् । राष्ट्रपति बाइडेन दक्षिणपन्थीहरूको पक्षमा लागेर अझ कठोर नाकाबन्दी थोपर्न सक्छन् । अमेरिकी राष्ट्रपति कार्यालयको वक्तव्यको आधारमा राष्ट्रपति बाइडेन १ करोड १० लाख क्युवालीहरूको भलाइभन्दा अघि आफ्नो आन्तरिक राजनीतिको जोडघटाउमा व्यस्त भएको अनुभव हुन्छ ।

तर, नाकाबन्दीलाई निरन्तरता दिएर बाइडेन आफैले क्युवाली आप्रवासी सङ्कट सामना गर्नुपर्ने हुनसक्छ । बितेका केही महिनामा संरा अमेरिकी तटीय रक्षकहरूले क्युवाबाट फ्लोरिडातिर डुङ्गामा जाने मानिसको सङ्ख्या बढेको बताएका छन् । सन् २०२१ मा झन्डै ५ सयजना अमेरिका पुगेका क्युवालीहरूलाई अमेरिकी प्रशासनले क्युवा फर्काएको थियो । गत वर्ष यो सङ्ख्या ४९ जनामात्र थियो । संरा अमेरिकी नाकाबन्दीको कारण क्युवाली अर्थतन्त्रमा जति धेरै क्षति पुग्छ, धेरैभन्दा धेरै क्युवालीहरू संरा अमेरिकाको यात्रामा निस्कने छन् । क्युवालीहरूको यो बसाइँसराइले सङ्कटको रूप लिनसक्छ । जसले बाइडेन सरकारलाई नै हानि पुऱ्याउनेछ ।

बाइडेनले कलमको थोरै मसी खर्च गरे ट्रम्पले थोपरेका सबै हस्तक्षेपकारी कदम सच्याउन सक्छन् । त्यसले क्युवालीहरूको जीवन रक्षा गर्नसक्छ । त्यसो गरे ओबामाले आफ्नो दोस्रो कार्यकालमा मात्र अङ्गीकार गरेको कूटनीतिक बाटोमा बाइडेनको विदेश नीति पुनः गठन हुन सक्छ । तर, क्युवा, भेनेजुयला, इरान, चीन र अमेरिकी विदेश नीति समस्याग्रस्त बनेका क्षेत्रमा बाइडेनले ओबामाको कूटनीतिक बाटो अहिलेसम्म त्याग्दै आएका छन् ।

(लेखक बेन्जामिन CODEPINK का सहसंस्थापक र क्युवासम्बन्धी विभिन्न पुस्तकका लेखक हुनुहुन्छ भने फ्लोर्स ल्याटिन अमेरिकी नीतिका विश्लेषक हुनुहुन्छ ।)

नेपाली अनुवाद : सुशिला

स्रोत : पिपुल्स डिस्प्याच/मजदुर, असार ३१

# भारतीय बाँधको कारण नेपाली भूमि दुबान

विवेक

अनावृष्टि होस् या अतिवृष्टि हरेक समय समस्यामा पर्ने भनेकै गरिबहरू हुन् किनभने उनीहरूसँग बाँच्नको लागि कुनै आधार हुँदैन । गाँसबास नभएका ती कयौं गरिबहरू लकडाउनको समयमा पनि मारमा परे । अहिले गाउँ गाउँमा आएको बाढी पहिरोबाट पनि ती गरिबहरू नै पीडित भइरहेका छन् । कयौंको घर बगाएका छन्, कयौंको मृत्यु भएका छन् । यो कुनै व्यक्ति विशेषको समस्या होइन । यो त राजनैतिक व्यवस्थाकै दोष हो । पूँजीवादी व्यवस्थामा गरिब मानिसहरूको जीवनको कुनै मूल्य हुँदैन । त्यसैले त पूँजीवादी व्यवस्थाको विरुद्ध कामदार वर्गको नेतृत्वको राज्य व्यवस्थाको लागि जनता लड्ने गर्छन् । जनताका लागि सबै बन्दोबस्त पूँजीवादले गरिदिने भए जनताले पूँजीवादको विरोध गर्ने थिएनन् र समाजवादी विचार अगाडि आउने पनि थिएन ।

प्रसङ्ग बाढी पहिरोको हो । वर्षायाम सुरु भएसँगै नेपालको दक्षिण सीमा क्षेत्रमा बस्ने नागरिकहरू समस्यामा पर्ने गर्छन् । जग्गाहरू डुबानमा पर्ने, आफूहरू विस्थापित हुनुपर्ने त्यहाँका बासिन्दाहरूको स्थायी समस्या जस्तै भएको छ । यो वर्षको वर्षा भर्खरै सुरु भयो । लगातारको वर्षाले कपिलवस्तु जिल्ला नजिक भारतद्वारा एकतर्फी रूपमा बनाइएका महली सागर बाँधको कारण पानी थुनिएर त्यहाँका हजारौं विघा जग्गा डुबानमा परेका छन् भने सयौं परिवार विस्थापित भएका छन् । डुबानमा परेका जनता के खाने र के लाउने चिन्तामा दुबेका छन् ।

भारतले एकतर्फी रूपमा २०५९ सालमा बनाएको महली सागर बाँधको कारण कपिलवस्तुका धेरै गाउँहरू यतिखेर डुबानमा परेका छन् । त्यहाँका जनताले लगाएका धान बाली सबै नष्ट भएको छ । जनताको समस्याबारे नेपाल सरकारलाई कुनै मतलब छैन । हरेक वर्ष नेपालका शासकहरू भारत भ्रमणमा जान्छन् तर नेपालको भूमि डुबानमा पर्ने गरी सीमा क्षेत्रमा बनाइएका बाँधहरू भत्काउनेबारे आवाज उठाउँदैनन् । बरु डुबानमा परेकाहरूको लागि वर्षेनी राहत प्याकेज घोषणा गर्छन् । त्यसमा व्यापक अनियमितता गर्न पाउने भएकैले स्थानीय नेता सांसदहरूसमेत राहत वितरणलाई समस्या समाधानको उपाय ठान्छन् । भारत सरकारको विरोध गर्नुको सट्टा तिनीहरू राहत वितरणको नाटक गर्छन् ।

कपिलवस्तुमात्रै होइन, यो वर्षको वर्षाले पर्साका आठओटा गाउँ डुबेको समाचार छ । प्रदेश सरकारका सांसदहरू बाढी पीडितहरूको अवस्था निरीक्षण गरेका तस्बिरहरू देखाइएको छ । बाँधको कारण डुबानमा परेको यथार्थ बुझ्दा बुझ्दै पनि प्रदेश सरकार र त्यहाँका जनप्रतिनिधिहरूले उक्त बाँध भत्काउनुपर्ने आवाज उठाएनन् । बरु विस्थापित जनताको घरमा पुगेर 'गोहीको आँसु' चुहाएका छन् । यथार्थ समस्या सम्बोधन गर्नेतर्फ नलागी सस्तो लोकप्रियता खोज्नु गैर जिम्मेवारीपन हो ।

भारतले नेपालको अपार जलस्रोतमाथि आँखा लगाउँदै आएको कुनै नयाँ विषय होइन । नेपालको पानीलाई भारत आफ्नो सम्पत्ति बनाउन चाहन्छ र योजनाबद्ध रूपमा नेपालको शासकहरूको हातबाट कब्जा गर्दै पनि छ । परिणाम नेपाल पक्षलाई पाइला पाइलामा क्षति नै क्षति र भारतीय पक्षलाई फाइदै फाइदा भइरहेको छ । नेपालका साना ठूला सबै नदीनालाहरू नेपालको लागि अभिशाप र भारतको निम्ति वरदान सावित हुँदै गएको छ । भारतको लागि अधिकांश खेतीपाती गर्न र खानेपानीको प्रमुख स्रोत भनेकै नेपालबाट विभिन्न नदी भइ बग्ने पानी नै हो ।

नेपालबाट बग्ने पानी आफ्नो अनुकूल प्रयोग गर्न तराईका ठाउँ ठाउँमा बाँध बाँध्नु उसको आवश्यकता हो । भारतले आफ्नो हितमा काम गर्दा अरूको अहित हुन नहुनेतर्फ ध्यान दिनुपर्ने हो । तर विभिन्न कालखण्डमा भारतले बाँकेमा लक्ष्मणपुर बाँध, डडेलधुरामा पूर्णागिरी बाँध, दाङमा कोइलावास बाँधलगायतका बाँधहरू निर्माण गरी आफ्नो स्वार्थ पूरा गरिरहेको छ । नेपाल सरकार आफ्नो अनुकूल बनाउन सकेमात्रै भारतले नेपालको सुन जसरी बगिरहेको पानीमा सजिलै कब्जा जमाउन सक्छ भन्ने कुरा उसलाई राम्ररी थाहा छ । त्यसैले त नेपालको सरकार परिवर्तन हुँदा होस् या मन्त्रिमण्डलमा हेरफेर गर्ने क्रममा भारतका जासुसहरू अत्यन्त सक्रिय हुने गर्छन् ।

नेपाली शासक राजनीतिक पार्टीहरूमा पनि के छाप परिसकेको छ भने भारतले समर्थन नगरेसम्म सरकारमा टिकिरहन सम्भव छैन । त्यसैले शासक दलका नेताहरू सरकार गठन पुनर्गठनको बेला भारत भ्रमण गर्ने गर्छन् र भारतलाई खुशी पार्न प्राकृतिक सम्पत्ति सुम्पन्ने प्रतिस्पर्धा गर्छन् । गण्डक सम्झौता, कोशी सम्झौता, महाकाली एकीकृत सन्धि र पछिल्लो चरणमा माथिल्लो कर्णालीजस्ता राष्ट्रघाती सन्धिहरू

यर्सका सिलसिला हुन् ।

भारतको एउटै उद्देश्य नेपालको थोपा थोपा पानी उसको हितमा उपयोग गर्न पाउनुपर्छ भन्ने हो । त्यसको लागि जलविद्युत योजनाको बहानामा लामो समयसम्म नेपालको नदीनाला कब्जा गर्ने नीति लियो । वास्तवमा भारतको लागि बिजुलीभन्दा पानीको आवश्यकता हो । विद्युत परियोजनाको नाउँमा ३०/४० वर्षसम्म नदीको पानीमा नियन्त्रण गर्ने उसको दाउ हो । एक अर्ब तीस करोडभन्दा बढी जनसङ्ख्या भएको भारतको लागि खानेपानीसँगै खाद्यान्न उत्पादन गर्न पनि त्यत्तिकै बढी पानीको आवश्यकता पर्दछ । त्यसको पूर्ति गर्ने एउटै विकल्प नेपालको नदीनालामाथि आफ्नो नियन्त्रण कायम गर्नु हो ।

अन्तर्राष्ट्रिय मापदण्डविपरीत बनाइएका बाँधहरूका कारण भारत बद्नाम छ । तर भारत ती बाँधहरूको नेपालीहरूलाई फोटोसमेत खिच्न दिँदैन । २०५६ सालमा बाँके जिल्लाको सीमावर्ती क्षेत्रमा बनेको लक्ष्मणपुर बाँधले त्यस क्षेत्रका जनता डुबानमा परेको समाचार पछि नौ वामका नेताहरूले त्यस क्षेत्र अध्ययन गरेका थिए । त्यस भ्रमण टोलीले नेपालगञ्जबाटै केही पत्रकारहरू पनि साथै लिएर गएको थियो । त्यहाँ अवलोकन गर्ने क्रममा 'नेपालगञ्ज पोष्ट' दैनिकका पत्रकारले आफ्नो क्यामेरामा बाँधका दृश्यहरू कैद गरे । त्यहाँ सुरक्षामा खटिएका भारतीय सुरक्षाकर्मीहरूले उनको क्यामेरामात्र लुटेनन् उनलाई निर्घात कुटपिट पनि गरे । नौ वाम नेताहरूको पहलमा उनी त छुटे तर उनले नराम्ररी कुटाइ खाए ।

लक्ष्मणपुर बाँधबारे जनताको धेरै विरोध पछि तत्कालीन संसदीय समितिले विस्तृत अध्ययन गरी भत्काउनु पर्ने ठहर गरी नेपाल सरकारलाई निर्देशन पनि दिएको थियो । नेपालका सरकार प्रमुखहरूको भारत भ्रमण गर्ने क्रममा संसदीय समितिले गरेको उक्त निर्णय कार्यान्वयन गर्न पहल गर्न नेपाल मजदुर किसान पार्टीलगायतले उठाउँदै आए पनि भारत सामु त्यो कुरा प्रष्ट रूपमा राखेको छैन । साथै संविधानसभा, संसदमा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले बारम्बार यो कुरा उठाए पनि हालसम्म त्यसको कुनै सुनुवाई भएन ।

संसदीय समितिले दिएको निर्देशन बमोजिम बाँध भत्काउन सकेको भए भारतले नेपालको दक्षिण सीमा क्षेत्रमा अरू नयाँ बाँधहरू बनाउने आँट गर्ने थिएन । नेपाल सरकारमा बस्नेहरू स-सानो व्यक्तिगत फाइदाको लागि जे पनि गर्न तयार हुन्छ भन्ने भारतलाई राम्ररी थाहा छ । नहोस् पनि कसरी ? भारतीय पूर्वराजदूतहरू मात्रै आए पनि नेपालका पूर्व प्रधानमन्त्री भइसकेका व्यक्तिहरू समेत लाम लागेर होटलमा भेट्न जान्छन् । भारतीय राजदूतले उद्घाटन गरेको कार्यक्रममा अतिथि बनेर मन्त्रीहरू मञ्चमा बस्न पुग्छन् । आफ्नो मर्यादाको ख्याल गर्दैनन् ।

नेपालका शासक दलका नेताहरूको भारत सामु लम्पसार पर्ने बानीकै कारण अहिले नेपालको पानीले बिहार र उत्तर प्रदेश हराभरा भएको छ । त्यहाँ खेतीमा काम गर्न श्रमिकहरू नेपालबाटै जाने गर्छन् । नेपालीहरूको घर जग्गा सबै डुबानमा छन् । उतै श्रम गरेर कमाएको पैसाले नेपालीहरू बाँच्नुपर्ने अवस्थामा पुगेका छन् । वर्षको अर्बौं रूपैयाँ दाल, चामल र तरकारी आयात गर्नुपर्ने अवस्थामा देश पुगेको छ । कृषि प्रधान देश कृषिमा परनिर्भर हुनु भारतकै नेपाल कब्जा नीति नै हो ।

नेपालले भारतसँग भौतिक रूपमा लड्न नसके पनि कानुनी र नैतिक लडाइँ त लड्न सक्छ नि ! नेपालमा अन्तर्राष्ट्रिय सन्धि सम्झौता विपरीत बनाइएका बाँधहरू भत्काउने विषय अन्तर्राष्ट्रिय अदालतमा पुऱ्याउन के ले रोक्यो ? लक्ष्मणपुर बाँधकै विषय अन्तर्राष्ट्रियकरण गरेको भए भारत नेपालसामु झुक्नुपर्ने थियो । अर्थात् उसले अन्तर्राष्ट्रिय कानुन विपरीत अन्य बाँधहरू बनाउन रोकिने थियो । प्रतिपक्षमा बस्दा एउटा कुरा र सत्तामा पुग्दा अर्को कुरा गर्ने राजनैतिक दलहरूको कारण नेपालको समस्या जटिल बन्दै गएको हो । नेपालीहरूले भारतलाई मात्रै दोषभन्दा नेपाली शासक दलहरू नै यसको लागि मुख्य जिम्मेवार छन् ।

नेपाली जनताको हरेक वर्ष हुने डुबान समस्याको स्थायी समाधान खोजिनुपर्छ । डुबानमा परेका जनताको लागि राहत वितरण गर्नु ठूलो कुरा होइन निर्वाचनको बेला उम्मेदवारहरूले जसरी जनताको हितमा काम गर्ने वचन दिने गर्छन् त्यसरी नै दक्षिण सीमा क्षेत्रका जनताको समस्या समाधानका लागि सरकारले भारत सरकारसँग पहल गरी अनियमित तरिकाले बनाएका बाँधहरू भत्काउने काममा ढिलाइ गर्नुहुन्न ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -(_




## महिला लडाकुहरूको एकाइ

भाग-९ । परिच्छेद ५ (ख)

मैले हो सोङ सुकलाई दापुचाइहेको लडाइँमा महिलाहरूको सानो एकाइले कसरी लडेको थियो भन्ने अनुभव सुनाउन आग्रह गरेँ । कालो वर्णकी उनी मसहुर महिला थिइन् । बाहिर भीमकाय देखिए पनि उनको मन भने कमलो र उनी कम मात्र बोल्ने स्वभावकी थिइन् । तर, आफूलाई मनमा लागेको उनी प्रष्ट भन्थिन् । आफ्नो कुरा भन्न उनी कहिल्यै पछि पर्दिनन् ।

चोइ जाङ सुकजस्ती 'गतिशील नेतृत्व' भएको महिलाहरूको सानो एकाइ हामी भए ठाउँ आउँदै गर्दा बाटोमा खाने कुरा सकिएछ । भोकै धेरै कठिनाइ सामना गरे पछि उनीहरूले बल्लबल्ल एउटा जापानीविरोधी चिनियाँ टोली पहाडमा भेटेछन् । उनीहरूसँग मिलेर महिलाहरूको एकाइले दापुचाइहे नजिकको एउटा शत्रु नियन्त्रित गाउँमा हमला गरेछन् । त्यो लडाइँमा तिनी महिलाहरूले पुरुषले जस्तै साहसपूर्वक लडे ।

चिनियाँ लडाकुहरूसँग आधुनिक राइफल थिए । तर, जब मान्चुको प्रहरीले प्रत्याक्रमण गर्दा उनीहरू सबभन्दा पहिला पछि हटे र यताउता भागाभाग भए । महिला टोलीसँग पुरानो जमानाका भरुवा बन्दुक मात्र थिए । तथापि, उनीहरूले शत्रु सेनाविरुद्ध बहादुरीपूर्वक लडे । चिनियाँ लडाकुहरू भागाभाग गरेका दिशातिर हमला गर्दै गरेका शत्रुलाई महिला लडाकुहरूले तहसनहस बनाए ।

एकाइको नेतृत्व गरेकी महिलाले आत्मबलिदानीपूर्वक लडाइँ लडिन् । उनको शरीरमा रगतको धारा बगे पछि उनी अझ दृढतापूर्वक शत्रुमाथि खनिइन् । उनको गोलीले एक पछि अर्को शत्रु सिपाहीं मुढा ढलेजस्तै ढले । शत्रुका कति लडाकुहरू आफ्ना मरेका सहयोद्धाको लास पछि तान्दै कुलेलम ठोके । शत्रु पक्षका लडाकुहरू ठुलठूला स्वरले चिच्याउँदै भागाभाग गरिरहेका कोलाहल महिलाहरूले सुने । जापानविरोधी चिनियाँ लडाकुहरूका कमान्डर आवेशमा आफ्ना लडाकुहरूलाई गाली गर्दै थिए, 'सालेहरू ! हेर ती कोरियाली महिलाहरू भरुवा बन्दुकको भरमा बहादुरीका साथ लडिरहेका छन् । तिमी भागाभाग गर्दैछौ ।' पछि बल्ल उनीहरू पनि शत्रुविरुद्ध लड्न थाले । अन्ततः त्यो लडाइँमा हाम्रो विजय भयो ।

यो लडाइँको वृतान्त सुनेर हामी भित्री हृदयदेखि खुशी भयौँ । महिला सिपाहींहरूको साहस र एकताले हामीलाई उत्साहित बनायो ।

सन् १९३६ को अप्रिलमा मानजियाङ नजिकको एउटा जङ्गलमा महिला कम्पनी स्थापनाको औपचारिक घोषणा भयो । हामीले महिला कम्पनीलाई मुख्यालयको प्रत्यक्ष मातहतमा राख्यौँ । अनि कम्पनीअन्तर्गत प्लाटुन र स्क्वाएडहरू पनि बनाउँदै गयौँ । पाक रोक गमलाई कम्पनी कमान्डरको जिम्मेवारी तोकियो ।

हाम्रो देशको सशस्त्र बलको विकासक्रममा त्यो नै त्यसप्रकारको पहिलो महिला कम्पनी थियो ।

महिला कम्पनीको स्थापनाले हजारौँ वर्षदेखि उपचार गर्नै नसकिने सामाजिक समस्या मानिएको पुरुष सर्वोच्चतावादी सोचमाथि धक्का दियो । अनि महिलाको मानसिक र सामाजिक स्थानलाई पुरुषकै सरह उकासियो ।

प्राचीनकालदेखि नै राजनीतिमा भन्दा सैनिक क्षेत्रमा सघन रूपमा पुरुष सर्वोच्चतावादी चिन्तन हावी थियो । पक्कै पनि राजनीतिक क्षेत्रमा पनि महिलाको मतलाई पूर्णतः बेवास्ता गरिएको अवस्थामा थियो । विपरीत लिङ्गमाथि कुनै जादुमयी शक्तिजस्तै अदृश्य रूपमा काम गर्ने महिलाको प्रभावले राजनीति र राजनीतिक नेता प्रभावित बनेको र अझ राज्यहरूको उदय र पतनमा समेत महिलाका त्यस्ता शक्तिले काम गरेका प्रशस्त दृश्टान्त छन् ।

यद्यपि, कुनै समय सम्राट वा सैनिक कमाण्डरभन्दा धेरै शक्तिशाली मानिएका महिलाहरू सैनिक क्षेत्रमा भने शक्तिहीन थिए । सैनिक मामिलामा पुरुष लिङ्गको एकाधिकार नै थियो । सैनिक क्षेत्रमा पनि महिला समानता आवश्यक भएको अनुभव गरी हामीले हाम्रो क्रान्तिकारी सेनामा सीमित सङ्ख्यामा भए पनि महिलालाई सशक्त बनायौँ ।

महिला कम्पनीको गठनसँगै कोरियाली जनक्रान्तिकारी सेनाको राष्ट्रिय एवम् जनप्रिय चरित्र प्रकाशमा आयो । त्यसकारण पनि महिला कम्पनी गठनको घटना उल्लेखनीय घटना बन्यो ।

क्रान्तिकारी सेनाभित्र महिला कम्पनी गठन भएको र



उनीहरूको प्रतिरोध क्षमता पुरुष एकाइभन्दा कति पनि कमजोर नभएको कुरा चाँडै नै देशभर फैलियो र संसारलाई पनि त्यो खबरले चकित पाऱ्यो ।

सन् १९३० दसकको पछिल्लो कालखण्डमा कोरियाको एउटा अखबारमा एउटा समाचार छापियो । त्यसको शीर्षक थियो–**'किम इल सङको सेनामा एक दर्जनभन्दा बढी महिला सिपाहीं ।'** कोरियाली जनताको मनमस्तिष्कमा यो संक्षिप्त शीर्षकले ठूलै प्रभाव पाऱ्यो ।

जापानीहरूविरुद्ध महिलाहरू पनि पुरुषले जस्तै साहसका साथ हतियार बोकेर लडिरहेको सत्यले सबै कोरियाली महिला र अन्य जनतालाई पनि ठूलो उर्जा प्रदान गऱ्यो । यो समाचारले कोरियाभित्र र बाहिर पनि धेरै मानिसलाई जनक्रान्तिकारी सेनाको लागि लड्ने हौसला बढायो ।

महिला कम्पनीको गठनपछि हामीले उनीहरूलाई सजगतापूर्वक आफ्नै खुट्टामा उभिन र लडाइँमा खरो रूपमा प्रस्तुत हुन सिकाउँदै गयौँ । कुनै पनि मौका पाउने बित्तिकै हामी महिला लडाकुहरूलाई उनीहरूको राजनीतिक उत्साह र सचेतना बढाउने कथा र कुरा सुनाउने गर्थ्यौँ ।

मलाई अहिले पनि सम्झना छ– स्याओताङहेमा हामीले उनीहरूलाई किम स्टानकेवीचको कथा सुनाएका थियौँ ।

किम स्टानकेवीच रुसमा जन्मेकी र हुर्केकी थिइन् । उनी चर्चित कोरियाली महिला लडाकु थिइन् । उनले आफ्नो सम्पूर्ण जीवन साम्यवादको लागि समर्पित गरिन् । उनका आमाबुवा उत्तरी हमयोङ प्रान्तको क्योङवन काउन्टीका थिए । कलेजको पढाइ सकेर उनी एउटा प्राथमिक विद्यालयमा पढाउँथिन् । रुस आउने कोरियाली देशभक्त र निर्वासितहरूको सङ्ख्या बढेसँगै उनले पढाउने काम छोडिन् र भ्लाडिभोस्टकतिर लागिन् । त्यहाँ बसेर उनले रुसका विभिन्न भागमा बस्दै आएका कोरियाली मजदुरहरूका अधिकार र हितको लागि काम गर्न थालिन् ।

रुसमा जारको सत्ता उल्टिए पछि उनी बोल्शेविक पार्टीमा सामेल भइन् । आफ्ना पति र केटाकेटीलाई घरमा छोडेर उनी पूर्णकालीन क्रान्तिकारी कार्यकर्ता बनिन् । अक्टोबर क्रान्तिका उपलब्धि रक्षा गर्नु उनको लक्ष्य थियो । खाबारोभस्कको बोल्शेविक पार्टीको सुदूर पूर्वी विभागअन्तर्गत विदेश मामिलाका संयोजकको रूपमा काम गर्दै गर्दा उनले रि तोङ ह्वी, किम रिपलगायत कोरियाली स्वाधीनता योद्धाहरूलाई कोरियाली समाजवादी पार्टी स्थापना गर्न उत्साहित गरिन् ।

समुद्र किनाराका कोरियाली प्रान्त र रुसका अन्य भागका सबै कोरियालीहरूले उनका उल्लेखनीय गतिविधिको प्रशंसा गरे र उनका काममा सक्रियतापूर्वक साथ दिए ।

बोल्शेविक पार्टी सुदूरपूर्वी विभाग खाबारोभ्स्कबाट फिर्ता भए पछि त्यहाँको परिस्थिति प्रतिक्रान्तिकारी गतिविधिको लागि मलिलो बन्यो । किम त्यहाँका नसुल्झिएका समस्या समाधान गर्न केही समय त्यहीं बसिन् । सबै काम सकेर उनी पानीजहाजमा बसेर फर्किंदै थिइन् । दुर्भाग्यवश अमुर नदीमा

उनलाई प्रतिक्रान्तिकारी पार्टीका मान्छेहरूले पक्राउ गरेर गोली ठोकेर मारे ।

जीवनको अन्तिम घडीमा उनले शत्रुतिर हेरेर भनिन्,'मलाई मृत्युदेखि कति पनि डर छैन । तिमीहरूको दिन सकिँदैछ । तिमीहरू भनेका शोकमा डुबेको घरमा जम्मा भएका कुकुरको बथान मात्र हौ । तिमीहरूले साम्यवादलाई कहिल्यै पराजित गर्न सक्नेछैनौ । तिमीहरूको सपना कहिल्यै पूरा हुन नसक्ने सपना हो ।'

उनको ३४ वर्षको उमेरमा हत्या भएको थियो ।

किम स्टानकेवीचका साथै सोल जुक ह्वा, के उव ह्वाङ, न्यु क्वान सुन, रि क्वान रिनलगायतका क्रान्तिकारी नायिकाहरू हाम्रा महिला लडाकुहरूका लागि आदर्श पात्रहरू बने ।

स्थापना भएको केही समयभित्रै महिला कम्पनीले सार्वजनिक ध्यानाकर्षण गर्न सफल भयो । महिला कम्पनी जहाँ पनि जान्थ्यो, सबैले माया गर्थे । जनताले उनीहरूलाई सम्मान गर्थे । टाउकोमा पाँचकुने ताराको छाप भएको टोपी र कुममा ओहदाको चिह्न लगाएका महिला सिपाहीँहरू पर देख्नासाथ सिङ्गो गाउँका गाउँलेहरू चिच्याउँथे,'उ हेर त महिला सिपाहीँहरू आउँदैछन् !'

महिला सिपाहींहरूले जनताको अगाढ प्रेम जित्न सफल भए किनभने उनीहरू जस्तोसुकै परिस्थितिमा पनि जनतालाई निकै राम्रो व्यवहार गर्थे । महिला सिपाहींहरू जनतालाई इमानदारीका साथ सहयोग र आदर गर्थे । उनीहरू जनतालाई असल र आत्मिय नैतिक व्यवहार गर्थे । केही दिनको लागि बास बसेका सर्वसाधारणको घरमा पनि उनीहरू त्यत्तिकै बस्दैनथे । उनीहरू घर बढार्ने, पानी ओसार्ने, जुठो भाँडाकुँडा माझ्ने, बारीमा गोडमेल गर्ने आदि काममा घरकी महिलालाई मद्दत गरिरहेका हुन्थे ।

महिला सिपाहींहरू जनताको लागि नाच्थे र गीत पनि गाउँथे । जनतासमक्ष भाषण गर्थे । जनतालाई लेखपढ गर्न सिकाउँथे । महिला कम्पनी कोरियाली जनक्रान्तिकारी सेनाको गौरव र दुलर्भ फुल थियो ।

वास्तवमा भन्नुपर्दा सुरुवाती दिनहरूमा महिला कम्पनी साधन-स्रोत सम्पन्न थिएन । उनीहरूसँग प्रायशः भरुवा बन्दुकमात्र थियो । केही लडाकुहरूसँग त त्यस्ता भरुवा बन्दुक पनि थिएन । हामी उनीहरूलाई हलुका खालको आकर्षक कार्बिन बन्दुक दिएर लडाइँमा सामेल गर्न चाहन्थ्यौँ । तर, हामीलाई त्यस्ता कार्बिन बन्दुक कब्जा गर्ने कुनै मेलोमेसो नै मिलेको थिएन ।

यसैबीच सिनान्चा वरपर कठपुतली मन्चुको सेनाको एउटा टोली घोडा चढेर आइरहेको सूचना प्राप्त गऱ्यौँ । गुप्तचरी सूचनामार्फत उनीहरूले व्यारेक बनाउने तयारी गरिरहेको थाहा भयो । उनीहरूले व्यारेक बनाउन लागेको ठाउँमा हमला गर्ने मैले निर्णय गरेँ र त्यसको जिम्मेवारी महिला कम्पनीलाई दिइयो । उनीहरूलाई उत्साहित बनाउन म उनीहरूसँगै व्यारेक निर्माणस्थल नजिकसम्म गएँ । त्यो लडाइँ ज्यादै शानदार थियो ।

पानी पर्न लागेको थियो । शत्रुले व्यारेक बनाउने काम रोक्यो र सुरक्षा पहरा बसिरहेको सिपाहीं पनि चौकी छोडेर सुस्ताइरहेको थियो । कम्पनी कमान्डर पाक रोक गमले लडाइँ सुरु भएको सङ्केत स्वरुप गोली पड्काएसँगै व्यारेक बन्दै गरेको स्थानमा बिछ्याइएको धराप हुँदै महिला सिपाहींहरू रिसाएका बघिनीजस्तै भएर शत्रुतिर खनिए । अनि शत्रुको छातीमा आफ्नो बन्दुकको नाल तेर्साएर भने,'हात उठाऊ ! हात उठाऊ !' एक जना शत्रु सिपाहींले दराजमा राखेको बन्दुक निकालेर प्रतिरोध गर्ने प्रयास गरेका थिए । जाङ जोङ सुकले तत्कालै आफ्नो राइफलको कुन्दाले उसलाई ठेगान लगाइन् । दस मिनेटमै लडाइँ सकियो । केही शत्रु सेना मारिए भने केहीलाई बन्दी बनाइयो । त्यो लडाइँबाट दर्जनौँ साना हतियार कब्जा गरियो । दुःखको कुरा कब्जा गरिएका हतियारमध्ये कार्बिन बन्दुक एउटा पनि थिएन । बन्दी शत्रु सिपाहींहरूले कार्बिन बन्दुक सबै रमनमा निस्केका सिपाहींहरूले लगेको बताए । उनीहरू (शत्रु सेना) त आफूलाई महिला सिपाहींहरूले हमला गरेको कुरा थाहा पाएर आश्चर्यचकित बने ।

त्यसपछिका अरू धेरै लडाइँमा पनि महिला कम्पनीले आफ्नो काम देखाए र परिचय बनाए । दायिङ र दोङगाङका लडाइँमा पनि महिलाहरूले ज्यादै शानदार ढङ्गले लडेका थिए ।

यी महिला लडाकुहरूले जुन पनि लडाइँ लडे, अविस्मरणीय छाप छोड्न सफल भए । दायिङको लडाइँमा जाङ जोङ सुकले आफ्नो हतियार जोगाउँदै पालोपहरा बसिरहेको शत्रु सिपाहींलाई मुड्कीकै भरमा भुइँ टेकाएकी थिइन् । त्यस्तै दोङगाङको लडाइँमा किम ह्वाक सिल र अन्य महिला लडाकुहरूले राति जुनको किरणको भरमा प्रत्येकले एक-एक गोली हानेर शत्रुको चौकी कब्जा जमाएका थिए । उनीहरूले चौकीको टेलिफोन लाइन विच्छेद गरेका थिए । यो घटना पनि अभूतपूर्व थियो । इतिहासकारहरूले भनेअनुसार कोरियाली सरकारअन्तर्गत दक्षिण हमयोङ प्रान्तीय विभागको प्रहरी परिसरले महिला कम्पनीले गरेका विभिन्न हमलाको धेरै रेकर्ड राखेको थियो । तिनै रेकर्डमा पाक रोक गमसहित चालिस जना किम इल सङको लडाकु एकाइले सन् १९३६ शोवा एघारौँ वर्षमा चन्द्रमासको पाँचौँ महिनाको सुरुमा फुसोङ काउन्टीको सिनान्चामा कठपुतली मन्चुको सेनाको टुकडीमा हमला गरेको अभिलेखीकरण गरिएको छ । त्यही समयमा महिला कम्पनीले दायिङमा पनि हमला गरेका थिए । त्यो लडाइँमा उनीहरूले एक दर्जन राइफल र पोशाक कब्जा गरेका थिए । फुसोङ काउन्टीको दोङगाङको

लडाइँमा महिला कम्पनीको काम पनि अभिलेखीकरण गरिएको थियो ।

जब-जब म देशको लागि आफ्ना युवा दिनहरू समर्पित गरेका जापानविरोधी क्रान्तिकारी शहीदहरूको स्मरण गर्छु, मेरो मानसपटलमा महिला कम्पनी र त्यसका अतुलनीय वीराङ्गनाहरूका स्मृति आएर छपक्कै ढाक्छन् ।

महिला कम्पनीका प्रथम कमान्डर पाक रोक गम आफ्नो कम्पनीको नेतृत्वमा निकै पोख्त थिइन् । उनका धेरै सहयोद्धाहरूले उनलाई एकै शब्दमा चित्रण गर्न खोज्छन्- 'नायिका' ।

उनी रबरको सोल भएको जुटको जुत्ता लगाउँथिन् । उनको त्यो जुत्ता ठूलो आकारको हुन्थ्यो । हिजोआजको ४१ नम्बरको जुत्ता जति ठूलो हुन्थ्यो । यो कुरा सुनेर मानिसहरू अचम्म मान्न सक्छन् । लडाइँमा कब्जा गरिएका सामानमा रबरको सोल भएका जुटका जुत्ता त धेरै भेटिन्थ्यो । तर, त्यत्ति ठूलो आकारको जुत्ता भेटाउन भने मुस्किल हुन्थ्यो । त्यही भएर उनी प्रायशः परालले बुनेको जुत्ता लगाएर हिँड्थिन् ।

वाङछिङमा पाक रोक गमले त्यहाँको जिल्ला महिला सङ्गठनकी प्रमुख भएर पनि काम गरिन् । त्यसकारण उनी महिला सामाजिक कार्यकर्ता पनि थिइन् । उनी यति गरिब थिइन् कि विवाह हुँदा उनको आफ्नै ओछ्यान पनि थिएन । उनले च्यातिएको लुगा लगाएरै विवाह गरेकी थिइन् । उनको पतिको परिवारको अवस्था पनि कम खराब थिएन । त्यही भएर पनि नवविवाहिता दम्पत्तीको लागि उनीहरूले अलग कोठा र ओछ्यानको समेत व्यवस्था गर्न सकेनन् । विवाह भएको समयमा नै दुवै श्रीमान-श्रीमती क्रान्तिकारी सेनामा भर्ती भए । उनीहरूलाई वाङछिङको पहिलो कम्पनीमा सामेल गरियो ।

एक दिन पहिलो कम्पनीका राजनीतिक सल्लाहकार मलाई भेट्न आए । उनले मलाई पाक रोक गमले बच्चा जन्माएको खबर गरे । दुःखका साथ राजनीतिक सल्लाहकार भन्दै थिए- बच्चा जन्मँदा पाक रोक गमको घरमा बच्चालाई सुताउने सिरक र डस्नासमेत पनि थिएन । म हतारिँदै पाक भएको ठाउँमा गएँ । साँच्चै त्यहाँ बच्चालाई सुताउन मिल्ने न सिरक थियो न डस्ना । आफ्नी श्रीमती गुमाएकी पाककी पिता आफ्नो विवाहिता छोरीको ख्याल गर्न नसकेकोमा दुःख मनाइरहेका थिए । उनले युद्धको कारण आफ्नो परिवारले लगातार दुःख भोग्नुपरेको र सिरक र डस्ना कस्तो हुन्छ भन्ने कुरा नै पनि आफूले बिर्सिसकेको बताए । बच्चालाई मैलो टालोमै बेरिएको थियो ।

मैले तत्कालै एउटा टोलीलाई ओछ्यान बनाउन आवश्यक सामानको जोहो गर्न खटाएँ । लुगा सिलाउने टोलीले आरामदायी सिरक-डस्ना बनाइदिए । बच्चाको लागि हिस्सी परेका लुगा सिलाइदिए । उनीहरूले रातारात ती सबै सामान सकाएर भोलि बिहान पाकको हातमा दिए ।

अब पाक र उनका पतिले बच्चालाई राम्ररी लुगा लगाइदिए । अनि सिरकले छोपेर बच्चालाई सानो बाकसमा सुताए । उनीहरूले त्यस्तो बन्दोबस्तको कहिल्यै कल्पना पनि गरेका थिएनन् । कठ्याङ्ग्रिंदो जाडोमा पनि उनीहरूले बच्चालाई छोपेको सिरक र डस्ना छोएनन् ।

पाककी श्रीमान काङ जुङ ग्योङलाई सातौँ कम्पनीको प्लाटुन नेतामा नियुक्ति गरियो । अनि त्यो प्लाटुन आन्टुको स्वाधीन टुकडीमा सामेल हुन उता लाग्यो । पाक भने वाङछिङमै बसेर गतिविधिमा सहभागी बनिन् । आफ्नो पति सामेल रहेको एकाइ मेरो कमान्डअन्तर्गत काम गर्दै गरेको खबर पाएर पाकले मलाई भेट्ने निश्चय गरिन् । उनले माइती छोडेर हामी बसेको ठाउँमा आउन चाहिन् । माइती छोड्नुअघि उनले आफूसँग भएको डस्ना र सिरक आफ्नो बुवाको हातमा जिम्मा लगाइन् ।

तर, पाककी बुवाले कमान्डर किमले पाक र उनका श्रीमानको लागि बनाएको डस्ना र सिरक लिन मानेनन् ।

पाकले आफ्नो टाउकोमा बोकेको डस्ना र सिरकको कुटुरोलाई जोडेर पछि उनको उपनाम नै राखियो । उनका सहयोद्धाहरू उनलाई त्यही नामले बोलाउँथे- कमरेड कुटुरो । उनको अनुहार रुखो देखिन्थ्यो । तर, उनी ज्यादै प्रतिबद्ध र सहृदयी महिला थिइन् । उनी जो कोहीसँग तुरुन्तै घुलमिल हुन सक्ने स्वभावकी थिइन् । उनको स्वभाव भूमिगत गतिविधिको निम्ति मिल्ने खालको थियो ।

त्यसै कारण हामीले उनलाई चाङबाइ काउन्टीको सिनसिनकनमा सन् १९३७ को सुरुवातमा राजनीतिक कार्यको लागि परिचालन गर्‍यौँ । पितृभूमि पुनःस्थापना सङ्गठनमा महिलाहरूलाई सामेल गराउन चाङबाइ काउन्टीको शाङकाङछुमा क्वान योङ ब्योक र रि जे सुनलाई मद्दत गर्न पाकलाई त्यत्ता खटाइएको थियो । उनले आफ्नो लक्ष्य पूरा गर्न निकै जिम्मेवारीपूर्वक कडा मिहिनेत गरिन् । विडम्बना, त्यहीक्रममा उनी गिरफ्तार भइन् र उनलाई जेलमा कोचियो ।

रि जे सुनलाई जस्तै पाक रोक गमले पनि अरू कमरेडमाथिको आरोप सबै आफूले वहन गरेर धेरै कमरेडहरूलाई रिहा गर्न मद्दत गरिन् । जेलका कोठामा शत्रुको यातनाले रगताम्य अवस्थामा सहयोद्धाहरू भुइँमा लडिरहेको थाहा पाएपछि उनीहरूको हौसला बढाउन र उत्साहित गर्न उनी क्रान्तिकारी गीतहरू गाउँथिन् ।

पछि उनलाई थुनिएको हेसान प्रहरी चौकीबाट हामहुङ जेलमा सारियो । त्यहाँ उनलाई क्षयरोगका बिरामीसँगैको कोठामा थुनियो । उनलाई पनि क्षयरोग सङ्क्रमण होस् र त्यहीं उनको पनि निधन होस् भनी शत्रुले त्यसो गरेका थिए । उनीसँगै

कोठामा थुनिएकी महिलाको थर किम थियो। उनी जोङफोङ किसान सङ्गठनमा सामेल थिइन्। त्यही क्रममा उनी पक्राउ परेकी थिइन्। पाक रोक गमले किम क्षयरोगी भएकी कुराको पर्वाह गरिनन्। बरु गम्भीर रूपमा बिरामी तिनी महिलाको स्याहार सुसारमा तनमन लगाइन्। मानौँ कि उनीहरू दुई जना दिदीबहिनी हुन्।

केही समय पछि मर्ने अवस्थामा तिनी महिलालाई जेल मुक्त गरियो। तर, त्यत्तिबेलासम्म पाक क्षयरोगबाट ग्रसित भइसकेकी थिइन्। उनी थला परिन्। जेल मुक्त भएकी महिलाको परिवार रेशमको ज्याकेट र रोटी लिएर पाकलाई भेट्न आए। उनीहरू उनको सेवाको गुण तिर्न आएका थिए। तर, जेल प्रशासनले उनीहरूलाई पाकसँग भेट्न दिएन। आफ्नो जीवनभर अरू मानिसप्रति अगाढ प्रेम देखाउने गुरिल्ला सेनाका सहृदयी नायिकाको जेलभित्र ज्यादै कष्टप्रद निधन भयो। मृत्युको मुखमा पुगेकी महिलाको अश्रुपूर्ण आभार ग्रहण पनि गर्न नपाई उनी सधैँका लागि बिदा भइन्।

हाम्रा महिला सिपाहीँहरूमध्येकी एकजना क्रान्तिकारी महिला मा कुक ह्वा पनि थिइन्। उनी मा तोङ हुईकी बहिनी हुन्। हामी पश्चिमा जिन्दाओमा काम गर्दै गर्दा उनी हाम्रो एकाइका राजनीतिक कार्यकर्ता किम से ओकबाट प्रभावित भएर शिकिदाओकोको पिङगाङदेमा गुरिल्ला सेनामा भर्ती भएकी थिइन्। किम से ओक उनका गुरु एवम् प्रेमी थिए। देशको स्वतन्त्रतापछि उनीहरूले विवाह गर्ने योजना बनाएका थिए। अनि सबै कुरा भविष्यको लागि थाँती राखेर क्रान्तिमा समर्पित भएका थिए।

एक दिन कुक ह्वा भान्छाको काम गरिरहेकी थिइन्। मकैको खोले कमरेडहरूलाई बाँड्ने क्रममा दुई जना कमरेडलाई भाग नपुग्दै भाँडोमा खोले सकियो। उनले आफू एक छाक भोकै बसेर पनि सबै कमरेडलाई भाग पुऱ्याउने निधो गरिन्। तर, उनले मात्र छाक काटेर खोले पुग्ने अवस्थामा थिएन। त्यसकारण केही समयको अलमल पछि किम से ओकलाई आफ्नो अन्योलबारे बताउने निश्चय गरिन्। उनले ब्यारेकबाट किमलाई बोलाइन् र भनिन्, 'कमरेड से ओक, आज राति हामी खाना नखाई सुत्नुपर्ने भयो। हामीसँग भएको खाना कमरेडहरूलाई मात्र ठीक हुने भयो। मलाई माफ गर्नु होला।'

'केही छैन। म आज भोकै बस्छु। तर, स्वतन्त्रता पछि मलाई हरेक छाकमा दोब्बर खाना चाहिन्छ है त', हाँसो गर्दै उनले भने। दुवैको अनुहार खुशीले उज्यालो भयो।

मा कुक ह्वा त्यो रात आफ्नो प्रेमीलाई सम्झँदै सुत्न सकिनन्। उनले रातिको खानाको सट्टा एक कप पानी पिइन्। उनलाई आफू भोको भएकोमा कति पनि दुःख लागेन।

देश मुक्त भएको हेर्न नपाई उनीहरू दुवै जना लडाइँमा मारिए। कुकको निधन पछि उनका सहयोद्धा महिला कमरेडहरूले उनको ओछ्यानमा एक जोडी राजहाँस बुनिएको रुमाल भेटाए। आफ्नो विवाहको दिन कल्पना गर्दै मा कुक ह्वाले निकै कठिन परिस्थितिमा त्यो रुमालमा बुट्टा भरेकी थिइन्।

त्यो रुमालभन्दा बहुमूल्य र दुःखद् उपहार अरू केही हुन सक्छ र ? ज्यादै कठिनाइमा महिला लडाकुले वीरगति प्राप्त गरिन्। देशलाई विदेशी उपनिवेशवादबाट मुक्त पार्ने र विवाह गर्ने उनको सपना विदेशी भूमिमै तुहियो। अब के नै गर्न सकिन्थ्यो र ? उनका सहयोद्धाहरूले त्यो रुमाल उनको पार्थिव शरीरमै बेरिदिए।

महिला कम्पनी बनेको भर्खर आधा वर्ष भएको थियो। तर, उनीहरूको प्रभाव यति फराकिलो भएर फैलिसकेको थियो, मातृभूमिले यो कुरा सधैँ याद गरिरहनेछ। भावी पुस्ताले उनीहरूबाट सधैँ सिकिरहनेछन्।

शक्तिशाली शत्रु जापानी साम्राज्यवादविरुद्ध क्रान्तिको रक्तपातपूर्ण मोर्चामा लडेका महिला सिपाहीँहरू आधुनिक कोरियाली महिलाहरूका आदर्श हुन्। उनीहरू मानव जातिको मुक्तिको सङ्घर्षमा विशिष्ट स्थानमा पुगेका सम्मानित वीराङ्गानाहरू पनि हुन्। उनीहरू महिलाले पहिलो पटक सामाजिक र मानवीय समानता अनुभव गरेका योद्धाहरू हुन्। हाम्रो देशमा महिला सशक्तिकरणको लागि रगतको धाराले बाटो कोर्ने क्रान्तिकारीहरू हुन्।

हाम्रो श्रमिक पार्टीले धेरै धेरै सङ्ख्यामा जापानविरोधी क्रान्तिताका महिला कम्पनीले हृदयंगम गरेको पेक्डुको क्रान्तिकारी भावना र सङ्घर्षको परम्परा बोकेका क्रान्तिकारी वीराङ्गना, सामाजिक रूपमा सक्रिय महिला, उदाहरणीय श्रमिक महिलाहरू जन्माएको छ। अन योङ ए, जो ओक हुइ, रि सु डोक, रि सिन जा, जोङ चुन सिललगायत हाम्रो समयका धेरै अरू क्रान्तिकारी नायिकाहरू पेक्डु भावनाबाट निर्देशित थिए। अहिले पनि यो भूमिमा लाखौँ लाख हाम्रा महिलाहरू समाजवाद निर्माणको लागि अभेद्य किल्ला बनाउन लागिपरेका छन्।

आज हाम्रो जनसेनामा धेरै महिला एकाइहरू छन् जसले अहिले पनि जापानविरोधी क्रान्तिकारी परम्परा अवलम्बन गरेका छन्। जनसेनाको महिला एकाइका साथै मजदुर-किसान लाल रक्षकका कयौँ महिला सदस्य र युवा लालरक्षकहरू देशको रक्षाको लागि कटिबद्ध छन्। सबै जनता सशस्त्र बनेको हाम्रो देशमा जनसङ्ख्याको आधा हिस्सा ओगटेको दसौँ लाख महिलाहरू हतियार बोकेर आपतकालीन समयमा आफ्नो देशको एक इन्च जमिनको रक्षा गर्न पनि लड्न तयार छन्।

कोरियाली जनक्रान्तिकारी सेनाको मुख्यालयको प्रत्यक्ष कमान्डमा रहेको महिला कम्पनी करोडौँ सशस्त्र महिलाहरू अग्रदस्ता हुन्। **(क्रमशः)**

**- अनुवाद : नीरज**

# शिशु स्याहार केन्द्र : भविष्य हुर्काउने थलो

एउटा स्थानीय तहले के के गर्नसक्छ र के के गर्नुपर्छ ? नेपालको संविधानलाई आधार बनाएर यी प्रश्नबारे धेरै थरी विचार र कार्यक्रममाथि छलफल गर्न सकिन्छ। स्थानीय तह सञ्चालनको सन्दर्भमा भक्तपुर नगरपालिकालाई नमुनाको रूपमा देशका विभिन्न सञ्चारमाध्यमले चर्चा गर्ने गरेका छन्। त्यसैकारण देशैभरिका स्थानीय तहका प्रतिनिधिहरू भक्तपुर नपाले गरिरहेका गतिविधिबारे जानकारी लिन भक्तपुर आइरहेका हुन्छन्। निःसन्देह सबै स्थानीय तहका आ-आफ्ना विशिष्टता हुन्छन्। कुनै पनि स्थानीय तहले अर्को स्थानीय तहको अन्धानुकरण गर्नु गलत हो, बरु आपसमा सिक्ने-सिकाउने प्रक्रिया भने आवश्यक छ।

भक्तपुर नगरपालिकाले २०५० सालबाटै थालेका केही सिक्न लायक कदममध्ये एउटा कदम हो- शिशु स्याहार केन्द्रहरूको स्थापना। विद्यालय जाने उमेर नपुगेका शिशुलाई दिवा स्याहारको निम्ति नगरपालिकाले स्थापना गरेका ६ ओटा शिशु स्याहार केन्द्र अहिले पनि सुचारु छन्। शिशु स्याहार केन्द्रमा साना नानीबाबुको स्याहार गर्ने व्यवस्थाले आमाहरू उत्पादनमूलक काममा लाग्न सक्ने भएका छन्। यसले परिवारको आर्थिक अवस्थामा टेवा पुग्ने र आमाहरूसँग भएको योग्यताको पनि उपयोग भइरहेको छ।

साना नानीबाबुहरूलाई तालिम प्राप्त शिक्षिकाहरूबाट केन्द्रमा विभिन्न रचनात्मक गतिविधिमा संलग्न गर्दा बालबालिकाको बौद्धिक र शारीरिक क्षमता पनि वृद्धि हुने गर्छ। हिजोआज प्रायः घर परिवारमा एकै जना नानीबाबु हुने गर्छ। एक्लै हुर्केको शिशुलाई सामाजिक बन्न निकै कठिन हुने गर्छ। शिशु स्याहार केन्द्रले सानै उमेरदेखि नै बालबालिकालाई सामाजिक बन्न मद्दत गर्छ, सामाजिक भावना सिकाउँछ।

विगतमा साँघुरा स्थानमा सञ्चालनमा रहेका शिशु स्याहार केन्द्र आजभोलि फराकिलो र घाम-हावा छिर्ने स्थानमा सञ्चालन गरिएको छ। दशकौँ लामो अनुभवले शिक्षिकाहरू पनि शिशुहरूसँग रम्न र हुर्काउन अनुभवी बनेका छन्। निःसन्देह समयअनुसार सान्दर्भिक तालिम र पुनर्ताजगी कार्यक्रमले उनीहरू अझ बढी सिपालु हुन मद्दत गर्नेछ। तर, फूलजस्ता स-साना नानीबाबुहरूलाई आफ्नो ममतामा डुबाएर हुर्काउने ती शिक्षिकाहरू आदरयोग्य छन्। उनीहरूका काम सम्मानयोग्य छ। समाजको भविष्यलाई हुर्काउने गहन जिम्मेवारी बोकेका आमाहरूलाई अझ बढी रचनात्मक र उत्साहित गर्नुपर्छ। भक्तपुर नपाले आइतबार शिशु स्याहारका शिक्षिकाहरूलाई मादल बजाउने तालिम सुरु गरेको छ। यो सामान्य कार्यक्रमजस्तो देखिए तापनि यसले समाजलाई कुनै न कुनै हिसाबले सुन्दर बनाउन योगदान गर्नेछ। शिशु स्याहार केन्द्रलाई अझ आकर्षण र बालमैत्री बनाउन शैक्षिक सामग्रीको अझ धेरै उपलब्धता आवश्यक छ। बालमनोविज्ञहरूसँग बारम्बार परामर्श गरेर शिशु स्याहारलाई बालबालिकाको निम्ति आकर्षक थलो बनाउन जरुरी छ।

बालबालिका नै समाजको भविष्य हो। आजका बालबालिकाका दिनहरू सुन्दर बनाउन सके भोलिको समाज अझ सुन्दर हुनेछ। समाजवादी देश प्रजग कोरियामा भविष्यका कर्णाधार बालबालिकाको लागि 'बालबालिकाको दरबार' नै रहेको सञ्चारमाध्यममा चर्चा हुने गर्छ। प्रजग कोरियाली बालबालिकाले सङ्गीत, नृत्य, कलामा देखाउने प्रतिभा संसारलाई नै चकित बनाउने खालको छ। हामीले राम्रै कुराबाट सिक्न जरुरी छ। भक्तपुर नपाले सञ्चालन गरिरहेका शिशु स्याहार केन्द्रहरूमा पक्कै पनि सुधार्नपर्ने पक्ष धेरै होलान्। सुधार नियमित प्रक्रिया हो। तर, समाजलाई सुन्दर बनाउने मूल ध्येयबाट सञ्चालनमा रहेका ती केन्द्रहरूलाई अझ व्यवस्थित बनाउँदै लानुपर्छ। भक्तपुर नपाबाट अन्य स्थानीय तहले सिक्न सक्ने धेरै कुरामध्ये शिशु स्याहार केन्द्रहरूको सञ्चालन पनि हो। देशैभरिका स्थानीय तहले शिशु स्याहार केन्द्रहरू सञ्चालन गरे देशको भविष्य निर्माणले ठूलो फड्को मार्नेछ।

*(स्रोत : **मजदुर दैनिक**, सम्पादकीय, असार २१, २०७८)*

वडाध्यक्षको डायरीबाट

# झुक्याएर मन्जुरीनामा लिई पुर्ख्यौली सम्पत्ति बेची नयाँ घर बनाउन पाइन्छ र ?

कुशल

खाना खाएर भर्खर वडा कार्यालयमा पुगेको थिएँ । कुर्सीमा बस्न नपाउँदै मोबाइलको घण्टी बज्यो । मोबाइल खल्टीबाट निकाल्दै कुर्सीमा बसेँ । एकजना टोलकै गन्यमान्य व्यक्तिले फोन गर्नु भएको रहेछ । फोन उठाएर मैले 'नमस्कार' भनेँ । वहाँले पनि 'नमस्कार' फर्काउनु भयो । फोनमार्फत टोलवासीहरू डेलिगेसन आउन लागेको वहाँले जनाकारी दिनुभयो । मैले डेलिगेसन आउनुको कारण सोधेँ । वहाँले भन्नुभयो, 'तपाई वडा कार्यालयमा भएकोले त्यहीं आएर कुरा गर्छु ।' मैले जवाफ फर्काउँदै भनेँ, 'म वडा कार्यालयमै छु, तपाईंहरू डेलिगेशन आउनुस् ।'

कार्यालयमा डायरी पल्टाउँदै आजको कार्यतालिका हेर्दै थिएँ । फोनमा कुरा गरेको दश मिनेटमै ६/७ जना टोलवासी गन्यमान्य व्यक्तिहरू कार्यालयमा प्रवेस गरे । मैले सबैलाई नमस्कार गरेँ र सोफामा बस्न अनुरोध गरेँ । वहाँहरूले पनि 'नमस्कार, वडाध्यक्ष ज्यू' भन्दै सामाजिक दूरी कायम गरी सोफामा बसे । मैले विषयको उत्थान गर्दै सोधेँ, 'भन्नुस, के कति कारणले वडा कार्यालयमा डेलिगेसन आउनु भयो ?, टोलमा ठूलै समस्या आयो कि ?, समयनै मागेर भेट्न आउनुको कारण पक्कै होला ?' टोलका एकजना वौद्धिक गन्यमान्य व्यक्तिले शिष्टतापूर्वक नरम स्वरमा बोले, 'टोलकै समस्या लिएर आएका हौँ । हुनत यो अहिलेको मात्र समस्या होइन । विगत १०/१२ वर्ष देखिको समस्या हो । हामीले समाधान गर्न नसकेकोले वडाध्यक्षज्यूबाट समाधान होला कि भनेर सल्लाह गर्न हामी टोलवासीहरू मिलेर आएका हौँ ।' मैले पुनः सोधेँ 'के रहेछ, त्यस्तो १०/१२ वर्ष देखिको समस्या ?, भन्नुस न त ?' वहाँले जवाफमा भन्नुभयो, 'टोलको पाटीमा विगत १०/१२ वर्षदेखि एक जना टोलकै बासिन्दा पाटीमा सुत्दै आएका छन् । उनको नाम सानु हो । हामीले घरमा सुत्न जान अनुरोध गर्दा परिवारका सदस्यहरूले घरमा छिर्न दिएन भन्ने भनाइ छ । वडाध्यक्षज्युले परिवारका सदस्यहरूलाई वडा कार्यालयमा बोलाएर छलफल गरिदिनु भए सहज होला कि भनेर हामी त डेलिगेशन आएका हौँ ।' मैले टोलवासीहरूसँग प्रश्न सोधेँ 'सानु दाइको केही कमजोरी छ कि ? नत्र त परिवारले घरमा नभित्र्याउने कुनै कारण नहोला शायद ।' अर्को टोलवासीले मेरो वाक्य टुङ्गिन नपाउँदै जवाफ दिए, 'रक्सी खान्छ सानु दाइले । अनि स्वास्नी, छोराछोरी र बुबाले मन पराएन सर । हामीले रक्सी नखान कति सम्झायौँ । खालि हुन्छ मात्र भन्छ । तर रक्सी खान छोड्दैन ।' फेरि अर्को टोलवासीले भन्नुभयो, 'त्यसमा फेरि एक पैसा आम्दानी घरमा नदिने अनि श्रीमती र छोराछोरीले कहाँ मन पराउँछ त सर ।' मैले प्रश्न गरेँ, 'घरमा को को छन् त ?' अर्को टोलवासीले जानकारी दिए, 'घरमा ८३/८४ वर्षका बुबा, श्रीमती, दुइटा जवान छोराहरू, एउटी बुहारी र नाति अनि एउटी विवाह नभएकी छोरी छन् । हाम्रो टोलको पुर्ख्यौली घर बेचेर अहिले सल्लाघारीमा नयाँ घर बनाएर बसेका छन् ।' एक टोलवासीले प्रतिप्रश्न गरे, 'रक्सी नै खाने बानी भएपनि घरमा त सुत्न दिनुपर्‍यो नि सर, होइन र ?' कुराकानी कै क्रममा वडा कार्यालयमा सेवाग्राहीहरू बढ्दै गयो । कुराकानीलाई छोट्याउन खोज्दै वडावासीतर्फ मैले प्रश्न राखेँ, 'अब मैले के गर्नुपर्‍यो ? तपाईंहरूले वडा कार्यालयबाट के अपेक्षा गर्नु भएको हो ? खुलस्त भन्नुस न त ?' मेरो प्रश्न तेर्सिए पछि शुरुमा बोल्ने गन्यमान्य व्यक्ति एकदम शिष्टतापूर्वक बोले, 'सानु दाइको पनि गल्ती त छ । गतवर्ष पनि टि.बी. रोग लागेर टोलवासीसँग चन्दा उठाएर उपचार गरेका थियौँ । सानु दाइ भट्टामा काम गर्छ । पाटीमा आएर सुत्छ । कमाई नभएपछि टोलवासीले चन्दा दिएर भरणपोषन हुँदै आएको छ । यो कतिन्जेल चल्छ ? त्यसैले रक्सी खाने सानुलाई बोलाएर सम्झाइ दिनुपर्‍यो र परिवारलाई वडामा बोलाएर छलफल गरी घर जाने वातावरण वडाध्यक्षज्यूले बनाई दिनुपर्‍यो ।' मैले जवाफ फर्काएँ, 'हुन्छ, छलफल गर्छु । वडामा औपचारिक छलफल गर्न एउटा लिखित निवेदन दिनुस् ।' टोलवासीहरू एक दुई दिनमा लिखित निवेदन ल्याउँछु भनी विदा भए ।

शुक्रबारको दिन थियो । वडा कार्यालयमा निर्वाचित समितिको नियमति बैठक चल्दै थियो । वडाका पाँचैजना निर्वाचित सदस्यहरू र सचिवज्यूसहित विभिन्न विषयमा छलफल हुँदै थियो । छलफलका विषयमा सानु शिल्पकारको घर भित्र जान पाऊँ भन्ने निवेदन पहिलो नम्बरमा थियो । नियमित बैठकको पहिलो एजेण्डा विषयको पृष्ठभूमि बताएँ । सानु शिल्पकारले निवेदन दिएपछि श्रीमतीसँग फोनमा कुराकानी

भएको विषयमा पनि बताएँ ।

जेष्ठ वडा सदस्यले भन्नुभयो, 'विगतमा पनि वडामा यस्ता समस्या नआएको होइन । जनप्रतिनिधिहरूले यस्तो घरायसी समस्या सम्बन्धमा छलफल गरी समाधान गरेका धेरै उदाहरणहरू छन् । जनताले यस्तै यस्तै समस्याहरू सुनिदेलान् र समाधान गरिदेलान् भनेर भोट दिएका हुन् । त्यसैले गन्यमान्य टोलवासीहरूको रोहवरमा सानु र उनका परिवारका सदस्यहरू सबैलाई राखेर छलफल गर्नु बेस होला । बरु बैठक राख्दा शनिबार बिहानतिर सबैको पायक पर्ने समयमा राख्नुपर्छ । जनताको आँखा भनेको दूरवीनसरह हुन्छ । जनताहरूको राय बुझेर हेर्न अर्को बैठक बोलाउनु पर्छ ।' अर्को सदस्यले भन्नुभयो, 'रक्सी खानु पनि राम्रो होइन, धेरै रक्सी खानु भनेको विषसरह हुन्छ । त्यसैले सानु शिल्पकारलाई पनि बैठकमा राखेर हामीले रक्सी नखान अनुरोध गर्नु पर्दछ ।' सचिवज्यूले पनि आफ्नो मत राख्दै भन्नुभयो, 'धेरै खाएपछि अन्न पनि विषसरह हुन्छ । रक्सी नखाई दिए त सानु शिल्पकार दाइलाई घरमा भित्र्याई हाल्छ नि । त्यसैले भोलि बिहान बैठक राख्न पत्र काटिहाल्छु सर ।'

मैले जेष्ठ वडा सदस्यको सल्लाहलाई स्वीकार्दै सचिवज्यूलाई भोलिपल्ट बैठक बस्न पत्र काट्नलाई निर्देशन दिएँ । त्यसपछि बैठकमा अरू एजेण्डाहरूमा छलफल भयो ।

शनिबारको दिन थियो । बिहान ७:३० बजे सम्ममा वडाको बैठक कक्ष खचाखच भरिएको थियो । सहभागी सबैले मास्क र सेनिटाइजर लगाएका थिए । सबै जना १ मी. को दूरीमा बसेका थिए । वडा कार्यालय पुग्दा बैठक कक्ष भरिभराउ थिए । म नमस्कार गर्दै कुर्सीमा बसेँ । अलि ढिलो पुगेकोमा क्षमा मागेँ । सबै वडा सदस्यहरू पनि आइसकेका थिए । सानु र सानुको परिवार पनि पुगिसकेको रहेछ । मैले उनीहरूलाई पनि आदर भावसाथ नमस्कार गरेँ । सबै परिचित भएकोले परिचयविना नै जेष्ठ वडा सदस्य र टोलवासीसँग अनुममित लिएर बैठक औपचारिक रूपमा शुरु गरेँ । शुरुमा मैले निवेदन दिने सानु शिल्पकारलाई बोल्न अनुरोध गरेँ र बैठकका केही नियम बताएँ, 'एक जनाले बोल्दा अर्कोले बीचमा बोल्न नपाइने, अनुशासित रूपमा शालीन रूपमा बोल्न पर्ने, सोधेर मात्र बाहिर जानु पर्ने... आदि ।' सबैले सहमति जनाए पछि शुरुमै निवेदक सानु दाइलाई बोल्ने अनुमति दिएँ ।

सानु शिल्पकारले हात जोड्दै भन्न थाल्नुभयो, 'मलाई झुक्याएर छोराहरूको जन्म दर्ता लिने भन्दै नेपाली कागजमा सहिछाप गराएर पुर्ख्यौली घर र खेतहरू सबै बेचे । त्यसबाट आएको पैसाले श्रीमतीको नाममा सल्लाघारीमा घर बनाएका रहेछन् । मेरो नाम नहुँदैमा के म त्यस घरमा बस्न नपाउने, वडाध्यक्ष ज्यू ? म १२ वर्षदेखि टोलको पाटीमा सुत्दै आएको छु । टोलमा पाटीमा बसेर खाना खाँदै आएको छु । गत वर्ष टि.बी. रोग लाग्दा टोलवासी सबैले चन्दा दिएर उपचार गरिदिए । यस वर्ष कोभिड-१९ ले गर्दा भट्टा बन्द भयो । मेरो कमाई पनि गयो । खानलाउन गाह्रो भयो । मलाई मेरो घरमा जाने वातारण हजुरले बनाइ दिनुपर्‍यो ।'

मैले सानुलाई प्रतिप्रश्न गरेँ, 'तपाई त बिहान देखि धेरै रक्सी खानु हुन्छ रे । अनि परिवारले कसरी मन पराउँछ त ? अनि पुर्ख्यौली घर र खेत बेच्न किन मन्जुरीनामा दिनुभयो त ?'

'मलाई झुक्याएर सही गराए , वडाध्यक्षज्यू । घर खेत बेच्ने भनेको भए म कहाँ सहिछाप गर्छु र ? रक्सीचाहिँ अलि अलि खान्थेँ । अबदेखि रक्सी पिउन छोडिदिन्छु, वडाध्यक्षज्यू' सानुले जवाफ फर्काए ।

त्यसपछि सानुकी श्रीमतीलाई बोल्ने मौका दिएँ । भाउजुले भन्नुभयो, 'पुर्ख्यौली घर र खेत नयाँ घर सल्लाघारीमा बनाउन बेचेको हुँ, वडाध्यक्षज्यू । श्रीमान्‌लाई जानकारी दिएरै मन्जुरीनामा लिएर मात्र बेचेका हौँ । नभए ८४ वर्षका बुबा यहीँ हुनुहुन्छ । बुढो मान्छेले झूट बोल्दैन होला । रहयो घर नभित्र्याएको कुरा । हो, हामीले श्रीमान्‌लाई घर नभित्र्याएको सहि हो । यसको बानीले गर्दा मैले श्रीमान् मरिसक्यो भनेर क्रियासमेत बसिसकेँ । बिहान देखि रक्सी खानेलाई कसले घरमा राख्छ ? यो घरमा उसको अधिकार पनि छैन । मेरो माइतीको सम्पत्ति ल्याएर र छोराहरूको कमाईले बनाएका हौँ ।'

८४ वर्षले बुबाले मेरो अनुमति पाएपछि भन्नुभयो , 'बाबु, छोराले साह्रै दुःख दियो हामीलाई । यही छोरालाई मैले हुर्काएँ बढाएँ, पढाएँ अनि विवाह गरिदिएँ । उनकै तीन सन्तानलाई पनि मैले हुर्काएँ, बढाएँ र पढाएँ र एक जना नातिको विवाह गरिदिएँ र पनाति पनि भयो । मेरो श्रीमती मरेको पनि ४० वर्ष भयो । यही छोरा पाएको ३/४ महिनामा श्रीमती बिते । धेरै दुःख गरेर हुर्काएँ । तर यसले सन्तानको सुख दिएन, बाबु । यसको बानी गतिलो नभएकोले यसकै मन्जुरी लिएर पुर्ख्यौली सम्पत्ति बेची सल्लाघारीमा नयाँ घर बनाएका हौँ । हामी त कुनै हालतमा पनि घरभित्र छिराउने पक्षमा छैनौँ । यो घरभित्र छिरेपछि विस्तारै सामानहरू हराउँछ । छोरा भन्न लायक छैन यो मान्छे । बुहारीलाई दिएको गहना बेचेर रक्सी खाने मान्छे पनि छोरा हुन सक्छ ? यसलाई परिवारप्रति केही जिम्मेवारी बोध छैन । त्यसैले हामीले घर नभित्र्याएका हौँ ।' बुबाचाहिँको कुरा सुनेपछि डेलिगेशनको नेतृत्व गरी आएका टोलका अगुवालाई बोल्ने अनुमति दिएँ । वहाँले भन्नुभयो, ➲

# भक्तपुरको प्रख्यात दत्तात्रय मन्दिर



डा. बलराम कायस्थ



दत्तात्रय मन्दिर

दत्तात्रय हिन्दूहरूका त्रिदेव ब्रम्हा, विष्णु, महेश्वरको संयुक्त रूप हो । हिन्दू धर्म दर्शनमा यी त्रिदेवका आ–आफ्नै महत्त्व छन् । जस्तो– ब्रम्हा सृष्टिकर्ता, विष्णु पालनकर्ता र महेश्वर संहारकर्ताको रूपमा प्रसिद्ध छन् । तिनको संयुक्त रूप नै गुरु दत्तात्रय हो । यसैले यिनको महिमा अपरम्पार रहेको छ । ब्रम्हा, विष्णु, महेश वास्तवमा एउटै सर्वश्रेष्ठ सत्ताका त्रिरूप हुन् । यिनीहरू निरन्जन, निराकार छन् । यसैकारण यस मन्दिरभित्र त्रिमूर्ति धारण गरेका देवता विराजमान छन्, जसलाई शिव, विष्णु, ब्रम्हाको संयुक्त रूप मान्ने गरिन्छ अर्थात् सोम, दत्त र दुर्वासा गरी तीनओटा शिर र छओटा

---

➲ ‘सानु दाइ विगत १२ वर्षदेखि पाटीमा सुत्दै आउनु भएको छ । जाडोमा टोलवासीले डसना दिए । टी.बी हुँदा उपचार गरिदियो । भोकै हुँदा खान दिने अनि बिरामी हुँदा टोलवासीले उपचार गरिदिने गर्दै आएको छ । परिवारको सदस्यलाई अब त लाज हुनुपर्ने विषय हो । सबै मानिसको आ–आफ्नै कमजोरी हुन्छ । कमजोरी भयो भन्दैमा घरमा नसुताउने भन्ने पनि हुन्छ । परिवारका अन्य सदस्यहरूको पनि कमजोरी होला । के उनीहरूलाई पनि निकाली दिने ? अनि टोलवासीले हेरिराख्ने ? रक्सी किन खाएको भन्ने विषयमा परिवारले गहिरिएर सोच्नु पर्दैन ? परिवारले माया गरेको भए पक्कै पनि सानु दाइले खाँदैन होला । भुक्याएर मन्जुरीनामा लिई पुर्ख्यौली सम्पत्ति बेचेर नयाँ घर आफ्नो नाममा बनाएपछि कुनै श्रीमान्ले सहन सक्छ ? ८४ वर्षको बुबाले सोच्नु पर्दैन ?’

सानुको छोरा रिसाएर बोल्न थाले, ‘हामीले बुबालाई भुक्याएर सही गराएको होइन । उनकै बानीले गर्दा रक्सी खाएर हस्ताक्षर गरेको त हो नि । अहिले तपाईं आमालाई दोष लगाउने ? पुर्ख्यौली सम्पत्ति बेचेर हामीले सकाएका त छैनौं नि वडाध्यक्ष ज्यू । बुबाले सम्पत्ति नास गर्ला भनेर बचाएका हौं, वडाध्यक्षज्यू ।’

टोलवासीहरू सबैलाई पालैपालो बोल्न अनुरोध गरें । आ–आफ्नो पालोमा टोलवासी सबैले छोटोमा आफ्नो राय दिए । टोलवासी प्रायःले सानुलाई घरभित्र छिराउनु पर्ने राय दिए । सानुले पनि रक्सी खान नहुने कुरा पनि राखे । सम्पत्ति बेचेको विषयमा प्रायःले अनभिज्ञता व्यक्त गरे । टोलवासीहरूको राय सकिएपछि जेष्ठ वडा सदस्यलाई बोल्न अनुरोध गरें । वहाँले भन्नुभयो, ‘रक्सी पिउनु राम्रो बानी होइन । सबै औषधिहरूमा रक्सीको मात्रा हुन्छ । त्यही रक्सी धेरै पिएपछि विष बन्छ । सानु शिल्पकार भाइले रक्सी खानुको कारण पारिवारिक माया नपाएर र पुर्ख्यौली सम्पत्ति भुक्याएर बेचेकोले देखिन आउँछ । त्यसैले सानु भाइले रक्सी खान छोड्नु पर्‍यो । अनि परिवारले पनि सानु भाइलाई घर भित्र्याउनु पर्‍यो । टोलको पाटीमा वर्षौंसम्म सुत्ने, होटेलमा खाने, टोलवासीहरूले सधैं हेर्ने परिस्थिति राम्रो होइन । त्यसैले घरभित्र आजैबाट लग्नुपर्‍यो ।’

त्यसपछि अरू वडा सदस्यहरूलाई बोल्न अनुरोध गरें । सबै वडा सदस्यले सानु शिल्पकारलाई घर भित्र्याउनु पर्ने सल्लाह दिए । करिब करिब सबैको राय आयपछि मैले बैठकको निर्णय खेस्रा गरें र टोलवासीहरूलाई सुनाएँ– सानु शिल्पकारले रक्सी विस्तारै छाड्नु पर्ने, परिवारका सदस्यले आजैबाट घरमा बस्ने व्यवस्था गर्नुपर्ने र श्रीमतीको नामको घर ८४ वर्षे बुबाको नाममा राख्नुपर्ने । बैठकमा उपस्थित सबैले ताली बजाएर निर्णयको स्वागत गरे । सचिवज्यूलाई निर्णय लिपिवद्ध गरी हस्ताक्षर गराउन निर्देशन दिएँ । सबैलाई माइन्यूटमा सही गरेर जानु हुन अनुरोध गर्दै सानु र परिवारलाई निर्णय कार्यान्वयन गर्न अनुरोध गर्दै बैठक समापन भएको घोषणा गरें ।

हात, तर शरीर एउटै भएका देवता नै दत्तात्रय हुन्। दत्त र आत्रयबाट दत्तात्रय भएको देखिन्छ। दत्तको अर्थ दान र आत्रेयको अर्थ अत्रि ऋषिका पुत्र भएकाले दत्तात्रय हुन गएको हो। दत्तात्रयलाई भगवान विष्णुको चौबिसौँ अवतार पनि मान्ने गरिन्छ।

भक्तपुरको दत्तात्रय मन्दिर नेपालका प्रख्यात मन्दिरहरू मध्येको एक हो। यसको निर्माण ने.सं. ५९० (वि.सं. १५२७) मा राजा यक्ष मल्लले गरेका थिए। आफ्नो विजय अभियानका क्रममा उत्तरतर्फ सात दिन टाढाको बाटोमा पर्ने तिब्बतको शिकारजोङ विजय गरी फर्केर आएपछि त्यस खुसीयालीमा राजा यक्ष मल्लले यो मन्दिर स्थापना गरेको कुरा थाहा हुन्छ (**शर्मा**, २०५७: २१)। के पनि भनिन्छ भने यो मन्दिर कान्तिपुरको काष्ठमण्डप जस्तै एउटा सिङ्गै रुखको मुढाबाट बनाइएको थियो ('Dattatraya temple in bhaktapur', 2020)। वि.सं. १५२७ मा बनेको भएपनि बनेको १६ वर्षपछि मात्र यो मन्दिर सर्वसाधारण प्रजाजनका लागि खुल्ला गरिएको थियो। प्रारम्भमा यो मन्दिर एक तलाको मात्र थियो। पछिगएर यक्ष मल्लको मृत्युपछि उनका पुत्र राजा राय मल्लले वि.सं. १५५२ मा यसको जीर्णोद्धार गर्दा यसमा अरू तला थपिएको थियो। राजा विश्व मल्लले पनि वि.सं. १६०५ मा यस मन्दिरको चारैतर्फ तीनओटै तलामा काठको बरण्डा (hanging verandah) हालेर यो मन्दिरलाई अझै भव्य रूपले सजाउने काम गरेका थिए। यो मन्दिर चतुष्कोण आकारमा बनेको मौलिक नेपाली शैलीको तीनतले पालिदार झिङ्टी छाना हालेको मन्दिर हो। छानाको टुप्पामा सुनौला धातुको गजुर रहेको छ। दोश्रो तलाको अगाडिपट्टिको छानामाथि अर्को सानो चारपाखे छाना निकालिएको छ। त्यसमाथि पनि सानो सुनौलो धातुकै गजुर रहेको छ। यसैले मन्दिरको सबभन्दा माथिको छानामा मात्र नभएर यस सानो छानामाथि पनि गजुर हालिएकोले यो मन्दिर निक्कै आकर्षक देखिन्छ र साथै झ्वाट्ट हेर्दा यो मन्दिर दुईओटा मन्दिर गाभेर बनाइएको जस्तो देखिन्छ– अगाडिपट्टि सानो र पछिल्तिर ठूलो मन्दिर जस्तो लाग्दछ। तीन तहको ढुङ्गाको पेटीमाथि उठेको पश्चिमाभिमुख यस मन्दिरको प्रवेशद्वारको दायाँबायाँ बरण्डा रहेका छन्। यसैले देवता मन्दिरको भित्री कक्ष (गर्भगृह) मा विराजमान छन्। दरबार क्षेत्रको यक्षेश्वर महादेव मन्दिरमा जस्तै यस मन्दिरको पहिलो तलामा पनि कामकलाले युक्त कलाकृति देख्न सकिन्छ। यस मन्दिरका सामु अग्लो प्रस्तर स्तम्भमाथि भगवान विष्णुका वाहन गरुड स्तुति आसनमा छन्। त्यस्तै अर्को दुईओटा साना प्रस्तर स्तम्भमाथि विष्णुका दुई आरुढ सुनौला धातुबाट बनेको शङ्ख र चक्र रहेका छन्। यसकासाथै भगवान शिवका आरुढ सुनौलो धातुकै लामो त्रिशूल र डमरु पनि त्यहाँ रहेका छन्। अनि यहाँ पनि टौमढी चोकको पाँचतले मन्दिरमा जस्तै मन्दिरको रक्षार्थ मन्दिरको मूल प्रवेशद्वारको दायाँबायाँ पेटीमाथि जयमल र पता (प्रताप) नामका प्रस्तरकै एक जोडी पहलमान (कुट्वः) रहेका छन्। यसले मन्दिरको शोभा निक्कै बढाएको छ। यी जोडी पहलमान राठोरका राव जयमल र केल्वाका पत्ताका प्रतीक हुन्। वास्तवमा यी जोडी पहलवान स्थानीय नभै भारत चितौडका थिए। तिनको पहलवानीको चर्चा प्रायः भइरहने गर्छ। तिनले १६ वर्षसम्मको निरन्तर मुकाबिला जितेका थिए ('Bhaktapur', 2020)। तिनको त्यही ख्यातिबाट प्रभावित भएर यहाँ पनि मन्दिरको रक्षार्थ तिनकै प्रतिरूप प्रस्तर मूर्ति स्थापना गरिएको बुझिन्छ। त्यसपछाडि अर्को तहको पेटीमा प्रस्तरकै एक जोडी सिंह रहेका छन्। साथै एउटा ठूलो घण्टा पनि त्यहाँ रहेको छ। अनि ईनार, ढुङ्गेधारा, पाटी, फलैचाहरू पनि वरपर देख्न सकिन्छ। मन्दिर प्रवेश गर्नका निम्ति ढुङ्गाको खुड्किला बनाइएको छ। यहाँ पर्व विशेषमा भव्य मेला लाग्ने गर्दछ। जस्तो– शिवरात्री पर्वका अवसरमा गुरु दत्तात्रयको दर्शन गर्न यहाँ मानिसहरूको ठूलो भीड लाग्ने गर्छ। त्यसक्रममा यहाँ स्थानीय नेपालीहरूका अतिरिक्त भारतबाट समेत पशुपतिनाथको दर्शन गर्न आएका साधु सन्तलगायतका असङ्ख्य तीर्थालु भक्तजनहरूको ओइरो लाग्ने गर्दछ। यस सम्बन्धमा कहावत के छ भने भारतबाट आएका तीर्थयात्रीहरू दत्तात्रयको दर्शन नगरिकन पशुपतिनाथको दर्शन गर्दैनन्। यसैले तिनीहरू सर्वप्रथम दत्तात्रयको दर्शन गर्न भक्तपुर जान्छन्। र त्यसपछि मात्र पशुपतिनाथको दर्शन गर्न देवपाटन जान्छन्। यताबाट गुरु दत्तात्रय पशुपतिनाथका पनि गुरु हुन् भन्ने कुरा थाहा हुन्छ। श्रावण महिनामा पनि साउने सोमबारको महादेवको व्रत बसेका महिलाहरूको भगवान दत्तात्रयको दर्शन गर्न यहाँ बिहानदेखि नै घुइँचो लाग्ने गर्दछ। त्यसबेला धतुरो, बेलपत्र, गाईको दूध आदि चढाएर गुरु दत्तात्रयको पूजा गर्ने गरिन्छ। त्यसैगरेर पौष महिनाको बुधबार दत्तात्रयको जन्मबार पर्ने भएकोले प्रत्येक वर्ष पौष महिनाभर बुधबारका दिन दत्तात्रय भगवानको दर्शन–पूजन गर्न यहाँ बिहान सबेरैदेखि चारैतिरका श्रद्धालु महिला दिदीबहिनीहरूको ठूलो भीड लाग्ने गर्छ। गुरु दत्तात्रयलाई शैव धर्मावलम्बीहरूले मात्र नभएर वैष्णव र बौद्ध धर्मावलम्बीहरूले समेत श्रद्धापूर्वक मान्दै आएका छन्। वास्तवमा भगवान **दत्तात्रयको मन्दिर भक्तपुर एक ठाउँमा बाहेक नेपालमा अन्यत्र कतै छ जस्तो लाग्दैन**। (भारतमा भने पश्चिम भारतको गुजरातको काला डुङ्गुर, जुनागढ, हैदराबाद, अनि दक्षिण भारतको

तामिलनाडु, कर्णाटक, पिथापुरम् आदि स्थानहरूमा गुरु दत्तात्रयका मन्दिरहरू रहेका पाइन्छन् ।) यसैकारणले पनि भक्तपुरको यस दत्तात्रय मन्दिरको प्रसिद्धि सर्वव्यापक हुन पुगेको हो । यस मन्दिरको सम्बन्धमा अर्को अनौठो कुरा के थाहा पाइन्छ भने मन्दिर सम्मुख विष्णुका वाहन गरुड अनि विष्णुका आरुढ शंख, चक्र समेत रहेकाले यो विष्णुको मन्दिर हो भन्ने देखिन्छ । तर विष्णुको मन्दिर भएपनि तीर्थ, व्रत, पूजापाठ आदि सबै धार्मिक क्रियाकलाप भने शिवजीका नाममा हुँदै आएको देखिन्छ, जुन कुरा विष्मयकारी लाग्दछ । यद्यपि त्रिदेवको संयुक्त रूप भएकाले दत्तात्रयमा तीनै देवताको समान अंश रहेको पौराणिक मान्यता छ, तर त्यसोभएपनि हिन्दू परम्परामा ब्रम्हाजीको पूजापाठै नचल्ने, भगवान विष्णुको पूजापाठ चलेपनि यहाँ विष्णुको रूपमा भन्दा शिवजीको रूपमा ज्यादा पूजापाठ चल्ने भएकाले दत्तात्रय भगवानमा शिवजीकै अंश ज्यादा रहेको आभास हुन्छ ।

पुराणमा वर्णित वर्णनअनुसार दत्तात्रय अत्रि ऋषि र उनकी पत्नी अनुसयाका पुत्र थिए । ऋषि पत्नी अनुसया पतिव्रता थिइन् । आफ्ना पतिलाई देवताका रूपमा पुज्दथिन् । महासती अनुसयाको पतिव्रता धर्मबाट स्वर्ग, मर्त्य, पाताल तीनैलोक डगमगिन पुग्यो । स्वर्गका राजा इन्द्रलगायत सारा देवता भयभित भए । तिनको पतिव्रता धर्मका कारण आफ्नो सर्वोच्चता गुम्ने र स्वर्गको वैभव खोसिने भयो भन्ने डरले ती देवताहरू त्रिदेवको शरणमा गएर जसरी हुन्छ अनुसयाको पतिव्रता धर्म नष्ट गर्न बिन्ती गरे । तिनको बिन्तीलाई स्वीकार गर्दै ब्रम्हा, विष्णु, महेशले भिखारीका रूपमा भेष बदलेर अत्रि ऋषिको आश्रममा भीख माग्न पुगे । त्यसबेला ऋषि नदीमा स्नान गर्न गएका थिए । आश्रममा अनुसया एक्लै थिइन् । अनुसयाले बडो आदरपूर्वक तिनलाई स्वागत गरेर बसाइन् । तिनको पाउ धोएर पूजा गरिन् । तर तिनले अधैर्यपूर्वक साह्रै भोक लागेको हुनाले छिट्टै खाना ख्वाउन भने । अत्रि ऋषि फर्किन्जेलसम्म पर्खन नसक्ने कुरा बताए । अनुसयाले तिनलाई भित्र लगेर राखिन् । र आफू खाना पकाउन भान्सातिर लागिन् । तर तिनले एउटा शर्त के राखे भने यदि हामीलाई खाना ख्वाउने भए आफुले लगाई राखेको सबै लुगा फुकालेर निर्वस्त्र भई पकाउनु पर्नेछ, अन्यथा हामी अन्यत्र कतै गएर खानेछौँ । अनुसया एकछिन सोचमग्न भइन् । यदि यिनीहरू यहाँबाट हिँडे भने फेरि आउने छैनन् । अतिथि भगवानको रूप हो । यिनलाई ख्वाउन सकिन भने घोर पाप लाग्नेछ । मेरो मन चोखो र पवित्र छ । दिव्यज्ञानी मेरा पतिले मेरो पवित्रतामाथि शङ्का गर्ने छैन । अवश्य मलाई बचाउने छ भन्ने सोचेर उनले तिनको इच्छामुताबिक खाना ख्वाउने निश्चय गरी भान्साकोठातिर लागिन् । आफ्ना पतिलाई अन्तर्मनले सम्झिइन् र उनको पाउको पूजा गरिन् । मातृवात्सल्यपूर्वक तिनीहरूका लागि निर्वस्त्र भई खाना बनाएर ख्वाउन ल्याउँदा ती तीनै जना भोकाएका पाहुनाहरू एकाएक नवजात शिशु बनेर उनको वक्षस्थलमा लुटपुटिन्दै स्तन छाम्न पुगे । यसबाट अनुसया साह्रै खुसी हुँदै तिनलाई आफ्नो दूध ख्वाउन थालिन् । अत्रि ऋषि फर्केर आउँदा अनुसयाले ती शिशुहरू ऋषिको पाउमा राखिदिए । ऋषिले तिनलाई चिनी हाले । यसैले तिनीहरू आफ्नो असली रूपमा प्रकट भए । र वर माग्न भने । ऋषि अत्रिले पत्नी अनुसयासँग सोधे । अनुसुयाले तीनै देवतालाई आफ्ना पुत्रको रूपमा राख्न पाउँ भने । देवताहरूले तथास्तु ! भनी वरदान दिए । यसरी ब्रम्हा, विष्णु र शिवको त्रिरूप धारण गरेको देवता नै दत्तात्रयको रूपमा प्रख्यात भएको पाइन्छ ('Dattatraya', 2021) । तर कथासार एउटै भएपनि मार्कण्डेय पुराणको वर्णन हल्का भिन्न छ । जस्तोकि यसमा अनुसयाको सतीधर्म नष्ट गर्न त्रिदेवलाई पठाउने काम अनुसयाको सतीधर्मदेखि आरिसे बनेका स्वयं त्रिदेवकै पत्नीहरूले गरेका हुन्छन् । यसैले आफ्ना पत्नीहरूका दवावमा परेर ब्रम्हा, विष्णु, महेशले क्रमशः सोम, दत्त अनि दुर्वासाको रूप धारण गरी ऋषि आश्रममा पुगेर ऋषि पत्नी अनुसयालाई अनुचित माग राख्छन् । तर सती धर्मबाट कतिपनि विचलित नभएकी अनुसयाले पनि तिनले भने जस्तै निर्वस्त्र भई खाना ख्वाउन तयार हुन्छिन् । तर यसअघि उनले तिमीहरू मेरा पुत्र समान हौ भनी चोखो पानी हातमा लिई ती अतिथिमाथि छर्किन्छन् । जसको फलस्वरूप तत्क्षणमै तीनै देवता भर्खरका बालक भई देखापर्छन् ('Legend about Guru dattatraya',2020) । अनुसयाले मातृवात्सल्यपूर्वक तिनलाई काखमा लिई माया गर्न थाल्छिन् । यसरी त्रिदेवको एउटै स्वरूप भगवान दत्तात्रय भएको कुरा थाहा हुन्छ । यही धार्मिक तथ्यलाई मनन गरी मल्लकालीन प्रसिद्ध राजा यक्ष मल्लले भक्तपुरमा यो मन्दिर बनाउन लगाएको बुझिन्छ ।

**सन्दर्भ सामग्री**

- शर्मा, विनोदराज (२०५७), इतिहास-संस्कृतिःकेही पृष्ठहरू, भक्तपुरः स्टुडेण्ट्स लाइब्रेरी ।
- Dattatraya temple in bhaktapur.(2020 October 10). in Wikipedia.
- **Bhaktapur**.( 2020 December 9). Wikipedia.
- Dattatreya. (2021, June 10). Wikipedia.
- Legend about Guru dattatraya.(2020, October 10). Wikipedia.

# नेवार समाजमा दिगु पूजा



ओम धौभडेल

नेपाल मण्डल भित्रका प्राचीन नेवार बस्तीहरू मध्ये खोपृङ अर्थात भक्तपुर पनि एक महत्त्वपूर्ण बस्ती हो । त्यसो त यो बस्ती कति पुरानो हो अनि कहिलेदेखि यहाँ मानिसहरू बसोबास गरेको भन्ने प्रश्नले सदैव महत्त्वको साथ उत्तर खोजिरहेको हुन्छ । यसै सन्दर्भमा प्रत्येक भक्तपुरवासीहरूले वर्षको एकपटक गर्दै आएको दिगु पूजामार्फत कता कता यो प्रश्नको उत्तर दिन सकिन्छ जस्तो लाग्दछ । यसै सन्दर्भमा स्थानीय भाषामा 'दुगुपूजा' भनिँदै आएको दिगु पूजाबारे प्रायः कमले मात्र अध्ययन अनुसन्धान गर्ने हुँदा यसबारे कममात्र जानकारी प्राप्त छ । हुन त नेवारहरूमा आफ्नो आगम द्यः र दिगु द्यःबारे अरूलाई बताउनु हुँदैन भन्ने मान्यता छ । यहाँ आगम द्यः भन्नाले आ–आफनो इष्टदेवी भन्ने बुझिन्छ । इष्ट देवता मातृकादेवी हुने हुँदा आफ्नै घरभित्र सुरक्षित रूपमा स्थापना गरिएको हुन्छ । तर दिगु द्यः भनेको कुल देवता हुन् । जुन पुरुष हुन् । यसबारे अरूलाई बताउने चलन छैन । त्यसो भएर पनि दिगु पूजाबारे हामीलाई कममात्र जानकारी भएको हुनुपर्छ । तर जे भएपनि नेवारहरूले वर्षको एकपटक दिगु पूजा मनाएकै हुन्छ ।

दिगु पूजा हरेक वर्ष बिस्का जात्रातिरको सुभ्याबाट शुरु हुन्छ । यो दिन भक्तपुरको घट्खा टोलका त्वायना र



माथिल्लो भेगका साखकर्मीलगायत केही अरू थरका मानिसहरूको दिगु पूजा हुन्छ । त्यसपछि अक्षय तृतियाको एक दिन अगाडि भक्तपुर नवदुर्गा भवानीको दिगु पूजा हुन्छ । जसमा १०८ थरीका विभिन्न फूलहरू चाहिन्छ । यही दिन टौमढी स्थित भैरवनाथ र तलेजुबाट दुवाकोटको मानेश्वरीको पनि दिगु पूजा हुन्छ । त्यसको भोलिपल्ट अर्थात वैशाख शुक्ल तृतिया (अक्षय तृतिया) देखि सर्वसाधारण भक्तपुरवासीको दिगु पूजा शुरु हुन्छ । यो दिन विशेषगरि बहुसङ्ख्यक सङ्ख्यामा रहेका माथिल्लो भेगका प्रजापति र तलो भेगका जोन्छे थरिको दिगु पूजा हुन्छ । यसमा माथिल्लो भेगका प्रजापतिहरूको दिगु पूजा गर्ने शैलीमा केही विशेषताहरू छ । कोतःपूजा राखी पूजा गर्नुपर्ने प्रजापतिहरू कहाँ गुरुजुका श्रीमतीहरू आई पूजा राख्नुपर्छ । जुन पूजामा आचाजु, गुरुजु र ब्राम्हणसमेत आवश्यक हुन्छ । यसरी माथिल्लो भेगको सुजमारी, जँला, ऐरा (च्यामासिंह), त्वचा जस्ता विभिन्न ठाउँहरूबाट पूजा जाँदै गर्दा टौमढीस्थित तील माधव नारायण चोकमा सबै भेला हुनुपर्छ । त्यहाँबाट ब्राम्हण पुरोहितलाई घाजी लँ (मुजा परेको लुगा) लगाइ छाता ओढाई बाजा गाजाका साथ नगरको पश्चिम दिशाको सल्लाघारी नेरको रानी पोखरी छेउ पुग्दछ । त्यस्तै तलो भेगका जोन्छेहरूको दिगु पूजा गर्ने ठाउँ पनि त्यही पोखरीवरपर हो । यो पोखरी वि.सं. १६८७ मा भक्तपुरका राजा जगज्योति मल्लले बनाउन लगाएका हुन् । वास्तवमा त्योभन्दा पहिले उनीहरूले पश्चिमपट्टीको भैल हयुः पारि दिगु पूजा गर्दै आएकोमा त्यहाँको वातावरण अत्यन्त सुनसान डरलाग्दो भएपछि जगज्योति मल्लले यो पोखरी बनाइसकेपछि पोखरी छेउमै पूजागर्ने प्रथा विकास भएको देखिन्छ ।

यता अक्षय तृतिया पछिका पहिलो आइतबार वा बिहिबारको दिनलाई तः दिन भनिन्छ । यो दिन भक्तपुरका सबैभन्दा बढी सङ्ख्यामा भएका कश्यप गोत्रहरूको दिगु पूजा हुन्छ । यो दिन विशेषगरि किसान वर्गको हुन्छ । यसरी सुभ्या, अक्षय तृतिया, तःदिन जस्ता मूख्य दिनहरू पछि हरेक आइतबार र बिहिबार पूजाको क्रम शुरु हुन्छ । यो क्रम सिथिसम्म जारी हुन्छ । यसमा विशेषगरि मानगोत्र, भारद्वाज गोत्र जस्ताको दिगु पूजा हुने गर्छ । बीचमा जुठो परेका वा अरू कारणले पूजा गर्न नहुनेहरू सबैको सबभन्दा पछि सिथि अर्थात जेष्ठ शुक्ल षष्ठीको दिन यो पूजा सम्पन्न गर्नुपर्छ । यसबाट दिगु पूजा गर्ने पहिलो दिन सुभ्याके हो भने अन्तिम दिन सिथि हो भन्ने एउटा परम्परा चल्दै आएको छ । तर यो मान्यताभन्दा फरक अर्को एउटा प्रचलन भक्तपुरमा छ । सिथि पछि पनि भक्तपुरमा दिगु पूजा गर्नेहरू भेटिन्छन् । विशेषगरि टौमढीस्थित भैरवनाथको खुलाहोम वा राहु नकेगु



विभिन्न दिशा फर्केका दिगुद्यःहरू

दिनमा दिगु पूजा गर्नेहरूमा टिबुक्छेँका मलेपतिहरू, याछेँका नापितहरू तथा धौंग्वारा थरकाले गर्ने अनौठो चलन छ ।

भक्तपुर नगरको सीमा बाहिर ठाउँठाउँमा खोलापारि दिगु द्यः स्थापना गरेको भेटिन्छ । त्यसो त पहिले पहिले यी देवता नगरबाट टाढाको जंगल छेउ स्थापना गरिराखेको मानिन्छ । काठमाडौं उपत्यका पहिला एउटा ठूलो दह रहेको समयमा दह वरपर मानव बस्ती रहेको मान्यता छ । सो समयमै आफ्ना पूर्वजहरूको सद्‌गति गरेको स्थानमा कुलदेवता रहेको भन्ने गरिन्छ । पछि चोभारको गल्छिबाट यहाँको पानी बाहिर गई खाल्डोमा मानव बस्तीको विकास भएपछि आफूलाई पायक पर्ने नजिकको स्थानमा आफ्ना कुलदेवता स्थापना भयो । यसै क्रममा प्राचीन भक्तपुर नगर सुडाललेर डाबुँवरपर रहेको मान्यता छ । यसपछि हालको कमलविनायकवरपर तुमचोमा भक्तपुर नगर रहेको अर्को कथन पाइन्छ । ऐतिहासिक तथा प्रामाणिक रूपमा हालको भक्तपुर नगर बसाउने श्रेय लिच्छवि राजा आनन्ददेवलाई जान्छ । तान्त्रिक मतको प्रचार प्रसारसँगै लिच्छवि राजा आनन्ददेवले श्रीयन्त्राकार भक्तपुर शहर बसाउँदा नगरको आठ दिशामा अष्टमातृका देवी स्थापना गरेको समयमा यी दिगु द्यः हरूलाई पनि खोलापारि स्थापना गरेको मानिन्छ । यसरी आफूलाई सजिलो पार्ने हेतुले अहिले सम्म देवता सार्ने प्रचलन नेवारहरूमा चलेकै छ । भक्तपुरमा प्रायःगरी दिगु द्यः यही आठ अष्टमातृका देवीहरूको पिठ रहेको ठाउँ जहाँ आठ मसान, आठ बालमशान वरिपरि नै पाइन्छ । विशेषगरि दक्षिण दिशा एउटा बाहेक पूर्व पश्चिम उत्तर दिशातर्फ यो प्रचलन कायमै छ । भक्तपुरको दिगु द्यः हरू प्रायः गरि चुपींघाट पारि, हनुमानघाट पारि, ब्रम्हायणी पारि, माहेश्वरी पारि देखि चाँगु, झौखेल, ताथली, छालिङ, दुवाकोट जस्ता ठाँउहरूमा स्थापना गरिएको भेटिन्छ । यसै क्रममा पूर्वतर्फ कमलविनायक पोखरी र पश्चिमतर्फ सिद्धपोखरी, नः पोखरी, भाजु पोखरी बनिसकेपछि थुप्रै टाढा टाढाको दिगु द्यः अझ सजिलोको हिसाबले ती पोखरी वरिपरि स्थापना हुन पुगे ।

तापनि भक्तपुर शहरको दक्षिण दिशातर्फ आएर पूर्वबाट पश्चिमतर्फ बगेको हनुमन्ते खोलाको तीन प्रमूख ठाउँका दिगु द्यः लाई दथु, थथु र कुथु सुभ्या भन्ने चलन छ । जहाँ ब्रम्हायणी पिठ वरिपरि दिगु पूजा गर्नेलाई थथु सुभ्या भनिन्छ । यो ठाउँ हाल दुगुरेबाट चिनिन्छ । हनुमानघाटको ॐकारमसानको पूर्व तर्फ एउटा एकतले मन्दिर छ । यो दिगु द्यः लाई दथु सुभ्याले पुकारिन्छ । भिमसेनस्थानको मूल दिगु द्यः को मन्दिरलाई कुथु सुभ्या भन्ने गरिन्छ । सङ्ख्यात्मक हिसाबले सबैभन्दा बढी कुथु सुभ्यामा पूजा गर्नेहरू पाइन्छ । चुपींघाटभन्दा पूर्वतर्फ जाने मू तांः तरेपछि मू दिप भेटिन्छ । त्यही मू दिपभन्दा पूर्वतर्फ बाटोको दायाँबायाँ थुप्रै दिगु द्यः छन् । तापनि बाटोको दायाँबायाँ एक एकतले साधारण देवल छ । जसको वरपर सरस्वती मन्दिर, भीमसेन, धुमबाराही आदि भएको दायाँतर्फको दिगु द्यः सबैभन्दा बढी पूजिने देवस्थल हो । यो नै कुथु सुभ्या हो ।

यो देवलभित्र थुप्रै अर्मूत देवताहरू स्थापना गरिएको छ । यहाँ आ-आफ्नो देवतालाई मात्र पूजा गरे पुग्छ । जस्तो कोही साँगा कुं, कोही सुज कुं, कोही खुज कुंतर्फ हेरी पूजा गर्दछन् । अर्थात कोही पूर्वतर्फको दिगु द्यः पूजा गर्छ, कोही उत्तर-पूर्व तर्फको र कोही दक्षिण-पूर्वतिरको देवतालाई आफ्नो दिगु द्यः मानी पूजा गर्दछ । यसको अर्थ भक्तपुरमा आफूहरू कुन दिशाबाट प्रवेश गरेको हो, सो दिशातर्फको कुल देवतालाई पूजा गर्नु हो । पश्चिमाभिमुख सो मन्दिरमा पूजा गर्दा आफ्नो मुख पूर्वतर्फ सोझै फर्केर पूजा गर्नेहरूले सांगा कुं पूजा गरेको हो । यदि पूजा गर्दा उत्तर-पूर्व फर्केर पूजा गरेको छ भने सुज कुं पूजा गरेको हो । पूजा गर्दा दक्षिण-पूर्व फर्केर पूजा गरेमा खुज कुं पूजा गरेको ठहरिन्छ ।

यस्तै यहाँनेर दिगु पूजा गर्नलाई अपनाउनु पर्ने निश्चित प्रक्रियातर्फ पनि एकपटक ध्यान पुऱ्याउनै पर्छ ।

किनकी यो पूजाको चार दिन अगाडिबाट कुनैपनि अभक्ष चीज खानु हुँदैन । एक दिन अगाडि सबैले नुहाउनु पर्छ । घर शुद्ध गर्न गोबर, रातो माटोले लिप्नु पर्छ । घरको भान्छामा भात पकाएका सबै भाँडाकुडाँ सफा गरी माझ्ने र लुगा धुने गर्दछ । घरको जेठो पुरुषले एक छाकी बसी कपाल खौरने गर्दछ त महिला वर्गले नापितबाट नङ छुवाउने गर्नु पर्छ । दिगु पूजाको दिन घरकी नकींले शुद्ध भई कोत पूजा हाल्छ । चटामारी, बारा, समयबजी, रक्सी, गाईको दुध, मुस्वां नभई नहुने सामग्री हो । पहेँलो कपडा, रातो तुलबाला, जौ पनि आवश्यक मानिन्छ । पूजा निस्कन अगाडि घरकी नकीं स्थानीय गणेश देवताकहाँ सर्वप्रथम पूजा गर्न जान्छ । त्यसपछि नायोले कोत पूजा र जल भाँडो समात्छ । अरू सबै दाजुभाइ जेठो क्रमअनुसार आवश्यक पूजा सामग्री बोकी लाम लाग्दछ र आफ्नो दिगु द्यः भएको ठाउँमाँ पूजा गर्दछ । पूजा प्रायः नायोले नै गर्दछ । दिगु पूजा गर्दा आफ्नो दिगु द्यः को साथसाथै नारायणको पनि पूजा गर्दछ । विशेषगरि बोका, हाँस बलि दिने बेला नारायणलाई छोप्ने गर्दछ । वर्ष दिनभित्र आफ्नो घरमा कसैको इही, ब्रतबन्ध, विवाह भएको छ भने त्यो वर्ष दिगु पूजा अलि विशेष हुन्छ । त्यस्तो अवस्थामा इही गरेकी बालिका, ब्रतबन्ध गरेको केटा र विवाहगरी ल्याएको दुलहीलाई दिगु द्यः कहाँ विशेष रूपमा लगी दु तयेगु गर्दछ । त्यस दौरान इही (बेलविवाह) गरेको भएमा सौपा, ब्रतबन्ध गरेको भएमा ब्रतबन्ध कयता काप अनि विवाह भएको भएमा सुपारी एकमुठी दिगु द्यः लाई चढाउने गर्छ । ब्रतबन्ध र विवाहमा चाँही बोका काट्ने गर्छ भने बेलविवाह भएमा हाँस काटिन्छ । दु राख्ने समयमा दिगु द्यः अगाडि नायोले कुलेपाथी, साँचोको झुप्पा लिई बेलविवाह ब्रतबन्ध वा विवाह गरेकी व्यक्तिको टाउको कुम र घुँडामा तीनपटक छुवाउने गर्दछ । यसको अर्थ दिगु द्यः टाउको, कुम र घुँडामा बास भएमा दिन राम्रो हुन्छ । दिगु द्यः पाइतला मुनि बसे दिन नराम्रो हुन्छ भन्ने मान्यता छ । यसरी दिगु पूजाको क्रममा छागबलि दिइसकेपछि त्यहीँ समयबजी खाने गर्दछ । पूजा सकाई घर फर्कने क्रममा दोबाटो चौबाटोमा रहेको देवदेवीलाई पूजा गर्नुपर्छ जसलाई लां पूजा भनिन्छ । घर आई मूल ढोकामा पूजागरि नकीं देखि सबै स-साना बच्चाहरूलाई समेत मोहनी, टीका, तुलबाला, प्रसाद बाँडी दिन्छ । त्यही समय 'स्वता कायेगु' गरिन्छ । त्यस्तै बेलुका सम्पूर्ण दाजुभाइ परिवार सँगै बसी स्यु काय भ्वय खाने गर्दछ । अन्तमा नकींले छवास् अजिमा कहाँ कलाँ वायेगु गरिसकेपछि एक वर्षको लागि दिगु पूजा सकिन्छ । तर कोही कोही चतुर्थी भनी चारदिन भोज मनाउनेहरू पनि प्रशस्त छन् । त्यस्तै चौथो दिनमा आफ्नो इष्टदेवता पिठमा गई छागबलि दिई भोज खानेहरू पनि छन् । त्यसो त भक्तपुर बस्ने सबै भक्तपुरवासीहरूले एकै प्रकारले दिगु पूजा गरेको पाइँदैन । खोजी हेरेमा यस्ता थुप्रै थुप्रै चलनहरू भेटिन्छन् । जस्तो की बेलविवाह भएको वर्ष बेलविवाह गर्नेको नामबाट दिगु द्यः कहाँ हाँस बलि दिने चलन सबैको छ । तर बोलाछेँ लागातिर बस्ने हाकुज्या प्रजापतिहरूले हाँस काट्दैनन् । वास्तवमा हाकुज्या गर्ने प्रजापतिहरूको विश्वकर्मा नै हाँस रहेको भएर यो चलन बनेको देखिन्छ । त्यस्तै टौमढी कुल्माननी बस्ने लाखेहरू आफ्नै घरको मातनमा दिगु द्यः स्थापना गरी पूजा गर्ने चलन छ । यता धौबन्जारहरूको पनि घरभित्रको मूल थाममा एउटा फुल जतातिर फुट्छ त्यही दिगु पूजा गर्छ । मूलढोकातिर बस्ने भद्राहरू कौसीमै दिगु पूजा गर्छन् । त्यस्तै टौमढीका मुल्मी खलकको पनि घर भित्र नै दिगु पूजागर्ने चलन छ । त्यस्तै ब्रतबन्ध र विवाहको अवसर लगायत प्रायःले दिगु पूजामा बोका काट्ने चलन भएपनि यस्ता विशेष अवसरमा समेत चोछेँका ख्वालापाला र तेखाचोका न्याइच्याईहरूको कहिल्यै बोका काटिँदैन । उझ्याँथाछे खलकको बाह्रवर्षमा एकपटक हरिसिद्धीको जलाँ द्यः भक्तपुर लायकु ल्याउदाँ मात्र दिगु पूजा गर्दै आउने गरेकोमा हाल आएर प्रत्येक वर्ष हरिसिद्धि मै गई पूजा गर्ने चलन बनाएको छ । भक्तपुरमा प्रायःको दिगु द्यः नगर बाहिर अर्थात खोलापारि भएता पनि खौमा, इटाछेँका धवा खलकको दिगु द्यः खौमा साँयजु चोक भित्र छ । त्यस्तै इटाछेँका खेधौमाकु खलकको दिगु द्यः चोछेँ दोपातमा रहेको छ । भक्तपुर लाकुलाछेँ टोलका चवालहरू दिगु पूजाको दिन कुछिभ्वय खाने चलन छ । ब्यासीका कोजु खलकको दिगु पूजाको क्रममा पूजा सबै दिगुस्थानमा छोडी काग आएर पूजाको थालीबाट केही चीज खाइसकेपछि मात्र दिगु पूजा शुरु गर्छ । यता ध्वजु खलकको त झन् पूजामा स्यालले छोएपछि मात्र पूजा गर्ने चलन रहेछ । अचेल स्याल आउन छाडेपछि घरबाट नै स्यालको प्रतिमा बनाएर लग्छ । र त्यहीँ प्रतिमाले छुवाइ सकेपछि दिगु पूजा शुरु हुन्छ । कुनै समय भक्तपुरका हाडा बिजुक्छेँहरू आफ्नो दिगु पूजा गर्न जाँदा दुवाकोटसम्म अरूको जग्गामा नटेकी आफ्नै जग्गा भएर दिगु पूजा गर्न जान्थ्ये । अचेल दुवाकोटको सो दिगु द्यः सार्दै भक्तपुर नःपोखरी छेउ स्थापना गरेको छ । धौभडेल परिवारको दिगु पूजा गर्दा सम्पूर्ण धौभडेल परिवार एकत्रित भई बाजागाजा बजाई पूजा गर्न जाने चलन थियो । अचेल यो प्रथा बन्द भैसकेको छ । त्यस्तै तमखु र खर्बुजाहरूको वर्षको दुईपटक दिगु पूजा गर्नुपर्छ । एकपटक शुरुकै सुभ्याको दिन, अर्को सबैभन्दा पछि सिथिको दिन । दिगु पूजा गर्ने अन्तिम दिन सिथि भएतापनि टिवुक्छेँका

मलेपति खलक र याछेँका नापितहरूको दिगु पूजा आषाढ शुक्ल प्रतिपदाको दिनमा मात्र गर्ने चलन छ। खोजी हिँडेमा यस्ता थुप्रै थुप्रै अनौठो चलनहरू दिगु पूजामा भेटिन्छन्। कौसीमा फुल जहाँ फुट्यो त्यही पूजा गर्नुपर्नेहरू पनि छन्। त्यस्तै पूजा लिई तल झर्दै गर्दा भऱ्याङमा नकीं चढ्नु पर्नेहरू पनि छन्। कसैको पूजा राखी सकेपनि पूजा थाललाई खुट्टाले घचेटनुपर्ने पनि छ। पूजा गर्ने नायोले पूजा गर्नु पूर्व पेटभरि खानुपर्ने चलन कसै कसैको बाँकी नै छ। कसैको दिगु पूजालाई निकु (पुरै कालो) बोको चाहिन्छ। दिगु पूजा गर्न घरबाट दिगु द्यः बोकी जानेहरू पनि छन्। कसै कसैको दिगु पूजा गर्न जाँदा खोलाको कुनै पनि ढुङ्गा छानी पूजा गर्ने पनि छ। दिगु पूजाको दिन बोकाको मात्र मासु खानुपर्नेहरू थुप्रै छन्। दिगु पूजाको दिन राँगाको मासु चल्नेहरू पनि यहीं छन्। यस्ता असङ्ख्य अनौठो चलनले दिगु पूजामा रौनकता थपेको छ।

**पादटिप्पणी**

१) दिगुपूजा भन्नेको कूलदेवताको पूजा भन्ने स्पष्ट छ। तर नेवार समाजमा आफ्नो कूलपुरुषलाई जिगु अर्थात आफ्नोको ठाउँमा दिगु पूजा भन्न पुग्यो। अझ दिगु पूजाको ठाउँमा अचेल अपभ्रंश भई दुगु पूजा बढी प्रचलित हुन पुगेको छ।

२) दिगु द्यः कूल देवता हो। आफ्नो देवता याने जिगु द्यः पछि दिगु द्यः हुन पुगेको भाषिक हिसावले स्पष्ट हुन्छ।

३) आगं द्यः को खास अर्थ आगम देवता हो। तन्त्रप्रधान नेवार समाजमा आफ्नो कुल देवता झैं आगं द्यः आफ्नै आवास भित्र वा छुट्टै एउटा घर आगंछेँ बनाई स्थापना गरेको हुन्छ। जस्तो मल्ल राजाहरूको आगम देवता तलेजुभवानी हो। र आगमघर तलेजुस्थान हो। धौभडेलहरूको आगंघर टौमढीस्थित पुबहाल भित्र छ।

४) सुभ्याको अर्थ एउटा असल दिन भन्ने बुझिन्छ। जुन चैत्र शुक्ल पूर्णिमाको चार दिन पछि हो।

५) जेष्ठ शुक्ल षष्ठीको पछिल्लो शब्द षष्ठीको अप्रभ्रंश सिथि बन्नपुगेको हो। यसैलाई पछिल्लो पटक सितींवांगु नखा अर्थात काम नलाग्ने पर्व समेत भनिन थालेको छ। वास्तवमा वो चटामारी खाएर कार्तिकेय कुमारको पूजाआजा गरि मनाउने सिथि दिगु पूजाको एउटा महत्त्वपूर्ण दिन हो।

६) भक्तपुर नगरको पूर्वमा पर्ने सुडालको केन्द्र ङाबुँ हो। ङा को अर्थ माछा अनि बुँ भनेको खेत हो। एकपटक यहाँको खेतमा आकाशबाट माछाहरू झरे पछि ठाउँको नाम नै ङाबुँ कहलिन पुग्यो। एकताका भक्तपुर यही ङाबुँमा रहेको कथन पाइन्छ। संभवतः लिच्छविहरू भन्दा पहिला पूर्वमा ब्रम्हायणीदो पश्चिममा हालको ब्रम्हायणीस्थान, उत्तरमा छालिङ र दक्षिणमा इथाचामा समूहगत रूपमा मातृकादेवी स्थापना गरी नगर बसालेको मानिन्छ। जुन पछि उडुसले अति दुख दिएपछि भक्तपुर नगर ङाबुँबाट हालको तुमचोनेर बस्ती सरेको कथन छ।

७) भक्तपुर कमलविनायक पोखरीको केही दक्षिणपश्चिमको भागलाई तुमचो भनिन्छ। भनिन्छ , यो ठाउँमा तुला रानीको दरबार थियो। यो ठाउँमा घर बनाउन जग खन्दा ठूलठूला ईँटाका जगहरू भेटिएबाट यहाँ कुनैबेला बस्ती भएको हुनसक्छ।

८) थथु सुभ्या भक्तपुरको एउटा मुख्य दिगु द्यः हो। थथुको अर्थ माथिल्लो हो। जुन तुमचोभन्दा पूर्वतर्फ रहेको छ। यहाँ दिगु द्यः रहेकै कारण स्थानीयहरू बिच दुगुरे नामले प्रख्यात छ।

९) दथु सुभ्या भक्तपुरको मध्य भागको मूल दिगु द्यः हो। जुन खोह्रे अर्थात हनुमानघाटमा छ।

१०) कुथु सुभ्या नगरको तलो भेगको मुख्य दिगु द्यः को मन्दिर हो। कुथुको अर्थ तलो हो।

११) मूतां भक्तपुर नगरको उत्तरतर्फ खासाङ खुसुङ र दक्षिणमा हनुमन्ते खोला रहेको छ। नगर प्रवेश गर्न चारैतिर विभिन्न पुलहरूको ब्यवस्था छ। यी पुलहरूमा हनुमन्ते खोला माथि बनेको चुपिंघाटको पुललाई मु तां अर्थात मुख्य पुल मानिएको छ।

१२) मूदिप भक्तपुर नगरको वरपर लास जलाउने विभिन्न घाटहरू रहेको छ। त्यसमा चुपिंघाटको मसानघाट मुख्य मानि मुदिप कहलिएको छ।

१३) सांगा कुं को अर्थ भक्तपुरबाट बनेपा जाँदा बाटोमा पर्ने सांगा दिशा भन्ने हो। सांगा भएर यहाँ प्रवेश गर्नेहरूले यद्यपि सांगातिर नै हेरी दिगु पूजा गर्नु नै सांगा कुं पूजा हो भन्ने बुझिन्छ।

१४) सुज कुंले भक्तपुर नगरको उत्तरपूर्व अर्थात सूर्य उडाउने दिशा लाई इङ्गित गर्छ। सुज कुंतर्फ हेरी पूजागर्नेमा लेखक स्वयम् पनि हुन्।

१५) खुज कुं भक्तपुर नगरको दक्षिण-पूर्व दिशा हो। यसले नंखेल, डोलेश्वर, आशापुरेश्वरलाई जनाउँछ। प्राचीनकालमा भारतबाट तराई हुँदैं पनौती आउने मार्ग रहेको इतिहासमा पाइन्छ। यही पनौतीबाट ब्यावर, आशापुरेश्वर हुँदै भक्तपुर आउने परम्परागत मार्ग खुज कुं ठहरिन आउँछ।

१६) दु राख्नेको अर्थ दिगु कुल देवताकहाँ प्रवेश गर्नु भन्ने हुन्छ। केटाको हकमा व्रतबन्ध पछि दु राख्ने गरिन्छ। विवाह पछि दुलही पनि आफ्नै गोत्र थरका हुने भएपछि दु राखी

कुलमा सम्मिलित गराइन्छ । तर आफ्नै घरका छोरीहरू विवाह पूर्व मात्र आफ्नो हुने, विवाह पछि अरूको घरको कुलको हुने मान्यताले इहीको बेलामा दु राखी त्यसपछि छोरीबेटी कुल देवताकहाँ जाने चलन छैन । तर अचेल परिवार सबै कुल देवताकहाँ गई रमाइलो गर्ने प्रचलन चल्न थालेको छ ।

१७) कोतः पूजा एउटा ठूलो गोलो खाल्डो परेको थालीमा राख्ने पूजा हो । विशेष ठूला संस्कारमा मात्र कोतः पूजा राखिन्छ । व्रतबन्ध, विवाह, गुथि, पिठ पूजा जस्तै दिगु पूजामा पनि कोतः पूजा राखिन्छ । विशेषगरि बोका बलि दिनुपर्ने, मोहनी राख्नु पर्ने पूजामा यो पूजा राख्नु अनिवार्य मानिन्छ ।

१८) सौपा इही गर्दा इही गर्नेलाई हस्तान्तरण गरेको कलात्मक चित्रसहितको माटोको भाँडो नै सौपा हो । इही गर्दा आफूले पाएको सौपा दिगु पूजाको बेला दिगु द्यः लाई नासो फिर्ता गर्नुपर्छ ।

१९) कयता काप व्रतबन्ध गर्दा मामाले लगाइदिएको पितामबर कपडाको लगौंटी नै कयता काप हो । व्रतबन्ध गर्दा सर्वप्रथम लगाइदिएको जस्तै पितामबर कपडा दिगु द्यः कहाँ अनिवार्य हुन्छ ।

२०) सिङ्गो सुपारीको नेवार समाजमा ठूलो अर्थ छ । सुपारीले नाता कायम हुने तथा नाता तोड्ने काम भएको सन्र्दभमा दिगु द्यः कहाँ दुलहीले एक मुठि सिङ्गो सुपारी लग्ने चलनले नयाँ दुलहीले कुल देवतालाई सुपारी दिई नाता कायम गरेको बुझिन्छ ।

२१) छाग बलिको खास अर्थ बोका बलि हो । कोतः पूजा गर्दा छाग बलि आवश्यक हुन्छ ।

२२) लां पूजाको अर्थ दिगु पूजा सकाई घर फर्कने क्रममा दोबाटो चौबाटोमा पर्ने देवदेवीलाई नायोले पहिला जलले घेरा बनाई अक्षता फूल चढाई गर्ने पूजा हो । फर्कँदा घरको मूल ढोका नपुगुञ्जेल बाटोमा यसरी लां पूजा गर्नुपर्छ ।

२३) छवा्स अजिमा आफ्नो टोल बस्तीको बीचमा राखेको गोलो आकारको ढुङ्गा हो । यसको खास नाम षष्ठिकादेवी हो । यसको अपभ्रंश छ्वास हुन पुगेको हो । टोलबस्तीको क्षेत्रपालको रूपमा सुरुक्षा दिने यो देवीलाई मान्छे मर्दा, जन्मिदादेखि हरेक स्युकाय भोज हुँदा जुठो सबै चढाउने चलन छ । जसलाई कलं वायेगु भनिन्छ ।

२४) कलं वायेगु कार्य नेवार समाजको एउटा मौलिक प्रचलन हो । मुख्य मुख्य भोज, स्युकाय भोजदेखि श्राध्दादि कार्यको भोजमा कलं वाये गर्नुपर्छ । मुख्य कारणीले खाएको जुठो एउटा बाटा (पित्तलको भाँडा) मा राखी कला ब्वः भनी एक भोज भाग राखी त्यसमाथि बत्ती बाली घरकी नकींले बोक्छ । त्यसको अगाडि एकजनाले कुचोले बढार्दै जान्छ । पछि पछि नकींले त्यो पित्तलको बाटा बोकी कसैलाई नछोई, पछाडि नफर्की छ्वास अजिमाकहाँ त्यो घोप्टाइदिन्छ । कसैलाई बोल्नु पनि हुँदैन । घरको पिखालाकी नेर आई पित्तलको बाटा राम्ररी पखाल्छ । त्यसमा केही पानी राखी घरमा छर्कंदै माथि जान्छ । त्यतिबेलासम्म भोज खाएकाहरू हुँदैन । नकींले पित्तलको भाँडाँमा ल्याएको जल सबैले अलि अलि खान्छ । यो जलले पेट दुखेको रोग निको हुन्छ भन्ने मान्यता छ । सबैले जल खाइसकेपछि त्यो भाँडा भुँईमा घोप्टाई त्यसको माथि नकींले बत्ती दिई अक्षताले पूजा गर्छ । र हातको औंलाले पित्तलको भाँडा माथि तीन चोटि ठक ठक हान्छ । त्यसपछि भाँडा सुल्टो पार्छ । कलं वायेगु पूर्ण हुन्छ । त्यसपछि मात्र नकींले अरूसित बोल्नु हुन्छ ।

२५) स्युकाय भोज विशेषगरि छाग बलि दिँदा खाने भोज हो । जहाँ बोकाको टाउकोको दायाँ सिङ, बायाँ सिङ, दायाँ कान, बायाँ कान, दायाँ थुतुनो, बायाँ थुतुनो, दायाँ आँखा, बायाँ आँखा, जिब्रो र पुच्छर गरी आठओटा स्यु क्रमशः जेठोदेखि दिने गर्छ । जुन भोजको अन्ततिर दिइन्छ । यसरी स्यु पाउनु भाग्यको विषय मान्ने चलन छ ।

२६) चतुर्थी नेवार समाजमा कुनै ठूलो संस्कार जस्र्त विवाह, व्रतबन्ध, गुथि आदि गर्दा भोजभतेर सबै सम्पन्न भइसकेपछि चारौं दिनमा आफूले मान्दै आएको गणेशस्थान जस्तै भक्तपुरमा भए सूर्यविनायक गणेश वा चोङा गणेशस्थानमा परिवार र नजिकका आफन्त जम्मा भई पुनः भोज खानु नै चतुर्थी गर्नु हो ।

२३) हाकुज्या प्रजापतिहरूको एक खलक हो । उनीहरूको मुख्य काम कालो माटोको भाँडा बनाउने भएर हाकुज्या भनिएको हो ।

## सन्दंभ सूची


१) पौडल, नयनाथ (सं)– **भाषा वंशावली** (भाग १, २ )

२) नेपाली, गोपाल सिंह– **द नेवार**

३) लेभि, रबर्ट– **मेसोकोज्म**

४) कोल्भर, र गुत्स्चो निल– **भक्तपुर**

५) **पासुका,** वर्ष ५ अङ्क १२

६) **खोपृङ** सङ्ग्रह, भाग १

७) **स्थलगत अध्ययन**

८) **विभिन्न व्यक्तिहरूबाट प्राप्त जानकारी**

# स्वाध्ययनबाट महान् वैज्ञानिक माइकल फाराडे



राजेन्द्रबहादुर कायष्ठ





युवावस्थामा फाराडे

**विषय प्रवेश :** विश्व अहिले यान्त्रिक युगमा छ। मानिसको अधिकांश कार्यहरू विभिन्न यन्त्रहरूबाट गरिन्छ। यान्त्रीकरणले गर्दा पहिला धेरै मानिसले गर्ने कार्यहरू अहिले यन्त्रबाट सजिलै र छिटो गर्न सकिन्छ। यसले गर्दा मानिसहरूको दैनिकी धेरै सरल र सहज बन्न गएको छ। यसरी नै अधिकांश आधुनिक यन्त्रहरू विद्युतबाट चल्ने गर्दछ। विद्युतविनाको संसार आज प्रायः असम्भव छ। विद्युतविना मानिसको दैनिकी चल्न कठिन छ। आज मोवाइल, टेलिफोन, कम्प्युटर, छाप्ने मेसिन, पानी तान्ने यन्त्र, बिजुली बत्ती आदि दैनिक रूपमा प्रयोगमा आउने उपकरणहरू विद्युतबाट नै चल्ने गर्दछ। सबै प्रकारको कार्यालय, उद्योग, कलकारखाना, रोबोट, रेल आदि सञ्चालन गर्न प्रयोग गरिने प्रमुख उर्जाको श्रोत विद्युत नै हो। यही कारणले २९ अगष्ट सन् १८३१ समस्त मावनजातिका लागि ऐतिहासिक दिन रहयो। यही दिनमा संसारको मुहार फेर्ने बिजुलीको आविष्कार भएको थियो। आधुनिक विश्वलाई उज्यालो पार्ने ती महान आविष्कारक माइकल फाराडे थिए।

**बाल्यकाल र शिक्षा :** महान् वैज्ञानिक माइकल फाराडेको जन्म सन् १७९१ सेप्टेम्बर २२ तारिखमा ब्रिटेनको राजधानी लण्डनको न्युविन्गटनमा भएको थियो। उनी जन्मदै साह्रै कमजोर थिए। उनी बराबर बिरामी परिरहन्थे। उनको पिताको नाम जेम्स फाराडे र माताको नाम मार्गरेट फाराडे थियो। फाराडे परिवारमा ४ जना सन्तानहरू मध्ये माइकल तेस्रो सन्तानको रूपमा जन्मेका थिए। उनको पिता पेशाले कामीको काम गर्ने गर्दथे। उनी कामको खोजीमा विभिन्न ठाउँहरूमा घुमिरहन्थे। फाराडे परिवारको आर्थिक अवस्था एकदम नाजुक थियो। परिवारको आर्थिक अवस्था एकदमा कमजोर भए पनि उनले स्थानीय सामान्य विद्यालयमा लेखपढ गर्न थाले। तर उनलाई विद्यालयको पढाइ राम्रो लागेन। शिक्षकहरू पनि निर्दयी थिए। यसले गर्दा उनलाई विद्यालयप्रति विकर्षण उत्पन्न भयो। त्यसबेला युरोपमा युद्धको अवस्था थियो। मानिसहरू खानेकुराको अभाव, डर, त्रास, रोगव्याधी आदिबाट आक्रान्त थिए। यसको असर निम्न वर्गीय परिवारमा हुर्केका माइकल फाराडेलाई पनि पर्न गयो। यही कारणले फाराडेले सन् १८०४ मा १३ वर्षको उमेरमा विद्यालयमा पढ्न छाडेर रोजगारीको खोजीमा लागे। त्यसपछि उनले औपचारिक अध्ययन गर्न छाडे। उनले शुरुमा एउटा पुस्तक पसलमा काम गर्न शुरु गरे। त्यहाँ उनले किताबमा गाता राख्ने काम गरे। किताबमा गाता हाल्ने कामसँगै उनी किताब पनि पढ्थे। यसमा

उनलाई सबभन्दा बढी रुचि विज्ञानका पुस्तकहरू पढ्नमा हुन्थ्यो। केही समय पछि उनी पत्रपत्रिका ग्राहकका घरघरमा पुऱ्याउने काम गर्न थाले। पुस्तक पसलका मालिक फाराडेको कामबाट प्रभावित भएर पसलमै बसेर किताब बेच्ने काममा लगाए। यसले फाराडेको जीवनमा नयाँ मोड लियो। उनी किताब बिक्रेताको रूपमा काम गर्दा फुर्सदको समयमा विभिन्न पुस्तकहरू अध्ययन गर्ने अवसर पाए। उनलाई रसायनशास्त्रमा बढी रुचि थियो। उनी घरमा फुर्सदको समयमा रसायनशास्त्र र बिजुली सम्बन्धी सामान्य प्रयोगहरू गर्न शुरु गरे।



श्रीमती बर्नाडसँग फाराडे

**सङ्घर्ष र सफलता :** उनी विभिन्न विद्वान्हरू पुस्तक पसलमा आउँदा र जमघट हुँदा उनीहरूको कुरा खुब ध्यान दिएर सुन्ने गर्दथे। आफूलाई लागेका जिज्ञासाहरू विद्वान्हरूलाई सोध्ने गर्दथे। यसै क्रममा सन् १८१० मा एउटा नेचुरल फिलोसोफी सम्बन्धी सभामा भाग लिन उनीसँग पैसा नभएकोले उनका दाइ रोर्बटले १ सिलिङ तिरेर टिकट काटिदिएका थिए। उक्त सभाबाट उनलाई आफनो अध्ययन र अनुसन्धानमा धेरै रुचि बढायो। सन् १८१० मा नै उनका पिता जेम्स फाराडेको ४९ वर्षको उमेरमा निधन भयो। सन् १८१२ फाराडेको जीवनमा अत्यन्त महत्त्वपूर्ण रहृयो। किनभने यही सालमा फाराडेले विभिन्न वैज्ञानिक सभाहरूमा भाग लिँदा प्रस्तुत गरेको र सङ्कलन गरेको नोट (टिपोट) हरू पुस्तकको रूपमा तयार गरेका थिए। जुन कार्यबाट उनका किताब पसलका मालिक रिवाउ अत्यन्त खुशी भएका थिए। उक्त नोटहरू रिवाउले आफना ग्राहकहरूलाई देखाउने गर्दथे। त्यसमध्ये एक ग्राहक विलियम डानीले फाराडेको पुस्तकबाट प्रभावित भएर उक्त समयका प्रख्यात वैज्ञानिक सर हम्फ्रे डेवीको प्रवचन सुन्न ४ ओटा टिकट पठाइदिए। प्रसिद्ध रसायनशास्त्री हम्फ्रे त्यसबेला लण्डनको शाही प्रतिष्ठानमा कार्यरत थिए। फाराडेले हम्फ्रे डेवीको प्रवचनको एकएक शब्दलाई टिपेर एउटा पुस्तकको रूप दिए। उनलाई त्यसमा गाता राख्नमा त उनी पोख्त नै थिए। उनले सो पुस्तक हम्फ्रेलाई उपहारको रूपमा दिए। उक्त पुस्तकबाट हम्फ्रे एकदम प्रभावित भए। सोही समय एकदिन हम्फ्रे कुनै प्रयोग गरिरहँदा उनको आँखामा चोट पर्न गयो। अब उनलाई एकजना सहयोगीको आवश्यक भयो। उनलाई फाराडेको सम्झना आयो र उनले फाराडेलाई बोलाउन पठाए। त्यसपछि फाराडे हम्फ्रेको सहयोगी भएर काम गर्न थाले। हम्फ्रेको सम्पर्कमा आएपछि फाराडेको उत्कृष्ट प्रतिभाबाट प्रभावित भएर उनलाई सन् १८१३ मा लण्डनको शाही प्रतिष्ठानमा रोजगारी दिए। उक्त संस्थामा पनि फाराडे हम्फ्रे डेवीको सहायकको रूपमा काम गर्ने अवसर पाए। उनलाई प्रयोगशाला सफा राख्ने, सरसामानको सरसफाइ र लेखाजोखा गर्ने आदि काम गरे वापत उनलाई पारिश्रमिकको रूपमा प्रति हप्ता २५ सिलिङ दिन्थे। उनलाई यो मौकाले वैज्ञानिक अध्ययन र अनुसन्धानमा ठूलो सहयोग भयो। यसपछि उनले काँच र इस्पातको क्षेत्रमा धेरै काम गरे। कार्बन क्लोराइड बनाए। यसरी नै सन् १८२५ मा फाराडेले वेन्जिन (दागको औषधी) आविष्कार गरे। त्यसबेलाको मान्यता विपरित उनले **क्लोरीन यौगिक नभएर तत्त्व हो** भन्ने कुरा प्रमाणित गरे। यसैक्रममा सन् १८१३ मा हम्फ्रेको सहायकको रूपमा उनले युरोपको भ्रमण गर्ने अवसर पाए। उक्त भ्रमणमा हम्फ्रेकी श्रीमतीले उनलाई नोकरको जस्तो व्यवहार गरिन् जुन नमिठो पाटो थियो। तर सो भ्रमण उनको जीवनमा महत्त्वपूर्ण रहृयो। उक्त १८ महिनाको भ्रमणमा उनले युरोपका विभिन्न वैज्ञानिक अनुसन्धानशाला, वैज्ञानिकहरू, विश्वविद्यालयमा आदि महत्त्वपूर्ण स्थानको अध्ययनमा केन्द्रित गरेर धेरै कुराहरू सिकेर आए। सन् १८१६ मा उनले An analysis of Naturally occurring caustic lime भन्ने पुस्तक प्रकाशित गरे। यसै क्रममा उनले सुरक्षित बत्ती (Safety lamp) को विकास गरे। सन् १८२० सम्ममा उनले विभिन्न अनुसन्धान गरेर विज्ञानका विभिन्न विषयहरूमा प्रवचन दिन सक्ने भइसकेका थिए।



फाराडेको प्रयोगशाला

फाराडे अधिकांश समय अध्ययन र परीक्षणमा बिताउने गर्दथे । दैनिक घण्टौँ घण्टासम्म अनुसन्धानमा व्यस्त रहन्थे । उनलाई विद्युत शक्तिको चुम्बकीय प्रभाव रहन्छ भने चुम्बक शक्तिबाट विद्युत शक्ति उत्पादन गर्न सकिन्छ भनी सोच्ने गर्दथे । यसैक्रममा उनले सन् १८२४ मा विद्युत सम्बन्धी परीक्षण गरे तर उनले सोचे जस्तो सफलता प्राप्त भएन । उनले लामो समय लण्डनको शाही प्रतिष्ठिानमा काम गरे । शाही प्रतिष्ठानमा उनी सन् १८२१ मा Assistant Superintendent, सन् १८२४ मा member of the Royal Society भएर काम गरे । फाराडेको जीवनकालमा ७ फ्रेवुअरी १८२५ अत्यन्त सुखद रह्यो किनकि यही दिनमा उनले शाही प्रतिष्ठानको निर्देशकजस्तो गरिमामय पदमा आसिन हुने मौका पाए । यसरी नै सन् १८३३ मा उनी पहिलो पटक _Fullerian Professor of Chemistry at the Royal Institution of Great Britain, मा नियुक्ति पाए । उनको विद्युत सम्बन्धी निरन्तर अनुसन्धानबाट २९ अगष्ट १८३१ मा चुम्बक र विद्युतबीचको सम्बन्धको सिद्धान्त प्रतिपादन गर्न सफल भए । यसलाई electro magnetic induction भनिन्छ । यस




सन् १८३१ मा फाराडेले बनाएको पहिलो इलेक्ट्रिक जेनेरेटर

सिद्धान्तले विज्ञानको क्षेत्रमा युगान्तकारी परिवर्तन ल्यायो । यही सिद्धान्तबाट डाइनामो र जेनेरेटरको निर्माण भएको छ । यही सिद्धान्तबाट अहिले विश्वभरि विद्युत उत्पादन गरिन्छ । फाराडेको सिद्धान्तबाट उत्पादित विद्युतबाट अहिले विश्वमा अत्याधुनिक उपकरणहरू चलेका छन् । फाराडे आफूले पत्ता लगाएका सिद्धान्तहरू अत्यन्त सरल ढङ्गले मानिसहरूलाई बुझाउने गर्दथे ।

## फाराडेका आविष्कारहरू :

- Faraday's law of induction
- Faraday effect
- Faraday cage
- Faraday constant
- Faraday's laws of electrolysis
- Faraday cup
- Faraday's ice pail experiment
- Faraday paradox
- Faraday paradox (electrochemistry)
- Faraday rotator
- Faraday wave
- Faraday wheel
- Colloidal gold
- Adsorption refrigeration
- Homopolar motor
- Lines of force
- Magnetic separation
- MHD converter
- Premelting
- Regelation
- Rubber Balloon

**फाराडेका कार्यक्षेत्र :** भौतिक शास्त्र र रसायनशास्त्र

## फाराडेले प्राप्त गरेका पुरस्कारहरू :

- Royal Medal (1835 and 1846)
- Copley Medal (1832 and 1838)
- Rumford Medal (1846)
- Albert Medal (1866)
- Doctor of Civil Law

## फाराडेको सम्मानमा राखिएका पुरस्कारहरू :

- The IET Faraday Medal
- The Royal Society of London Michael Faraday Prize[89]
- The Institute of Physics Michael Faraday Medal and Prize[90]
- The Royal Society of Chemistry Faraday Lectureship Prize[91]

## फाराडे सम्बन्धी रोचक तथ्यहरू :

१) उनी अत्यन्त गरिब परिवारमा हुर्केका थिए । उनले एउटा पाउरोटीलाई तीनचार दिन लगाएर खानु पर्दथ्यो ।

२) उनले १३ वर्षको उमेरमा विद्यालय छोडनुको अर्को कारण गरिबी बाहेक उनको तोतेबोलीले गर्दा पनि थियो । उनी 'र' लाई 'फ' उच्चारण गर्दथे । एकदिन उनलाई विद्यालयको शिक्षकले नाम सोधे । उनले माइकल फाफाडे भनी बताए । शिक्षकले आफूलाई जिस्काएको भनेर उनलाई बेसरी पिटे । त्यसपछि उनको आमाले विद्यालय पठाउन बन्द गरे ।

३) उनका पिता जेम्स फाराडे अक्सर बिरामी भैरहन्थे । यसकारण घरको खर्च चलाउन फाराडेले १३ वर्षको



वृद्धावस्थामा फाराडे




लण्डनमा रहेको फाराडेको प्रतिमा

उमेरदेखि नै किताबमा गाता राख्ने, पत्रिका घरघरमा पुऱ्याउने, किताब बेच्ने आदि काम गरे ।

४) फाराडे एकदम इमानदार र मिहिनेती थिए । यसकारण उनले काम गरेका सबै ठाउँबाट स्यावासी र प्रशंसा पाए । उनलाई काम दिने सबै मानिसहरू भन्ने गर्दथे 'कर्मचारी भनेको फाराडे जस्तो हुनुपर्दछ ।'

५) फाराडेले १३ वर्षको उमेरमा बिहानदेखि बेलुकासम्म गाता राख्ने काम गर्दथे भने राती अबेर सम्म विज्ञान सम्बन्धी पुस्तकहरू अध्ययन गर्दथे । सानै उमेरमा यति धेरै मिहिनेत गर्ने मानिस कम मात्र हुन्छ ।

६) उनले हम्फ्रे डेवीसँग काम गर्दा धेरै मानिसले फाराडेका धेरै प्रशंसा गर्दा हम्फ्रे डेवीमा इर्ष्या भएर उनलाई कहिले नगरेको काम गर्न लगाएर दुःख दिन खोज्थे ।

७) उनी सोच्ने गर्दथे बगिरहेको विद्युतबाट चुम्बकीय शक्ति उत्पन्न हुन्छ भने चुम्बकीय शक्तिबाट विद्युत शक्ति पनि उत्पादन गर्न सकिन्छ । यो सोचलाई उनले २९ अगष्ट सन् १८३१ मा सफल बनाए । उनले आविष्कार गरेको electro magnetic induction सिद्धान्तबाट विद्युत उत्पादन गर्नमा समर्थ भए । यसबाट डाइनामो, जेनेरेटर, टान्सफर्मर आदि बनाउन सम्भव भयो ।

८) एकपटक फाराडेले डाइनामोबाट उत्पादन भएको विद्युत हेर्नको लागि केही मानिसहरूलाई बोलाएका थिए । उपस्थित मानिसहरू मध्ये एकजना महिला आफ्नो बच्चासहित आएका थिए । फाराडेले डाइनामोबाट विद्युत उत्पादन गरेर प्रदर्शन गरे । त्यसपछि महिलाले फाराडेलाई यति जाबो देखाउन हामीलाई बोलाएको हो भनी प्रश्न गरे । प्रत्युत्तरमा फाराडेले नम्रतापूर्वक भने तपाईंले बोकी राखेको सानो बच्चाले अहिले कुनै काम गर्न सक्दैन भनेर यसलाई बेवास्ता गर्न मिल्छ र ? भविष्यमा यही बच्चा सक्षम भएर विभिन्न कामहरू गर्नेछ । यसरी नै यो आविष्कार अहिले त्यति उपयोगी नभए पनि भविष्यमा उपयोगी हुनेछ । उनले भने जस्तै फाराडेको आविष्कार अहिले विश्वमा सबै प्रकारको विद्युतीय उपकरणहरूमा प्रयोग भैरहेको छ ।

९) विज्ञान र गणितबीच घनिष्ट सम्बन्ध हुन्छ । तर फाराडे गणितमा एकदम कमजोर थिए । यसको वावजुद पनि उनले विज्ञानमा आफ्नो स्वअध्ययनले गर्दा र गणितीय सीपविना पनि विभिन्न आविष्कार गर्न सफल भए ।

**पारिवारीक जीवन र निधन :** फाराडेले १२ जुन १८२१ मा सराहा बर्नाड (१८००-१८७९) सँग विवाह गरे । उनीहरूको कुनै सन्तान भएनन् । तैपनि उनी बच्चाहरूलाई अत्यन्त माया गर्दथे । उनी दयालु स्वभावका थिए । उनी हरेक कुरा संयमतापूर्वक बुझाउने गर्दथे । उनी हरेक कार्य नियमित र व्यवस्थित रूपमा गर्ने गर्दथे । उनी स्वअध्ययनमा धेरै समय खर्च गर्दथे । निम्न वर्गीय परिवारमा जन्मेर पनि उनी १९औं शताब्दीका महान् वैज्ञानिक बन्न सफल भए । गरिबीको कारण

१३ वर्षको उमेरमा नै विद्यालय छाडेको फाराडेले आफ्नो आत्मबल र स्वअध्ययनको बलमा विश्वको महान् वैज्ञानिक बन्न सफल भए। माइकल फाराडेलाई Father of electricity पनि भन्ने गरिन्छ। महान् वैज्ञानिक फाराडेको निधन २५ अगष्ट १८६७मा Hampton Court, Middlesex, England भयो। उनी त्यसबेला ७५ वर्षका थिए। उनको शरीरले यो संसारबाट बिदा लिए पनि उनको आविष्कारले उनी उज्ज्वल नक्षत्रका रूपमा संसारभरि चम्किरहेका छन्।




फाराडेको समाधीस्थल

**सन्दर्भ सामग्री :**
१) मुना विज्ञानका केही कुराहरू : गोरखापत्र संस्थान
२) विश्व प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
३) शताब्दी पुरुषहरू : टाइम्स पत्रिका
४) विश्वका महान वैज्ञानिकहरू : लर्नर प्रेस
५) प्रसिद्ध वैज्ञानिकहरू : सपना बुक हाउनस

## सच्याउनु होस्

यस मासिकको सङ्ख्या २९६ (जेठ) को आइन्स्टाइनको जीवनीको पृष्ठ ३३, दोस्रो कोलमको १२ औं हरफमा Hans Albert Einstein हुनुपर्नेमा ज्बलक बदिभचत भ्फ्लकतभष्ल भएकोले सच्याउनु होला– भक्तपुर


# कोभिड-१९ को उग्र रूपको
# ; a\qmd0faf6
# आफू बचौं र अरुलाई बचाऔं

**कोभिड-१९ ले फेरि उग्र रूप लिन थालेको छ। तर अस्पताल र स्वास्थ्य सेवाको अवस्था सहज र सुलभ छैन। त्यसैले कोरोनासँग निहुँ खोजेर होइन सतर्क भएर स्वस्थ रहौं।**

### कोभिड-१९ का लक्षण

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने।

### बच्ने उपाय

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने।
- साबुन–पानीले कम्तिमा २० सेकेण्डसम्म पटक–पटक हात धुने।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने।
- शारीरिक दूरी कायम गर्ने।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने।
- भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने।**

नियमित रूपमा प्रक्रिया पुर्‍याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ। साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ।

**त्यसैले नियमित हात धुने गरौं।**

# कर परीक्षण एक चर्चा



एम.आर.गौतम

*सामान्यतया कर परीक्षण गर्ने गराउने दायित्व करदाता एवं कर कार्यालय दुवैको हुन्छ। कर कार्यालयले करदाताले तिरेको कर कानुन बमोजिम छ छैन ? बढि घटी के छ भनी एकीन गर्नु जरुरी हुन्छ भने करदातालाई पनि तिरेको कर उपयुक्त छ छैन कर, के कस्तो तरीकाले गणना गर्ने ? भन्ने एकीन गर्न यस्ले सहज हुन्छ साथै यस कार्यले कर प्रशासनको लागि पनि करदाताहरुको सहभागिताको अवस्था, पृष्ठपोषणका साथै भावी कार्यक्रम तय गर्न समेत उपयुक्त मार्गदर्शन दिन सक्दछ।*

सरकारले रोजगारी, व्यवसाय र लगानीको आय वा वस्तु तथा सेवा कारोबारमा भएको नाफामा कानुन बमोजिम लगाउन र असुल उपर गर्न पाइने सरकारी दस्तुरलाई कर भनिन्छ।

## कर प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकार हुन्छन् -

**प्रत्यक्ष कर :** स्वयं करदाताले तिर्ने करलाई प्रत्यक्ष कर भनिन्छ।

**अप्रत्यक्षकर :** तिरेको महसुस नगरिने करलाई अप्रत्यक्ष कर भनिन्छ। जस्तैः हामीले होटलमा खाना खाँदा, सामान खरिद गर्दा र बस भाडा तिर्दा तिरेको पैसा, व्यवसायीले आफ्नो आयमा समावेश गरी व्यवसायको कर तिर्दा तिर्दछ।

आज हामीले करको परिभाषा बुझिसकेपछि त्यही तिरेको कर कसरी परीक्षण हुन्छ भन्ने कुराको चर्चा गरिन खोजिएको छ।

## कर परीक्षणलाई बुँदागत रुपमा निम्न अनुसार लेख्न सकिन्छ -

१) करदाताले कर प्रशासन समक्ष पेश गरेको कर विवरणमाथि कानुन बमोजिम परीक्षण गरिने कार्य नै कर परीक्षण हो।

२) करदाताले कर प्रशासन समक्ष मासिक, चौमासिक र वार्षिक विवरण पेश गर्ने गर्दछ तर करदाताले विवरण पेश गर्दैमा उसको कर दायित्व पूरा गरेको मान्न सकिँदैन। यसरी पेश भएका विवरणहरू मध्ये केही विवरणहरू राजस्व जोखीमको आधारमा नमुनाको रूपमा छनौट गरी कर परीक्षण गर्ने गरिन्छ।

## कर परीक्षणका प्रकारहरुलाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ -

१) अग्रिम करकटी/तलवी विवरण परीक्षण

२) आंशिक कर परीक्षण

३) पूर्ण कर परीक्षण

४) द्रुत कर परीक्षण

५) चालु वर्षको कर परीक्षण

६) दर्ता खारेजी कर परीक्षण

७) लिन्क कर परीक्षण (दुई फर्मको तुलना गरी)

८) सामुहिक कर परीक्षण

९) अनुसन्धानमूलक कर परीक्षण

१०) विद्युतीय सूचना प्रणाली कर परीक्षण

## कर परीक्षणका लक्ष्यहरू

१) कर कानुनहरूको परिपालना गरी स्वयंकर निर्धारण गरी तिर्नुपर्ने कर तोकिएको समयमा कर निर्धारण गरी कर सङ्कलन गरे नगरेको र तोकीएको समयमा कर दाखिला भए नभएको एकिन गर्ने।

२) करदातालाई कर कानुन परिपालनाको लागि आवश्यक जानकारी दिई करदाता शिक्षा प्रदान गर्ने।

३) कर कानुनमा भएका नीतिगत कमी कमजोरीको पहिचान गरी नीतिगत सुधारको लागि पृष्ठ पोषण लिने।

४) कर सहभागिताको परीक्षण गर्ने।

## कर परीक्षणका सम्बन्धित पक्षहरू:




## १. करदाता

❖ **दर्ता**

- आयकर (दफा ७८), मू.अ.कर (दफा १०, १०क १०ख) र अन्त:शुल्क (दफा ८ र ९)

❖ **कारोवारको लेखा र पुष्टि गर्ने कागजातहरू**

- आयकर ऐन, २०५८ को दफा ८१
- मू.अ.कर ऐन, २०५२ को दफा १६ र १६क
- अन्त:शुल्क ऐन, २०५८ को दफा १०ख

❖ **कर विवरण :** भुक्तानीमा अग्रिम कर कटी (दफा ९०) नियन्त्रणमा परिवर्तन (दफा ५७), अनुमानित करको विवरण (दफा ९५), वार्षिक आय विवरण (दफा ९६), मू.अ.कर दफा १८, अन्त:शुल्क विवरण (दफा १०क)

❖ **करको भुक्तानी गर्दा :** आयकरको दफा ८५मा अग्रिम अग्रिम कर कटीको रकम (दफा ९०), किस्ता बन्दी (दफा

९४), मू.अ.कर (दफा १९), अन्त:शुल्क (दफा ४ ख) र कर निर्धारण भएको रकम सुचनामा उल्लेखीत मितिमा ।

## २. कर लेखापरीक्षण

सामान्य लेखापरीक्षण र कर लेखा परीक्षणबीचको भिन्नताहरू निम्न रहेका छन् -

| सि. नं. | सामान्य लेखापरीक्षण | कर लेखापरीक्षक |
|---|---|---|
| १ | निकायको वित्तीय विवरणको परीक्षण गरी आफ्नो निष्पक्ष रायसहित उक्त निकायको वित्तीय अवस्थाको जानकारी सरोकारवालालाई (व्यवस्थापन, शेयरहोल्डर र अन्य सरोकारवाला निकाय तथा सर्वसाधारण) दिने । | आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम कर लाग्ने आयमा खर्च कटी गरी दिई करयोग्य आयको गणना गरी तिर्नुपर्ने करको निर्धारण, निर्धारित कर दाखिला भए नभएको एकीन गर्ने । |
| २ | व्यवस्थापनलाई लेखाका सिद्धान्त, मान्यता, प्रणाली र प्रचलन तथा वित्तीय विवरणका सम्बन्धमा नेपाल अडिटिङ स्टान्डर्स उपयोग कसरी भएको छ भनी लिखितरुपमा स्वतन्त्र मन्तव्य वा टिप्पणी गर्ने । | व्यवस्थापनलाई आयकर ऐन, २०५८ को परिपालनाको विषयमा तटस्थ र निष्पक्ष धारणासहितको प्रमाणित प्रतिवेदन दिने । |
| ३. | वित्तीय विवरण तयार गर्दा अडिटिङ स्टान्डर्स बोर्ड नेपालले तोकेको ढाँचामा तयार गरी सरोकारवालालाई दिने । | आयकर ऐन, २०५८ तथा हरेक चालु आ.व. नेपाल सरकारले जारी गर्ने आर्थिक ऐन र आन्तरिक राजस्व विभागले समय समयमा जारी गरेको निर्देशिकाका आधारमा आय विवरण तयार गर्ने । |
| ४. | सामान्यतया सामान्य लेखापरीक्षण कर लेखापरीक्षणभन्दा फरक हुन सक्तछ । किनकी यस्मा सम्पत्तिका ह्रास कटी र केही खर्चहरु यस लेखापरीक्षणको खर्च शीर्षकमा नपर्न पनि सक्तछन् । | ४. आयकर ऐन, २०५८ को दफा १९ को अनुसूची २ को २.२ मा कुनै व्यक्तिले आफनो आय वर्षमा समूहमा रहेको सम्पत्तिको ह्रासकटीको गणना कख सूत्रको प्रयोग गरी निकाल्नुपर्ने बताइएको छ जस्मा क भन्नाले सो आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकमलाई जनाउनेछ भने ख भन्नाले सो समूहको हकमा लागू हुने अनुसूचीको दफा ३ बमोजिमको ह्रास दरलाई जनाउनेछ भनी उल्लेख गरेको छ । |

## ३. कर प्रशासन

- आयकर
- कागजात माग्ने र परीक्षण गर्ने (दफा ८२ र ८३)
- कर निर्धारण गर्ने
- दाखीला गर्नुपर्ने अनुमानित कर विवरण पेश नगरेमा वा कर कम तिरेमा (दफा ९५)७)
- संशय कर निर्धारण (दफा १००)
- संशोधित कर निर्धारण (दफा १०१)
- अन्त:शुल्क जाँच तथा परीक्षण
- अन्य आवश्यकता अनुसारका सोधपुछहरू ।

## ४. महालेखा परीक्षकको कार्यालय

नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको समेत विचार गरी लेखापरीक्षण गर्ने ।

## ५. अदालत

कर विवादको स्वच्छ सुनुवाई गरी न्यायिक निरोपण गर्ने ।

कर परीक्षण आफैमा एउटा निकै जटिल र चुनौतीपूर्ण कार्य हो तापनि हामीले यसलाई नियम कानुन अनुसार कार्यान्वयन भने गर्नै पर्दछ । भनिन्छ नी समस्याको साथसाथै समाधानका उपाय पनि सँगै हुन्छन् तर हामीले खोज्न सक्नुपर्दछ ।

## समस्या/चुनौतीहरू

- आवश्यक कागजात प्राप्त नहुँदा वासलात र आय विवरणमा वास्तविक कारोबार लेखाङ्कन नहुने ।
- करदाताहरू झूटा तथा नक्कली बिल बिजक वा कागजात तयार गर्ने वा कर छली गर्ने कार्यमा सम्लग्न भएमा वास्तविक विवरण तयार हुने सम्भावना कम हुने ।
- व्यवसायीहरूले व्यवसायको लेखा राख्ने कार्यलाई महत्त्वपूर्ण नठान्ने गर्दा वास्तविक तथ्याङ्क प्राप्त नहुने ।
- कर लेखापरीक्षकले स्वतन्त्र र पेशागत विज्ञता, इमानदारी र मर्यादा कायम गरी प्रतिवेदन तथा कैफियत पेश गर्ने क्रममा भाषिक कारणले प्रतिवेदन बुझ्न समस्या हुने ।
- करदाता, लेखापरीक्षक र कर प्रशासन बीच समन्वय नहुनु ।
- कर कानूनको परिपालना गर्ने गराउने पक्षको सक्रियता कम ।
- करदाताहरू राज्यलाई कर तिर्नका लागि निरुत्साही हुने ।

## समाधानका उपायहरू

- वासलात र आय विवरण वास्तविकतामा आधारित भएर तयार गर्नुपर्ने ।
- झूटा तथा नक्कली बिल बिजक वा कागजात तयार गर्ने करदाताहरूलाई निरुत्साहित गर्ने ।
- कर लेखापरीक्षण तथ्यपरक र यर्थाथतामा तयार गर्न लगाउने ।
- लेखापरीक्षण गर्दा प्रयाप्त खुलासा र सरल भाषा प्रयोग गर्ने गराउने ।

(कर विश्लेषक)
हाल: सूर्यविनायक-२, भक्तपुर
gminraj@ymail.com

# माटो परीक्षणको आवश्यकता



सबिन ख्याजू

## पृष्ठभूमि

माटोको परिभाषा दिनुपर्दा पृथ्वीको सतहमा रहेको खनजोत गर्न सकिने नरम र मलिलो किसिमको भाग हो। खासगरी माटो विभिन्न खनिज तत्त्व, प्राङ्गारिक तत्त्व, हावा (विभिन्न ग्यास), तरल पदार्थ (पानी) र आँखाले देख्न सकिने वा नसकिने खालका जीवहरूबाट बनेको हुन्छ। माटो विरुवाको लागि खाद्यतत्त्वको भण्डार र जीवनको आधार हो। विरुवालाई १६ ओटा खाद्यतत्त्वहरूको आवश्यकता पर्दछ। माटोबाट खाद्यतत्त्व सोस्नको लागि पानीको आवश्यकता हुन्छ। माटोमा शाकाणु, ढुसी, लेउ, गड्यौलालगायतका हजारौँ जीवहरू चलायमान अवस्थामा रहेका हुन्छन्। यसकारण, माटोलाई जीवित वस्तुको रूपमा लिइन्छ।

माटोको विशेष ख्याल गर्नुपर्दछ र यसको अवस्थाबारे थाहा पाउन जरुरी छ। माटोमा पिएच्, खाद्यतत्त्व, प्राङ्गारिक तत्त्वलगायतको उचित व्यवस्थापन भएमा मात्र बाली सप्रिन्छ। यी सबै रसायनको तहमा हुने भएकाले माटोलाई बुझ्न त्यति



परीक्षणको लागि माटो सङ्कलन गर्दै

सहज छैन। हरेक बालीले फरक फरक मात्राको मल र पिएच् खोज्छ। एक थरीको बालीको लागि तयार गरिएको मलखाद अर्को बालीको लागि अनुपयुक्त हुन सक्छ। एक थरीको बालीको लागि चाहिने अम्लियपना अर्को बालीको लागि बढी वा कम हुन सक्छ। कुनै बालीको व्यवसायिक खेती गर्नुभन्दा पहिले, त्यस बालीको उत्पादकत्वबारे थाहा पाउन माटो परीक्षण अनिवार्य गर्नुपर्ने हुन्छ। बाली लगाउने, केही समय पछि बाली बिग्रेपछि माटो परीक्षणमा जानु अनुपयुक्त हुन्छ। युरिया र डिएपी मलको प्रयोग बढी भएको तर प्राङ्गारिक मलको प्रयोग घट्दै जाँदा माटोको अम्लियपना बढेको हुन्छ।

एकपटक माटोको गुणस्तर बिग्रिसकेपछि त्यसलाई सुधार गर्न त्यत्ति सजिलो छैन। खेती गर्ने जग्गाको प्रतिनिधि माटो नमूना लिने समय भनेको माटो परीक्षणबाट प्राप्त नतिजा र सिफारिस व्यवस्थापनका उपायहरू अपनाउने समय पुग्दो होस्। त्यसपछि मात्र बाली लगाउँदा राम्रो हुन्छ। साथै बालीमा अधिक रसायनिक मलको प्रयोगले माटोको संरचनामा बाधा पुऱ्याउँछ र वातावरणलाई क्षति पुऱ्याउँछ। त्यसैले सर्वप्रथम माटोलाई कस्तो खालको मल प्रयोग गरिन्छ र कति मात्रामा मल प्रयोग गरिन्छ भन्ने हेक्का राख्नु जरुरी छ।

## माटो परीक्षण विधि



प्रयोगशालामा माटो परीक्षण गर्दै

माटो परीक्षण विधिमा माटोमा भएको खाद्यतत्त्व, पिएच्, प्राङ्गारिक तत्त्व, इलेक्ट्रिकल कन्डक्टिभिटी आदिको विश्लेषण गरिन्छ। माटोमा भएका यी तत्त्वहरूको परीक्षण गर्न प्रयोगशालामा पिएच् मिटर, जेल्डाल, कन्डक्टिभिटी मिटर, क्लोरोमिटर वा स्पेक्ट्रोफोटोमिटर, फ्लेम फोटोमिटर, मेकानिकल शेकर, डिष्टिल वाटर प्लान्ट र ब्यालेन्सजस्ता मुख्य मेसिनहरूको आवश्यकता पर्दछ।

## महत्व

हरेक बाली विरुवाको लागि फरक फरक मात्रामा खाद्यतत्त्वको आवश्यकता पर्दछ। खाद्यतत्त्व वढी वा कम दिएमा विरुवाले राम्रो उत्पादन र उत्पादकत्व दिन सक्दैन।

- माटो परीक्षणले किसानलाई माटोको गुणस्तर र यसको

सुधारबारे जानकारी दिन्छ। माटोको रङ्ग, बुनोट र बनोट आँखाले देखिन्छ तर माटोको रसायनिक संरचना थाहा पाउन माटो परीक्षण आवश्यक हुन्छ। माटोको पिएच् र खाद्यतत्त्व थाहा पाउन माटो परीक्षण गर्नु पर्दछ।

- माटो परीक्षणले मलमा हुने खर्च घटाउन सहयोग मिल्छ। माटो परीक्षणले माटोमा उपलब्ध मलको मात्रा र उर्वराशक्तिबारे जानकारी दिन्छ। यो जानकारीबाट आवश्यक मात्राको मल बालीमा प्रयोग गर्न सकिन्छ। अनावश्यक रूपमा धेरै मलको आवश्यकता पर्दैन। फस्फोरस र पोटासियमजस्ता रासायनिक मल सीमित अजैविक वस्तु वा खानीबाट उत्खनन गरी तयार गरिने हुनाले यसको अनावश्यक प्रयोगमा न्यूनीकरण हुन्छ।
- माटो परीक्षणले आवश्यकताभन्दा धेरै मल प्रयोगलाई न्यूनीकरण गर्ने जानकारी दिन्छ। परीक्षण गर्दा खाद्यतत्त्वको उपलब्धताबारे पुग्दो जानकारी प्राप्त हुन्छ। यसले वातावरणमा पर्ने नकारात्मक असरबाट पनि सुरक्षा गर्छ। जस्तैः अत्यधिक मलले पानी प्रदूषित पार्छ, मलको चुहावटले पानीमा बस्ने जीवहरूलाई हानी गर्छ।
- माटो परीक्षणले माटो बिग्रनबाट बचाउन जानकारी दिन्छ। माटोको उचित व्यवस्थापन नगर्दा भूक्षयका कारण विश्वमा वार्षिक २४ अर्ब टन उर्वर माटो घटेको छ। बिग्रेको माटोलाई पुरानै अवस्थामा फर्काउन सजिलो छैन, निकै खर्च र समय लाग्छ।
- माटो परीक्षणले दिने जानकारी प्रयोग गर्दा माटोको उर्वराशक्तिमा वृद्धि भई उत्पादन बढाउँछ। विश्वका मानिसको खाद्य सुरक्षाको प्रश्न उठेको छ। खाद्य उत्पादन बढाउन जमिनको उर्वराशक्ति वृद्धि गर्नु जरुरी छ। स्वस्थ माटो भएमा मात्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ। यसको लागि माटो परीक्षण पहिलो काम हो।
- बालीमा मलको प्रतिक्रिया थाहा पाउन गरिने अनुसन्धानहरूमा पनि माटो परीक्षण नियमित प्रक्रिया हो। यसबाट बालीको लागि आवश्यक मलको उचित मात्रा सिफारिस गर्न मद्दत गर्दछ।
- कुनै निश्चित क्षेत्रमा माटोको मलिलोपना भएको वा नभएको, माटोको बुनोट र बनोटको आधारमा माटोलाई वर्गीकरण गर्न पनि माटोको परीक्षण गर्नु पर्दछ।

## माटो परीक्षणका चार चरण

- खेती गर्ने जग्गाको प्रतिनिधि माटो वा नमूना सङ्कलन गर्ने।
- नमूना माटो प्रयोगशालामा लाने र विश्लेषण गर्ने।
- प्रयोगशालामा गरिएको परीक्षण नतिजाको व्याख्या गर्ने।
- नतिजाको अध्ययनपछि माटोको उपयुक्त व्यवस्थापनको लागि सिफारिस गर्ने।



माटो परीक्षण गर्ने मेशिन

## मलखाद

विरुवाको वृद्धिविकासको लागि खाद्यतत्त्वको आवश्यकता पर्दछ। उन्नत जातको वीउ प्रयोग गर्ने तर खाद्यतत्त्वको मात्रा कम दिँदा त्यसको उत्पादन परिणाम पनि कम नै हुन्छ। उन्नत जातको वीउ वा हाइब्रिड जातको वीउ प्रयोग गर्दा मलको आवश्यकता पनि धेरै हुन्छ। माटो परीक्षणमा मलखादमा पर्ने नाइट्रोजन, फस्फोरस, पोटासियम, सूक्ष्म खाद्यतत्त्व (उदाहरणः कपर, फलाम, म्यानगानिज, जिङ्क, बारोन, मोलिब्डेनम) आदिको विश्लेषण गरिन्छ।

एकीकृत खाद्यतत्त्वको अवधारणाबारे किसानहरू जानकार हुनु जरुरी छ। गोठेमल/कम्पोष्ट मल, हरियो मल, रासायनिक मल आदि खाद्यतत्त्वका स्रोतहरू हुन्। माटोको अवस्था बुझ्न माटोको बुनोट तथा बनोट, माटोको पिएच्, प्राङ्गारिक पदार्थको चुहावट, भूक्षय, खाद्यतत्त्वको उपलब्धता र सूक्ष्म जीवाणुको उपस्थितिबारे अध्ययन गर्नुपर्दछ। बालीचक्र, लक्षित उत्पादनको अनुमान, बालीले लिने खाद्यतत्त्वको अनुमान, उपयुक्त जातको छनौट, अन्तरबाली प्रणाली, रोप्ने समय र तरिका, चिस्यानको व्यवस्था र झारपात, रोगकीराको व्यवस्थापनबाट बाली व्यवस्थापन गर्नु आवश्यक हुन्छ।

प्राङ्गारिक मलको प्रयोगले माटोको गुणस्तरमा सुधार हुन्छ। यसले विरुवाको जरा हुने भाग (Rhizosphere) मा सूक्ष्म जीवाणुको लागि उपयुक्त वातावरण सिर्जना गर्दछ। यसले माटोलाई खुकुलो बनाउने, पानी सोस्ने क्षमतामा वृद्धि गर्ने, जरा राम्ररी विकास हुन र विरुवालाई खाद्यतत्त्व सोस्न मद्दत पुऱ्याउँछ। प्राङ्गारिक तत्त्व ५ प्रतिशत भएको माटो उत्तम मानिन्छ। तर नेपालको माटोमा प्राङ्गारिक तत्त्वको मात्रा यो भन्दा निकै कम छ। माटोमा कम्पोष्ट, गोठेमल, हरियो मल, आदिबाट प्राङ्गारिक वस्तु तयार हुन्छ अर्थात् विरुवा र जीवको अवशेषको निरन्तरको विघटनबाट तयार हुन्छ।

विभिन्न बालीनालीका लागि सिफारिस मलखाद मात्रा

| बाली | प्राङ्गारिक मल मे.टन/हे. | नाइट्रोजन कि.ग्रा./हे. | फोस्फोरस कि.ग्रा./हे. | पोटास कि.ग्रा./हे. | आवश्यक रासायनिक मल कि.ग्रा/हे. | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | युरिया | डि.ए.पि. | म्यु.अ.पो |
| धानः सिञ्चित | ६ | १२० | ४० | ४० | २२६.८४ | ८६.९६ | ६६.६७ |
| वर्णशंकर धान | १० | १५० | ५० | ४० | २८३.५५ | १०८.७० | ६६.६७ |
| गहुँः सिञ्चित (तराई) | ६ | १२० | ५० | ५० | २१८.३४ | १०८.७ | ८३.३३ |
| असिञ्चित (तराई) | ६ | ६० | ३० | ३० | १०४.९२ | ६५.२२ | ५०.० |
| गहुःसिञ्चित (पहाड) | ६ | १०० | ४० | ४० | १८३.३७ | ८६.९६ | ६६.६७ |
| असिञ्चित (पहाड) | ६ | ६० | ३० | ३० | १०४.९५ | ६५.२२ | ५०.० |
| मकै | ६ | १२० | ६० | ४० | २०९.८३ | १३०.४४ | ६६.६७ |
| वर्णसङ्कर मकै | १० | १५० | ६० | ४० | २७५.०५ | १३०.५ | ६६.६७ |

रासायनिक मलहरूमा फरक फरक मात्रामा नाइट्रोजन, फस्फोरस, पोटासियम आदि हुन्छ । बालीको आवश्यकताअनुसार मलखादको प्रयोग गर्नुपर्ने भएकाले सिफारिस मलखादबारे राम्रो जानकारी लिनु पर्दछ ।

## पिएच्

बालीको राम्रो उत्पादन र उत्पादकत्वको लागि माटोमा अम्लियपना र क्षारियपनाको व्यवस्थापन आवश्यक हुन्छ । माटोको पिएच् ० देखि १४ को स्केलमा नापिन्छ । ० मान भनेको अत्यधिक अम्लियपना, १४ मान भनेको अत्यधिक क्षारिय र ७ मान भनेको तटस्थता जनाउँछ । राम्रो माटोको पिएच् ६ देखि ७.५ मान भित्र परेको हुनुपर्दछ ।

मुख्य मुख्य बालीहरु र उपयुक्त माटोको पि.एच.

| खाद्यान्न बाली | उपयुक्त पि.एच. | तरकारी बाली | उपयुक्त पि.एच. | फलफूल बाली | उपयुक्त पि.एच. |
|---|---|---|---|---|---|
| धान | ५.०-६.५ | आलु | ४.५-७.५ | आँप | ५.५-७.० |
| मकै | ५.५-७.५ | कुरिलो | ५.५-७.० | केरा | ६.०-७.५ |
| गहुँ | ५.५-७.५ | काँक्रो | ६.०-७.५ | सुन्तला | ५.५-६.५ |
| कोदो | ५.५-६.५ | बन्दा | ६.५-७.५ | स्याउ | ६.०-८.० |
| जौ | ६.५-८.० | प्याज | ६.५-७.५ | किवीफल | ५.०-६.५ |
| फापर | ५.५-७.० | मुला | ६.०-७.४ | | |
| | | काउली | ६.५-७.५ | | |
| | | पालुङ्गो | ६.०-७.५ | | |
| | | गोलभेँडा | ५.५-७.० | | |

*स्रोतः केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन २०७६।*

माटोमा पिएच् र खाद्यतत्त्वबीच प्रत्यक्ष सम्बन्ध छ । पिएच्मा थोरै मात्र पनि थपघट भएमा खाद्यतत्त्वको उपलब्धतामा असर गर्दछ । अम्लियपना बढी भएको माटोलाई चूनको प्रयोगले उपचार गरिन्छ भने क्षारियपना बढी भएको माटोलाई जिप्सम प्रयोग गरिन्छ । माटोको अम्लियपना घटाउन प्रयोग गरिने चूनको मात्रामा ध्यान दिनु आवश्यक छ । पिएच्को सङ्केतअनुसार चूनको मात्रा निर्धारण हुन्छ । पिएच् व्यवस्थापन गर्न केही समय लागे पनि यसको महत्त्व बालीको स्वस्थता र उर्वराशक्तिको लागि त्यत्ति नै महत्त्वपूर्ण छ ।

## निष्कर्ष

किसानले बाली लगाउँदा प्रतिफलको आशा गरेको हुन्छ । माटोमा भएको खाद्यतत्त्वको अधिकत्तम प्रयोग गर्न माटोमा भएको खाद्यतत्त्वबारे जानकारी लिनु आवश्यक छ । बालीले मागेको खाद्यतत्त्वको मात्रा, पिएच्, प्राङ्गारिक तत्त्व, सिँचाइ आदिको व्यवस्था भएमा मात्र उत्पादन र उत्पादकत्वमा वृद्धि हुन्छ । माटोको उर्वराशक्तिलाई कायम गर्नु आवश्यक छ । यसकारण माटो परीक्षणलाई पनि त्यत्तिकै ध्यान दिनु जरुरी छ ।

हरेक जिल्लामा माटो परीक्षण प्रयोगशाला निर्माण र सञ्चालन हुन सके देशभरका किसानले राहत पाउँथे । माटो परीक्षणको नतिजा केही दिनमै उपलब्ध गराउने प्रावधान भएमा किसानहरूले माटो पनि समयमै उपचार गर्न सक्छन् । माटोको परीक्षण र उपचारपछि गरिने खेतीबाट आम्दानी बढ्ने हुनाले समग्र समाज र देशकै अर्थतन्त्रमा टेवा पुग्दछ । साथै, किसानहरूलाई माटो परीक्षणको लागि अभिप्रेरित गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याउनु जरुरी छ ।

## स्रोत


- Hoskins, Bruce R., 1997. **Soil Testing Handbook for Professional in Agriculture, Horticulture, Nutreint and Residuals Management**.
- Walworth, J. L., 2006. **Soil Sampling and Analysis**.
- **कृषि तथा पशुपन्छी डायरी**, २०७८ । नेपाल सरकार ।


तस्बिरः इन्टरनेट

(khyajusabin@gmail.com)

# हार्दिक समवेदना



**स्व. हर्षबहादुर अवाल**

**जन्म : १९९१ माघ ०५ | निधन : २०७८ जेठ १७**

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाका सदस्य सुनिता प्रजापति (अवाल) को ससुरा **हर्षबहादुर अवाल**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# ख्वपको पहिचान-भाग २



ज्ञानसागर प्रजापति

डा. बलराम कायस्थको **'ख्वप दे'** को सङ्क्षिप्त इतिहास र सहप्राध्यापक विश्वमोहन जोशीको **'ख्वपको राजनीतिक अवस्थाको ऐतिहासिक परिचय** दुवै ख्वपकै विषय भए पनि एउटा साँच्चीकै सङ्क्षिप्त रूपको छ भने अर्को विस्तृत वर्णनात्मक छ ।

शासकहरूको आपसी कलह हुँदा राज्य नै कमजोर हुने र त्यसको फाइदा शत्रुले उठाउने सन्देश यहाँका देव र मल्लहरूबीच द्वन्द्व हुँदा कर्णालीका खस र सिम्रौनगढको राज्य स्थापना भएको र बङ्गालका सुल्तान शमसुद्दिनले आक्रमणसमेत गरेको उदाहरण कायस्थको लेखमा छ । त्यस्तै कमजोर पृष्ठमा जयस्थिति मल्लको उदय पछि देवहरूको अस्तित्त्व लोप भई मल्ल शासन चम्किएको तर यक्ष मल्लपछि कान्तिपुर, ललितपुर र भक्तपुर टुक्रिँदा पृथ्वीनारायण शाहले जितेको पनि कायस्थको सङ्क्षिप्त इतिहासबाट बुझ्न सकिन्छ ।

सहप्राध्यापक विश्वमोहन जोशीको विस्तृत परिचयका महत्त्वपूर्ण अंशमध्ये भारतको इष्ट इण्डिया कम्पनी सरकारका प्रतिनिधि विलियम कर्कपाट्रिकले ख्वप 'नेपालको बनारस' भनेकोलाई लिन सकिन्छ । ख्वप विश्वविद्यालय सञ्चालन गर्न पाए त्यो थप पुस्टि हुने निश्चित थियो । हाल ख्वप ई. कलेज, ख्वप कलेजलगायतको केही शैक्षिक संस्थाले त्यसको सङ्केत गरेका छन् ।

डा. सुवेगमान बिजुक्छेँद्वारा लिखित **'स्वनिगःको भौगर्भिक इतिहास'** मा कुनै बेला विशाल ताल रहेको यो ठाउँ ताल सुकेपछि मानव बस्ती बस्न योग्य भएकोलाई लिन सकिन्छ । मञ्जुश्रीले चोभारको गल्छी काटेर पानी निकालेको भन्ने कुरा केवल मिथक भन्दै उहाँले तालको उद्गम, कहिले कसरी भएको, कति समयसम्म ताल रहेको र कहिले पानी सुकेर बस्ती बस्न लायक भयो भन्ने सङ्क्षिप्त चर्चा गर्नुभएको छ ।

साथै लेखमा स्वनिगःको जलस्रोतको स्थितिबारे पनि प्रस्ट्याइएको छ । सतह नजिकको भूमिगत जल र गहिराइको भूमिगत जल गरी दुई थरिको भूमिगत जलमध्ये हरेक वर्षाले सतह नजिकको भूमिगत जल भर्छ भने काँठ र उँचो भागमा परेको वर्षाले गहिराइको जल भर्छ । तर अहिले विभिन्न विकास निर्माणले भूमिगत जल भण्डारणमा समस्या आएकाले भविष्यमा जमिन भासिने भौगर्भिक समस्या आउन सक्ने कुरामा सचेत पारिएको छ ।

जुनु बासुकलाद्वारा लिखित **'भक्तपुरको पञ्जरां'** मा दानको महिमाबारे वर्णन छ । दीपवती नगरका राजा सर्वानन्दले दीपङ्कर बुद्धलाई दान दिन खोज्दा बुद्धले राजालाई भन्दा सर्वसाधारण महिला लक्ष्मी थकुलाई प्राथमिकता दिएको प्रसङ्ग अत्यन्त सान्दर्भिक लाग्छ ।

राजा आफैले दुःख गरी कमाएको धन होइन बरु लक्ष्मी थकुले आफैले मिहिनेत गरी कमाएको धन हुँदा त्यो धन शुद्ध हो भन्ने दीपङ्करको भनाइ सुनेर राजा सर्वानन्द सुनारको ज्यासलमा काम गरी आर्जित धन मात्र बुद्धलगायत भिक्षुहरूले दान लिएको सन्दर्भ पनि अत्यन्त सान्दर्भिक लाग्छ ।

विद्वान पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित **'भक्तपुरको करुणामय'** पढ्दा वर्षा नभई खडेरी पर्दा जनताको समस्या समाधान गर्न भएको प्रयास प्रशंसनीय छ भने निम्नस्तरको



माझी जातिमा जन्मेर पनि कर्म विशेषले माथि उठेर लोकजनको रक्षा गरेकाले मत्स्येन्द्रनाथ वा लोकेश्वर, करुणाभाव राख्ने करुणामय हुन पुगेको प्रसङ्ग उत्तिकै शिक्षाप्रद छ ।

लक्ष्मीनारायण दुवालद्वारा लिखित **'झ्वः भ्वय'** नेवारहरूको एक मौलिक संस्कृतिमध्येको एक भए पनि अहिले पार्टी पालेस संस्कृतिले गर्दा यो विस्तारै लोप हुन लागेकाले यसको जगेर्ना गर्नुपर्ने भन्ने सन्दर्भमा यो लेख सामयिक मात्र हैन आवश्यकै देखिन्छ । तर 'झ्व भ्वय' खुवाउने तौरतरिका जातिअनुसार भिन्न भिन्न भएकाले केही थप छलफल आवश्यक देखिन्छ ।

विदेशबाट आयातित र ठूलठूला उद्योगबाट उत्पादन भई सरकारलाई राजश्व तिरेको रक्सीले मात्र बजारमा वैधता पाएको र समाजमा इज्जत पाइरहेको वर्तमान परिवेशमा परम्परागत घरायसी लोकल रक्सीले पनि मान्यता पाउनुपर्छ भन्ने 'लोकल ब्राण्ड' भन्ने आवाज उठिरहेको बेला भक्तपुरको विशेष राइस वियर **'ह्याउँ थ्वँ'** शीर्षकको सुनिता गाइसीको लेख पनि समसामयिक छ ।

पुरानो पुस्तामा सीमित ह्याउँ थ्वँ बनाउने विधि नयाँ पुस्तालाई हस्तान्तरण गर्नु आजको आवश्यकता हो । नयाँ पुस्तालाई आकर्षित गर्न सके लेख सार्थक हुनेछ ।

ठीक यस्तै कुरा छ- **'धिमेको बोल'** बारे इन्दिरा लाछिमस्युको लेख पनि । किनभने आधुनिक विदेशी बाजामा रम्ने युवा जमातलाई ख्वपको धिमेले आकर्षित गर्नु कम्तीको चुनौतीपूर्ण छैन । यद्यपि धिमे सिक्ने सिकाउने नेवार समाजको लोक परम्परामा जीवित धिमाय् बाजा पछिल्ला केही वर्ष यता युवा जमातको आकर्षण बढ्दै गएको पनि देखिन्छ । अझ महिलाहरू समेत यसतर्फ खिँचिदै गएकाले इन्दिराको लेखले त्यो आकर्षण अझ थपिनेमा दुइमत नहोला ।

धिमे बाजा स्थानीय पाठ्यक्रमसँग सम्बन्धित भएपछि अब यो नेवारको मात्र नभई यो गैर नेवारहरूको पनि साझा बाजा हुँदै जाने निश्चित छ ।

जनआन्दोलन २०४६ का **अमर शहीदहरूको सङ्क्षिप्त जीवनी** यसअघि नै पुस्तिकाकारको रूपमा प्रकाशित थियो नै । त्यसैको साभार गरिएको हो । यसले देश र जनताको लागि गरेको बलिदान खेर जाँदो रहेनछ भन्ने सन्देश प्रवाह भएको छ । शहीदहरू कृष्णराम दुवाल, राजकुमार सुवाल, हरिकृष्ण भुजु, निर्मलकुमार शाक्य, महेश श्रेष्ठ र पुष्परत्न शाक्यको जीवनीले नयाँ पुस्तालाई निरङ्कुशताविरुद्ध लड्न उत्प्रेरित गर्ने अपेक्षा गर्न सकिन्छ ।

त्यस्तै शिक्षाप्रेमी, समाजसेवी, किसान नेताहरू **बुद्धिकुमार गोसाईं**को जीवनी होस् वा **गोविन्द दुवाल**को जीवनी होस् त्यसले राजनीति तरवारको धारमा हिँड्ने बाटो हो भन्ने पुष्टि गर्दछ । तर देश र जनताको निम्ति गरिएको त्यस्तो यात्रा खेर जाँदैन, अन्ततः समाजमा सकारात्मक परिवर्तन ढिलो वा चाँडो आउँछ नै भन्ने पनि ती जीवनी पढेपछि थाहा हुन्छ । लेखकद्वय शिक्षक मित्रहरू लक्ष्मीनारायण दुवाल र गणेशराम थुसाको फरक फरक शैली पनि राम्रै लाग्यो ।

स्थापित लेखक तेजेश्वरबाबु ग्वंगद्वारा लिखित **'नागपञ्चमीको महिमा'** र **'रमापतिराज शर्मा राजोपाध्यायको जीवनी'**को लेखन शैली अत्यन्त मिठासपूर्ण छ । मीठो र मौलिक शैलीमा नागपञ्चमीको महिमा शीर्षकको आत्मानुभूतिसहितको लेखले नाग हाम्रो समाज र जीवनका लागि आवश्यक भएकाले संरक्षण गर्नुपर्ने बोध गराउँछ भने नेपालभाषा साहित्य तःमुंज्यालगायतका सार्वजनिक दबुहरूमा जहिले पनि सुनिने 'भाषा जवा' भन्ने रमापति शर्माको उपाधिलाई लेखमा कहीँ उल्लेख नहुनु चाहिँ किन होला भन्ने उत्सुकता मनमा लागिरहेको छ ।

शिक्षक मित्र महेन्द्रगोपाल कर्माचार्यले लेख्नुभएको **'डा. योगेन्द्रप्रसाद प्रधानको जीवनी'** अर्को पठनीय र पाठकको लागि प्रेरणा स्रोत बन्नेमा शङ्का छैन । आफ्नो मातृभाषा नेपालभाषाको काव्य भूमि उर्वर पार्न पसिना बहाएका प्रधानाङ्गका ९ ओटा काव्य कृतिहरू रहेको मात्र नभई जनस्वास्थ्य विषयमा उच्च शिक्षामा पठन पाठनको लागि पनि उहाँले खेल्नुभएको अग्रणी भूमिका ख्वपवासीको लागि गौरव गर्न लायक छ ।

ओम धौभडेलले **'खिछैँ महाजन गणेशबहादुर कर्माचार्यको छोटो जीवनी'** लेख्नुभएको छ । गणेशकृत रामायणका स्रष्टा खिछैँ महाजनको जीवनी पढ्दा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको स्मरण हुन्छ । उही विषय र उस्तै काव्यकृतिका कवि भानुभक्तलाई नेपाली साहित्यमा जुन उचाइ र सम्मान प्राप्त छ त्यो सम्मान र उचाइ नेपालभाषा भाषीले गणेशबहादुरलाई दिन नसक्नु ख्वपवासीकै निम्ति विडम्बना मान्नुपर्छ । लेखकले खिछैँ महाजनका सम्बन्धमा सङ्क्षेपमा सकेसम्म उजिल्याउने प्रयास गर्नुभएको छ । अग्रज धार्मिक पुस्ताले अहिले पनि घर घरमा गणेशकृत रामायण वाचन भइरहेकाले महाजन अमर छन् भन्नेमा विवाद छैन । यो जीवनीले थप नयाँ पुस्तासम्म गणेशकृत रामायण पुग्नेछ भन्ने विश्वास गर्न सकिन्छ ।

बौद्ध विद्वान रत्नसुन्दर शाक्यद्वारा लिखित **'प्रेमबहादुर श्रेष्ठको जीवनी'** भने धेरैको लागि नौलो लाग्न सक्छ । राजा त्रिभुवनको पालामै राजदरबारमा खाइरहेको जागिर त्यागेर तिब्बतमा पुगी भिक्षु हुनुभएका श्रेष्ठ महायानी परम्पराअनुसार

काठमाडौंमा सदियौँपछि पहिलो पटक देखिएका भिक्षुमध्येमा पर्नुहुन्छ । तर कट्टर सनातनी हिन्दू ब्राह्मणहरूको चुकुलीमा राजद्रोहको आरोप लगाई श्री ३ चन्द्रशम्शेरले देश निकाला गरेको सन्दर्भ जीवनी पढ्दाका स्मरणीय लाग्यो । हिन्दुकुलका व्यक्ति भिक्षु हुनु नै उहाँको अपराध रहेछ । बुद्ध मूर्ति निर्माण गरी नगर परिक्रमा गर्नु नै उहाँको अपराध रहेछ । सुन्दै हामीलाई आश्चर्य लाग्छ । तर प्रेमबहादुर श्रेष्ठले भोगेको तीतो सत्य जीवनीमा पढ्न पाइन्छ ।

हामीमध्ये अहिले यहाँ अधिकांश नेवारै छौँ । तर, **'नेवार को हुन्'** भन्ने चिनाउने आलेख छ प्रा. माणिकलाल श्रेष्ठको । अहिलेका हामी सबै नेवार एउटै नेवार होइन रहेछौँ, कोही आर्य, कोही मङ्गोल त कोही अष्टा द्रविड पनि रहेछौँ । धार्मिक दृष्टिले पनि शैव र बौद्ध धर्म मान्ने नेवार, छन् भने पृथ्वीनारायण शाहले उपत्यका जित्नुपूर्व त इसाइ र इस्लाम धर्म मान्ने नेवार पनि हामीमध्ये थियौँ । तर पृथ्वीनारायण शाहले इसाइ मान्नेहरूले देश छोड्नु नभए मार्नु भनेकाले धेरै नेवार बेतिया गएर बसेको चर्चा पनि यो आलेखमा छ । नेपालभाषा बन्नुभन्दा पहिला नेवार र तामाङको एउटै भाषा थियो । तामाङसँग नेवारको भाषिक सम्बन्धबारे थप जान्न यो आलेख पढ्नैपर्छ ।

मल्ल राजालाई नेवार भनिए पनि तिनीहरू नेवार नभई ठकुरी भएको पनि उक्त आलेखमा उल्लेख हुँदा धेरै भ्रम यो लेखले निवारण गरिदिनेछ भन्ने विश्वास छ ।

सम्पदा संरक्षविद् रवीन्द्र पुरीको **'मूर्त र अमूर्त सम्पदा'** लेखले मूर्त र अमूर्त सम्पदा भनेको के हो । यसको महत्त्व के हो भन्ने राम्ररी वर्णन गरिएको छ । लेखमा भनिएको छ– 'घर हाम्रो मूर्त सम्पदा हो भने घर बनाउने सिपालु हातहरू हाम्रा अमूर्त सम्पदा हुन् । 'हाम्रा मौलिक मूर्त अमूर्त सम्पदा संरक्षण हुनुपर्छ' भन्ने नै लेखको सार हो । उहाँले यहाँका नाचगान, चाडपर्व, संस्कारगत परम्परा, खानपान, लवाइ र हाकुपटासी सबै अमूर्त सम्पदाको संरक्षण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पूर्वन्यायाधीस गौरीबहादुर कार्कीको **'ङातापोल्हँ मन्दिर पुर्खाको अनुपम उपहार'**मा पाँचतले मन्दिरको सर्वाङ्ग चर्चा छ । राजा भूपतीन्द्र मल्लको पालामा ६ महिनामा निर्माण सम्पन्न भएको यो देशकै सबभन्दा अग्लो मन्दिरले पटक पटक विनाशकारी भूकम्पको धक्का सामना गरेर पनि ३२० वर्षदेखि उभिरहनुले यसको कालीगडी पक्ष आज इन्जिनियरिङ क्षेत्रकै लागि अध्ययन र चुनौतीको विषय बनेको छ । कोरोना कहरको बीचमै पनि हजारौँ भक्तपुरवासीले श्रमदान गरी हालै जीर्णोद्धार सम्पन्न भएको ङातापोल्हँ वास्तवमै ख्वपवासीको लागि गौरवको प्रतीक बनेको छ । लेखकले विगतदेखि वर्तमानसम्मको ङातापोलको चर्चा गरेर अब जीर्णोद्धार गर्नुपर्ने बाँकी सम्पदा पनि भक्तपुर नगरपालिकाले पहल गर्न आग्रह गर्नुभएको छ ।

शिक्षक मित्र आशाकुमार चिकंबञ्जारले **'लिपिको विकास र मानव सभ्यता'** लेख्नुभएको लेखमा मानव सभ्यतासँगै लिपिको विकास कसरी भएको हो भन्ने प्रस्ट्याउनुभएको छ भने संस्कृतिविद् ओम धौभडेलले **'भक्तपुरका १८ ओटा ऐतिहासिक ढोकाहरूको परिचय'** दिनुभएको छ । साथै उहाँले ती ढोकाहरूको ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्नुभएको छ । साथै उहाँले नगरको १० वटै वडाका **'सम्पदाहरूको पनि सङ्क्षिप्त परिचय'** दिनुभएको छ ।

त्यस्तै सुदर्शना बज्राचार्यले **'जयकीर्ति महाविहार (थथुवही)'** को धार्मिक र सांस्कृतिक महत्त्वबारे सङ्क्षेपमा चर्चा गर्नुभएको छ भने सङ्घरत्न 'निवा' शाक्यले **'कुथुवहीको परिचय'** लेख्नुभएको छ ।

प्रमोदप्रसाद अवालले **'भक्तपुरमा बनाइने माटाका भाँडाकुँडाहरू'**का बारेमा जानकारी दिने प्रयास गर्नुभएको छ । माटोलाई माया गर्नेहरूले भोकै मर्नुपर्दैन भनिन्छ भन्नलाई तर यो विशिष्ट पेशा भएर पनि युवा पुस्ता आकर्षित नहुँदा पुरानो पुस्तासँगै यो सीप लोप हुने चिन्ता यो क्षेत्रमा व्याप्त भएकोमा लेखक चिन्तित देखिन्छ ।

अभय श्रेष्ठले **'भान्छामै ओखती'** लेखेर चुलोचौकाका लसुन, बेसार, अदुवा, ज्वानो, मेथी, पुदिनालगायत प्याज, करेला, दूध, दही, माछा मासु, सागपातमा पाइने पौष्टिक तत्त्वका बारेमा जानकारी दिनुभएको छ ।

यी बाहेक रामगोपाल कर्माचार्यको **'स्काउट शिक्षाको परिचय'**, सिद्धिरत्न शाक्यको **'देवाली पूजा'**, सविन ख्याजुको **'कौसी खेती प्रविधि'**, सीताराम हाछेथुको **'ट्राफिक नियम'**, लक्ष्मीभक्त बासुकलाको **'यकंधाला'**, अमोक रत्न शाक्यको **'ततामो कासा'**का साथै राजेन्द्र श्रेष्ठको प्रस्तुती **'केही स्थानीय गीतहरू'**– सितला माजुको गीत, विस्केटको घातु, सिनाज्या म्ये, होली म्ये पनि त्यतिकै पठनीय छ ।

यी पाठ्य सन्दर्भ सामग्रीहरू शिक्षकहरूका लागि मात्र नभई भक्तपुरका बारेमा जान्न बुझ्न चाहने जो कोहीका लागि त्यतिकै महत्त्वपूर्ण पाठ्यवस्तु हो भन्नेमा कुनै सन्देह छैन ।

अन्तमा शुद्धाशुद्धिमा अझै देखिएका केही त्रुटिहरूका लागि क्षमा याचना गर्दै नेपाली भाषाको कुनै मानक व्याकरणको अभावले गर्दा कतिपय हिज्जेको समस्या रहेको व्यहोरा राख्दै आफ्नो कुरा यही टुङ्ग्याउँछु ।

*(पुस्तक सार्वजनीकिकरणमा व्यक्त मन्तव्य)*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ जेठ ११ गते, मंगलबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

### निर्णय

**नगरसभामा पेश गर्न दुई विधेयक पारित**

**'भक्तपुर नगरपालिका कर्मचारी दरबन्दी तथा समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८'** र **'भक्तपुर नगरपालिका कर्मचारी पदपूर्ति तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८'** स्वीकृत गरी पारित गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## मिति २०७८ असार १ गते, मंगलबार

### निर्णयहरू

**नगरसभा**

यस नगरपालिकाको दशौं नगर सभाको बैठक मिति २०७८।३।७ गते बस्ने निर्णय गरियो ।

**अक्सिजन प्लान्टउद्घाट**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा जनस्तरबाट सहयोग प्राप्त भए अनुसार स्थापना गरिएको अक्सिजन प्लान्टको उद्घाटन समारोह २०७८ असार १ गते, मंगलबार ख्वप अस्पतालको प्राङ्गण, च्याम्हासिंहमा गर्ने निर्णय गरियो ।

**समितिहरूको निर्णय अनुमोदन**

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७८।२।२६ र २।३१ गते**

क. भ.न.पा.२ यालाछेँस्थित शारदा मा.वि.को भवन पुरानै शैलीमा निर्माण गरिरहेको सन्दर्भमा स्कूलको तर्फबाट भक्तपुर नगरपालिकामा **आर्थिक सहयोग**को लागि पत्राचार भएकोमा नगरपालिकाको तर्फबाट रु.२५,००,०००।– (अक्षरूपी पच्चिस लाख) मात्र आर्थिक अनुदान दिने निर्णय गरियो ।

ख. भक्तपुरको ऐतिहासिक दरबार क्षेत्रभित्र शिलु महादेव (फसी देग:) पुनः निर्माणको क्रममा वि.सं. १९९० अघि उक्त मन्दिरको चारै दिशामा जडित बो सिंहहरू भूकम्पबाट भत्केपछि नगरपालिकाको पुरानो भवन अगाडि २ ओटा र गोल्मढी गः हितिमा २ ओटा राखिएकोमा हाल मौलिक शैलीमै बनाउन लागिएको हुँदा ती बो सिंहहरू सोही मन्दिरमा राख्न पुरातत्त्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाबाट मिति २०७७।११।१० गते र २०७८।२।३१ गते भक्तपुर नगरपालिकामा पत्राचार भए अनुसार पुरातत्त्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाले गोल्मढी गः हितिमा नयाँ बो सिंह राख्नुपर्ने शर्तमा त्यहां रहेका ती बो सिंहहरू सिलु महादेव (फसी देग:) मा नै यथावत राख्न **सहमति दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न डाताःपोल्हँको ऐतिहासिक विवरणसहित उपभोक्ता समितिमार्फत गरिएका

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा बाल विवाह अन्त्यका लागि समुदाय परिचालन विषयमा प्रवचन कार्यक्रम (असार २६ गते)




भक्तपुर नगरपालिका वडा नं. ३ द्वारा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा आयोजित प्रवचन कार्यक्रम (साउन २ गते )



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतबाट वडा नं. १० महालक्ष्मीस्थानमा निर्माणाधीन स्वास्थ्य केन्द्रको पहिलो तला ढलान कार्यको निरीक्षण (साउन ६ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट वडा नं. १ सल्लाघारीस्थित ह्वाङ ह्वाङ पाटीको शिलान्यास (साउन ९ गते)

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपाका उपप्रमुख रजनी जोशी नपाका कर्मचारीहरुलाई एक महिने साङ्केतिक भाषा तालिमको उद्घाटनमा (साउन ३ गते)



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार तथा बालविकास केन्द्रका शिक्षिका तथा कर्मचारीहरुलाई १५ दिने माद्‌ल बजाउने प्रशिक्षण कार्यक्रम (असार २० गते)





भक्तपुर नपाबाट पुनर्निर्माणाधिन विश्वकर्मा आगंछें (बायाँ) र भाज्यापुखूको जलेश्वर मन्दिर

## तस्बिरमा केही गतिविधि

भक्तपुर नपाबाट सबै वडामा सामाजिक सुरक्षा भत्ता वितरण









## तस्बिरमा केही गतिविधि

भक्तपुर नपाबाट नगरवासीहरूलाई कोभिड-१९ विरुद्धको खोप 'भेरोसेल' र 'जोन्सन एण्ड जोन्सन' खोप अभियान









कार्य प्रगति विवरण उल्लेखित पुस्तक 'ङातापोल्हँ जीर्णोद्धार २०७७' ३००० प्रति पुनः प्रकाशन गर्न र यसअघि मुद्रण गरेकोलाई साविक मूल्यमा नै **मुद्रण** गर्न स्वीकृति दिने निर्णय गरियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र विवरणसम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७८।२।३१ गते**

क. भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका नागरिकहरूका लागि आवश्यक पर्ने अपाङ्गताको सहायक सामग्री खरिद गर्न आवश्यक रकम वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई २,५०,०००।- (अक्षरूपी रु.दुई लाख पचास हजार) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

ख. हालको विषम परिस्थिति (कोभिड-१९) लाई मध्यनजर गरी अपाङ्गता भएका नागरिकहरूलाई मास्क, स्यानिटाइजर, डेटोल साबुन, स्यानिटरी प्याड (महिलालाई) बजारबाट **खरिद गरी वितरण गर्ने** निर्णय गरियो ।

## महिला, बालबालिका तथा समाज कल्याण समिति

**मिति २०७८।२।३१ गते**

क. भक्तपुर नगरपालिकालाई नेपाल सरकारबाट सशर्त बजेटमा निम्न अनुसारको कार्यक्रमहरू १० ओटै वडामा गर्ने निर्णय गरियो :

१. बालविवाह अन्त्यको लागि समुदाय परिचालन
२. बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम
३. बाबु आमाविहीन बालबालिकाको संरक्षण कार्यक्रम

१. बाल विवाह अन्त्यको लागि भक्तपुर नगरका १० ओटै वडामा समुदाय परिचालन कार्यक्रम गर्न समितिका संयोजक श्री रोशनमैया सुवाललाई रु.२,००,०००।- (अक्षरूपी दुई लाख) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

## निर्माण समिति

**मिति २०७८।२।१३ गते**

| क्र.सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई. / कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यमा रात्रीपहरेदार खटिएको फागुन र चैत महिनाको डोर हाजिर अनुसार भुक्तानी सम्बन्धमा | ९ | ब्रम्हायणी बहुउद्देश्यीय भवन | | | | | ४८,०००।०० | | | | |
| **मर्मत शाखा सम्बन्धी** | | | | | | | | | | | | |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | १ि१० वडासम्म विभिन्न नियमित मर्मत कार्य (२०७७ पुस महिनाको) | १–१० | मर्मत | १,५४,९३७।८४ (सामानतर्फ) | | | १,५४,९३७।८४ सामान तर्फ) | १,५४,९३७।८४ (सामान तर्फ) | १५४९३७।८४ सामान तर्फ) | | | सामान जिन्सीबाट प्राप्त |
| | | | | ९१,५५९।८६( ज्यालातर्फ) | | | ८७,१००।००( ज्यालातर्फ) | ८७,१००।००( ज्यालातर्फ) | ९१५५९।८६ (ज्यालातर्फ | | | |
| | | | | २४६,४९७।७० | | | २४२,०३७।८४ | २४२,०३७।८४ | २४६,४९७।७० | | | |
| **मिति २०७८।०२।२६ गते** | | | | | | | | | | | | |
| **क्र.सं.** | **योजनाका बिवरण** | **वडा नं.** | **बजेट** | **ल.ई.रकम** | **रि ल.ई./ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्याङ्कन रकम** | **योजनाको अवस्था** | **उ.स.अ.** | **कैफियत** |
| **रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | समाज सुधार माविमा शौचालय तथा प्लास्टर निर्माण कार्य | ६ | बागमती प्रदेश सांसद कोष | १,३११,५१५।१७ | १,३१४,०५०।९३ | | | | | | कृष्ण बोहजू | |
| २ | लिबाली आवास क्षेत्रको सडक पेटी स्तरोन्नति कार्य | ४ | बागमती प्रदेश सांसद कोष | ४,९९९,९९७।०४ | ४,९९९,९९७।०४ | | | | | | कृष्णसागर बासी | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्योट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नपली पुलदेखि नपली चोकसम्म रिटेनिंग वाल निर्माण तथा पीच कार्य | १ | बागमती प्रदेश सांसद कोष | २,७६८,९२६।५५ | | ८००,०००।०० | १,०६६,९२६।५० | २६६,९२६।५० | १,५८५,९४६।०२ | सम्पन्न | हिराकाजी निरौला | |
| | | | | | | ८००,०००।०० | १,४३०,३०७।९७ | ६३०,३०७।९७ | १,९०८,०४९।९५ | | | |
| | | | | | | १,६००,०००।०० | २,४९७,२३४।४७ | ८९७,२३४।४७ | ३,४९३,९९५।९७ | | | |
| २ | शारदा माविमा ढुङ्गा छपाइ कार्य | २ | बागमती प्रदेश सांसद कोष ०७६/७७) | २,४९८,८०५।०० | | १,८३०,०००।०० | १,८३२,९५१।४६ | | १,८५९,७२३।१८ | सम्पन्न | रत्नभक्त कासुला | विद्यालयबाट रू.२,९५१।०० आर्थिक सहयोग |
| ३ | राममन्दिर काउण्टरदेखि मु:दीप पछाडिसम्म सडक ट्र्याक निर्माण कार्य | ४ | बागमती प्रदेश सांसद कोष | ३,२७२,५९५।४० | | १,०००,०००।०० | २,९९५,०३६।०० | १,९९५,०३६।०० | ३,८४६,९६९।११ | सम्पन्न | समिर प्रजापाति | |
| ४ | प्रभात माविको पर्खाल, ढल निकास तथा शौचालय निर्माण कार्य | ६ | बागमती प्रदेश सांसद कोष | २,६०८,७९३।२१ | २,६०५,८८५।२० | ८००,०००।०० | ९७३,९४९।३८ | १७३,९४९।३८ | १,०३०,५१४।०३ | आंशिक सम्पन्न | सुजता ध्वोजू | थप पेश्की रू.१०,२६,०५०।७२ |
| ५ | समाज सुधार माविमा शौचालय तथा प्लास्टर निर्माण कार्य | ६ | बागमती प्रदेश सांसद कोष | १,३११,५१५।१७ | १,३१४,०५०।९३ | ४३२,०००।०० | १,२८९,०८८।४८ | ७९८,०००।०० | १,३०७,१५८।०३ | सम्पन्न | कृष्ण बोहजू | विद्यालयबाट रू५९,०८८।०० आर्थिक सहयोग |
| ६ | कोभिड१९ सङ्क्रमण रोकथाम सामग्री वितरण कार्यक्रम | १–१० | सङ्घीय सरकार सांसद कोष | १,०९७,५००।०० | १,०९७,६६९।५४ | ३५०,०००।०० | ७०३,८०६।०८ | ३५३,८०६।०८ | ८७५,९०५।५० | सम्पन्न | उपेन्द्र सुवाल | रू.५२,६८९।६३ नपाको बाँकी भुक्तानी शीर्षक बाट व्यहोर्ने |
| | | | | | | ३३६,१९४।०० | ३८८,८८३।६३ | ५२,६८९।६३ | ४५१,४३२।६३ | | | |
| | | | | | | **६८६,१९४।००** | **१,०९२,६८९।७१** | **४०६,४९५।७१** | **१,३२७,३३८।१३** | | | |
| ७ | लिबाली आवास क्षेत्रको सडक पेटी स्तरोन्नति कार्य | ४ | बाग्मती प्रदेश सांसद कोष | ४,९९९,९९७।०४ | | १,६५०,०००।०० | २,८५०,६७१।०४ | १,२००,६७१।०४ | ३०,०७,१३२।२८ | आंशिक सम्पन्न | कृष्णसागर बासी | थप पेश्की रू.२१,४९,३२६।०० |
| ८ | लक्ष्मी नरसिहं मन्दिर पुन:निर्माण कार्य | ४ | लक्ष्मी नरसिहं मन्दिर पुन:निर्माण कार्य | ३७,१२७,५१५।३८ | | ५,०००,०००।०० | ५,८००,४९९।१९ | ८००,४९९।१९ | ६,१६५,६२२।०६ | आंशिक सम्पन्न | न्हुछेंराम भेले | थप पेश्की रू. १६ लाख ५० हजार |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | खानेपानी वितरण कार्य | १–१० | खानेपानी समिति | ४९७,७७६।३० | | | ३१०,४९५।७५ | ३१०,४९५।७५ | ३१०,४९५।७५ | आंशिक सम्पन्न | भक्तपुर नेचुरल ड्रिङकिंग प्रा.लि. | |

मिति २०७८।०२।३१ गते

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई. रकम | सुरू कबोल अंक (BOQ) | परिमार्जित कबोल अंक ( BOQ) | | | योजनाको अवस्था | ठेकेदार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हौं हौं पाटी पुन:निर्माण कार्य | १ | | ६,११९,५७२।९८ | | | | | | | | |
| १ | बाराही पुल निर्माण कार्य ( दोश्रो चरण) | ३ | बागमती प्रदेश समपुरक अनुदान | ३८,११५,४९९।०० | ४२,५३४,४१४।९४ | २२,५२०,१५१।०३ | २८,१६८,७२५।१० | | | | जय वागिश्वरी /सिस्ने जे.भी. | भेरियशन अर्डर सहित |
| **क्र. सं.** | **योजनाका बिवरण** | **वडा नं.** | **बजेट** | **ल.ई. रकम** | **रि ल.ई./ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्याङ्कन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
| **पेश्की फर्छ्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाराही पुल निर्माण कार्य ( दोश्रो चरण) | ३ | बागमती प्रदेश समपुरक अनुदान | ३८,११५,४९९।०० | ४२,५३४,४१४।९४ | | | ११,८५८,८३५।४३ | ११,८५८,८३५।४३ | आंशिक सम्पन्न | जय वागिश्वरी / सिस्ने जे.भी. | प्रथम बिल भुक्तानी |
| २ | गपली कुवादेखि अरनिको राजमार्गसम्म ब्लक छाप्ने/मर्मत कार्य | ४ | बागमती प्रदेश सांसद कोष | १,०२७,३७२।६१ | | ३००,०००।०० | ७५८,४६४।८३ | ४५८,४६४।८३ | ८३८,९६८।४९ | सम्पन्न | विश्वराम त्वायना | |
| ३ | हनुमानघाट ( त्रिवेणीघाट) खोला सुधार कार्य | ७ | खोला सुधार | ६२२,८१४।३८ | | २००,०००।०० | ५२८,७५०।०० | ३२८,७५०।०० | ५६६,५५०।५९ | सम्पन्न | कृष्ण गोविन्द खाइजू | |
| | | | | | | | ६९,९४९।९२ | ६९,९४९।९२ | ७०,९५४।५७ | | | |
| | | | | | | **२००,०००।००** | **५९८,६९९।९२** | **३९८,६९९।९२** | **६३७,५०५।१६** | | | |
| ४ | सिद्धपोखरी गेट, भार्वाचो गेट तथा नपुखूमा रङ रोगन कार्य | १ | बातावरण | ५०१,७२६।९० | | १६५,०००।०० | ३५५,०४०।०० | १९०,०४०।०० | ६७७,४३२।०२ | सम्पन्न | कृष्ण बहादुर दुगुजु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रधनमन्त्री रोजगार कार्यक्रम तर्फ** | | | | | | | | | |
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | |
| १ | भाजु पोखरीमा सफाइ गर्ने कार्य | १ | प्रधानमन्त्री रोजगार | ६३०,४९९।०० | १,७१०,७६३।०१ | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | भाजु पोखरीमा सफाइ गर्ने कार्य (२०७८ वैशाख महिनाको) | १ | प्रधानमन्त्री रोजगार | ६३०,४९९।०० | १,७१०,७६३।०१ | | | २५४,३६४।०० | २९७७५५।९४ |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट ख्वप अस्पताल (भक्तपुर नगर अस्पताल) को लागि ५ वेडको आईसीयू र २ ओटा भेन्टिलेटर स्थापना गर्न रु.३ करोड रकम श्री अर्थ मन्त्रालयको च.नं. २३४९ मिति २०७८।२।१४ को पत्रबाट श्रोत सुनिश्चितता भई आएकोले छिटो छरितो प्रक्रियाबाट खरिद गरी स्थापना गर्न यस नगरपालिकालाई अनुरोध भै आएकोले सो अनुसार कारवाही अगाडि बढाउने गरी यस नगरपालिकाको तर्फबाट श्री जनस्वास्थ्य केन्द्र च्याम्हासिंह, भक्तपुरलाई मिति २०७८।२।१७ मा **प्रदान गरिएको अख्तियारी**को अनुमोदन गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाबाट कोभिड-१९ को महामारीको रोकथाम, नियन्त्रण र उपचार समेतको प्रयोजनार्थ तत्काल ख्वप अस्पताल (भक्तपुर नगर अस्पताल) को लागि नगरपालिकाको आन्तरिक स्रोतबाट अक्सिजन प्लान्ट खरिद गर्ने व्यवस्था भएकोमा उक्त अक्सिजन प्लान्ट यस नगरपालिकाको ख्वप अस्पताललाई हस्तान्तरण गर्ने, जनताको सहयोगबाट नै उक्त अस्पतालमा अक्सिजन प्लान्ट, स्वास्थ्य उपकरणहरू र पूर्वाधार निर्माणको लागि समेत स्रोत व्यवस्थापन हुने गरी प्रकोप व्यवस्थापन कोषमा नगद सहयोग जम्मा हुन आएकोले उक्त कोषबाटै अक्सिजन प्लान्ट खरिद एवं जडानलगायतका कार्यहरूमा भएको खर्च सोधभर्ना लिई हिसाब मिलान गर्ने र कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारलगायत ख्वप अस्पतालको आवश्यकीय पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने रकम उक्त **कोषबाटै व्यहोर्ने** निर्णय गरियो ।

ग. यस नगरपालिकासंग भगिनी सम्बन्ध रहेको छिमेकी मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको शान्नान नगरपालिकाबाट विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागि भक्तपुर नगरपालिकाको लागि चःद्य छ्ढढद्धण्ण अनुसार नेपाली मूल्य रु.१,०९,२१,०६८।- राशी बराबर मूल्यको भेन्टिलेटर १ ओटा, अक्सिजन कन्सट्रेटर ३२ थान, अक्सिजन सिलिण्डर १०० ओटा, आईसीयु बेड ५० ओटा सहयोग प्राप्त भएको व्यहोरा जानकारी गराउँदै उक्त सहयोगको लागि शान्नान नगरपालिकालाई **धन्यवाद** प्रकट गर्ने तथा उक्त प्राप्त सहयोग सामग्रीहरू यस नगरपालिकाद्वारा सञ्चालित श्री जनस्वास्थ्य केन्द्र, च्याम्हासिंहलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

घ.यस नगरपालिकाको मिति २०७८।२।११ गते सम्पन्न विशेष नगरसभाको बैठकबाट पारित भै जारी भएको **'भक्तपुर नगरपालिका कर्मचारी दरबन्दी तथा समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८'** दफा ४ को उपदफा (१) र (२) बमोजिम भक्तपुर नगरपालिकाको स्थानीय सेवाका कर्मचारीहरूको मिति २०७८।३।१ गतेदेखि लागू हुने गरी समायोजन गरी दफा ५ बमोजिम समायोजन पत्र उपलब्ध गराउने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको फोहोरमैला सङ्कलन गर्ने बा १ क ३५५९ को गाडीबाट मिति २०७८।०१।१२ गते देकोचामा गाडी ब्याक गर्ने क्रममा बा १६ छ ५८९३ मोटरसाइकलमा छोई मर्मत गर्नुपर्ने भएकोले सो मर्मत गरे वापत रु.२२,४७५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. नपाको बा १ स १६७४ नम्बरको ट्राइसाइकल मर्मत गरे वापत रु.७,६५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. बा १ ग २९४१ नम्बरको बाकोलोडर गाडी मर्मत गरे वापत रु.१७,५००।- र बा १ क ३५५९ नम्बरको गाडी मर्मत गरे वापत रु.१९,५००।- गरी कुल रु.३७,०००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. नपाको बा २ च ८७७ नम्बरको गाडी मर्मत गरे वापत रु.२७,९४०।- टि एस काली एण्ड सप्लायर्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. नपाको शिक्षा शाखामा ब्याट्री, इन्भर्टर मर्मत र जडान गरे वापत रु.४,५२०।- भक्तपुर इलेक्ट्रिकललाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. मिति २०७७।१२।२७ गते टौमढीमा आयोजित जनसभा कार्यक्रममा आवश्यक साउण्ड सिस्टम उपलब्ध गराए वापत रु. ११,०००।- बास नेशनल साउण्ड सिस्टमलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. नेपाल कर्मचारी एशोसियसन भनपा एकाई समितिबाट प्रकाशित २०७८ सालको भित्तेपात्रोमा नपाको विज्ञापन प्रकाशित गरे वापत कर्मचारी एशोसियसनलाई रु.२५,०००।- **भुक्तानी दिने** निर्णय गरियो ।

ठ. वडा नं १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले अन्तरनगर बुद्धिचाल प्रतियोगिताको लागि रु. ८,००,०००।- पेश्की लिई रु.७,२७,८२७।- बराबरको बिल भपाई पेश गरी बाँकी रकम बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

ड. नपाबाट अक्सिजन प्लान्ट खरिद गरी ल्याउँदाको भन्सार

तथा अन्य खर्च गरी कुल रु. ५६,४२८।- ख्वप अस्पताल भवन निर्माण आयोजना प्रमुख विजयराम कोजूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ढ. अक्सिजन प्लान्ट खरिद र जडान कार्यको खर्चको **शोधभर्ना** भ.न.पा.को प्रकोप व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो ।

ण. प्रशासकीय अधिकृत श्री दामोदर सुवालले भक्तपुर नगरपालिकाले चीनको स्वशासित क्षेत्र तिब्बतको शान्नान शहरबाट कोभिड १९ रोकथाम र नियन्त्रणको लागि विभिन्न स्वास्थ्य सामग्री तातोपानी भन्सार नाकामा लिनका लागि रु.५०,०००।- पेश्की लिई रु.७२,९०५।- बराबरको बिल भर्पाइ पेश गरेकोमा निजलाई नपुग रकम रु.२२,९०५।- भुक्तानी दिई निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

त. यस न.पा.का ४ नं. वडा अध्यक्ष श्री कुमार चवालले मिति २०७७।११।१७ देखि २२ गतेसम्म भएको वक्सिङ्ग प्रतियोगितामा सहाभागी हुन रु.५०,०००।- पेश्की लिई रु.४६,१६५।- खर्च समर्थन गरी बाँकी रकम बैंक दाखिला गरी निजको नाउँमा रहेको **पेश्की फछ्र्यौट** गरियो ।

थ. लेखा परीक्षणको सिलसिलामा ब्रदर्श क्याफेको रु.९,८००।- र बालकृष्ण खाजा घरको रु.९,६४०।- चिया नास्ताको खर्च समर्थन गरी **भुक्तानी गर्ने** निर्णय गरियो ।

द. यस कार्यपालिकाका सदस्यहरू श्री छोरी मैया सुजखु ( प्रजापति) का ससुरा काशीनारायण प्रजापति र श्री सुनिता प्रजापति (अवाल) को ससुरा श्री हर्षबहादुर अवालको दुःखद निधन भएकोमा मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा **समवदेना** व्यक्त गर्ने निर्णय गरियो ।

## मिति २०७८ असार ६ गते, सोमबार

### निर्णयहरू

### नीति तथा कार्यक्रम

नगर प्रमुखज्यूबाट यस नगरपालिकाको आ.व. २०७८/०७९ को लागि बैठकमा प्रस्तुत नीति तथा कार्यक्रम स्वीकृत गरी दशौँ **नगर सभामा पेश गर्ने** निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. कृषि समितिको मिति २०७८।३।६ गते बसेको बैठकको नेपाल सरकारको सशर्त बजेट अन्तर्गत यस नगरपालिकालाई माटो परीक्षण गर्न **कृषि प्रयोगशाला** (Lab) सञ्चालनको लागि प्राप्त भएको सशर्त अनुदान भक्तपुर नगरपालिका वडा नं. २ स्थित बासु माध्यामिक विद्यालयलाई प्रयोगशाला स्थापना एवं सञ्चालन गराउने गरी उपलब्ध गराउने ।

ख. भक्तपुर नगरपालिकाको दशौँ नगरसभा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा २०७८ असार ७ गते, सोमबार, ख्वप इन्जिनियरिङ्ग कलेजको सभाकक्षमा  गर्ने निर्णय गरियो ।

ग. नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटमा स्वास्थ्य लाभ गरिरहेका बिरामीहरुका लागि खाना, खाजा व्यवस्थापन एवं अन्य दैनिक प्रशासनिक खर्च व्यवस्थापनका लागि जनस्वास्थ्य केन्द्र, च्याम्हासिंहलाई रु.५०,००,०००।- (अक्षरुपी पचास लाख) शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको बजेटबाट **निकासा पठाउने** निर्णय गरियो ।

### घ. निर्माण समिति

मिति २०७८।३।६ गते

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.इ/ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | रानी पोखरी पुन:निर्माण कार्य (तेस्रो चरण) | १ | रानी पोखरी पुन:निर्माण कार्य | ७२,४७२६८।१४ | | | | | | | | |
| | **रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, इतापाके सडक निर्माण कार्य | | बागमती प्रदेश सशर्त अनुदान | ४,६९६,६१५।७५ | ४,६९०,८३४।२६ | | | | | | ध्रुव ढुंगेल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धम** | | | | | | | | | | | | |
| १ | दुबेंकी फल्चा पुन:निर्माण कार्य | ८ | टिभि, एफएम रिकर्डिंग केन्द्र निर्माण कार्य | ४,८२०,४३७।५० | | १,४००,०००।०० | १,६५२,८२०।०० | २५२,८२०।०० | १,९९६,२८४।०८ | आंशिक सम्पन्न | लक्ष्मण T फेलु | |
| २ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, इतापाके सडक निर्माण कार्य | | बागमती प्रदेश सशर्त अनुदान | ४,६९६,६१५।७५ | ४,६९०,८३४।२६ | १,३००,०००।०० | १,९८८,१५८।३४ | ६८८,१५८।३४ | २,०१७,४४९।८० | आंशिक सम्पन्न | ध्रुव ढुंगेल | थप पेश्की रू. २,०११,८४१।६६ |
| **३** | रानी पोखरी पुन:निर्माण कार्य (दोस्रो चरण) | **१** | रानी पोखरी पुन:निर्माण कार्य | ६,४६७,१४८।३० | | १,५००,०००।०० | १,९३०,४२८।०० | ४३०,४२८।०० | १,९७९,५१२।८५ | **सम्पन्न** | **श्याम सुन्दर बाटी** | |
| | | | | | | २,१००,०००।०० | २,१००,०००।०० | ˙ | २,२५४,११२।७८ | | | |
| | | | | | | १,९००,०००।०० | २,३९३,३२१।६० | ४९३,३२१।६० | २,७६४,९०९।०७ | | | |
| | | | | | | **५,५००,०००।००** | **६,४२३,७४९।६०** | **९२३,७४९।६०** | **६,९९८,५३४।७०** | | | |
| | **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | |
| **१** | हौं हौं पाटी पुन:निर्माण कार्य | **१** | | ६,११९,५७२।९८ | | उ.स.अ. : राजन कोजु<br>अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | | | | | | |
| **२** | रानी पोखरी पुन:निर्माण कार्य (तेस्रो चरण) | **१** | | ५,९४६,५८३।६० | | उ.स.अ. : श्यामसुन्दर बाटी<br>अ.स.स. : गंगालक्ष्मी बमनु | | | | | | |
| ३ | मंगलतिर्थ स्थित पूर्वतिर जनसेवा स्कूलसम्मको पर्ति जग्गा संरक्षण कार्य | ४ | पर्ति जग्गा संरक्षण | २,१३९,२६४।७६ | | उ.स.अ. : बलराम सुवाल<br>अ.स.स. : राजेन्द्र माक | | | | | | |
| ४ | ख्वप अस्पताल आईसीयू निर्माण तथा व्यवस्थापन कार्य | ९ | प्रकोप व्यवस्थापन | ५,६६३,६०७।६६ | | उ.स.अ. : नातीभाई ह्योम्वा<br>अ.स.स. : रविन्द्र ज्याख्व | | | | | | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| **१** | भैरवनाथ आगछैं पुन:निर्माण कार्य (लाकोलाछैं) | **४** | | ३,३७०,३९६।५० | | आ.व. २०७८/७९ को पुस मसान्तसम्म म्याद थप | | | | | | |
| **प्रधनमन्त्री रोजगार कार्यक्रम तर्फ** | | | | | | | | | | | | |
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सहिद स्मृति खेल मैदान सरसफाइ सहिद उद्यान व्यवस्थापन सुधार कार्य | २ | प्रधानमन्त्री रोजगार | ५०८,९१३।४६ | ४३४,८०५।३१ | | | | | | | |
| २ | महाकाली मन्दिर क्षेत्र हरियाली प्रवर्द्धन कार्य | ६ | प्रधानमन्त्री रोजगार | ५०८,९१६।९५ | १,२६९,९३८।४९ | | | | | | | |
| ३ | वागीश्वरी स्कूलसंगैको बाटो मर्मत र वडाको विभिन्न स्थानमा सरसफाइ कार्य | ८ | प्रधानमन्त्री रोजगार | २४१,५८३।८६ | ४९८,८३२।९३ | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | तुमचो, दुगुरे, चोखा, जग्गा एकीकरण आयोजनाको बाटोहरूको फुटपाथ तथा पानीपास सफा गर्ने कार्य | ९ | प्रधानमन्त्री रोजगार | ४९९,४८८।६८ | ६०४,३३४।१८ | | | | | | | |
| ५ | नाग पोखरीमा माटो सफाइ कार्य | १० | प्रधानमन्त्री रोजगार | ५७०,८३०।३१ | ५०९,७५३।९८ | | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सहिद स्मृति खेल मैदान सरसफाइ सहिद उद्यान व्यवस्थापन सुधार कार्य | २ | प्रधानमन्त्री रोजगार | ५०८,९१३।४६ | ४३४,८०५।३१ | | | ८७,३७३।०० | १००,०५८।३३ | | | वैशाख महिनाको भुक्तानी |
| २ | महाकाली मन्दिर क्षेत्र हरियाली प्रवर्द्धन कार्य | ६ | प्रधानमन्त्री रोजगार | ५०८,९१६।९५ | १,२६९,९३८।४९ | | | ५३६,६४६।०० | ६०७,५५९।१० | | | वैशाख–जेठ महिनाको भुक्तानी |
| ३ | वागीश्वरी स्कूलसँगैको बाटो मर्मत र वडाको विभिन्न स्थानमा सरसफाइ कार्य | ८ | प्रधानमन्त्री रोजगार | २४१,५८३।८६ | ४९८,८३२।९३ | | | ७८,०६७।०० | ९१,०८५।८८ | | | वैशाख महिनाको भुक्तानी |
| ४ | तुमचो दुगुरे, चोखा जग्गा एकीकरण आयोजनाको बाटोहरूको फुटपाथ तथा पानीपास सफा गर्ने कार्य | ९ | प्रधानमन्त्री रोजगार | ४९९,४८८।६८ | ६०४,३३४।१८ | | | ४४,९७९।०० | ६०,४८९।०० | | | वैशाख महिनाको भुक्तानी |
| ५ | नाग पोखरीमा माटो सफाइ कार्य | १० | प्रधानमन्त्री रोजगार | ५७०,८३०।३१ | ५०९,७५३।९८ | | | १७०,०९३।०० | १९८,४२७।२४ | | | वैशाखर जेठ महिनाको भुक्तानी |
| **मर्मत शाखा सम्बन्धी** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गोलघर निर्माणका लागि भग्नावशेष हटाउने कार्य (ट्याक्टर भाडा) | ८ | मर्मत | ८५,०५०।०० | | | | | | | | |
| २ | आलांबुंदिखि धालाखुसी पुलसम्म ग्राभेलिंग बाटो मर्मत कार्य | १ | मर्मत | ९०,८८१।५२ | | | | | | | | |
| १ | १-१० वडा सम्म विभिन्न नियमित मर्मत कार्य (२०७७ मंसिर महिनाको) | १-१० | मर्मत | २,३९,३३०।४२ (सामानतर्फ) | | | | २,२४,५३५।४६ (सामानतर्फ) | २,२४,५३५।४६ (सामानतर्फ) | | | सामान जिन्सीबाट प्राप्त |
| | | | | १,०२,४७६।५५ (ज्यालातर्फ) | | | | ९३,९७५।०० (ज्यालातर्फ) | ९७,८५८।६० (ज्यालातर्फ) | | | |
| | | | | ३४१,८०६।९७ | | | | **३१८,५१०।४६** | **३२२,३९४।०६** | | | |
| २ | गोलघर निर्माणका लागि भग्नावशेष हटाउने कार्य (ट्याक्टर भाडा) | ८ | मर्मत | ८५,०५०।०० | | | ८५,०५०।०० | ८५,०५०।०० | ८५,०५०।०० | सम्पन्न | कृष्ण लाल मातां | |

ङ. यस नगरपालिकाको वडा नं. ७ क्षेत्रमा सफाइ ठेक्कामा कार्य गर्दै आएका सफाइ ठेकेदार श्री इन्द्रमान ग्वाछा मिति २०७८ वैशाख ४ गते ५८ वर्ष पूरा भई निजको सफाइ ठेक्का रद्द भइसकेको र निजले अर्को व्यवस्था नभएसम्म मिति २०७८ वैशाख ५ गतेदेखि सफाइ कार्यमा दैनिक ज्यालादारीमा काम गर्न पाऊँ भनी निवेदन पेश भएकोमा तत्काल अर्को सफाइ कर्मचारी भर्ना गरी सफाइ कार्य गराउन कठिनाई भएकोले अर्को व्यवस्था नभएसम्म निजलाई नै काम गराउन उपयुक्त हुने वडाअध्यक्षज्यूबाट सिफारिस भई आएको हुँदा मिति २०७८ वैशाख ५ गतेदेखि २०७८ असार मसान्तसम्मको लागि निजलाई नै पूर्ववत ज्याला पाउने गरी दैनिक **ज्यालादारीमा सफाइ कार्य** गराउने निर्णय गरियो ।

च. भ.न.पा.बाट सञ्चालित ख्वप अस्पताल भवन निर्माण आयोजनाबाट मिति २०७८।२।३१, च.नं. १४८ को पत्रबाट रु.२ करोड निकासा माग गरिएको पत्र सम्बन्धमा छलफल हुँदा हाललाई उक्त आयोजनाको लागि रु.२ करोड प्रकोप व्यवस्थापन कोषबाट **निकासा दिने** निर्णय गरियो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

## मिति २०७८ असार १० गते, सोमबार

### निर्णयहरू

**बजेट**

उप प्रमुखज्यूबाट पेश भएको यस नगरपालिकाको आ.व. २०७८/०७९ को कूल रु. १ अर्ब ९३ करोड २० लाख रुपैयाँको अनुमानित बजेट, आर्थिक विधेयक, २०७८ र विनियोजन विधेयक, २०७८ बैठकबाट स्वीकृत गरी दशौँ **नगर सभामा पेश गर्ने** निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. महिला, बालबालिका तथा समाज कल्याण समितिको मिति २०७८।३।१० गते बसेको बैठकले बाल विवाह, अन्त्यको लागि समुदाय परिचालन कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकालाई प्राप्त हुने रु.३,००,०००।- (अक्षरुपी तीन लाख) सशर्त बजेट (अनुदान) कार्यक्रम वडा वडामा स्थानीय समुदाय परिचालन गरी कार्यक्रम गर्न नगरका दशै ओटा वडाको लागि प्रति वडा रु.३०,०००।- (अक्षरुपी तीस हजार) को दरले **रकम उपलब्ध गराउने** ।

ख. यस नगरपालिकाको आठौँ नगरसभाबाट पारित साविक मापदण्ड अनुसारको निर्माण भएका घर भवनको नक्सा पास र सूचीकरणसम्बन्धी कार्यविधि, २०७७ अनुसार सम्बन्धित नगरवासीहरूले आ-आफ्नो भवन, टहरा, ग्यारेज, पर्खाल आदिको नक्सा पास वा **सूचीकरण गर्न** आउनु ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने ।

## समितिहरूको निर्णय अनुमोदन

**निर्माण समिति**

**मिति २०७८।३।९**

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई. कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गय:भिंद्यो पुल निर्माण पाँचौं चरण | ७ | बाँकी भुक्तानी बजेट शीर्षक | १,९४७,९१२।३८ | | | | | | | | |
| रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शारदा माविमा ढुङ्गा छपाइ कार्य | २ | बागमती प्रदेश सांसद कोष ०७६।७७) | २,४९८,८०५।०० | १,९१३,५५३।८२ | | | | | | | |

**पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तुमचो दुगुरे, चोखा जग्गा एकीकरण आयोजनामा खानेपानी उपचार प्लान्ट निर्माण कार्य | ९ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना | ९,५८३,४५०।०७ | पहिलो फछ्र्यौट | ३,०००,०००।०० | ४,१२५,४४२।४० | १,१२५,४४२।४० | ५,८९०,९२४।८३ | सम्पन्न | विष्णुराम दुमरू | |
| | | | | | दोस्रो फछ्र्यौट | ३,२००,०००।०० | ४,८९८,१०६।६५ | १,६९८,१०६।६५ | ६,१३२,०९३।८८ | | | |
| | | | | | **जम्मा** | **६,२००,०००।००** | **९,०२३,५४९।०५** | **२,८२३,५४९।०५** | **१२,०२३,०१८।७१** | | | |
| २ | गयःभिंद्यो पुल निर्माण चौथो चरण | ७ | बाँकी भुक्तानी बजेट शीर्षक | ९,९९४,०८३।०० | पहिलो फछ्र्यौट | ५,०००,०००।०० | ६,१०७,४३७।०० | १,१०७,४३७।०० | ८,२७०,९४५।९० | सम्पन्न | लक्ष्मीभक्त कवां | बाँकी भुक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |
| | | | | | दोस्रो फछ्र्यौट | ३,५००,०००।०० | ३,७८५,७६७।६१ | २,८५,७६७।६१ | ४,३४४,०२९।३५ | | | |
| | | | | | **जम्मा** | **८,५००,०००।००** | **९,८९३,२०४।६१** | **१,३९३,२०४।६१** | **१२,६१४,९७५।२५** | | | |
| ३ | बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण) | १० | बागमती प्रदेश सशर्त | ४,९९९,७७९।९९ | | १,६००,०००।०० | २,११३,४०३।०० | ५१३,४०३।०० | २,२६५,२५०।३१ | आंशिक सम्पन्न | लक्ष्मी प्रसाद चवाल | |
| ४ | छिपा तां (पुल) पुनःनिर्माण कार्य (दोस्रो चरण) | ९ | छिपा तां (पुल) पुनः निर्माण | ९,९४१,७९७।९१ | पहिलो फछ्र्यौट | ३,२००,०००।०० | ६,४७७,१८८।५८ | ३,२७७,१८८।५८ | ६,७१८,३२०।२८ | सम्पन्न | रामेश्वर प्रजापति | |
| | | | | | दोस्रो फछ्र्यौट | १,७००,०००।०० | २,९५६,८०२।३७ | १२५६,८०२।३७ | ३,९५१,६९६।७९ | | | |
| | | | | | **जम्मा** | **४,९००,०००।००** | **९,४३३,९९०।९५** | **४,५३३,९९०।९५** | **१०,६७०,०१७।०७** | | | |
| ५ | महेश्वरी भवन (ग्यारेज) निर्माण | १० | | ३,००६,९३७।६३ | | २,५५०,०००।०० | २,२३४,३९०।६९ | | २,९८२,९११।४७ | सम्पन्न | कृष्णभक्त ख्याजू | बैंक दाखिला रू. ३,३३,००७।३१ |
| ६ | शारदा माविमा ढुङ्गा छपाइ कार्य | २ | बाग्मती प्रदेश सांसद कोष (०७६।७७) | २,४९८,८०५।०० | १,९१३,५५३।८२ | १,८३०,०००।०० | १,८३२,९५१।४६ | | १,८५९,७२३।१८ | सम्पन्न | रत्नभक्त कासुला | विद्यालय बाट रू २,९५१।०० आर्थिक सहयोग |
| ७ | इखालाछी मठ पुनःनिर्माण कार्य | ७ | इखालाछी मठ | १९,०५४,३००।७६ | पहिलो फछ्र्यौट | ३,०००,०००।०० | ४,३०३,९२४।५२ | १,३०३,९२४।५२ | ४,३७९,२७२।०७ | आंशिक सम्पन्न | पुरूषोत्तम तमखु | बाँकी भक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |
| | | | | | दोस्रो फछ्र्यौट | १,१७५,०००।०० | २,३२९,५२७।८३ | १,१५४,५२७।८३ | २,७४९,१२६।४४ | | | |
| | | | | | **जम्मा** | **४,१७५,०००।००** | **६,६३३,४५२।३५** | **२,४५८,४५२।३५** | **७,१२८,३९८।५१** | | | |
| ८ | सहिद स्मृति बाल उद्यान स्तरोन्नति तथा विस्तार कार्य | २ | बागमती प्रदेश सांसद कोष | ४,१९८,७१७।८४ | | **१,२००,०००।००** | **१,३३०,६६४।७०** | **१३०,६६४।७०** | **१,५५८,८६१।०७** | आंशिक सम्पन्न | कमल श्वरी सुवाल | |

**उपभोक्ता समिति गठन सम्बन्धमा**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्द्रायणी द्येःछैं पुनःनिर्माण कार्य (दोस्रो चरण) | २ | इन्द्रायणी द्येःछैं पुनःनिर्माण कार्य | ९,९८२,३१२।५३ | | उ.स.अ. : विनोदचरण राय<br>अ.स.स. : रविन्द्र खर्बुजा | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | दुबेंकी फल्चा पुन:निर्माण कार्य | ८ | टिभि, एफएम रिकर्डिंग केन्द्र निर्माण कार्य | ४,८२०,४३७।५० | | आ.व. २०७८।७९ को पुस मसान्तसम्म म्याद थप | | | | | | |
| **काठ उपलब्ध गराउने सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हौं हौं पाटी पुन:निर्माण कार्य | १ | | ६,११९,५७२।९८ | | हौं हौं पाटी पुन:निर्माण कार्य सुरू गर्न ७५ घन फिट सालको काठ उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय | | | | | | |
| **प्रधनमन्त्री रोजगार कार्यक्रम तर्फ** | | | | | | | | | | | | |
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मंगलतीर्थ परिसर सरसफाइ कार्य | ४ | प्रधान मन्त्री रोजगार | ४६३,६०४।७५ | १,१७७,८४०।२८ | | | | | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सहिद स्मृति खेल मैदान सरसफाइ सहिद उद्यान व्यवस्थापन सुधार कार्य | २ | प्रधानमन्त्री रोजगार | ५०८,९१३।४६ | ४३४,८०५।३१ | | | ७७,०३३।०० | ९१,६१५।८५ | | | जेठ महिनाको भुक्तानी |
| २ | मंगलतीर्थ परिसर सरसफाइ कार्य | ४ | प्रधानमन्त्री रोजगार | ४६३,६०४।७५ | १,१७७,८४०।२८ | | | १४३,७२६।०० | १७९,८७२।४५ | | | वैशाख / जेठ महिनाको भुक्तानी |
| ३ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको बाटोहरूको फुटपाथ तथा पानीपास सफा गर्ने कार्य | ९ | प्रधानमन्त्री रोजगार | ४९९,४८८।६८ | ६०४,३३४।१८ | | | २०,६८०।०० | २३,०७८।८८ | | | वैशाख महिनाको भुक्तानी |
| **मर्मत शाखा सम्बन्धी** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नासद्यो चोकमा ईनलेटदेखि मेनहोलसम्मको पोलिथिन पाइप फेर्ने कार्य | ६ | मर्मत | ५१,१८६।९६ | | | | | | | | |

## मिति २०७८ असार १७ गते, विहीबार

### निर्णयहरू

**अनुमोदनको लागि**

१) यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरूलाई आवश्यकता अनुसार आ.व. २०७८/०७९ का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नवीकरण गरी **अनुमोदनको लागि** दशौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२) यस न.पा. मा कार्यरत नगर सरसफाइका सफाइ ठेक्काहरूको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०७९ आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने निर्णय गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३) यस न.पा.को आ.व.२०७८/०७९ को लागि सम्पूर्ण कर्मचारीहरूको पेश भए बमोजिमको तलवी प्रतिवेदन स्वीकृत गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

४) यस नगरपालिकाको आ.व २०७७।७८ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना आयोजनाहरूको जाँचपास तथा फरफारक गर्ने निर्णय गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

५) आ.व. २०७८/०७९ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा जिन्सी उपशाखाबाट तयार गरी खरिद इकाई समितिबाट पेश भएको रु. ६,६५,७०,८४६।२० (अक्षेरुपी छ करोड, पैंसठ्ठी लाख सत्तरी हजार आठ सय छैयालिस रूपैयाँ, बीस पैसा) वार्षिक खरिद योजना स्वीकृत गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७८ असार १४ गते**

क. भक्तपुर नगरपालिकाले ख्वप पहिचान (भाग-२) स्थानीय पाठ्यक्रम किताब ५००० (पाँच हजार) प्रति छपाइ (२८४ पेज द्यर६ पेपर ७० ग्राम, कभर ४ पेज कलर र २५० ग्राम पेपरमा) गर्नको लागि मित्रता छापाखाना, गोल्मढी भक्तपुर, युनिक प्रिन्टिङ्ग हाउस र सि.टि.पी. सोलुसन प्रा.लि. काठमाण्डौले कोटेशन राखेकोमा सबभन्दा कम प्रति किताब रु.१८।- (भ्याटसहित) गर्ने भनी कबोल गरेको मित्रता छापाखाना गोल्मढीलाई **छपाइ कार्य** गर्न सारभूत रूपमा उपयुक्त भएको निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रहरू सञ्चालन गर्न आवश्यक दुई जना शिक्षिका (सहजकर्ता र एक जना आया दिदी (सहयोगी) पदपूर्तिको लागि **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

ग. शिशु स्याहार केन्द्रमा कार्यरत शिक्षिका र आयादिदीहरूको क्षमता अभिवृद्धि गर्न १५ दिने **मादल बजाउने तालिम** सञ्चालन गर्ने । उक्त तालिम सञ्चालन गर्नका लागि प्रशिक्षक राजकुमार मानन्धरलाई प्रशिक्षकको रूपमा नियुक्ति गर्ने । साथै प्रति दिन रु.१०००।- (एक हजार) मात्र दिने । जम्मा १५ दिनको मात्र तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७८ असार १४ गते**

क. भक्तपुर नगरपालिका क्षेत्रभित्रको फोहोर मैला व्यवस्थापनको लागि आधुनिक प्रविधि प्रयोग गर्ने सम्बन्धमा प्राविधिक अध्ययन गरी दिगो रूपमा फोहरमैला व्यवस्थापनको कार्यका लागि प्रतिवेदन पेश गर्न ख्वप कलेज अफ इन्जिनियरिङ्का प्राचार्य ई. सुनिल दुवालको संयोजकत्वमा टोली गठन गर्न र आवश्यक गतिविधिका लागि ख्वप कलेज अफ इन्जिनियरिङ्मा **पत्राचार गर्ने** निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाका विभिन्न वडाहरूमा ठेक्कामा सफाइ मजदुर नियुक्त भई कार्य गरिरहेका कर्मचारीमध्ये उमेर हद तथा शारीरिक अशक्तताको कारणले सेवाबाट अलग्ग भएकाहरूको हकमा रिक्त स्थानमा प्रक्रिया पुऱ्याई **सफाइकर्मीको व्यवस्था** गर्ने निर्णय गरियो ।

ग. पसल बहाल सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

नगरपालिकाको स्वामित्वमा रहेका देहायका पसल तथा शौचालयहरू बढीमा ५ वर्षका लागि बहालमा सञ्चालन गर्न दिन निम्न उल्लेखित न्यूनतम वार्षिक बहालसहित अन्य शर्तहरू खुलाई स्थानीय पत्रिकामा १५ दिने **सूचना प्रकाशित** गर्ने ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

| क.सं | पसल कवलको विवरण | वडा नं. | न्यूनतम अङ्क, बार्षिक,बहाल रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको सभा भवन पछाडिको साविक तरकारी बजार पसल नं. ३ | ५ | ६२,६२५।– | साविक बहालमा २५ प्रतिशत थप गरी न्यूनतम बहाल कायम |
| २ | अरनिको सभा भवन पछाडिको साविक तरकारी बजार पसल नं. ४ | ५ | ६२,६२५।– | ३ नं. र ४ नं. पसल कवल उस्तै भएकोले एउटै न्यूनतम दर कायम |
| ३ | कुथुवहि मिनिबस पार्कस्थित सार्वजनिक शौचालय रहेको भवनको पसल नं. १ | १ | १,२०,०००।– | चलन चल्तीको मूल्य अनुसार न्यूनतम दर कायम |
| ४ | सिद्धपोखरीस्थित सार्वजनिक शौचालय | १ | २,५०,०००।– | यस अघिको बोलपत्रमा कबोल भएको बहाल दरलाई आधार मानी न्यूनतम अङ्क कायम |
| ५ | भगवतीस्थानस्थित सार्वजनिक शौचालय | ५ | ४०,०००।– | यस अघिको बोलपत्रमा कबोल भएको बहाल दरलाई आधार मानी न्यूनतम अङ्क कायम |
| ६ | राममन्दीरस्थित सार्वजनिक शौचालय | ४ | ४०,०००।– | चलन चल्तीको मूल्यअनुसार न्यूनतम दर कायम |

घ. भक्तपुर क्राफ्ट पेपर लि. को सम्पूर्ण शेयरहरू भक्तपुर नगरपालिका र भक्तपुर नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको नाममा खरिद गर्ने गरी भक्तपुर नगरपालिका र उक्त कम्पनीका शेयरधनीहरूका मन्जुरी प्राप्त व्यक्ति सुनिल कृष्ण ताम्राकार बीच भक्तपुर जिल्ला अदालतमा भएको मिति २०७१।१०।४ को मिलापत्र भई सो कम्पनीको मिति २०७१।१०।९ को संचालक समितिको बैठकबाट उक्त मिलापत्र बमोजिम भक्तपुर नगरपालिका र सो अन्तर्गतका वडा कार्यालयहरूको नाममा शेयर हस्तान्तरण गरी दा.खा. गरी दिएको व्यहोरासहित सोही मितिमा शेयर अभिलेखका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा पटक पटक ताकेता गर्दा समेत कम्पनी रजिष्ट्रारको कार्यालयबाट हालसम्म शेयर अभिलेखीकरण भै नआएको र हाल अभिलेखीकरण गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा टिप्पणी राय सदर भै अभिलेखीकरण हुने अवस्थामा पुगेको व्यहोरा अनुरोध गर्दै कम्पनीको लेखा परीक्षण र वार्षिक साधारण सभाहरू विविध कारणबस नियमित रूपमा नभएको कारण कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम पेश गर्नुपर्ने विवरणहरू तोकिएको समयमा पेश नभए वापत जरिवाना राजश्व बुझाउन रु. ४,४४,८००।- (अक्षरेपी चार लाख चवालिस हजास आठ सय रूपैयाँ) भुक्तानी गर्नु पर्ने भनी निर्णयार्थ बैठकमा पेश हुन आएको, कम्पनीको २०७०।७१, २०७१।७२, २०७२।७३, २०७३।७४ र २०७४।७५ को लेखा परीक्षण प्रतिवेदन समयमा सम्पन्न नभई सो आ.व. हरूको वार्षिक साधारण सभाहरूसमेत वार्षिक रूपमा नभई एकै पटक २०७५।९।३० मा भई सम्पन्न भएको कारण कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम पेश गर्नुपर्ने विवरणहरू नियमित रूपमा पेश गर्न नसकेको भन्ने देखिएको हुँदा उपरोक्त अनुसारको रकम कम्पनी रजिष्ट्रार कार्यालय काठमाण्डौको नाउँमा राजश्व बुझाउने गरी भुक्तानी गरी **शेयर अभिलेखीकरण** गर्ने निर्णय गरियो ।

## निर्माण समिति

**मिति २०७८।३।१७**

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई. रकम | सुरू कबोल अंक (BOQ) | परिमार्जित कबोल अंक (BOQ) | | | योजनाको अवस्था | ठेकेदार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रिभाइज ल.ई.र भेरियशन अर्डर स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बाराही पुल निर्माण कार्य (दोश्रो चरण) | ३ | बागमती प्रदेश समपुरक अनुदान | ३८,११५,४९९।०० | ४३,८०५,९६४।५८ | २२,५२०,१५१।०३ | २८,००२,९७७।६६ | | | | जय वागिश्वरी र सिस्ने जे.भी. | |
| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई.र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | समाज सेवा इन्स्टिच्युट आधारभूत स्कूल झ्याल खापा र प्लास्टर कार्य | ८ | बागमती प्रदेश सांसद कोष | १,१८६,८९१।८६ | १,०४५,२०६।६७ | | | | | | कृष्णराम ख्याजू | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बासु मावि पर्खाल निर्माण कार्य | | बागमती प्रदेश सांसद कोष | २,१६८,०२७।७९ | २,१२५,५५८।३२ | | | | | | कान्छा बासुकला | |
| ३ | सल्लाघारी नपलीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य | | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ६,१७४,७२१।३९ | ७,७९५,२२७।०० | | | | | | कान्छा बासुकला | |

**कोटेशन स्वीकृत सम्बन्धमा**

१. परम्परागत ऐतिहासिक बिस्का जात्रा सभ्य र भव्य रूपमा सञ्चालन गर्न रथ तान्ने रूट तथा लिङ्गो उभ्याउने र ढाल्ने क्षेत्रामा CCTV Serveillance नयां जडान र Lighting को मर्मत तथा बत्ती व्यवस्था कार्य गर्न ल.ई. ४,७२,०८८।०० मिति २०७७।१२।२३ गतेको नगरपालिका बैठकबाट स्वीकृत भएअनुसार प्राप्त कोटेशनहरूमध्ये सारभूत रूपमा सबैभन्दा कम दररेट रू. ४,२७,३१२।८९ पेश गर्ने श्री थर्ड आई इन्टरप्राइजेज, भक्तपुरको **कोटेशन स्वीकृति** गर्ने निर्णय गरियो ।

**पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाराही पुल निर्माण कार्य (दोश्रो चरण) | ३ | बागमती प्रदेश समपुरक अनुदान | ३८,११५,४९९।०० | ४३,८०५,९६४।५८ | | | ११,५२७,२९९।५६ | ११,५२७,२९९।५६ | | जय वागिश्वरी /रसिस्ने जे.भी. | प्रथम आंशिक बिल भक्तानी |
| २ | सल्लाघारी नपलीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य | १ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ६,१७४,७२१।३९ | ७,७९५,२२७।०० | २,०००,०००।०० | २,१६७,१९३।१७ | १६७,१९३।१७ | ३,१८६,०७७।६० | आंशिक सम्पन्न | सम्झना प्रेमी | |
| | | | | | | ३३२,८००।०० | ३४४,१११।०४ | ११,३११।०४ | ३७९,४५२।४६ | | | |
| | | | | | | २,०००,०००।०० | **२,०५३,२७३।४१** | ५३,२७३।४१ | **२,३८५,९६६।१४** | | | |
| | | | | | | **४,३३२,८००।००** | **४,५६४,५७७।६२** | **२३१,७७७।६२** | **५,९५१,४९६।२०** | | | |
| ३ | समाज सेवा इन्स्टिच्युट आधारभूत स्कूलको झ्याल, खापा र प्लास्टर कार्य | ८ | बागमती प्रदेश सांसद कोष | १,१८६,८९१।८६ | १,०४५,२०६।६७ | ३५०,०००।०० | ६७८,०६२।०० | ३२८,०६२।०० | ७६८,७०२।३६ | आंशिक सम्पन्न | कृष्णराम ख्याजू | थप पेश्की रू.३,२१,९३८।०० |
| ४ | लिवाली वडा कार्यालय तथा शिशुस्याहार केन्द्र भवनमा तला थप गर्ने कार्य | ८ | बाँकी भुक्तानी बजेट शीर्षक | ४,२३९,५२५।६४ | पहिलो फछ्र्यौट | १,४००,०००।०० | २,२३८,७८७।८८ | ८३८,७८७।८८ | ३,०६३,७८५।०० | सम्पन्न | भीम बहादुर प्रजापति | बाँकी भक्तानी बजेट शीर्षकबाट व्यहोर्ने |
| | | | | | दोस्रो फछ्र्यौट | | १,२९०,११९।९३ | १,२९०,११९।९३ | १,८७२,४६६।२३ | | | |
| | | | | | **जम्मा** | **१,४००,०००।००** | **३,५२८,९०७।८१** | **२,१२८,९०७।८१** | **४,९३६,२५१।२३** | | | |
| ५ | बासु मावि पर्खाल निर्माण कार्य | | बागमती प्रदेश सांसद कोष | २,१६८,०२७।७९ | २,१२५,५५८।३२ | ७००,०००।०० | ७१२,८७८।०० | १२,८७८।०० | ८५६,७०८।३४ | आंशिक सम्पन्न | कान्छा बासुकला | थप पेश्की रू.१२,८७,१२२।०० |
| ६ | बाल विकास स्कूल परिसरको उत्तरतर्फ खुला | | बागमती प्रदेश सांसद कोष | २,०२७,८८८।२४ | | ६६०,०००।०० | १,१६६,३४६।५५ | ५०६,३४६।५५ | १,६१२,८९५।१७ | आंशिक सम्पन्न | कृष्णप्रसाद गोसाई | थप पेश्की रू.८,३३,६५३।४५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रमा ढुङ्गा छपाइ र उद्यान निर्माण कार्य | | | | | | | | | | |
| ७ | कमलविनायक क्षेत्रमा ढल तथा ईंटा छपाइ कार्य | १० | | ४,९९६,१३ ५।२९ | पहिलो फछ्र्यौट | १६५,००० ।०० | १,८२८,०४ १।३४ | १,६६३,०४ १।३४ | २,२४२,१ ८५।६९ | सम्पन्न | राजन नापित | बैंक दाखिला रू. १,१८३। ८९ |
| | | | | | दोस्रो फछ्र्यौट | ३,१४४,० ०४।६६ | ३,१४२,८२ ०।७७ | | ३,२७५,५३ २।८६ | | | |
| | | | | | **जम्मा** | **३,३०९,०० ४।६६** | **४,९७०,८६ २।११** | **१,६६३,०४ १।३४** | **५,५१७,७ १८।५५** | | | |
| ८ | क्वाठण्डौ चोकमा बाटो मर्मत कार्य | १० | सडक बोर्ड | १,०९४,४९ ८।६८ | | ३६०,००० ।०० | ७५६,१८९। ५२ | ३९६,१८९। ५२ | १,०१६,४ ५८।८६ | सम्पन्न | अजय शाही | |
| ९ | शारदा मावि भवन निर्माण कार्य काठको कार्य) | २ | सङ्घीय सरकार सांसद कोष | २,७८६,३७२ ।५५ | | ९००,०० ०।०० | २,७००,५६ ४।१६ | १,६००,०० ०।०० | २,८८८,१ ३०।६३ | सम्पन्न | लक्ष्मीभक्त लासिवा | आर्थिक सहयोग रू. २,००,५ ६४।१६ |
| १० | दरबार स्क्वायरस्थित पद्म मावि पूर्वाधार विकास निर्माण कार्य | ३ | बागमती प्रदेश सशर्त बजेट | २,५६१,०३३ ।६३ | | ८४५,०० ०।०० | २,५१०,८६६ ।७२ | १,१५५,०० ०।०० | २,८२२,६ ८१।३७ | सम्पन्न | बाबुराजा जोशी | आर्थिक सहयोग रू.५,१०, ८६६।७२ |
| ११ | शारदा मावि भवन निर्माण कार्य (भवन निर्माण कार्य) | २ | बागमती प्रदेश सांसद कोष | ४,३४३,१२ ०।४० | | १,४००,० ००।०० | २,२०५,७३१ ।२१ | ८०५,७३१। २१ | २,४९२,४ ६७।४८ | आंशिक सम्पन्न | रत्नभक्त कासुला | थप पेश्की रू. १७,९४, २६८।७९ |
| १२ | CCTV Serveillance नयां जडान तथा सडक बत्ती मर्मत कार्य | ५ वडा तथा विस्कT जात्रा रूट | विद्युत/CCTV | ४७२,०८८। ०० | | | ४२७,३१२। ८९ | ४२७,३१२। ८९ | ४७३,३१८ ।९५ | सम्पन्न | थर्ड आई इन्टरप्राइजेज, भक्तपुर | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, इतापाके सडकनिर्माण कार्य | | बागमती प्रदेश सशर्त अनुदान | ४,६९६,६१५ ।७५ | | आ.व. २०७७/७८ को असार २० गतेसम्म म्याद थप | | | | | | |
| २ | महेश्वरी घाट क्षेत्र ढुङ्गा छपाइ कार्ययोजना | | घाट सुधार कार्य : | २,८७७,४१ ८।०८ | | आ.व. २०७८/७९ को पुस मसान्तसम्म म्याद थप | | | | | | |
| ३ | महेश्वरी खोला सुधार कार्य (थुसाचादेखि | | | २,६६५,८४ ४।०२ | २,२१५,०४३ ।८० | आ.व. २०७८ असार २० गतेसम्म म्याद थप | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्रम्हायणी पीठसम्म) | | | | | | | | | |
| ४ | फोहोरमैला प्रशोधन निर्माण कार्य | | | ६,७९६,९८४।४८ | ७,४३३,२६४।३० | आ.व. २०७८÷७९ को मसिर मसान्तसम्म म्याद थप | | | | |
| ५ | फोहोर प्रशोधन केन्द्रनिर्माण स्थल बाटोको ग्राभेलिंग कार्य ( पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै धुसाचा पुलसम्म) | ८ | वातावरण | १,६०४,७७१।१७ | | आ.व. २०७८।७९ को असोज १५ गतेसम्म म्याद थप | | | | |

**नयाँ आइटम थप गरी परिमार्जित कबोल अङ्क स्वीकृत सम्बन्धमा**

| | |
|---|---|
| १ | **आ.व. २०७७/७८ को बागमती प्रदेश समपुरक अनुदान बजेट र भक्तपुर नगरपालिकाको संयुक्त लगानीमा वडा नं. ३ स्थित बाराही पुल पुन:निर्माण कार्य (दोस्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/02/076/77) गर्नका लागि ल.ई. रु. ३,८१,१५,४९९।०८ मिति २०७७/०५/२९ गतेको नगर कार्यपालिका बैठकबाट निर्णय भई श्री जय बागिश्वरी/सिस्ने जे.भि., नेपालगञ्ज, बाँकेबाट साविक BOQ बमोजिम रु. २,२५,२०,१५१।०३ कबोल गरी कार्य भएकोमा नयाँ आइटमहरू (माटो खन्ने कार्य, River Diversion कार्य र अस्थायी पुल निर्माण कार्य) थप तथा साविक BOQ मा थप परिमाण कार्य गर्नुपर्ने भएकोले सोअनुसार संशोधित रिभाइज ल.ई. रु. ४,३८,०५,९६४।५८ र साविक BOQ मा नयाँ आइटमहरू तथा साविक परिमाणमा थप परिमाण कार्य गरी परिमार्जनपछि थप रु. ५४,८२,८२६।८४ गरी जम्मा परिमार्जित कबोल अङ्क रु. २,८०,०२,९७७।६६ स्वीकृति गर्ने निर्णय गरियो।** |

**बाँकी अन्तिम किस्ता र रङ्गीन बिल भुक्तानी सम्बन्धमा**

| | |
|---|---|
| १ | चालु आ.व. ०७७।७८ को सङ्घीय सरकार सांसद कोष, प्रदेश सरकार सांसद कोष, बागमती प्रदेश सरकार अन्तर्गत सशर्त, समपूरक र विशेष अनुदान कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा कोभिड१९ को कारण सम्पन्न गर्न ढिलाइ भएकोले उपभोक्ता समितिहरूलाई दिन बाँकी अन्तिम किस्ता र निर्माण व्यवसायीहरूको रङ्गीन बिल भुक्तानी तथा अन्तिम बिल भुक्तानी बापतको सबै रकम पेश्की र भुक्तानी स्वरूप उपलब्ध गराई **कार्य सम्पन्न गर्न लगाउने** निर्णय गरियो । |

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

**भुक्तानी सम्बन्धमा (संयुक्त मूल्याङ्कन)**

| क.सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रिल.ई.र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नाग पोखरीमा माटो सफाइ कार्य | १० | प्रधानमन्त्री रोजगार | ५७०,८३०।३१ | ५०९,७५३।९८ | | | ३६१,९००।०० | ४३०,९७८।४६ | | | संयुक्त मूल्याङ्कन |

नक्सा पास सम्बन्धमा

**१. भ.न.पा. साविक वडा नं. २ बाट हाल कायम वडा नं. ८ स्थित कि.नं. ९७, ९९, २००, १९९, २३३, २३२, १०२, १०३, १०४, १०६, १०७, १०८, १९८, १९७, १२१, १२२, १२३, १२४, २१५, २१४, १२६, १२७ र १२८ को जम्मा क्षेत्रफल ११-१०-१-०.८३ मा निर्मित भवनहरू ब्लक A र ब्लक C गरी दुई ओटा भवनहरूको नक्सा स्वीकृतिको लागि ख्वप इन्जिनियरिङ्ग कलेजको तर्फबाट नक्सा सिट तथा निवेदन पेश भएको सम्बन्धमा मिति २०७७।०४।१५ मा नक्सा दर्ता भै सम्बन्धित वडा नं. ८ बाट म्याद टाँस सूचना जारी गरी मिति २०७७।०६।०७ मा सर्जमिन मुचुल्का भई सम्बन्धित वडा प्राविधिकबाट प्रस्तावित भवनहरु ब्लक A पाँच तल्ला, प्लीन्थ एरिया ७५२.५२ ब.मी. र ब्लक C पाँच तला, प्लिन्थ एरिया ४२३.७१ ब.मी. निर्माण भएको भनी प्राविधिक प्रतिवेदन साथ उल्लेख भई आएको देखिन्छ। भक्तपुर नगरपालिकाको 'भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६०' को तेस्रो संशोधन स्वीकृत मिति २०७२।०८।१३ अनुसार उक्त भवनहरू संस्थागत भवन अन्तर्गत पर्दछ र उक्त भवनहरू हाल लागू भैरहेको भ.न.पा. को भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड विनियम २०६० र तेस्रो संशोधन २०७२ लागू हुनु अगाडि नै निर्माण भई हाल लागू मापदण्ड अनुरुप नभएको हुँदा हाल निर्माण भए अनुसार ब्लक A र ब्लक C भवनहरू स्वीकृति सम्बन्धमा तथा यस भक्तपुर नगरपालिकाको मिति २०७६।०३।१० गते बसेको भ.न.पा. कार्यपालिकाको बैठकले उक्त कित्ताका जग्गा र भवनहरू ख्वप इन्जिनियरिङ्ग कलेजलाई भोगाधिकार दिने भनी निर्णय भएकोमा पेश नक्सा तत्कालीन मापदण्ड अनुसार ठिक भएको र उक्त कित्ता जग्गा र भवनहरू ख्वप इन्जिनियरिङ्ग कलेजलाई भोगाधिकारको लागि दिने समेत यस अघि निर्णय भएको देखिएको हुँदा उक्त कलेजको नाममा नक्सा पास गर्न उचित हुने निर्णय गरियो।**

च. यस नगरपालिकाको योजना अन्तर्गत भक्तपुर दरबार स्क्वायरस्थित बत्सला दुर्गा मन्दिरको पुनःनिर्माण कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने क्रममा उक्त पुनःनिर्माण कार्यमा खटिएका डकर्मी श्री श्यामकृष्ण त्वायनाको मिति २०७६।८।४ गते काम गर्ने सिलसिलामा आँखामा गम्भीर चोट पर्न गएकोले औषधी उपचार गर्नको लागि आवश्यक आर्थिक सहयोग माग भएको र सम्बन्धित उपभोक्ता समितिमार्फत सिफारिस समेत भई आएकोमा आँखा पूर्ण रूपमा देख्न नसकिने भनी बी.पी. नेत्र प्रतिष्ठानबाट लेखी आएकोलाई समेत मध्येनजर गरी निजलाई उपचार खर्च र क्षतिपूर्ति समेत गरी रु.१,२०,०००।- (अक्षेरुपी रु.एक लाख बीस हजार) **आर्थिक सहयोग गर्ने** निर्णय गरियो ।

छ. वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले अपाङ्गता भएका नागरिकहरूलाई सहायक सामग्री वितरण गर्न रु. २,००,०००।- पेश्की लिएकोमा रु.३,८५,०२६।- बराबरको बिल भपाई पेस गरी नपुग रकम रु. १,८५,०२६।- भुक्तानी दिई निजको नाममा रहेको **पे.फ.गर्ने** निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिका कार्यपालिका सदस्य श्री रोशनमैया सुवालले अपाङ्ग व्यक्तिहरूलाई आवश्यक सामग्री वितरण गर्न रु. ५,००,०००।- पेश्की लिएकोमा रु. ३,२०,४०७।- को विल भपाई पेस गरी बाँकी रकम रु. १,७९,५९३।- बैक दाखिला गरी निजको नाममा रहेको **पे.फ.** गरियो ।

झ. भक्तपुर नगरपालिकाभित्रका व्यक्तिगत घटना दर्ता, जन्म दर्ता बसाइ सराई, सम्बन्ध विच्छेद कार्यको डिजिटाइजेशन कार्यको परामर्शदाता प्रोक्सी इजुकेशन प्रा. लि. लाई रु. ४,७१,२९५।- **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहोरमैला सङ्कलन गर्ने बा १ झ ८७४८ नं. गाडी मर्मत गरे वापत रु.१,७२०।- सो गाडीका चालक श्री न्हुछेकुमार कोजूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. नपाको बा ३ च ८७६ को गाडी मर्मत गरे वापत रु. ९००।- गाडी चालक श्री सन्तलाल कजूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ठ. नपाको बा २ च ९८०८ को जिप्सी गाडीको मर्मत गरे वापत रु.१,०५०।- गाडी चालक इश्वर श्रेष्ठलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ड. नपाको बा १ ग २२६२ को गाडी मर्मत गरे वापत रु. ८,७०।- गाडी चालन रविन कोजूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ढ. नपाबाट सञ्चालित बा १ ग ३२३९ को गाडी मर्मत गरे वापत रु. २०४५३।-, बा १ ग ३२४० को गाडी मर्मत गरे वापत रु. ३९८३।२५ गरी कुल रु. २४,४३६।२५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ण. नपाको फोहोर सङ्कलन गर्ने बा १ झ ८७५० को गाडी मर्मत गरे वापत रु. ९८८७।५०, गाडी नं. बा ३ च ८७९ को मर्मत गरे वापत रु. ४७९६८।५०, गाडी नं बा १ झ ८७४९ को मर्मत गरे वापत रु. १४,९७२।५०, गाडी नं बा ३ च ८७८ को मर्मत वापत रु.७०,१०५।-, गाडी नं. बा ३ च ८७३ को मर्मत गरे वापत रु.४,३५०।५०, गाडी न बा ३ च ७१४९ को मर्मत गरे वापत रु. ३९,७४७।७५, गाडी नं. बा ३ च ५४३ को मर्मत वापत रु.४१,१६०।२५, गाडी नं. बा ३ च को एम्बुलेन्सको मर्मत गरे वापत रु.७७,३५९।८० र गाडी नं बा २ च ७१५० को मर्मत गरे वापत रु. ९९७२२।५ गरी कुल रु.४,०५,२७४।३० अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

त. नपाको बा ३ च ७१५० को गाडीको मर्मत गरे वापत रु.२५,२५९।६३ नेपाल अटो इलेक्ट्रिक ट्रेडलाई **भुक्तानी दिने** निर्णय गरियो ।

थ. नपाको बा ३४ प ८६३० को मोटरसाइकल मर्मत गरे वापत रु.७५२५।-, नपाको को १ स १६७४ को ट्राइसाइकल मर्मत वापत रु.७,६५०।-, मोटरसाइकल नं. ३८५८ को मर्मत गरे वापत रु. ८३६०।- र मोटरसाइकल नं. बा ६ प ७९५५ का मर्मत गरे वापत रु.४६००।- गरी कुल रु.२८,१३५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

द. नपाको प्र नं. ३ ०१-००२ झ ५४९६ को एम्बुलेन्स मर्मत गरे वापत रु. ७,१५७।- सिप्रदी टेडिङ्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ध. नपाको बा १ ग २९४१ को बाकोलोडर मर्मत गरे वापत रु. ५४,०००।-, बा १ क ३५५९ को मर्मत गरे वापत रु. १९,५००।- गरी कुल रु. ७३,५००।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

न. नपाको फोहोर सङ्कलन गर्ने बा १ क ८१५६ को गाडी मर्मत गरे वापत रु. ८९८५९।८१ हाम्रो हेभी इक्वीपमेन्ट वर्कशप प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

प. नपाद्वारा मिति २०७७ चैत्र २७ गते आयोजित सद्भाव सभामा आवश्यक मेच उपलब्ध गराए वापत रु. १२,४५०।- भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

फ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.३७,१६५।- ब्रदर्श क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## मिति २०७८ असार २३ गते, बुधबार

### निर्णयहरू

**प्रस्ताव अनुमोदन**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम विज्ञहरूको सहजीकरणमा तयार भएको भक्तपुर नगरपालिकाको आ.व.२०७६/०७७ को संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा प्राप्ताङ्क ७३/१०० रहेको प्रतिवेदन प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो ।

**जग्गा रूपान्तरण**

यस नगरपालिकाको मिति २०७७।४।२६ गते बसेको कार्यपालिका बैठकबाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा एकीकरण आयोजना अन्तर्गतको नक्सा नं. १(छ)८ कि.नं. ७४ क्षे.फ. १-१-१-०.१६ जग्गासँग जिल्ला सरकारी वकिल कार्यालयको नाममा कायम रहेको भक्तपुर नगरपालिका वडा नं. १७(ङ) कि.नं. ३०४ को क्षे.फ. ०-४-१-० को घरजग्गासँग सट्टापट्टा गर्ने विषयमा तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाबाट नक्सा नम्बर १(छ)८ कि.नं. ७४ को जग्गा खुल्ला क्षेत्र कायम भएकोमा बिक्री प्लट जग्गामा रूपान्तरण र उक्त जग्गाको सट्टामा सोही आयोजनाका नक्सा नम्बर १(छ)८ कि.नं. २२०, नक्सा नम्बर १(छ)८ कि.नं. ७२, नक्सा नम्बर १(छ)७ कि.नं. ११६ का बिक्री प्लट जग्गाहरूलाई खुल्ला क्षेत्रमा रूपान्तरण र स्थानान्तरणको लागि लेखी आएको र सो सम्बन्धमा सम्बन्धित भ.न.पा. ९ नं. वडा कार्यालयबाट नियमानुसार उक्त जग्गाहरू खुल्ला क्षेत्रको स्थानान्तरण एवं जग्गा सट्टापट्टाको लागि सिफारिससमेत भई आएको विषयमा छलफल हुँदा उक्त तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाको प्रस्ताव र भ.न.पा. ९ नं. वडा कार्यालयको सिफारिस अनुसार उपर्युक्त बमोजिम साविक भ.न.पा. १(छ)८ कि.नं. ७४ क्षे.फ.१-१-१-०.१९ (५४८.८७ व.मि.) जग्गालाई खुल्ला क्षेत्रबाट बिक्री प्लटमा रूपान्तरण र भ.न.पा. १(छ)८ कि.नं. २२० क्षे.फ. ०-१२-३-२ (४०९.३१ व.मि.), १(छ)८ कि.नं ७२ क्षे.फ.०-३-१-३.५५ (११०.४० व.मि.), १(छ)७ कि.नं. ११६ क्षे.फ.०-२-२-३.४२ (८६.३० व.मि.) का बिक्री प्लटका जग्गाहरूको कुल क्षे.फ. १-३-०-०.९५ (६०६.०१ व.मि.) का बिक्री प्लट जग्गाहरूलाई खुल्ला क्षेत्र जग्गामा रूपान्तरण र स्थानान्तरण गर्न र सो अनुसार भएपछि उक्त भ.न.पा. १ (छ)८ कि.नं. ७४ क्षे.फ.१-१-१-०.१९ (५४८.८७ व.मि.) जग्गा यस नगरपालिकाको च.नं. ४०५२, मिति २०७८।३।२१ गतेको पत्रानुसार दाखिल खारेज र सट्टापट्टा गरिदिनु हुन भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरलाई लेखी पठाउने निर्णय गरियो ।

**जग्गा वर्गीकरण र मूल्य**

भूमि सुधार तथा मालपोत कार्यालयको मिति २०७८।२।२१ गतेको च.नं. १५८०२ को प्राप्त पत्रको विषयमा छलफल हुँदा आ.व. २०७८/०७९ को लागि यस नगरपालिका क्षेत्रको जग्गाहरूको वर्गीकरण र न्यूनत्तम मूल्य चालू आ.व.२०७७/०७८ अनुसार नै कायम गर्ने निर्णय गरियो ।

**कार्यसम्पादन सम्झौता**

यस नगरपालिकाका प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतबीच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूबीच कार्य सम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**"ख्वपको पहिचान" विमोचन**

यस नगरपालिकाको स्थानीय पाठ्यक्रमको सन्दर्भ पुस्तक 'ख्वपको पहिचान भाग-२' मिति २०७८ असार २८ गते, सोमबार दिनको ३:०० बजे नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालको प्रमुख आतिथ्यमा विमोचन गर्ने निर्णय गरियो ।

**पारित गर्ने**

भक्तपुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका, २०७८ र न्याय सम्पादन कार्यविधि, २०७८ पारित गर्ने निर्णय गरियो ।

**कार्य समीक्षा**

भक्तपुर नगरपालिकाको यस अघि नगरकार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्था बारेमा समीक्षा गरियो ।

**समितिको निर्णय अनुमोदन**

निर्माण समितिका निम्न निर्णयहरू अनुमोदन गरियो-

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

मिति २०७८।३।२१

| क्र.सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई. रकम | रिल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेश्वरी खोला सुधार कार्य (थुसाचादेखि ब्रम्हायणी पीठसम्म) | ८ | खोला सुधार | २,६६५,८४४।०२ | | ८७५,०००।०० | १,२५४,०००।०० | ३७९,०००।०० | १,२५८,०८८।६७ | सम्पन्न | श्याम सुन्दर बेकोजु | |
| | | | | | | ७००,०००।०० | ८५१,४००।०० | १५१,४००।०० | ९०३,७६७।९७ | | | |
| | | | | | | **१,५७५,०००।००** | **२,१०५,४००।००** | **५३०,४००।००** | **२,१६१,८५६।६४** | | | |
| २ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) | ८ | वातावरण | १,६०४,७७१।१७ | | ५००,०००।०० | ८६०,३७२।४४ | ३६०,३७२।४४ | १,०१३,००६।०४ | आंशिक सम्पन्न | रामप्रसाद किसी | थप पेश्की रू. ५ लाख |
| ३ | लान्चा फल्चा पुन:निर्माण कार्य (प्रथम चरण) | १० | सङ्घीय सरकार सांसद कोष | २,७७६,६०८।२१ | | ९००,०००।०० | १,५५०,००६।०० | ६५०,००६।०० | १,५८०,९२०।७६ | आंशिक सम्पन्न | कृष्णनारायण दुमरू | थप दोस्रो पेश्की रू.९,४९,९९४।०० |
| ४ | बेताल द्यो:छेँ पुन:निर्माण कार्य | ५ | बेताल द्यो:छेँ पुन: निर्माण कार्य | ९,९८०,४७४।५६ | | ३,०००,०००।०० | ३,२३४,३२८।९३ | २३४,३२८।९३ | ३,३१०,०९८।४० | आंशिक सम्पन्न | रामेश्वर मचामसी | थप पेश्की रू. २५ लाख |
| ५ | ३ नं वडा कार्यालय भवन निर्माण कार्य (दोस्रो चरण) | ३ | ३ नं वडा कार्यालय भवन | ९,८८७,५८०।५० | पहिलो फछ्र्यौट | ३,२००,०००।०० | ४,०७६,४६९।०० | ८७६,४६९।०० | ४,५९४,४५८।०८ | सम्पन्न | रामसुन्दर खाताखो | बाँकी भुक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |
| | | | | | दोस्रो फछ्र्यौट | ३,२००,०००।०० | ३,२९४,७७१।२१ | ९४,७७१।२१ | ३,५३१,१९३।६८ | | | |
| | | | | | **जम्मा** | **६,४००,०००।००** | **७,३७१,२४०।२१** | **९७१,२४०।२१** | **८,१२५,६५१।७६** | | | |
| ६ | नयाँ सडक बत्ती जडान कार्य | भ.न.पा. रिङ्ग रोड लगायत का रोड | राष्ट्रिय योजना आयोग विशेष अनुदान | १४,४६७,९६६।९२ | ११,०५१,९५०।०० | **२,०६९,०००।००** | **८,२८७,५६१।२५** | **६,२१८,५६१।२५** | **८,२८७,५६१।२५** | आंशिक सम्पन्न | टपशन इनर्जि प्रा. लि., काठमाडौ | ४५० सेटमा ३२४ सेट सडक बत्ती बलिसकेकोर १२६ सेट सडक बत्ती बल्न बाँकी |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | महेश्वरीघाट क्षेत्र ढुङ्गा छपाइ कार्य | ८ | घाट सुधार कार्य | २,८७७,४१८।०८ | | ९२५,०००।०० | १,३६९,२३१।३८ | ४४४,२३१।३८ | २,१००,८०८।५३ | आंशिक सम्पन्न | लक्ष्मीनारायण दुवाल | रू.२,८७,५२१।०८ बराबरको माटो सहयोग |
| ८ | सांस्कृतिक प्रदर्शन केन्द्र निर्माण कार्य | २ | बागमती प्रदेश सशर्त बजेट | ६,१७६,१३७।४२ | | २,०००,०००।०० | २,२५९,५६१।८९ | २५९,५६१।८९ | २,६३१,२९४।७० | आंशिक सम्पन्न | गणेशप्रसाद सुवाल | थप पेश्की रू.३७,४०,४३८।११ |
| ९ | लिबाली कभर्ड हल निर्माण कार्य | ८ | लिबाली कभर्ड हल | ९,९९२,५२५।२९ | | ३,०००,०००।००<br>१,१५०,०००।००<br>**४,१५०,०००।००** | ४,३००,०६४।९५<br>३,१५७,६११।००<br>**७,४५७,६७५।९५** | १,३००,०६४।९५<br>२,००७,६११।००<br>**३,३०७,६७५।९५** | ५,३४८,८१६।३५<br>३,३५८,४००।०६<br>**८,७०७,२१६।४१** | सम्पन्न | रामसुन्दर बासी | बँकी भुक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |
| १० | खौमादेखि इन्द्रायणी पीठ परिसर सम्म बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल | १,०६९,६८३।१५ | | **३५०,०००।००** | **९९४,७६३।४६** | ६४४,७६३।४६ | **१,०७५,४३०।९९** | सम्पन्न | पूर्णप्रसाद सायजू | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सडक बत्ती मर्मत सम्भार तथा अन्य विद्युतीय कार्यहरू | १ देखि १० नं वडा | सडक बत्ती मर्मत सम्भार तथा अन्य विद्युतीय कार्यहरू | ५,९३,९९६।१५ | ०।०० | ०।०० | ०।०० | **७२,९५०।००** | **१५०,५८५।८७** | आंशिक सम्पन्न | चैत र बैशाख महिना सम्मको मर्मत सम्भार खर्च | विद्युतीय सामान जिन्सी उपशाखा बाट प्राप्त |
| २ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्यमा Ramp को छाना र चेन गेट राख्ने कार्य | ९ | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन | ७६३,४१८।०६ | | | | **३२०,६६५।७५** | **३३६,१३१।७०** | सम्पन्न | आर.आर. मेटल वर्क्स | |
| ३ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्यमा Steel Railing लगाउने कार्य | ९ | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन | ७६३,४१८।०६ | | | | **१४२,३८०।००** | **२३७,७४३।५३** | सम्पन्न | ॐ साई आल्मुनियम | |
| **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ग्य्:भिंद्यो पुल निर्माण (पाँचौं चरण) | ७ | बाँकी भुक्तानी बजेट शीर्षक | १,९४७,९१२।३८ | | ग्य्:भिंद्यो पुल निर्माण (पाँचौं चरण) को कार्यका लागि गर्न साविक उ.स.अ. : लक्ष्मीभक्त कवां र अ.स.स. : बलराम गोसाईलाई समितिमा निरन्तरता दिने निर्णय गरियो । | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **धरौटी फिर्ता सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जनसहभागितामा आधारित सोलार सडक बत्ती जडान | ४ | नेपाल सरकारको जन सहभागितामा आधारित बजेट | ०।०० | ०।०० | **३५,०००।००** | ०।०० | **१५,८४०।००** | ०।०० | कार्य नभएको | उ.स.अ. कृष्ण गोपाल सुवाल | जनसहभागितामा आधारित सोलार सडक बत्ती (रू.३५,०००।०० भौ.नं. प्राप्त गरी रू. १५,८४०।०० धरौटी फिर्ता गर्नु पर्ने) |
| **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ** | | | | | | | | | | | | |
| **रिभाइज ल.ई./भुक्तानी स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | थंथु दरबार चोक सरसफाइ कार्य | ४ | प्रधान मन्त्री रोजगार | ४६२,५९९।३९ | ९९७,९८८।८२ | | | **४५८,५७९।००** | **४७३,०७२।९८** | सम्पन्न | | वैशाख/जेठ/असार महिनाको भुक्तानी |
| २ | चुपिंघाट स्थित शिवालय र केटामरू घाट सरसफाइ कार्य | ५ | प्रधान मन्त्री रोजगार | १,०१६,५०९।२६ | ६०१,८२४।९६ | | | **१६६,४७४।००** | **१९३,९११।४५** | सम्पन्न | | वैशाख/जेठ महिनाको भुक्तानी |
| ३ | ७ वडाका विभिन्न स्थानमा सर सफाइ कार्य | ७ | प्रधान मन्त्री रोजगार | ५२०,२८९।४१ | ५८३,४९५।१४ | | | १६९,५७६।०० | २१५,४८८।२२ | सम्पन्न | | वैशाख/जेठ/असार महिनाको भुक्तानी |
| **कुल भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | थंथु दरबार चोक सरसफाइ कार्य | ४ | प्रधान मन्त्री रोजगार | ४६२,५९९।३९ | ९९७,९८८।८२ | | | **८७८,९००।००** | **९०३,७७५।२५** | सम्पन्न | | कुल भुक्तानी (माघ देखि असारसम्म) |
| २ | चुपिंघाट स्थित शिवालय र केटामरू घाट सरसफाइ कार्य | ५ | प्रधानमन्त्री रोजगार | १,०१६,५०९।२६ | ६०१,८२४।९६ | | | **३५४,१४५।००** | **३९४,६३३।७२** | सम्पन्न | | कुल भुक्तानी (माघदेखि असारसम्म) |
| ३ | ७ वडाका विभिन्न स्थानमा सरसफाइ कार्य | ७ | प्रधान मन्त्री रोजगार | ५२०,२८९।४१ | ५८३,४९५।१४ | | | ४१०,४९८।०० | ४९५,९६३।६६ | सम्पन्न | | कुल भुक्तानी (माघदेखि असारसम्म) |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मर्मत शाखा सम्बन्धी** | | | | | | | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| **१** | **१११० वडा सम्म विभिन्न नियमित मर्मत कार्य (२०७७ फागुन महिनाको)** | **१११०** | **मर्मत** | २,२८,५९७।८७ (सामान तर्फ) | | | **२,१९,०५९।३५ (सामान तर्फ)** | **२,१९,०५९।३५ (सामान तर्फ)** | **२,१९,०५९।३५ (सामान तर्फ)** | | | **सामान जिन्सीबाट प्राप्त** |
| | | | | ९९,४२६।८६ज्याला तर्फ) | | | ९३,४७५।०० (ज्याला तर्फ) | ९३,४७५।०० (ज्याला तर्फ) | ९६,२६१।८६ (ज्यालातर्फ | | | |
| | | | | ३२८,०२४।७० | | | **३१२,५३४।३५** | **३१२,५३४।३५** | **३१५,३२१।२१** | | | |

## मिति २०७८/०३/२२ गते

| **क्र. सं.** | **योजनाका बिवरण** | **वडा नं.** | **बजेट** | **ल.ई.रकम** | **रिल.ई./कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्याङ्कन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | रानी पोखरी उत्तर पूर्व प्रवेशद्वार र पाटी निर्माण कार्य | १ | | ६,२५०,८७८।३७ | | | | | | | | |
| **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ग्यु भिंद्यो पुलदेखि आदर्श बसस्टपसम्म पीच तथा पेटी निर्माण कार्य (दोश्रो चरण) | ५,७ | बागमती प्रदेश समपुरक बजेट | १९,९३४,९४५।२८ | १४,५६०,७०१।१४ | | १०,०६९,४७५।८२ | १०,०६९,४७५।८२ | १०,०६९,४७५।८२ | आंशिक सम्पन्न | तुल्सी कन्स्ट्रक्सन | प्रथम आंशिक रङ्गीन बिल भुक्तानी |
| २ | कमल विनायक स्थित स्वास्थ्य चौकी केन्द्र निर्माण कार्य | १० | बागमती प्रदेश विशेष बजेट | ३,५८०,५२२।१५ | २,१९५,२१३।७१ | | २,१९१,२१४।२४ | २,१९१,२१४।२४ | २,१९१,२१४।२४ | सम्पन्न | के.बी कन्स्ट्रक्स एण्ड सप्लायर्स प्रा.लि. | अन्तिम रङ्गीन बिल भुक्तानी |
| ३ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवनमा कोभिड युनिट सञ्चालन गर्न आवश्यक निर्माण सामग्री | ९ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय | | | ४००,०००।०० | ४३१,२६८।०० | ३१,२६८।०० | ५३१,२६७।२१ | सम्पन्न | इन्द्र बहादुर प्याठ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद र ज्याला | | | | | | | | | | | |
| ४ | हनुमानघाट देखि वासिकचा आदर्शसम्म बाटो पीच कार्य | ७ | बागमती प्रदेश सांसद कोष | २,९६०,९५ ९।८६ | | ८००,०० ०।०० <br> १,७७२,८ ८१।५० <br> **२,५७२,८ ८१।५०** | १,१२७,११ ८।५० <br> १,५६६,१ ५६।५० <br> **२,६९३,२ ७५।००** | ३२७,११ ८।५० <br> २०६,७ २५।०० <br> **५३३,८ ४३।५०** | १,३३२,८५ ८।४७ <br> १,७७७,२५ ५।३१ <br> **३,११०,११ ३।७८** | सम्पन्न | रत्न गोपाल त्वायना | बैंक दाखिला रू.२,०६ ,७२५।० ० |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| **१** | हनुमानघाट देखि वासिकचा आदर्शसम्म बाटो पीच कार्य | ७ | बागमती प्रदेश सशर्त अनुदान | २,९६०, ९५९।८६ | | आ.व. २०७७/७८ को असार २५ गतेसम्म म्याद थप | | | | | | |
| **प्रधनमन्त्री रोजगार कार्यक्रम तर्फ** | | | | | | | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरीमा सरसफाइ गर्ने कार्य | १ | प्रधान मन्त्री रोजगार | ६३०,४९९ ।०० | १,७१०,७६ ३।०१ | | | २८१,२४८।० ० | ३३२,६२२।७ ५ | सम्पन्न | | जेठ/असार महिनाको भुक्तानी |
| **कुल भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरीमा सरसफाइ गर्ने कार्य | १ | प्रधान मन्त्री रोजगार | ६३०,४९९ ।०० | १,७१०,७६ ३।०१ | | | १,३४३,६८३। ०० | १,६५९,४७ ०।८७ | सम्पन्न | | कुल भुक्तानी (माघदेखि असारसम्म) |
| **नक्सा पास सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मित्र लाल खागीको भ.न.पा. वडा नं १० साविक वडा नं. ४ स्थित कि.नं. ३९८ क्षेत्रफल ०-९-२-१ को जग्गामा नक्सा पास गरी झ्याल ढोका हेरफेर भएको सम्बन्धमा संशोधन नक्सा पेश भएकोमा पास नक्साभन्दा हेरफेर गरी निर्माण र उचाई मापदण्ड नाघ्ने गरी लिफ्ट राखेको सम्बन्धमा कारबाहीको लागि प्रतिवेदन पेश भई मुद्दा शाखाबाट कारबाही गर्ने क्रममा नक्सा सुरु म्याद २ वर्ष नाघेकोमा म्याद थपको लागि नक्सावालालाई आग्रह गर्दा निवेदन पेश हुंदाको समयमा म्याद बाकी भएको र अनियमित निर्माणको कारबाही क्रममा समय लाग्दा म्याद सकिएको हुँदा निवेदन दर्ताको आधारमा म्याद थप गर्न नपर्ने संशोधन नक्सा पास गरी पाऊँ भन्ने निवेदक मित्रलाल खागीको माग तत् सम्बन्धमा निवेदन दर्ताभन्दा म्याद बाँकी भए पनि प्रक्रियाको क्रममा म्याद सकिएको हकमा म्याद थप गरेर मात्र प्रक्रिया अगाडि बढाउँदै गरिएको हालसम्मको प्रक्रिया रहेकोमा अबदेखि निवेदकले निवेदन म्यादभित्र पेश भएको अवस्थामा **निवेदन पेश भएको मितिलाई आधार** मानी म्याद कायम भएको मानी प्रक्रिया अगाडि बढाउने र यसै प्रकृतिका अरु निवेदनहरूको सम्बन्धमा पनि लागू हुने निर्णय गरियो । | | | | | | | | | | | |

## अनुमोदन

खर्च समर्थन सम्बन्धमा छलफल हुँदा निम्न निर्णयहरू अनुमोदन गरियो :

क. नपाबाट सञ्चालित बा १ क ८१५६ को स्काइभेटरको मर्मत गरे बापत रु. ५,५२,०८६।३१ हाम्रो हेभी इक्वीपमेन्टलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. नपाबाट सञ्चालित ख्वप अस्पतालको जेनेरेटर मर्मत गरे वापत एडवेल इन्टरनेशनल प्रा.लि. लाई रु. ९८,७१६।८० **भुक्तानी दिने** निर्णय गरियो ।

ग. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. २,८२,०८८।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. १३,२७०।- ब्रदर्श क्याफेलाई **भुक्तानी दिन** निर्णय गरियो ।

ङ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ७७००।- चन्द्रायण स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१४९००।- बालकृष्ण खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

# खतरनाक भाइरसहरू

नाति कवां

पृथ्वीको उत्पतिपश्चात यस धर्तीमा अनेकौं जीवहरू पनि सृष्टि भए। यसरी सृष्टिको क्रममा मानव जाति पनि सृष्टि भयो। मानव जाति एउटा संवेदनशील र सामाजिक प्राणीमा विकसित भए। यही सामाजिक प्राणीबाट कयौँ जीव जन्तुको सम्बर्धन र संरक्षण गरी मानिसले आफ्नो फाइदाको लागि उपयोग गरे। तर कतिपय यस्ता जीवहरू पनि छन् जस्लाई मानिसको आँखाबाट देख्न सकिँदैन। यस्ता जीवहरूलाई आजको वैज्ञानिक युगमा माइक्रोस्कोप जस्ता यन्त्रहरू प्रयोग गरेर हेर्न र देख्न थाले। ती अदृश्य जीवहरूमध्ये कतिपय मानिसको जीवनमा अभिन्न अङ्ग बनेको छ भने कतिपय जीवहरू मानिस र अन्य प्राणीहरूको लागि घातक बनेको छ। यस्ता घातक मिहिन जीवहरू मध्ये एक भाइरस हो। यस्ता भाइरसहरू कति उत्पत्ति भए कति हराएर गए यस्को लेखाजोखा गर्न सकेको छैन। ती सबै प्रकृतिले नै सृष्टि गरे र प्रकृतिमै हराएर गए। मानिसहरूले विज्ञानको विकास गर्दै गए। विज्ञानको विकास सँगसँगै मानिसको स्वार्थ पूरा गर्न कतिपय वैज्ञानिकहरूले विभिन्न भाइरसहरू पनि निर्माण गरे। मानव निर्मित भाइरसहरू मानिसकै जीवनको रक्षाको लागि मात्र नभै मानिसको जीवन लीला नै समाप्त गर्ने भाइरस पनि निर्माण गरे। यी मानव निर्मित घातक भाइरसहरूलाई युद्धमा हतियारको रूपमा प्रयोग गरेर मानिसको जीवन नै तहस नहस गर्ने गरेको इतिहास पनि नभएको होइन।

मानव निर्मित या प्रकृति प्रदत्त अहिलेसम्म वैज्ञानिकहरूले पत्ता लगाएका खतरनाक भाइरसहरू १२ ओटाको चर्चा यहाँ गरिन्छ।

**१) इवोला भाइरस :**

यो एउटा खतरनाक भाइरस हो। यस्को सङ्क्रमणबाट देखिने लक्षणहरू ज्वरो आउने, गला र मांशपेशी दुख्ने, वाकवाकी लाग्ने, झाडा पखाला लाग्ने, कलेजो र मृगौलाको काममा ऱ्हास आउने आदि हुन्। यो भाइरस इन्फेक्टेड (सङ्क्रमित) जनावरहरूबाट मानिसमा सर्ने गर्दछ। यो भाइरसको उद्‌गम स्थल पश्चिमी अफ्रिका हो। सन् २०१३ देखि २०१६ सम्म यस भाइरसले पश्चिमी अफ्रिकामा धेरै मानिसको ज्यान लिएको थियो। यस भाइरसले संसारभर ११ हजार मानिसको ज्यान लिएको थियो।

**२) डेंगु ज्वरो :**

यो भाइरस सङ्क्रमित पोथी लामखुट्टेले टोके पछि मानिसमा सर्दछ। यसलाई Aedes aegypti भनिन्छ।

**डेंगु ज्वरोको लक्षणहरू यस प्रकार छन् :**

हतत खुट्टा दुख्नु, धेरै टाउको दुख्नु र सास फेर्न गाऱ्हो हुनु, जिउ चिलाउनु आदि हुन्। यस भाइरसले प्रत्यक वर्ष २५००० मानिस मरेको अनुमान गरेको छ।

**३) Yellow Zak (पहेंलो रोग) :**

यो रोग पनि सङ्क्रमित लामखुट्टेको टोकाइबाट हुन्छ। यो रोग लागेका मानिसहरू मध्ये २० प्रतिशत मानिसको मृत्यु हुन्छ।

**रोगको लक्षणहरू :**

धेरै ज्वरो आउनु, आँखा, नाक र कानबाट रगत पनि बग्ने गर्दछ।

**४) रेविज :**

पानीदेखि डराउनु, निद्रा नलाग्नु, अरूलाई टोक्न जानु, कन्फ्यूज हुनु, खानेकुरा निल्न गाऱ्हो हुनु रेविज रोगको लक्षण हो। यो रोग सङ्क्रमित कुकुर, बाँदर, स्याल जस्ता जनावरहरूको टोकाइबाट सर्छ। यस रोगबाट करिव ५ प्रतिशत व्यक्ति प्रति दिन मर्ने अनुमान गरिएको छ।

**५) Rota Virus :**

यो रोग प्रायः बाल बच्चाहरूलाई लाग्छ। यो फोहोर खाना र फोहोर पानीबाट सर्दछ। बच्चाहरूले फोहोर हातबाटै खान्छन्, भुइँको पनि टिपेर खान्छन्। त्यसैले बच्चाहरूलाई यो रोग बढी लाग्छ। पखाला लाग्नु, वान्ता हुनु, डिहाइड्रेसन (जलवियोजन) हुनु, चर्को ज्वरो आउनु यो रोगको लक्षण हो।

**६) Influnza :**

यस रोगको लक्षण चर्को ज्वरो आउनु, मांसपेशी दुख्नु, रुघा खोकी लाग्नु, घाँटी दुख्नु, जोर्नीहरू दुख्नु हो। यो रोग लागेको व्यक्तिसँग हात मिलाउँदा, हाछ्यूँ गर्दा सर्दछ।

**७) Hepatitis B :**

यो हेपाटाइटिस बी भाइरस सङ्क्रमण पछि शरीरको बाहिरी भागका छालाहरू पहेंलो देखिनु कामै नगरे पनि धेरै थाक्नु, पेट दुख्नु, वान्ता हुनु, निद्रा नलाग्नु, कलेजोमा क्षति पुग्नु जस्ता लक्षणहरू देखा पर्दछ। यो भाइरस आमाबाट बच्चालाई र मानिस मानिस बीच र दुषित इन्जेक्सनको सुईबाट पनि सर्छ। ➲

**कथा**

# अक्सिजन प्लान्ट



धनमान श्रेष्ठ

उसको नाम अर्कै थियो । तर बाल्यकालदेखि सबैले माया गरेर कान्छो भनेकोले यो उमेरमा पनि ऊ कान्छो नै छ । वास्तवमा ऊ नामको मात्र कान्छो हो । उमेरले त उहिल्यै पाको भइसकेको थियो । परार सालमै उसको उमेरले असी वर्ष काटिसकेको थियो ।

उमेरसँगै उसको ज्यानमा बुढ्यौली रोग पलायो । मानिसको बुढ्यौली रोग त सार्वजनिक नै छ । खानपिनमा अलिकति तलमाथि भयो कि पेट झर्नु । चिनी रोगमा स्थिरता नहुनु । घाँटीको हाड खिएर रिङता लाग्नु । घुँडाको हाड खिएर उठ्बस र हिँड्डुल गर्न सजिलो नहुनु, दाँतले धोका दिनु, आँखाले नथम्याउनु आदि । प्रेसरको त कुरै नगरौँ । अलिकति कम बेसी दमखोकी धेरैलाई लाग्नु, थोरैलाई नलाग्नु । दमखोकीका धेरै रोगीमध्ये एकजना ऊ पनि हो । जानेबुझेको बेलामा उसले बुझ नपचाएको भए दमखोकी लाग्ने थिएन होला । बुझेर पनि बुझ पचाएर, सुनेर पनि नसुनेको बहाना गरेर उसले धुम्रपान गरिरह्यो ।

अनि बुढो कान्छो फोक्सोको रोगी भयो । औषधिमूलोले मात्र काम गर्न नछोडेपछि अक्सिजनको सहारा लिनुपर्ने भयो । शुरुमा एकछिन अक्सिजनको भरमा सास फेर्दा ज्यानलाई हलुका भएको महसुस हुन्थ्यो । विस्तारै यो एकछिनको समयावधिलाई बढाउँदै लानुपर्‍यो । अक्सिजनमा एकछिन सास लिन ढिलो भयो कि पानीबाट निकालिएको माछाको जस्तै हविगत हुन्थ्यो उसको । नगईनहुने ठाउँमा जाँदा पनि सानो अक्सिजनको भाँडो लिएर जानुपर्ने भयो ।

---

➲ **८)** Measles :

सन् १९८० भन्दा पहिले यस भाइरसको विरुद्धको औषधि तयार गर्न सकेको थिएन या खोप थिएन ।  चर्को ज्वरो आउनु, शरीरभरि रातो रातो मसिना खटिरा जस्तो देखिनु, दिमागमा घाउ हुनु, आँखाले नदेख्नु, स्वास प्रस्वासमा समस्या आउनु यस रोगको लक्षण हो । यो रोग सङ्क्रमित व्यक्तिले हाछिँउ गर्दा र सङ्क्रमित व्यक्तिसँग नजिक सम्पर्कमा रहँदा सर्ने गर्दछ । यो भाइरसको विरुद्ध खोप तयार भए पनि सन् २०१२ मा यस भाइरसले १,२२,००० मानिसको मृत्यु भएको थियो ।

**९)** Small Pox **(बिफर)** :

बीसौँ शताब्दीमा ५० करोड मानिसको ज्यान लिएको यस भाइरस सन् १९६९ मा आएर संसारबाटै निर्मुल भएको घोषणा गर्‍यो । यो मानव जीवन कै लागि खुशीको कुरा हो । यस भाइरसको लक्षण ज्वरो आउने, रुघाखोकी लाग्ने, खटिरा आउने मुख्य लक्षण हो । यो बिरामी मानिसले हाछिउँ गर्दा निस्कने भाइरस अर्को मानिसको स्वास प्रस्वासबाट सर्छ । खटिराको पानी अर्को व्यक्तिमा लाग्यो भने पनि सर्छ ।

**१०)** HIV Aids :

यो भाइरसले मानिसमा भएको रोग प्रतिरोधात्मक क्षमता (इम्युनिटी पावर) विस्तार विस्तारै कम गर्दै लान्छ । यो रोग लागेको व्यक्तिसँग यौन सम्बन्ध राख्दा, रोग लागेको व्यक्तिको रगत लिँदा सर्दछ । यस भाइरसले प्रत्येक वर्ष ३१ लाख मानिस मारेको बताइन्छ । यो भाइरस सन् १९८१ मा पत्ता लगाएको हो । तर अहिलेसम्म यस भाइरस विरुद्धको कुनै औषधि पत्ता लगाएको छैन ।

**११) स्वाइन फ्लु** :

यो रोगको लक्षणहरूमा ज्वरो आउनु, रुघा लाग्नु, नाकबाट पानी बगीरहनु, झोक्रिएर बस्नु हो । यो रोग शुरुमा पंक्षीबाट मानिसमा सरेको हो ।

**१२) नोवेल कोरोना भाइरस** :

यस भाइरसको आकार श्रीपेच अर्थात Crown को जस्तो देखिएकोले यसलाई कोरोना भाइरस भनेको हो ।

विश्वव्यापी फैलिरहेको कोभिड १९ को यस भाइरसबाट सन् २०२१ जुलाई १३ सम्ममा विश्वमा ४०,६४,४८७ जना मानिसको मृत्यु भइसकेको कुरा Royal AB stats ले Corona Virus Pandemic, Covid 19 Live World Map ले देखाइरहेको छ ।

यो भाइरस सम्बन्धी तथ्याङ्कहरू सन् २०२० अप्रिल २३ तारिखका दिन नेपाल टेलिभिजनबाट प्रसारित विश्व घटनाबाट लिइएको हो ।

हावा, पानी र अन्नले धान्ने ज्यानलाई अक्सिजन, पानी र अन्नले धान्नुपर्ने भयो ।

उसलाई ज्यान जोगाउन धौ धौ परिरहेको अवस्थामा धेरैलाई दुःख पीडा दिने नौलो रोग कोरोनाको हल्ला चल्यो । हल्लामात्र होइन उसको नगरमा पनि यो रोग भेटियो । न औषधि, न भ्याक्सिन, कति समयसम्म रामभरोसामा बस्नुपऱ्यो । रोग निमन गर्ने उपाय थाहा नभएपछि यसको विस्तार हुने नै भयो । मान्छे मर्ने नै भयो ।

कोरोना विरुद्धको औषधि बन्यो भन्ने समाचार सम्प्रेषण भयो । तर उसको देशमा, उसको नगरमा पाइएको छैन । यदाकदा पाइए पनि कालो बजारिया दरभाउमा मात्र पाइन्थ्यो । केही समयपछि यसको उपयोगिताबारे बहस चल्यो । तर रोगबाट बच्न मिलाएर मास्क लगाउने, सानिटाइजर प्रयोग गर्ने र साबुनपानीले बरोबर हात धुने र मानिस मानिसको बीच कमसेकम दुई मिटर टाढा बस्नुपर्ने भनी धेरै प्रचार भयो । धेरैले अङ्गिकार पनि गरे ।

कोरोना भाइरसले सग्लो फोक्सोलाई छियाछिया पार्दै सास फेर्न गाऱ्हो पार्ने थाहा भयो । दमखोकीको दीर्घ रोगीलाई त अझ खतमै पार्ने पनि बुझियो । त्यस्तोलाई अक्सिजनमा सास फेराई ज्यान जोगाइराख्नुपर्ने भयो । यस्तो रोगीले अक्सिजन पनि धेरै खपत गर्ने रहेछ । ठूला साना अस्पताल र नामीदामी अस्पतालमा कोरोनाका रोगीहरूको चाप यतिविघ्न बढ्यो कि अक्सिजनको आपूर्ति गर्न धौ धौ पऱ्यो । अक्सिजन उत्पादन गर्ने कारखानालाई पनि भ्याइनभ्याइ भयो । विचौलिया र कालो बजारियालाई भने दाउ पऱ्यो । बिरामीलाई अस्पतालमा ल्याउने हो भने अक्सिजन पनि लिएर आउनु भनेर अस्पतालहरूले उर्दी नै गरे । धन्न अस्पतालमा बिरामी ल्याउँदा साथमा बेड पनि लिएर आऊ भनेर अर्डर चाहिँ गरेनछन् । कतिले त अक्सिजनको सिलिन्डरका साथ बिरामीलाई अस्पतालमा लगिराखेको फोटो भाइरल भयो । अक्सिजन लिएर जान नसकेको कारण बिरामी एम्बुलेन्समै मरेको फोटो पनि पत्रिकामा छापियो । कारखानामा अक्सिजन छ, सिलिण्डर छैन भनी समाचार पनि प्रसारण भयो । अस्पतालहरूमा भएको अक्सिजन प्लान्ट वर्षौंदेखि प्रयोगमा ल्याउन नसकेको सूचना पनि प्रवाह भयो । एक प्रकारले देशभरि नै यसको हाहाकार मच्चियो । छिमेकी मुलुकहरूले सिलिण्डर र अक्सिजनको बुलेट पठाएर सहयोग गरे ।

कान्छोलाई नचिताएको पीर पऱ्यो । चलाइराखेको अक्सिजन सिलिण्डर खालि भयो भने कहाँ लगेर फेरि भर्ने ? यो भन्दा अगाडि उसले सोच्न सकेन । उसलाई ज्यानमा कम्पन, पराकम्पन चलेको महसुस भयो ।

यस्तो के गरौँ, कसो गरौँ भनेर विलखबन्द भइरहेको अवस्थामा यौटा सुखद समाचार सुनियो– 'उसको नगरको नयाँ अस्पतालमा अक्सिजन प्लान्ट जोडिने भयो । यसको लागि जनतासँग आर्थिक सहयोगको अपेक्षा गरेको छ ।'

यो कामको साराले प्रशंसा गरे । हुनेले पनि सहयोग गरे । नहुनेले पनि सहयोग गरे । धेरै थोरैको मतलब नै छैन । कान्छोलाई पनि सामाजिक सुरक्षा भत्ताबाट अलिअलि जोहो गरेर राखेको पैसा दिन मनलाग्यो । ऊ धनकारी होइन । मनकारी भने पक्कै हो । त्यसैले हात्ती भएको तीनओटा नोट लिएर गयो । आर्थिक सहयोग गर्नेहरूको लाइन देखेर उसलाई अत्यास लाग्यो । तैपनि लाइनको पछाडि लौरो टेकेर उभ्यो । उसलाई उभिरहेको देखेर धेरैले एकमनले भने– 'ज्येष्ठ नागरिकलाई पहिले जान देऊ ।'

दुईजनाको सहाराले ऊ काउन्टर अगाडि पुग्यो । दाऱ्हीजुङ्गा सेताम्मे भएको, अनुहार चाउरिएको ज्येष्ठ नागरिकलाई अगाडि देखेर रकम बुझ्ने केटीले सोधिन्– 'कति दिनुहुन्छ बा ?'

'धेरै छैन छोरी । गोटा तीन हजार रुपैयाँ मात्र ।'

'तीनहजार भनेको थोरै होइन बा । अन्तर्मनले दिएको यसको मूल्य तीन लाखभन्दा बढी छ ।'

यो सुनेर कान्छोको छात्ती नाङ्लो जत्रो ठूलो भयो । राम्रो कामको लागि दिएको पैसाको महत्त्व धेरै हुने रहेछ । अनि सोधे– 'यो अक्सिजन प्लान्ट कहिले ल्याउँछ छोरी ?'

'यो छिटै ल्याउँछ । हप्तादिनभित्रै ल्याई पुऱ्याउँछ ।'

अनि कान्छो प्रफुल्ल भएर छिमेकीको गाडी चढेर घर फर्कन्छ । घरमा पुगेपछि उसको मनमा कुरा खेल्छ– 'हप्ता दिनभित्र तलमाथि भइदियो भने ....'

अर्को मनले तुरुन्तै प्रतिवाद गर्छ– 'असी वर्ष धानेको ज्यानलाई हप्तादिनभित्र के पो लछार्छ !''

भनेकै समयमा अक्सिजन प्लान्टको सबै सामग्री ल्याइपुऱ्याउँछ । अर्को हप्ता यसको फिटिङ सुरु हुन्छ । तेस्रो हप्ता परीक्षण सुरु हुन्छ । अनि चौथो हप्ता बिरामीलाई नै अक्सिजन दिएर उपचार गरेको समाचारको व्यापक भाइरल हुन्छ ।

अनि कान्छोलाई लाग्यो– 'अब अक्सिजनको अभावले कोही पनि मर्न परोइन ।'

अनि कामना पनि गरे– 'अरू अस्पतालको अक्सिजन प्लान्टको जस्तै यसको सास नरोकियोस् ।'

*मिति : २०७८/०३/२२*

# बागमती प्रदेशका मुख्यमन्त्री पौडेल भक्तपुरमा

## का.रोहितसित भेट

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) सित बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले साउन ४ गते भक्तपुरमा भेट गर्नुभयो ।



नेमकिपा अध्यक्ष बिजुक्छेँसित बागमती प्रदेशका मुख्यमन्त्री पौडेलको भेट

भेटको अवसरमा अध्यक्ष बिजुक्छेँले स्थानीय तहलाई पूर्ण स्वायत्तता दिनुपर्ने पक्षमा नेपाल मजदुर किसान पार्टीले निरन्तर जोड दिँदै आएको बताउनुहुँदै प्रदेश आफ्नो क्षेत्रको विकासको लागि स्पष्ट योजनासहित अघि बढ्नुपर्छ भन्नुभयो । प्रदेश र स्थानीय तहले केन्द्रको मुख ताकेर होइन आफ्नै भरमा विकास गर्नुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेँले स्थानीय तहले नयाँ नयाँ स्रोतको खोजी गर्नुपर्छ भन्नुभयो ।

भ्रष्टाचार रोक्न सके धेरै काम हुने बताउनुहुँदै उहाँले वाम पक्षधरहरू निर्वाचित भएका प्रदेश र स्थानीय तहहरूमा इमानदारीपूर्वक राम्रो काम भएमा जनताले सुख पाउँछन् भन्नुभयो ।

मुख्यमन्त्री पौडेलले आफूसँग स्थानीय तहमा लामो समयसम्म काम गरेको अनुभव भएको बताउनुहुँदै आफू स्थानीय तहलाई पूर्ण स्वायत्तता दिनुपर्ने पक्षमा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको प्रगतिबारे अध्ययन अवलोकन गर्न पाउँदा खुशी लागेको बताउनुहुँदै उहाँले प्रदेशअन्तर्गतका अस्पतालहरूमा ध्यान गए पनि ख्वप अस्पतालमा आफूहरूको ध्यान नपुगेको हो भनी स्वीकार गर्नुभयो । उहाँले स्वास्थ्य क्षेत्रमा भक्तपुर नपालाई सक्दो सहयोग गर्ने पनि बचन दिनुभयो ।

उहाँहरूबीच देशको परिवर्तित राजनीतिको विषयमा पनि छलफल भएको थियो ।

भेटमा प्रदेशका सांसदहरू सुरेन्द्रराज गोसाइँ, सृजना सैंजु र एमाले प्रदेशसभा सदस्य दिपक निरौला, भक्तपुर नगर प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीको पनि उपस्थिति थियो ।

भेटअघि मुख्यमन्त्री पौडेलले भक्तपुर नपा, ख्वप कलेज, ख्वप अस्पताल, ख्वप अस्पताल कोभिड युनिट र ख्वप इन्जिनियरिङ कलेजको अध्ययनभ्रमण गर्नुभएको थियो । सो अवसरमा उहाँले विभिन्न पक्षबारे जानकारी लिनुभएको थियो ।

## भक्तपुर नपामा

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबीच नगरपालिकाको सभाकक्षमा साउन ४ गते भेटवार्ता भयो । भेटको क्रममा सांस्कृतिक नगर भक्तपुरमा प्रमुख प्रजापतिले मुख्यमन्त्री पौडेललाई पुष्पगुच्छासहित भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो ।

भेटमा मुख्यमन्त्री पौडेलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई पनि विभिन्न हिसाबले सहयोग गर्ने उल्लेख गर्नुहुँदै प्रदेश सरकारले प्रदेशका सबै अस्पतालमा आवश्यकताअनुसार स्वास्थ्य सामग्री र आवश्यक सहयोग गर्दै आइरहेको बताउनुभयो ।



बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र भक्तपुर नपा प्रमुख प्रजापतिबीच भेटवार्ता

भक्तपुर नगरपालिकाको पृथक पहिचान भएको बताउनुहुँदै देशको अरू स्थानीय तहले भन्दा भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र पर्यटन उद्योगको विकासमा उदाहरणीय काम गरिरहेको उहाँले बताउनुभयो ।

बागमती प्रदेशले शून्यबाट सुरु गर्दै हाल आवश्यक ऐन नियम बनाई प्रदेशलाई व्यवस्थित गर्दै लगिएको बताउनुहुँदै मुख्यमन्त्री पौडेलले सङ्घ, प्रदेश र स्थानीय तहबीचको आपसी समन्वयले समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई



अगाडि बढाउन मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले सीमित स्रोतसाधनलाई अधिकत्तम सदुपयोग गर्दै तीनै तहका सरकारहरूले आ–आफ्नो क्षेत्रको समानुपातिक विकास गर्न सके देशको सन्तुलित विकास हुने धारणा राख्नुभयो ।

देशका सबै स्थानीय तहहरूका आ–आफ्नै विशेषता, क्षमतामा साधन र स्रोतको उपलब्धता भिन्नभिन्न हुने भएकोले विकासका मोडलहरू पनि फरक फरक हुने बताउनुहुँदै उहाँले आफ्नो आवश्यकताअनुसार आफ्नो क्षेत्रको विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

भेटमा भक्तपुर नपाका प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त विशेषताहरू प्रस्तुत गर्नुहुँदै नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, विकास निर्माण, सरसफाइलगायतका क्षेत्रमा गरिरहेका गतिविधि र उपलब्धीबारे जानकारी गराउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पताल निर्माणको लागि प्रदेश सरकारबाट प्राप्त सहयोगको लागि आभार प्रकट गर्नुहुँदै प्रमुख प्रजापतिले आगामी दिनहरूमा पनि प्रदेश सरकारको तर्फबाट ख्वप अस्पताल निर्माण तथा उपकरण व्यवस्थाको लागि आवश्यक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले 'सक्षम स्थानीय तहहरूलाई विश्वविद्यालय सञ्चालन गर्न अनुमति दिनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालन गरी समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको छ' भन्नुभयो ।

प्रमुख प्रजापतिले २०७२ सालको विनासकारी भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू मौलिक शैलीमै पुनःनिर्माण गरिरहेको र नगर भित्र मौलिक शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई अनुदान प्रदान गरी उत्साहित गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले घरदैलो नर्सिङ सेवा सञ्चालन, टोलटोलमा निःशुल्क खुल्ला व्यायामशाला सञ्चालन, गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई रु. ५ लाखसम्मको शैक्षिक ऋण, इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिरहेको उहाँले जानकारी गराउनुभयो ।

भेटघाटपश्चात मुख्यमन्त्री डोरमणि पौडेलका साथ बागमती प्रदेश सभा सदस्य दिपक निरौलालगायतको प्रतिनिधिमण्डलको टोलीले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, जनस्वास्थ्य सेवा केन्द्र, ख्वप अस्पताल, ख्वप अस्पताल कोभिड युनिट र ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको स्थलगत अवलोकन भ्रमण गर्नुभएको थियो ।

अवलोकनका क्रममा मुख्यमन्त्री डोरमणि पौडेलले नपाबाट सञ्चालित कलेज तथा अस्पतालको विषयमा विभिन्न जिज्ञासा राख्नुहुँदै अस्पताल तथा कलेजहरूबाट प्रवाहित सेवा तथा सुविधाहरूबारे जानकारी लिनुभयो ।

भेटमा नेमकिपा बागमती प्रदेशका सभासद्द्वय सुरेन्द्रराज गोसाईं र सृजना सैंजु, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपाका वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# प्रजग कोरियाका राजदूत भक्तपुरमा

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) सित नेपालका लागि प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका राजदूत जो योङ मानले साउन ७ गते भेट गर्नुभयो।



का. रोहितसित नेपालका लागि प्रजग कोरियाका राजदूतको भेट

भेटमा अध्यक्ष बिजुक्छेँले विश्वभरि महामारीको रूपमा फैलिएको कोभिडबाट जनतालाई सुरक्षित राख्ने अभियानमा नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू लागिरहेको बताउनुहुँदै कोभिड महामारीले नेपाली जनतालाई समाजवादी र पूँजीवादी व्यवस्थाबीचको भेदबारे स्पष्ट हुने अवसर मिलेको छ भन्नुभयो।

उहाँले मित्र राष्ट्र चीनबाट नेमकिपा र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई सहयोग स्वरूप प्राप्त विभिन्न स्वास्थ्य उपकरणहरूबाट जनताको सेवा गर्न मद्दत पुगेको बताउनुभयो। कोभिड महामारीमा अक्सिजन अभावकै कारण धेरैको मृत्यु भएको उल्लेख गर्नुहुँदै उहाँले कुनै पनि देश भौतिक रूपले मात्र अगाडि बढ्दैमा जनताको सेवा नहुने कुरा कोभिड महामारीले प्रमाणित गऱ्यो भन्नुभयो।

अध्यक्ष बिजुक्छेँले प्रजग कोरियाले जनतालाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको कारण हरेक क्षेत्रमा सफलता मिलेको बताउनुहुँदै प्रजग कोरिया कोभिडबाट पूर्ण सुरक्षित हुनुमा कोरियाली सरकारको निकै ठूलो भूमिका रहेको छ भन्नुभयो।

उहाँले कम्युनिष्टहरूको निम्ति प्रजग कोरिया उदाहरणीय देश रहेको बताउनुहुँदै किम जोङ उनको नेतृत्वमा कोरियाले प्रगति गरिरहेकोमा खुशी प्रकट गर्नुभयो।

भेटमा राजदूत मानले कोरियाली राष्ट्रपति किम जोङ उनको नेतृत्वमा साम्राज्यवादी देशहरूसँग डटेर लड्न साहस मिलेको बताउनुहुँदै संरा अमेरिकाले प्रजग कोरियासँग वार्ता गर्न खोजिरहेको र वार्ताका लागि आफूहरू सकारात्मक रहेको बताउनुभयो।

उहाँले सुयोग्य नेतृत्व, एकताबद्ध जनता र आणविक



का. रोहित राजदूत मानलाई नेमकिपाका केही प्रकाशन उपहार दिनुहुँदै

शक्तिको विकासले अब कुनै पनि देशले प्रजग कोरियालाई झुकाउन सक्तैन भन्नुभयो।

प्रजग कोरियाको सरकारले जनताको सेवामा समर्पित भएर काम गरिरहेको स्पष्ट पार्नुहुँदै राजदूत मानले नेमकिपाले प्रजग कोरिया र कोरियाली जनताप्रति देखाएको ऐक्यबद्धताको निम्ति धन्यवाद ज्ञापन गर्नुभयो।

भेटमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाई, कोरियाली राजदूतावासका तर्फबाट सल्लाहकार किम जोन ह्योक र एम्बासी अफिसर पिक जिन ह्योकको उपस्थिति थियो।

## भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपालका लागि प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका महामहिम राजदूत जो योङ मानबीच साउन ७ गते नगरपालिकामा भेटघाट भयो। प्रमुख प्रजापतिले सांस्कृतिक नगर भक्तपुरमा राजदूत मानलाई पुष्पगुच्छासहित भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो।



प्रजग कोरियाका महामहिम राजदूत जो योङ मान भक्तपुर नगरपालिकामा

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरको सङ्क्षिप्त परिचय र विशेषताहरू अवगत गर्नुहुँदै नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, विकास निर्माण, सरसफाइलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर जनताको सेवा गरिरहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकामा सम्पूर्ण जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीका रहेको जानकारी दिनुहुँदै उहाँले नेपाल मजदुर किसान पार्टी र कोरियाली मजदुर पार्टीबीच राम्रो सम्बन्ध रहेको बताउनुभयो ।

उहाँले प्रजग कोरिया र कोरियाली जनताको साम्राज्यवादविरोधी भावनाबारे पार्टीका विभिन्न प्रकाशनहरू तथा भनपाको प्रकाशन 'भक्तपुर' मासिकमार्फत पार्टी कार्यकर्ताहरू र जनतालाई जानकारी दिँदै आएको स्पष्ट पार्नुभयो ।

किम इल सङ कोरियाली जनताको मात्र नभई संसारभरका कामदार वर्गका जनताका प्रेरक व्यक्तित्व भएको उल्लेख गर्नुहुँदै सानो देश भएर पनि प्रजग कोरियाले शक्तिशाली देश सं.रा. अमेरिकालाई चुनौती दिएर संसारका पीछडिएका देशहरूलाई हौसला प्रदान गरिरहेको छ भन्नुभयो ।

प्रजग कोरियाका महामहिम राजदूतमार्फत प्योङयाङ शहरका मेयरलाई बधाइ तथा शुभकामना पुऱ्याइदिन आग्रह गर्नुहुँदै उहाँले दुइ पक्षबीच यस्ता भेटघाट र विचार आदानप्रदानले दुइ देशको सम्बन्ध जनस्तरमा प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।



भेटमा राजदूत मानले सांस्कृतिक एवम् ऐतिहासिक नगर भक्तपुरको मैत्रीपूर्ण भ्रमण गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले प्रजग कोरियाका विकासका आधारहरू अरू मुलुकहरूमा बाँड्न चाहेको बताउनुहुँदै सारा कोरियाली जनता समाजवाद निर्माणमा एकजुट भएर लागिरहेको बताउनुभयो । प्रजग कोरियाले अपनाएको सतर्कताले अहिलेसम्म देशमा एकजना पनि कोभिड सङ्क्रमण नदेखिएको र भक्तपुर नपाले कोरोना रोकथाम र नियन्त्रणमा गरिरहेको प्रयासको राजदूत मानले प्रशंसा गर्नुभयो ।

किम जोङ उनको नेतृत्वमा प्रजग कोरियामा सबै कामहरू राम्रोसँग अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै उहाँले प्रजग कोरियाले कोरियाली जनतालाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गरेको, बालबालिकाको सर्वाङ्गिन विकास तथा सबै क्षेत्रमा राम्रो विकास भइरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको घरदैलो नर्सिङ सेवा जनमुखी रहेको बताउनुहुँदै उहाँले नगरवासीको जीवनस्तर उकास्न नगरपालिकाले खेलेको भूमिका उल्लेखनीय रहेको छ भन्नुभयो ।



भेटघाटपश्चात राजदूत मान, सल्लाहकार किम जोन हयोक र एम्बासी अफिसर पिक जिन ह्योकको टोलीलाई नगर प्रमुख प्रजापतिले भक्तपुरको परम्परागत दही बनाउने कलाको स्थलगत अवलोकन गराउनुभएको थियो ।

सोही क्रममा उहाँहरूले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको स्थलगत अवलोकन भ्रमण गर्नुभएको थियो । अवलोकनका क्रममा राजदूत जो योङ मानले जुजु धौ बनाउने विषय र यसका विशेषताबारे विभिन्न जिज्ञासा राख्नुभएको थियो भने ख्वप इन्जिनियरिङ कलेजका पुस्तकालय, प्रयोगशालाहरूलगायत विभिन्न पक्षको पनि अवलोकन गर्नुभएको थियो ।

सो क्रममा नेमकिपा बागमती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईं, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । नगर प्रमुख प्रजापतिले राजदूत मानलाई मयुर झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

# राष्ट्रिय साझेदारी रुपरेखाबारे मध्यावधि समीक्षा

विश्व बैंक समूहको आयोजनामा नेपालको लागि राष्ट्रिय साझेदारी रुपरेखा (सीपीएफ) बारे मध्यावधि समीक्षा कार्यक्रमबारे साउन १४ गते सरोकारवाला पक्षहरूसँग परामर्श कार्यक्रम सम्पन्न भयो ।



उपप्रमुख रजनी जोशी

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त विशेषतासहितको परिचय प्रस्तुत गर्नुहुँदै ऐतिहासिक एवम् विश्व सम्पदामा सूचीकृत भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रुपमा विकास गर्ने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका आफ्नो स्थापनाकालदेखि स्वायत्तताको अभ्यास गरिरहेको स्थानीय तह भएको बताउनुहुँदै उपप्रमुख जोशीले कोरोना महामारीबाट जनताको जीवन रक्षा गर्न अक्सिजन पहिलो र अनिवार्य आवश्यकताबोध गर्दै जनताको सहयोगमा अक्सिजन प्लान्ट निर्माण गरी नगरवासीहरूलाई निःशुल्क वितरण गरिरहेको बताउनुभयो ।

भक्तपुरको समृद्धिको आधारशिला भनेकै यहाँका कला, संस्कृति र सम्पदाहरू हुन्, उहाँले भन्नुभयो – भक्तपुर नगरपालिकाले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरणमा जोड दिँदै आएको र सहुलियत दरमा रु. ५ लाखसम्मको शैक्षिक ऋण प्रदान गर्दै आइरहेको छ ।'

भक्तपुर नगरपालिकाले शिक्षाको माध्यमबाट महिलाहरूलाई आरक्षणभन्दा पनि अवसर प्रदान गरिरहेको छ भन्नुहुँदै उपप्रमुख जोशीले भक्तपुर नपाबाट सञ्चालित घरदैलो नर्सिङ सेवामा महिला नर्सहरू सक्रियतापूर्वक लागिरहेको बताउनुभयो ।

धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्यान्जुले विश्व बैंकले नेपालमा गरेको सहयोगको लागि आभार प्रकट गर्नुहुँदै नेपालको पूर्वाधार विकास, निजी क्षेत्र र निजी साझेदारीका कार्यक्रममा विश्व बैंकले गरेको काम अतुलनीय रहेको बताउनुभयो । उहाँले नेपालको तीन तहको सरकारको अभिप्राय र प्राथमिकताका क्षेत्रमा कसरी सँगसँगै अगाडि बढ्न सकिन्छ भन्ने विषयमा विश्व बैंकले सरोकारवाला पक्षको राय लिएर अगाडि बढ्नु जरुरी रहेको बताउनुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले कीर्तिपुर नगरपालिकाको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नुहुँदै यस वर्ष कीर्तिपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको बताउनुभयो । कीर्तिपुर नगरपालिकामा विश्व बैंकले जनतालाई प्रत्यक्ष रुपमा फाइदा हुने कुनै पनि योजना सञ्चालनमा नल्याएको बताउनुहुँदै उहाँले वैदेशिक रोजगारीमा जाने युवाहरूलाई लक्षित गरी लघु उद्यमशील कार्यक्रमहरू सञ्चालनमा जोड दिइरहेको बताउनुभयो ।

गजुरी नगरपालिकाका उपप्रमुख सिता ढुंगानाले विश्व बैंकले बेरोजगार र विदेशीएका युवाहरूलाई स्वदेशमै काम गर्ने सीपका अवसरहरू प्रदान गर्नुपर्ने, कोभिड महामारीको वर्तमान अवस्थामा महिलाहरू लक्षित रोजगारीहरू सिर्जना गर्नुपर्नेलगायतका धारणा राख्नुभयो । विश्व बैंकले पूर्वाधार निर्माणमा जोड दिएको पाइएको बताउनुहुँदै नागरिक सचेतना कार्यक्रम सञ्चालनविना देशको समृद्धि सम्भव नहुने उहाँले जोड दिनुभयो ।

कार्यक्रममा बाह्रबिसे नगरपालिकाका उपप्रमुख सुशिला पाखिनले निजी क्षेत्रले स्थानीय तहहरूसँग पनि समन्वय र सहजीकरण गरी भौतिक विकासमा सहयोग गर्नुपर्ने, नागरिकहरूमा सुशासनको विषयमा छलफल गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

कार्यक्रममा विश्व बैंकका प्रतिनिधि लादा स्ट्रेलकोभा, विज्ञान प्रधान, जय शर्मा र अनिल चित्रकारलगायतले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

## 'ख्वपको पहिचान–भाग २' पुस्तक सार्वजनिक




नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित स्थानीय पाठ्यक्रम सन्दर्भसामग्री **'ख्वपको पहिचान– भाग २'** पुस्तक असार २८ गते एक समारोहबीच अनलाइन माध्यमबाट सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा सचिव सुवालले पुस्तकमा समाविष्ट लेखमाथि समीक्षात्मक टिप्पणी गर्नुहुँदै देशको सन्तुलित विकास योजना लागू गर्न र बसाइँसराइलाई निरुत्साहित गर्न नेपाल सरकारको पटक पटक ध्यानाकर्षण गराउँदै आएको बताउनुभयो ।

पुस्तकमा समेटिएका विभिन्न व्यक्तित्वहरूको जीवनी अध्ययनले मानिस आफ्नो परिवारको लागि मात्र काम गर्ने नभई समाज र देशको निम्ति निःस्वार्थ भावनाले काम गर्नुपर्ने प्रेरणा दिने बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई समाज, देश र जनताको लागि बाँच्ने प्रेरणा दिने बताउनुभयो ।

भक्तपुरको पहिचानलाई विश्वसामु पस्कन पुस्तकले मद्दत पुऱ्याएको बताउनुहुँदै सांसद सुवालले पुस्तकका लेखहरूका विषयवस्तुमा भौतिकवादी व्याख्यालाई जोड दिनुपर्ने बताउनुभयो ।

देशको समसामयिक राजनीतिबारे आफ्नो धारणा राख्नुहुँदै सांसद सुवालले संसद पुनःस्थापनासँगै देशको राजनीतिमा अन्योल यथावत रहेको र आगामी दिनमा पुनः सांसद खरिद बिक्रीको जोखिम रहेको भन्नुहुँदै नयाँ बन्ने सरकारले देश र जनताको हितमा बजेट पेश गर्ने सम्भावना नरहेको प्रष्ट पार्नुभयो ।

चिनियाँ कम्युनिष्ट पार्टी स्थापनाको १०० वर्षको अवसरमा आयोजित शिखर सम्मेलनका सन्देशहरूबारे प्रष्ट पार्नुहुँदै सांसद सुवालले चिकपा स्थापनाको सय वर्षमा चीनले विज्ञान, प्रविधि, उद्योग, शिक्षा, स्वास्थ्य र अर्थतन्त्रका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले



भक्तपुर नपाले प्रकाशनमा ल्याएको ख्वपको पहिचान भक्तपुरको विषयमा जान्न चाहने सबैको निम्ति उपयोगी पुस्तकको रूपमा रहने विश्वास व्यक्त गर्नुभयो ।

काठमाडौं, भक्तपुर र ललितपुर आफैमा एउटा स्मार्ट सिटीको रूपमा रहेको बताउनुहुँदै उहाँले काठमाडौं उपत्यकाको जमिनलाई आधुनिक सहर बनाउने नाममा दशौं हजार रोपनीको जग्गामा नयाँ सहर बनाउने कार्य विकासको नाममा सम्पदा विनास गर्ने कार्य भएको उहाँले बताउनुभयो । उहाँले काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नु उपयुक्त हुनेमा जोड दिनुभयो ।

भक्तपुर नपाले सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धनमा निजी क्षेत्रलाई पनि प्रोत्साहित गर्दै आइरहेको बताउनुहुँदै उहाँले विदेशी सहयोगविना भक्तपुरका सम्पदा संरक्षणमा जनताको आर्थिक र भौतिक सहयोगमार्फत काम अगाडि बढाउँदै आएको जानकारी गराउनुभयो ।

वागीश्वरी माविका पूर्व प्रअ तथा पुस्तकका भाषा सम्पादक **ज्ञानसागर प्रजापति**ले समग्रमा स्थानीय पाठ्यक्रम भाग २ मा सङ्ग्रहित २४ ओटा लेखहरूबारे आफ्नो समीक्षात्मक मन्तव्य प्रस्तुत गर्नुहुँदै ख्वपको पहिचानले शिक्षकहरूलाई सिर्जनशील बनाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले भक्तपुर नपाले करिब एक वर्षको अन्तरालमा सन्दर्भसामग्री भाग २ प्रकाशन गर्नु सकारात्मक रहेको बताउनुहुँदै स्थानीय पाठ्यक्रमको पठनपाठन अन्य विषयहरूभन्दा नितान्त फरक भएको बताउनुभयो ।

पुस्तकमा छापिएका विभिन्न व्यक्तित्वका जीवनी तथा अन्य लेखहरूले भक्तपुरको समग्र इतिहासको उत्खनन र अभिलेखकीकरण गरेको बताउनुहुँदै संयोजक बिजुक्छेँले विश्व मानव सभ्यतामा भक्तपुरको इतिहास, कला र सभ्यताका विभिन्न आयामबारे थप अध्ययन–अनुसन्धानमा पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

स्थानीय पाठ्यक्रम कार्यदलका सदस्य प्रा. **सिद्धिरत्न शाक्य**ले शिक्षकहरूको मागअनुरूप यो सन्दर्भसामग्री तयार भएको बताउनुहुँदै पुस्तकको पाठनपाठनबाट पहिलेभन्दा अबको शिक्षा स्तरीय हुने विश्वास लिएको बताउनुभयो ।




सन्दर्भ सामग्री र पाठ्यपुस्तकबीचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै उहाँले नपाले प्रकाशनमा ल्याएको **'ख्वपको पहिचान'** शिक्षक तथा विद्यार्थीलाई मात्र नभई भक्तपुरबारे अनुसन्धान गर्न चाहने सबैको लागि महत्त्वपूर्ण पुस्तकको रूपमा रहेको चर्चा गर्नुभयो । कुनै कुनै विद्यालयले स्थानीय पाठ्यक्रमलाई अरू विषयसरह महत्त्वमा राखेको नपाइएको, शिक्षकको नियुक्तिमा निश्चितता नभएको बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई राष्ट्रिय–अन्तर्राष्ट्रिय ज्ञान सँगसँगै स्थानीय संस्कृति, संस्कार, भाषा, ज्ञानको पहिचान गरी विकास गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा शान्ति निकेतन माविका प्रअ **महेन्द्रगोपाल कर्माचार्य**ले केन्द्रीकृत पाठ्यक्रमले विद्यार्थीहरूलाई स्थानीय विषयवस्तुबारे वञ्चित बनाएको बताउनुहुँदै स्थानीय पाठ्यक्रमको महत्त्वमाथि प्रष्ट पार्नुभयो ।

नेपालका धेरै स्थानीय तहहरूले स्थानीय पाठ्यक्रम लागू गर्दा भक्तपुर नपाको स्थानीय पाठ्यक्रमलाई रोल मोडल (नमुना) को रूपमा लिनु भक्तपुरको लागि गौरवको विषय भएको उहाँले बताउनुभयो ।

विद्यार्थीहरूमा विद्यालय क्षेत्रदेखि सम्पदा, कला–संस्कृति र आफ्नो पहिचानप्रति गर्व गर्ने भावना विकास गर्न ख्वपको पहिचानले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रअ कर्माचार्यले स्थानीय पाठ्यक्रमको मर्मअनुसार विद्यार्थीहरूलाई पठनपाठन गर्ने जिम्मेवार निकाय शिक्षकहरू भएको र स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनमा ख्वपको पहिचान सन्दर्भ सामग्रीले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पुस्तकमा समेटिएका विषयवस्तुमाथि रचनात्मक सुझावको आवश्यकता रहेको बताउनुभयो ।

# 'ख्वपको पहिचान भाग २' का लेखकहरूसँग छलफल

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित स्थानीय पाठ्यक्रम सन्दर्भसामाग्री 'ख्वपको पहिचान' भाग २ का लेखकहरूसँग असार ३० गते छलफल कार्यक्रम भयो ।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले ख्वपको पहिचानमा अमूल्य लेखहरू लेखी सहयोग गर्ने सम्पूर्ण लेखक तथा पाठ्यक्रम निर्माण कार्यदलप्रति धन्यवादज्ञापन गर्नुभयो ।

कला संस्कृतिको नगर भक्तपुरको इतिहास, भूगोल, कला संस्कृति, सम्पदा, स्थानीय खेलकुद तथा विभिन्न व्यक्तित्वहरूको जीवनीबारे नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले नगरपालिकाले ख्वपको पहिचान पुस्तक प्रकाशनमा ल्याएको प्रमुख प्रजापतिले बताउनुभयो ।

पुस्तकको अर्को भाग प्रकाशनको तयारीमा नगरपालिका जुटेको अवगत गराउनुहुँदै नगर प्रमुख प्रजापतिले जनताको साथ र सहयोगले नगरपालिकालाई काम गर्न सजिलो बनाएको र ख्वपको पहिचान भक्तपुरवासीहरूको निम्ति अमूल्य सम्पत्तिको रूपमा रहने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले नगरका महत्त्वपूर्ण सम्पदाहरूको विषयमा पर्यटकहरूलाई सङ्क्षिप्त जानकारी दिन सम्पदास्थलमा परिचय बोर्ड राख्ने तयारी भइरहेको बताउनुहुँदै उहाँले



इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषाका विषयमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्दै आएको पनि उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सहभागी लेखकहरूले उक्त पुस्तकमाथि रचनात्मक सुझावहरू राख्नुभयो ।

लेखक **लक्ष्मीभक्त बासुकला**ले आफ्नो धारणा राख्नुहुँदै विद्यार्थीहरूमा स्थानीय विषयवस्तुको महत्त्व धेरै भएको बताउनुहुँदै स्थानीय खेलले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो ।



लेखिका **सुनिता गाइसी**ले स्थानीय पाठ्यक्रम आफैमा महत्त्वपूर्ण विषय भएको र भक्तपुर नपाको अगुवाइमा प्रकाशित यस पुस्तक निकै पठनीय र सङ्ग्रहनीय भएको बताउनुभयो ।



लेखक **विश्वमोहन जोशी**ले आफ्नो क्षेत्रको संस्कृति थाहा नहुनु भनेको आफ्नो आत्मगौरव गुमाउनुसरह भएको बताउनुहुँदै इतिहास, भूगोल तथा संस्कृति पढ्ने विद्यार्थीहरू झन् झन् कम हुँदै गएको समयमा भक्तपुर नपाले ती विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु प्रशंसनीय भएको बताउनुभयो ।

सम्पदाप्रेमी **रबिन्द्र पुरी**ले आफ्नो धारणा राख्नुहुँदै स्थानीय पाठ्यक्रमले भक्तपुरको मूर्त अमूर्त सम्पदा



उजागर गर्न जोड दिएको र देशको शिक्षा नीति सुधार्न तथा भक्तपुरको पहिचान दिलाउन पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट पार्नुभयो ।



त्यस्तै लेखक **रत्नसुन्दर शाक्य**ले पाठ्यक्रममा समाविष्ट विभिन्न व्यक्तित्वहरूको जीवनीबारे नयाँ पुस्ताले पढ्ने अवसर पाउनु सुखद पक्ष रहेको बताउनुहुँदै भक्तपुरको पहिचान दिलाउन यस पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो ।



लेखक **डा.सुवेगमान बिजुक्छेँ**ले विद्यार्थीहरूसँग स्थानीय कला, संस्कृति, परम्परालगायतका विषयमा निकै कम जानकारी भएको हुँदा विद्यालयस्तरदेखि नै पाठ्यक्रम लागु गरी सीपमूलक ज्ञान प्रदान गर्ने नगरपालिकाको प्रयास निकै





स्वागतयोग्य भएको बताउनुभयो ।

लेखक **गौरीबहादुर कार्की र महेन्द्रगोपाल कर्माचार्य**ले नगरपालिकाद्वारा प्रकाशित पाठ्यक्रमले विज्ञानलाई पनि सँगसँगै लाने प्रयास गरेको, स्थानीय पाठ्यक्रम पढाउने शिक्षकहरूलाई उत्प्रेरणा दिँदै लानुपर्ने, भक्तपुरका गौरवका कारण नयाँ पुस्तालाई जानकारी दिनुपर्नेलगायतमा जोड दिनुभयो ।



कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले नगरपालिकाको आग्रहमा खोजमूलक लेख तयार गर्न सहयोगी भूमिका खेल्नुहुने सबै लेखकहरूप्रति आभार प्रकट गर्नुहुँदै स्थानीय पाठ्यक्रमबारे देखिएको भ्रमलाई चिर्न पुस्तकले भूमिका खेलेको बताउनुभयो ।

भनपा प्रमुख प्राइम टिभीमा

## सम्पदा संरक्षण भक्तपुरको समृद्धिको आधार हो : नगर प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीले भक्तपुर नगरपालिकाको लागि प्रस्तुत गरेको घोषणापत्रका प्रतिबद्धताहरू अक्षरस पालना गर्नमा आफ्नो चार वर्षको कार्यकाल व्यतित भएको बताउनुभयो ।

साउन ८ गते प्राइम टिभीका प्रस्तोता नबिन धमलासँगको अन्तरवार्तामा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी ख्वप अस्पताल सञ्चालनमा ल्याएको र नगरवासीहरूको घरघरमा घरैदैलो नर्सिङ सेवालाई निरन्तरता दिइरहेको बताउनुभयो ।

सम्पदा संरक्षण नै भक्तपुरको समृद्धिको आधार रहेको बताउनुहुँदै उहाँले जनताको आर्थिक र भौतिक सहयोगबाट भक्तपुरका सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरेको र भक्तपुरवासी युवाहरूलाई कम्तीमा चारओटा भाषाबाट प्रशिक्षित गर्न नगरपालिकाले विभिन्न भाषा तालिमहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकामा कोभिड विरुद्धको खोप लगाउनेमा ५०,६६४, कोभिसिल्ड खोप ४,९३१, एन्टीजेन परीक्षण ३,०५८ र ५१३ जनाले जोनसन खोप लगाइसकेको तथ्य प्रस्तुत गर्नुहुँदै उहाँले नगरका १० ओटै वडामार्फत व्यवस्थित तरिकाले कोभिडविरुद्धको खोप अभियान सञ्चालनमा जोड दिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिशुस्याहार, मावि, कलेज तहसम्मका सातओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएका छ । उहाँले भन्नुभयो 'नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले सस्तोमा गुणस्तरीय इन्जिनियरिहरू उत्पादन गर्दै आएको र मेडिकल कलेज सञ्चालन गर्ने अनुमति प्राप्त भएमा सस्तोमा दक्ष चिकित्सकहरू उत्पादन गर्ने लक्ष्य नगरपालिकाको रहेको छ ।'

भक्तपुर नगरपालिकाले आर्थिक कारणबाट कोही विद्यार्थी पढाइबाट वञ्चित नहोस् भन्ने हेतुले निकै सुलभ व्याजदरमा शैक्षिक ऋणको व्यवस्था गरेको बताउनुहुँदै नगरपालिकाले सामुदायिक विद्यालयको गुणस्तर र स्तरवृद्धिमा जोड दिँदै आएको उहाँले बताउनुभयो ।

२०७२ सालको भूकम्पबाट भक्तपुर नपाका सम्पदाहरू भक्तपुर नगरपालिकाको अगुवाइमा १०८ ओटा सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार सम्पन्न भइसकेको बताउनुहुँदै उहाँले भक्तपुरको रानीपोखरी, भाजुपोखरीको पुनःनिर्माण करिब करिब अन्तिम चरणमा पुगिसकेको अवगत गराउनुभयो ।

## बाल विवाह अन्त्यका लागि समुदाय परिचालनबारे प्रवचन

**असार २६ गते**



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा बाल विवाह अन्त्यका लागि समुदाय परिचालन विषयमा असार २६ गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा भएको उक्त कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले शारीरिक र मानसिक रूपमा परिपक्व नभई विवाहले सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने बताउनुहुँदै कानुनतः २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिने बताउनुभयो ।

नयाँ पुस्ताका युवाहरूमा पढाइअनुसारको असल संस्कार सिकाउनुपर्नेमा जोड दिनुहुँदै विदेश जान गर्ने नक्कली विवाहले समाजमा दूरगामी असर गरेको बताउनुभयो । उहाँले

बढ्दो नक्कली विवाहलाई सामान्य घटनाको रूपमा लिन नहुने बताउनुहुँदै बाल विवाहलगायतका समस्याहरू अन्त्यको लागि समुदाय नै परिचालन हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले महिला स्वास्थ्य निकै नै जटिल विषय भएको हुँदा आफ्नो स्वास्थ्यबारे महिलाहरू सचेत हुनुपर्ने बताउनुभयो । उहाँले बाल विवाह तथा नक्कली विवाहले निम्तिने कानुनी समस्याबारे जनचेतना जगाउनुपर्ने आवश्यकताबोध गर्नुहुँदै भक्तपुर नपाले जनताको आवश्यकताअनुसारका योजनाहरूलाई प्राथमिकताका साथ अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का नर्स मुना लवजुले बालविवाहबारे आफ्नो प्रस्तुतीकरण दिनुभयो । उहाँले बालविवाहबाट बालबालिकाहरूमा पुग्ने असर र कारणहरूमाथि प्रष्ट पार्नुहुँदै बालविवाह धेरै हुने मुलुकमध्ये नेपालमा विश्वकै आठौँ स्थानमा परेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडा सदस्यहरू रञ्जना त्वाती र हरिरत्न गोर्खालीले पनि बोल्नुभएको थियो भने सोही कार्यक्रममा नगर प्रमुख प्रजापतिले स्थानीय समुदायहरूले हातबाट बनाइएका कपडाका सेनेटेडरी प्याड वडा सदस्य रञ्जना त्वातीलाई हस्तान्तरण गर्नुभयो । ती सेनेटेरी प्याड कार्यक्रममा उपस्थित स्थानीय महिला दिदीबहिनीहरूलाई निःशुल्क रूपमा उपलब्ध गराइएको थियो ।

**साउन १ गते**




भक्तपुर नगरपालिका ७ नं वडा कार्यालयको आयोजनामा 'बाल विवाह अन्त्यको लागि समुदाय परिचालन' कार्यक्रम साउन १ गते पनि आयोजना गरियो ।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले बाल अधिकारको विषयमा जानकारी दिनुहुँदै सबै क्षेत्रबाट पहल भएमात्र बाल विवाह अन्त्य गर्न सकिने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'महिलालाई समान अधिकार कागजमा मात्र सीमित नगरी व्यवहारमा लागू गर्नुपर्छ ।' भनपाले सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइलगायतमा विशेष जोड दिँदै जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रअनुसार इमानदारीपूर्वक जनताको सेवा गरिरहेको उपप्रमुख जोशीले बताउनुभयो ।

भनपा ७ नं. का वडा अध्यक्ष उकेश कवांले समाज शिक्षित र सुसंस्कृत भए बाल विवाहको अन्त्य हुँदै जाने बताउनुभयो ।

समसामयिक राजनीतिबारे आफ्नो धारणा राख्दै उहाँले भन्नुभयो, 'शासक दलहरू सत्ता स्वार्थमा मात्र केन्द्रित रहेकोले सर्वसाधारण जनताले दुःख भोग्नुपरेको हो ।'

कार्यक्रममा सहजकर्ता मुना लवजु, वडा सदस्यहरू हरिरत्न गोर्खाली, हेरा ख्याजु र रञ्जना त्वातीले पनि बोल्नुभएको थियो ।

# विदेश पुगेका मूर्ति फर्काउन भक्तपुर नपाको पहल

## अमेरिकामा भेटिएको मूर्ति नेपाल फर्काउन भक्तपुर नपाको पहल



हाल अमेरिकाको कनेटिकटस्थित येल युनिभर्सिटीमा रहेको पार्वतीको मूर्ति (बायाँ) र चोरीपछि नित्य पूजा नरोकन राखिएको प्रतिलिपि मूर्ति ।

तस्बिर : कान्तिपुर

'अंशुवर्माकालीन 'पार्वती' को मूर्ति अमेरिकामा फेला' शीर्षकमा २०७८ साल असार २६ गते शनिबारको 'कान्तिपुर' दैनिक पत्रिकाको पहिलो पृष्ठमा छापिएको समाचारप्रति भक्तपुर नगरपालिकाको ध्यानाकर्षण भएको जनाउँदै उक्त मूर्ति नेपाल फर्काउन भक्तपुर नपाले सरोकारवाला निकायमा पत्राचार गरी

पहल सुरु गरेको छ । भक्तपुरको गोलमढीस्थित वीरभद्रेश्वर महादेव मन्दिरभित्रको कलात्मक पार्वतीको मूर्ति चार दशकअघि उक्त स्थानबाट हराएको थियो । हाल उक्त मूर्ति अमेरिकाको कनेटिकटस्थित येल विश्वविद्यालयको सङ्ग्रहालयमा भेटिएको समाचार छापिएको छ ।

भक्तपुर नगरपालिकाको वडा नं. ७ स्थित गोल्मढीबाट हराएको उक्त मूर्ति अमेरिकाको सङ्ग्रहालयबाट नेपाल फर्काइ भक्तपुरको वीरभद्रेश्वर महादेवको मन्दिरमै पुनःस्थापनाको लागि भक्तपुर नगरपालिकाले नेपाल सरकारअन्तर्गतका पुरातत्त्व विभाग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयमा आवश्यक पहल र सहयोगको लागि अनुरोधसहित पत्राचार गरेको छ ।


भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं :
मिति :

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय : आवश्यक पहल गरिदिनु हुन ।

उपरोक्त सम्बन्धमा मिति २०७८।३।२६ गते, शनिवार प्रकाशित 'कान्तिपुर' दैनिक पत्रिकाको अंशुवर्माकालीन 'पार्वतीको मूर्ति' अमेरिकामा फेला' शीर्षकको देवेन्द्र भट्टराईद्वारा लिखित समाचारमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचार अनुसार भक्तपुरको गोल्मढीस्थित वीरभद्रेश्वर महादेव मन्दिरबाट चार दशक अघि हराएको अंशुवर्माकालीन 'पार्वतीको मूर्ति' अमेरिकाको कनेटिकटस्थित (येल विश्वविद्यालय) को संग्रहालयमा भेटिएको छ ।

नेपालका विभिन्न समय र कालखण्डमा हराएका यस्ता ऐतिहासिक र पुरातात्विक महत्वका सांस्कृतिक एवं धार्मिक सम्पदाहरु विगतमा पनि सरकारको पहलबाट नेपाल फर्काइ यथास्थानमा पुनर्स्थापित गरेका धेरै उदारहणहरु छन् । तसर्थ यस नगरपालिकाको वडा नं. ७ स्थित गोल्मढीबाट लगभग चार दशक अगाडि हराएको उक्त अंशुवर्माकालीन 'पार्वती' मूर्ति अमेरिकाको ऐल विश्वविद्यालयको संग्रहालयबाट नेपाल फर्काई भक्तपुरको गोल्मढीस्थित वीर भद्रेश्वर महादेवको मन्दिरमै पुनर्स्थापनाको लागि समाचारको फोटोकपी यसैसाथै संलग्न गरी आवश्यक पहल एवं सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

(सुनिल प्रजापति)
प्रमुख

बोधार्थः-
श्री जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।
श्री महानगरीय प्रहरी परिसर, भक्तपुर ।
श्री स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर ।
श्री ७ नं. वडा समितिको कार्यालय ।
श्री भ.न.पा. सम्पदा उपशाखा ।

समाचारमा येल विश्वविद्यालयको वेभसाइटमा उक्त मूर्तिलाई 'बुद्धिस्ट गडेस तारा' भनेर उल्लेख गरिएको र सन् १९७६ मा भक्तपुर, गोल्मढीबाट चोरी भएको उक्त मूर्ति सुरुमा स्पिन्क एण्ड सन लिमिटेड (लन्डन) ले देवीको मूर्ति भनेर कला सम्पदाका सङ्ग्रहकर्ता जेम्स एण्ड मार्लिन एल्सडर्फलाई बेचेको भनी कान्तिपुरले छापेको उक्त समाचारमा उल्लेख छ । साथै सन् १९८४ मा जेम्स दम्पत्तिले यो सम्पदा किनेको र सन् २००२ मा माइकल एण्ड जर्जियाले न्युयोर्कमा उक्त मूर्ति पुऱ्याएको बताइएको छ । येल विश्वविद्यालयमा भने यो सम्पदा सन् २०१५ मा मात्र पुगेको बताइएको छ ।

नेपालका विभिन्न समय र कालखण्डमा हराएका यस्ता ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सांस्कृतिक एवम् धार्मिक सम्पदाहरू विगतका दिनहरूमा पनि सरकारको पहलबाट नेपाल फर्काइ यथास्थानमा पुनःस्थापित गरेका धेरै उदाहरण छन् । आर्थिक रूपमा संसारकै धनी राष्ट्रको रूपमा चिनिने र कला, संस्कृति, सम्पदा र मानव सभ्यताका विषयमा विश्वविद्यालयस्तरमा अध्ययन अध्यापन हुने अमेरिकाको एउटा विश्वविद्यालयमा नेपालबाट चोरिएको सम्पदा सङ्ग्रहालयमा प्रदर्शित भइरहनु आफैमा उदेगलाग्दो छ । नेपाल सरकारको पहलमा नेपालबाट हराएका यी र यस्ता सम्पदा नेपालमै फर्किनेमा नेपालका संस्कृतिप्रेमी एवम् सम्पदाप्रेमीहरू आशावादी छन् ।

## फ्रान्सबाट उमा महेश्वरको मूर्ति नेपाल फर्काउन भक्तपुर नगरपालिकाको ध्यानाकर्षण

मिति २०७८ असार ३१ गते बिहीबार 'कान्तिपुर दैनिक' पत्रिकाको दोस्रो पृष्ठमा 'फ्रान्सबाट कहिले फर्काइन्छ नेपाली मूर्ति' शीर्षकमा समाचार छापियो । पत्रकारद्वय देवेन्द्र भट्टराई र ददी सापकोटाद्वारा लिखित उक्त समाचारप्रति भक्तपुर नगरपालिकाको ध्यानाकषर्ण भएको उल्लेख गर्दै नगरपालिकाले उक्त मूर्ति फर्काउन आग्रह गरी सम्बन्धित निकायमा पत्रात्रार गरेको छ ।


भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं :
मिति :-

श्री संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय : आवश्यक पहल गरिदिनु हुन ।

उपरोक्त सम्बन्धमा मिति २०७८।३।३१ गते, बिहीबार प्रकाशित 'कान्तिपुर' दैनिक पत्रिकाको 'फ्रान्सबाट कहिले फर्काइन्छ नेपाली मूर्ति' शीर्षकको देवेन्द्र भट्टराई र ददी सापकोटाद्वारा लिखित समाचारमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचार अनुसार भक्तपुर नगरपालिका वडा नं. ३ नासमनाबाट ६० वर्ष अगाडि हराएको उमा महेश्वरको प्रस्तर मूर्ति फ्रान्सको राजधानी पेरिसको एसियाली कला सम्बन्धी राष्ट्रिय संग्रहालय (गिमे म्युजियम)मा प्रदर्शित छ ।

नेपालका तत्कालीन सम्मानीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले २ वर्ष अघि फ्रान्सको भ्रमणको बेलामा यो पुरातात्विक महत्वको मूर्तिलाई नेपालमा फर्काउन सहमति समेत गरिसकेको उक्त समाचार अनुसार पेरिसस्थित नेपाली राजदूतावासको पहल कायमनै छ । भ्रमणको क्रममा फ्रान्सको लागि नेपाली राजदूत दिपक अधिकारीले प्रधानमन्त्रीसहितको भ्रमण टोलीलाई उक्त संग्रहालयमा लिएर गई नेपालका अन्य प्राचीन सम्पदाहरुसमेत नेपाल फर्काउन आवश्यक पहल, भएको थियो । युनेस्को अभिसन्धी अनुसार पुरातात्विक महत्वका यस्ता सम्पदा वा सामाग्रीहरु जे जहां रहे पनि हकदावीको आधारमा उत्पत्तिको मुलुकलाई नै फिर्ता गर्नु पर्छ । सोही अभिसन्धि अनुसार नेपालका विभिन्न कालखण्डमा हराएका र विदेशमा भेटिएका पुरातात्विक सम्पदाहरु नेपाल फर्काई यथास्थानमा पुनःस्थापित समेत गरिएका धेरै उदाहरणहरु छन् । तसर्थ भक्तपुरको नासमनामा रहेको उक्त उमा महेश्वरको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्वका सम्पदा उत्पत्ति स्थल भक्तपुर नासमनामै फर्काई प्रतिष्ठापन गर्न समाचारको फोटोकपी यसैसाथै संलग्न गरी आवश्यक थप पहल र सहयोगको लागि अनुरोध गर्दछु ।

(सुनिल प्रजापति)
प्रमुख

बोधार्थः-
श्री जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।
श्री महानगरीय प्रहरी परिसर, भक्तपुर ।
श्री स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर ।
श्री ३ नं. वडा समितिको कार्यालय ।
श्री भ.न.पा. सम्पदा उपशाखा ।

इमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेबसाईट :- www.bhaktapurmun.gov.np



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(संस्कृति महाशाखा)

E-mail: motca@ntc.net.np

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७८/७९
च.नं. ०४

मिति: २०७८।०४।०३

श्री भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर ।

विषय: उमामहेश्वरको मूर्ति सम्बन्धमा ।

तहाँ कार्यालयको प.सं. ३१९१ च.नं. ४१६२ मिति २०७८।०३।०३१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

फ्रान्सको पेरिसस्थित National Museum of Asian Arts Guimet मा रहेको कैलाश पर्वत माथि बसेको १३ औं शताब्दीको उमामहेश्वरको मूर्ति १९८४ मे २३ मा भक्तपुरको नासमना टोलबाट हराएको जानकारी प्राप्त हुन आएको छ । उक्त मूर्तिको बारेमा लैनसिंह बाङ्देलबाट प्रकाशित गरिएको The Stolen Image of Nepal पुस्तकको पेज नं. १९६-९९ मा उमामहेश्वरको बारेमा तस्वीर सहित उल्लेख भएको छ । उक्त पुस्तकमा उल्लेख भएको विवरण र पुरातत्व विभागबाट प्राप्त प्रतिवेदनको आधारमा उक्त मूर्ति (उमामहेश्वर) नेपालको भएको व्यहोरा स्पष्ट हुने देखिएको हुँदा नेपालमा नै फिर्ता ल्याई सम्बन्धित स्थानमा सुरक्षित राख्नका लागि नेपाल सरकारका तर्फबाट आवश्यक पहलको लागि परराष्ट्र मन्त्रालयबाट पेरिसस्थित नेपाली, राजदूतावासमा समन्वय गरिदिनुहुन सचिवस्तरीय मिति २०७८।०३।१६ को निर्णयानुसार पत्राचार भई सकेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७८।४।२
(करुणा नकर्मी)
पुरातत्व अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जानकारी पत्र

भक्तपुर नासमना टोलको उमामहेश्वरको प्रस्तर मूर्ति ६ दशकअघि नेपालबाट चोरी भएको र हाल उक्त मूर्ति पेरिसको एसियाली कलासम्बन्धी राष्ट्रिय सङ्ग्रहालय (गिमे म्युजियम) मा प्रदर्शित रहेको भनी कान्तिपुरले समाचार छापेको थियो । साथै नेपालका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले २ वर्ष अघि फ्रान्सको भ्रमणका क्रममा पुरातात्त्विक महत्त्वको उक्त मूर्ति नेपाल फर्काउन सहमति पनि गर्नुभएको समाचारमा उल्लेख छ ।





तस्बिर : कान्तिपुर

सोही भ्रमणका क्रममा फ्रान्सका लागि नेपाली राजदूत दिपक अधिकारीले प्रम ओलीसहितको भ्रमण टोलीलाई उक्त सङ्ग्रहालयको भ्रमणको व्यवस्था मिलाई सङ्ग्रहालयमा रहेका नेपालका अन्य प्राचीन सम्पदाहरूको समेत नेपाल फर्काउन आवश्यक पहल भएको थियो । राजदूत अधिकारीका अनुसार गिमे म्युजियम फ्रान्सको सरकारी सङ्ग्रहालय भएकोले नेपालबाट हराइएका वा चोरी भएका सांस्कृतिक सम्पदालाई नेपाल फिर्ता ल्याउन प्रक्रियागत काम–कारबाही भइरहेको र सम्पदा उत्पत्तिको पहिचानसम्बन्धी कागजी प्रक्रिया र अन्य कानुनी कारणले मूर्ति फर्काउने काममा ढिलाइ भइरहेको उहाँको भनाइ छ ।

नेपाल सरकार र फ्रान्स सरकारबीच दुई वर्ष अगाडि सहमति भए पनि हालसम्म उक्त मूर्ति नेपाल नफर्काइएको प्रति गम्भीर ध्यानाकर्षण गर्दै भक्तपुर नगरपालिकाले नेपाल सरकारअन्तर्गतका सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभागमा आवश्यक पहल र सहयोगको निम्ति मिति २०७८ असार ३१ गते नै पत्राचारसमेत गरिसकेको छ ।

युनेस्को अभिसन्धीअनुसार पुरातात्त्विक महत्त्वका यस्ता सम्पदा वा सामग्रीहरू जे जहाँ रहे पनि हकदाबीको आधारमा उत्पत्तिको मुलुकलाई नै फिर्ता गर्नुपर्छ भन्ने उल्लेख छ । भक्तपुरको नासमनामा रहेको उक्त उमा महेश्वरको मूर्ति उत्पत्तिस्थल भक्तपुरको नासमनामै फर्काइ प्रतिष्ठापन गर्नुपर्ने धारणा सम्पदाविद्हरूको रहेको छ । साथै नेपाल सरकारको पहलमा नेपालबाट हराएका यी र यस्ता सम्पदा नेपालमै फर्काउन आवश्यक पहलको जरुरी छ ।

**रू. ६१ लाखमा निर्माण हुँदै**

## ह्वाङ ह्वाङ पाटीको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन ९ गते भक्तपुर नपा वडा नं. १ सल्लाघारीमा अवस्थित



रानी पोखरी (न्हु पुखू) को दक्षिण भागमा रहेको ह्वाङ ह्वाङ पाटीको शिलान्यास गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले २०७६ साल जेठ १५ गतेबाट सुरु भएको भक्तपुरको रानी पोखरी पुन:निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको बताउनुभयो ।

पुर्खाले सिर्जेको सम्पत्तिलाई मौलिक शैलीमा संरक्षण गर्ने कार्य भक्तपुर नपाले सफलताका साथ सम्पन्न गर्ने अभियानमा जुटेको बताउनुहुँदै प्रमुख प्रजापतिले इतिहास, भूगोल, संस्कृतिलगायतका जनशक्ति उत्पादन गर्ने उद्देश्यले ती विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको समेत व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुरको रानीपोखरीलाई पुनर्जीवन दिने प्रयासमा नगरपालिका अग्रसर रहेको बताउनुहुँदै प्राप्त पुराना प्रमाणको आधारमा पोखरी पुन:निर्माण अघि बढाइएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले काठमाडौंको रानीपोखरी संरक्षणमा समेत सहयोग गरेको बताउनुहुँदै देशकै सम्पत्ति संरक्षण गर्न नगरपालिका निरन्तर प्रयासरत रहेको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नपाले मन्दिर, पोखरी, पाटीपौवालगायतका सांस्कृतिक सम्पदा संरक्षण र जीर्णोद्धार गरी सम्पदालाई पुन:जीवन दिने कार्य गरिरहेको बताउनुहुँदै सर्वसाधारण, आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि खुल्ला गर्न पोखरी पुन:निर्माण कार्य छिटो सम्पन्न हुनेगरी काम अगाडि बढाइरहेको बताउनुभयो ।

त्यस्तै इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले रानीपोखरीको निर्माण नेपाल संवत् ७५० अर्थात् वि.सं. १६८७ मा मल्ल राजा जगज्ज्योति मल्लले गरेको बताउनुहुँदै रानीपोखरीको दक्षिणपट्टि रहेको ह्वाङ ह्वाङ पाटीमा रहेको शिलालेखअनुसार सो पोखरीको नामाकरण **पुष्करणी** भनी उल्लेख गरिएको पाइएको बताउनुभयो । राखी पोखरीलाई न्हु पुखूको नामबाट चिनिने गरेको बताउनुहुँदै इतिहासविद् श्रेष्ठले रानी पोखरीको निर्माण पाँच महिनाको छोटो अवधिमा बनेको इतिहास रहेको बताउनुभयो । पोखरीको दक्षिणभागमा अवस्थित ह्वाङ ह्वाङ पाटी २०५६ सालमा भत्केको इतिहासबारे प्रष्ट पार्नुहुँदै डा. श्रेष्ठले भक्तपुर नपाले इतिहास ब्युँताउन गरेको पुन:निर्माण कार्य सदास्मरणीय हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. १ का पार्टी इन्चार्ज लक्ष्मीनारायण राजलवट, ह्वाङ ह्वाङ पाटी पुन:निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष राजन कोजु, सदस्य रक्सी गारु र सुलोचना कोजूले पनि आफ्नो धारणा राख्नुभएको थियो । ह्वाङ ह्वाङ पाटी पुन:निर्माण कार्यको लागत इस्टिमेट रु. ६१ लाख रहेको पनि सो कार्यक्रममा जानकारी गराइएको थियो ।

# सर्वोच्च अदालतबाट प्रधानमन्त्री तोक्नु व्यवस्थापिकामाथि आक्रमण




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्वोच्च अदालतले प्रधानमन्त्री तोक्नु शक्ति पृथकीकरणको सिद्धान्तविपरीत छ भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ द्वारा भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरणमा साउन २ गते आयोजित प्रवचन कार्यक्रममा उहाँले प्रतिनिधि सभाबाट विश्वासको मत नपाएसम्म देउवा टीके प्रधानमन्त्रीको हैसियतमा रहने बताउनुभयो ।

उहाँले दलीय व्यवस्थामा दलको ह्विप नलाग्ने कुरा गलत हो, सर्वोच्च अदालतको ह्विप नलाग्ने फैसलाले राजनैतिक दलहरूमा अराजकता फैलिन्छ, सांसद किनबेचको खेल फेरि सुरु हुनेछ भन्नुभयो ।

सांसद अपहरण, जम्बो मन्त्रिमण्डल गठन, राष्ट्रघाती एमसीसी सम्झौता गर्ने विगतको इतिहासले देउवा नालायक पात्र भएको बताउनुहुँदै उहाँले ललित निवास प्रकरणमा फरार

अभियुक्त विजय गच्छदार धरौटीमा रिहा हुनु र आफताब आलम छुट्ने हल्लाले देशमा फेरि अराजकता सुरु हुने सङ्केत देखिएको उल्लेख गर्नुभयो ।

पूँजीवादी व्यवस्थामा सरकारले नै भ्रष्टाचारीहरूको संरक्षण दिइरहेको उल्लेख गर्नुहुँदै उहाँले राजनीति भ्रष्टाचारी, तस्कर, गुण्डागर्दी र ठेकेदारहरूले कब्जा गरिरहेको हुँदा जनता सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा नगर समितिका सदस्य गंगाराम ज्याख्वले २०२५ साल साउन २ गतेको भ्रष्टाचारविरोधी आन्दोलनबाट प्रेरणा लिएर नयाँ पुस्ता अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्थानीय रामहरि गोरा, रामसुन्दर खाताखो र सुनिता अवालले पनि भ्रष्टाचारका विविध पक्षबारे चर्चा गर्नुभएको थियो ।

## भक्तपुर नगरपालिकाबाट प्रहरी उपरीक्षकलाई स्वागत र बिदाइ



प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठलाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महानगरीय प्रहरी परिसर भक्तपुरमा सरुवा भई आउनुभएका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठलाई एक समारोहबीच असार २९ गते भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले २०७८ साल असार २१ गतेबाट भक्तपुर जिल्लामा सरुवा भई आउनुभएका प्रहरी उपरीक्षक श्रेष्ठलाई पुष्पगुच्छा र भादगाउँले टोपीसहित स्वागत गर्नुभएको हो ।

स्वागत कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले सफल कार्यकालको लागि शुभकामना दिनुहुँदै जनप्रतिनिधि र प्रशासनको संयुक्त प्रयासले जिल्लाको सुशासन कायम गर्न सहज हुने बताउनुभयो ।

उहाँले एकआपसको सहयोग र समन्वयमा धेरै कामहरू भएको अनुभव सुनाउनुहुँदै भक्तपुर नपाले पाक्षिक रूपमा सञ्चालन गर्दै आएको नियमित सरसफाइमा प्रहरी प्रशासनको सहयोग रहँदै आएको र विभिन्न चाडपर्वहरूमा शान्ति कायम गर्न प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले नगरपालिकाले समाजमा अराजकता फैलाउन खोज्नेहरूलाई आवश्यक कारबाही गर्न सहयोगी भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भौगोलिक रूपमा सानो जिल्ला भए पनि भक्तपुर नपामा बढ्दो जनघनत्व रहेको र सांस्कृतिक हिसाबबाट निकै धनी सहरको रूपमा परिचित रहेको बताउनुभयो । कोभिड नियन्त्रण तथा रोकथाममा भक्तपुर नपाले गरेका गतिविधिबारे अवगत गराउनुहुँदै भक्तपुर नपाले जनताको सहयोगबाट अक्सिजन प्लान्ट राखी नगरवासीहरूको लागि निःशुल्क वितरण गरिरहेको स्पष्ट पार्नुभयो ।

सोही कार्यक्रममा प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले नपाले गरेको स्वागतप्रति आभार प्रकट गर्नुहुँदै भक्तपुर जिल्लालाई कार्यक्षेत्र बनाउन पाउँदा र यहाँका सांस्कृतिक परम्परा तथा गतिविधिमा सहभागी हुन पाउँदा गौरव महसुस भएको बताउनुभयो । भक्तपुरको अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान तथा शान्ति सुरक्षा कायम गर्न नपासँगै अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुहुँदै उहाँले स्थानीयवासीलाई केन्द्रबिन्दुमा राखी गतिविधि गर्न सके उपलब्धी हासिल हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य तथा नपाका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरबाट सरुवा हुनुभएका भक्तपुरका एसपी तारादेवी थापालाई



प्रहरी उपरीक्षक तारादेवी थापाको बिदाइ

असार २० गते एक कार्यक्रम गरी बिदाइ गर्नुभयो ।

भक्तपुर जिल्लामा करिब १ वर्षदेखि कार्यरत एसपी थापालाई बिदाई गर्नुहुँदै उहाँलाई भक्तपुरमा रहुञ्जेल जनप्रतिनिधिहरूसँग समन्वयमा रही काम गर्नुभएकोमा धन्यवाद दिनुभयो र भक्तपुरको प्रसिद्ध मयुर झ्याल र केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

## १५ दिने मादल बजाउने प्रशिक्षण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार तथा बाल विकास केन्द्रका शिक्षिका तथा कर्मचारीहरूलाई १५ दिने मादल बजाउने प्रशिक्षण कार्यक्रम असार २० गते सुरु भयो ।




कार्यक्रममा नपा प्रमुख **सुनिल प्रजापति**ले नेपालको प्रसिद्ध ताल बाजाको रूपमा परिचित मादलको सांस्कृतिक र राजनीतिक महत्त्व भएको बताउनुभयो ।

पुर्खाले छोडेका कला र संस्कृतिहरूलाई बचाइराख्न भक्तपुर नगरपालिकाले नयाँ पुस्तामा हस्तान्तरण र पुस्तान्तरण गर्नुपर्छ भन्ने उद्देश्यले विभिन्न बाजाहरूको तालिम, प्रशिक्षण र प्रतियोगिताहरूलाई निरन्तरता दिइरहेको बतानउनुहुँदै प्रमुख प्रजापतिले शैक्षिक योग्यतासँगसँगै आफूमा अतिरिक्त सीपको विकासमा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले एकचोटि सिकेको सीप कहिल्यै पनि नमर्ने बताउनुहुँदै राम्रा विद्यार्थी नै भविष्यमा असल शिक्षक हुने बताउनुभयो । आफूले सिकेको सीप समाजको निम्ति उपयोग गर्नुपर्नेमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित शिशुस्याहार केन्द्रको स्तरोन्नति गर्ने विषयमा आवश्यक छलफल चलाइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले बाजा विज्ञानसँग जोडिएको बताउनुहुँदै मानिसहरूलाई मनोरञ्जन र एकीकृत बनाइराख्न बाजाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । शिशुस्याहार केन्द्रका




बालबालिकाहरूलाई सङ्गीततर्फ तान्न यस प्रशिक्षणले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले बालबालिकालाई चलायमान र ध्यानकेन्द्रित गर्न सङ्गीतको भूमिका रहेको बताउनुभयो ।



बाँसुरी बाजा प्रशिक्षक **राजकुमार मानन्धर**ले बाजा सिक्न प्रशिक्षार्थीमा सिक्ने भावनाको विकास हुनुपर्ने र बाजासँग जति नजिक भयो त्यति बढी सिकिने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा शिशुस्याहार तथा बालविकास केन्द्रका संयोजक **दिपेन्द्र प्रजापति** र वडा नं. १ केन्द्रका इन्चार्ज **नजरमाया बाटी**ले पनि बोल्नुभएको थियो ।



मादलका प्रशिक्षार्थी अभ्यास गर्दै

सोही क्रममा प्रशिक्षणको सुरुवातमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रशिक्षक राजकुमार मानन्धरलाई मादल हस्तान्तरण गर्नुभएको थियो ।

# मादल प्रशिक्षण सम्पन्न




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ६ ओटै शिशुस्याहारहरूमा कार्यरत शिक्षिका तथा कर्मचारीहरूलाई मादल बजाउने तालिम भनपा १ नं. वडा समितिमा साउन १७ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि प्रजापतिले शिक्षक–शिक्षिकाहरूले तालिमबाट सिकेको सीप सम्पत्तिको रूपमा सुरक्षित राख्दै आफूले सिकेको सीपलाई व्यवहारमा उतार्नुपर्ने बताउनुभयो । उहाँले जुनसुकै सीप सिक्नका लागि व्यक्तिमा एकाग्रता र आत्मविश्वास हुनुपर्नेमा जोड दिनुहुँदै सीप र विद्या प्राप्त व्यक्ति कहिल्यै पनि भोकै बस्नुपर्दैन भन्नुभयो ।

शिक्षकहरूको अनुशासन, व्यवहार र आचरणले नै संस्था र विद्यार्थीहरूलाई सफल बनाउने भएकोले सबैले आ–आफ्नो व्यवहार र आचरण सुधार्नुपर्ने बताउनुहुँदै प्रमुख अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रलाई नमूना शिशुशालाको रूपमा विकास गर्न सबैले मिहिनेत



गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै वडाध्यक्ष श्यामकृष्ण खत्रीले तालिमका सहभागी शिक्षिका र कर्मचारीहरूले आफूले सिकेको सीप कार्यस्थलमा मात्र नभई वडा र समाज रूपान्तरणका लागि पुस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो ।

प्रशिक्षक राजकुमार मानन्धर, भनपा शिशुस्याहार तथा बाल विकास केन्द्रका प्रमुख दिपेन्द्र प्रजापति तथा सहभागी नजरमैंया बाटीले बोल्नुभएको उक्त कार्यक्रममा भनपाद्वारा सञ्चालित ६ ओटै शिशुस्याहारका २४ जना शिक्षिका र कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले सिकेको प्रतिभा विभिन्न बालगीतहरूको माध्यमबाट प्रष्फुटन गरिएको थियो भने भक्तपुर नगरपालिकाको तर्फबाट प्रमुख अतिथि प्रजापतिले प्रशिक्षक मानन्धरलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# घर पुन:निर्माण गर्न बाँकी भूकम्प पीडित घरधनीहरूसँग छलफल




भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा २०७२ साल वैशाख १२ गतेको भूकम्पबाट भत्केका घर पूर्ण क्षति भई हालसम्म पुन:निर्माण गर्न बाँकी भएका घरधनीहरूसँग छलफल कार्यक्रम साउन १६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा भूकम्पबाट भत्केका निजी घरहरू ४० प्रतिशत पुन:निर्माण सम्पन्न भएको बताउनुहुँदै आर्थिक अभावका कारण अहिले पनि घर बनाउन नसक्नेहरूको सङ्ख्या धेरै रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले सरकारले दिएको अनुदान रकम

प्राप्त गर्न नसकेको अवस्थामा भूकम्प पीडितहरूलाई एकमुष्ट रकम दिनुपर्ने, अनुदान रकम १० लाख पुऱ्याउनुपर्ने र भूकम्प प्रतिरोधी घर निर्माणमा जनतालाई सचेत गराउन आवश्यक रहेकोमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको नियमानुसार मौलिक शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाले अनुदानको व्यवस्था गरिरहेको बताउनुहुँदै उहाँले खेतीयोग्य जग्गा बेचबिखन नगर्न आग्रह गर्नुभयो ।



पुनःनिर्माण गर्न बाँकी घरहरूलाई आपसी सल्लाहमा घर निर्माण गर्न प्रेरित गर्नुहुँदै उहाँले यसले नगरलाई अझ व्यवस्थित र सुन्दर बनाउन टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भूकम्प गएको ६ वर्ष बित्दा पनि घर बनाउन नसक्नुको कारणबारे जानकारी लिन र आवश्यक सहजीकरणको लागि नगरवासीहरूसँग छलफल कार्यक्रमको आयोजना गरेको बताउनुभयो । उहाँले नगरपालिका नगरवासीहरूको साझा संस्था भएको बताउनुहुँदै राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले भूकम्प पीडितलाई दिइँदै आएको अनुदान रकम लिने समय सीमा कार्तिक मसान्तसम्म थप गरेको जानकारी दिनुभयो ।

नेमकिपा वडा नं. ७ का पार्टी इन्चार्ज बलराम गोसाईंले कोभिड १९ का कारण भक्तपुरका निजी घर पुनःनिर्माणमा ढिलाइ भइरहेको बताउनुहुँदै नगरवासीहरूलाई आकासे पानी सङ्कलनका उपाय र फाइदाबारे सन्देशमूलक कार्यक्रमहरूको आयोजनामा नगरपालिकाले जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य रन्जना त्वाती र हरिरत्न गोर्खालीले पनि बोल्नुभएको थियो भने उपस्थित वडावासीहरूले पनि भूकम्पका कारण घर बनाउन नसक्नुका कारणबारे प्रष्ट पार्दै सोको लागि नगरपालिकाबाट आवश्यक समन्वय र पहलको निम्ति आग्रह गर्नुभयो ।

# कर्मचारीहरूलाई एक महिने साङ्केतिक भाषा तालिम




भक्तपुर नगरपालिकाको आयोजनामा एक महिने साङ्केतिक भाषा तालिमको उद्घाटन साउन ३ गते एक कार्यक्रममा उप प्रमुख रजनी जोशीले गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुदै भक्तपुर नगरपालिकाका उप प्रमुख तथा अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिका संयोजक रजनी जोशीले नगरपालिकाका शाखाहरूमा कार्यरत कर्मचारीहरूको लागि साङ्केतिक भाषा तालिम ल्याइएको बताउनुभयो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति मार्फत हालसम्म ५२९ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेको चर्चा गर्नुहुँदै अपाङ्गताको लागि खेलकुद, स्वास्थ्य शिविर र सहायक सामग्रीहरू समेत वितरण गरिएको बताउनुभयो ।

कार्यक्रममा महानगरीय प्रहरी परिसर, भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले तालिम तथा सूचनाले सबै पक्षको विकासमा मद्दत मिल्ने र यसले सीप, क्षमता अभिवृद्धि गर्नुका साथै सकारात्मक परिवर्तन हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन अनुसार बहिराहरू अन्य नागरिक सरह सूचना लिनबाट भाषाको समस्याकै कारण वञ्चित हुनुपरेकोले उक्त तालिममा भक्तपुर नगरपालिकाका विभिन्न शाखाबाट २० जना कर्मचारीहरूको सहभागिता रहेको छ ।

## ३१८ वर्ष पुरानो विश्वकर्मा आगंछेँ पुन:निर्माण निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ६ तुछिमलास्थित ऐतिहासिक विश्वकर्मा आगंछेँ (टेराकोटा झ्याल भएको) पुन:निर्माण कार्यको साउन ३ गते स्थलगत निरीक्षण गर्नुभयो ।







उक्त आगंछेँ पुन:निर्माणअन्तर्गत छाना आउने कार्यलगायतमा त्यहाँका स्थानीय जनताले जनश्रमदान गरेका थिए ।

## महालक्ष्मीस्थानमा निर्माणाधीन स्वास्थ्य केन्द्रको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १० महालक्ष्मीस्थानमा निर्माणाधीन स्वास्थ्य केन्द्रको पहिलो तला ढलान कार्यको साउन ६ गते निरीक्षण गर्नुभयो ।

## भाजुपोखरीको जलेश्वर मन्दिर पुन:निर्माण निरीक्षण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ दूधपाटीमा अवस्थित भाजुपोखरीको मध्यभागमा अवस्थित जलेश्वर मन्दिर पुन:निर्माण कार्यको साउन ९ गते स्थलगत निरीक्षण गर्नुभयो ।

# वन्ती फल्चा पुन:निर्माणमा जनश्रमदान गर्दै स्थानीयहरू





भक्तपुर नपा वडा नं. ६ चाँगु जाने सडकमा रहेको वन्ती फल्चा पुन:निर्माणमा असार २८ गते जनश्रमदान गर्दै स्थानीयहरू ।

# भक्तपुर नपाको अनुगमन

## भेटनरी र चश्मा पसलहरूमा अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भेटनरी र चश्मा पसलहरूको असार २० गते इताछेँ, बालाखु, साकोथा, सुकुलढोका, गोलमढीमा अनुगमन गरियो ।

चश्मा पसलहरूले चश्माको सिसा र फ्रेम खरिद मूल्य र बिक्री मूल्यमा धेरै फरक गरी बढी नाफा खाएको, मूल्यमा एक रूपता नभएको, चश्मा पसलहरूले जिल्ला जनस्वास्थ्यको स्वीकृति नलिई सञ्चालन गरेको, औषाधि विभागको अनुमति नभएको समेत गुनासो आएकोले चश्मा पसलहरू अनुगमन गरेको हो ।

अनुगमनको क्रममा नगरपालिकामा दर्ता नगरेकालाई तीन दिनभित्र दर्ता गर्न, चश्माको मूल्य सूची नराखेको, जथाभावी मूल्य लिएको, खरिद बिल नदेखाएको, नाफा धेरै लिई बिक्री गरी ग्राहकलाई ठगेकोले मूल्य सुची राख्न र जिल्ला जनस्वास्थ्य कार्यालयको अनुमति लिन निर्देशन दियो ।

त्यस्तै दर्ता नवीकरण गर्न, प्यानमा दर्ता गर्न, साइन बोर्ड राख्न, प्रमाणपत्रहरू पसलमा देखिने गरी भित्तामा राख्न, अप्टिकल फिटिङ्ग तालिम लिन निर्देशन दियो ।

अप्टिकल फिटिङ्गको तालिम लिनुपर्ने निर्देशन दिई आएको जनस्वास्थ्य जिल्ला समुदायिक आँखा अस्पतालका डाक्टर धिरज अधिकारीले  बताउनु भयो ।

भेटनरी पसलहरू औषधि विभागको अनुमति बिना सञ्चालन भएको, पसलमा औषधि दिने व्यक्तिहरू फर्मासिष्ट वा औषधि विभागको अनुमति पत्र पाएका व्यक्तिहरूले मात्र औषधि बिक्री वितरण गर्न पाउनेमा जो कोही बसेर औषधि बिक्री गर्ने गरेको, डाक्टरहरूले मात्र चलाउन पाउने बेहोस गर्ने औषधीहरू र पशुहरू मार्ने पर्ने अवस्थामा मात्र प्रयोग गर्ने औषधिहरू जथाभावी बिक्री वितरण भएको गुनासो आएकोले भेटनरी पसलहरू अनुगमन गर्नु परेको भेटनरी डाक्टर पंकज खनालले बताउनुभयो ।

भेटनरी पसल अनुगमनमा औषधि विभागको अनुमतिलगायत आवश्यक कागजात पसलमा नभएकोले कागजातसहित नपा कार्यालयमा उपस्थित हुन, औषधि पसलमा बसिराखेका डाक्टरको काउन्सिल अनुमति पत्र नभएकोले उक्त कार्ड लिएर नपा कार्यालयमा उपस्थित हुन, पसल दर्ता नभएकालाई तीन दिन भित्र दर्ता गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा विभिन्न पसलमा फेला परेका म्याद नाघेका औषधिहरू अक्सल १ ओटा, रिलेफ ६ पाकेट, फायर कम क्रम १ पाकेट, कोलिकेयर १ पाकेट, माइकोबाइण्डर १ ओटा, अर्निका स्याम्पु १ ओटा, मेगालिव १ ओटा, फ्लोवाक १ ओटा, नोटिक ११ ओटा, लारुटान डापर ६१ ओटा, जाइलाजिन इन्जेक्सन १ ओटा, मोल्फेन ६ पाकेट, माइक्रोगार्ड ७ बट्टा, बोरिक एसिड २४ पाकेट, माइक्रोडिन १ ओटा, लेमोक्स १० ओटा, जाइला १ ओटा, आइबिएनडि १ ओटा, भोल्भाक १ ओटा, लाभाओ कोहाइजा १ ओटा, टिलभेट १ ओटा, क्लोरटेट्रेल १ पाकेट जफत गरी नष्ट गरियो ।

## जगाति, सूर्यविनायक र दूधपाटीमा

त्यस्तै असार २१ गते अनुगमन टोलीले जगाति, सूर्यविनायक र दूधपाटीको भेटनरी र चश्मा पसलहरूको अनुगमन गऱ्यो ।

म्याद नाघेका औषधिहरू, बिषादीहरू पसलमा जथाभावी तरीकाले राखेको, डाक्टरले मात्र क्लिनिक प्रयोग गर्न पाउने



पशुलाई बेहोस बनाउने निन्जा र केमाइनहरू पसलहरूमा भेटिएको, फ्रिजमा राखेको इन्जेक्सन औषधि फ्रिज सफा नहुँदा ढुसी पर्ने र त्यस्तो औषधि पशुपंछिलाई दिए र त्यस्ता पशुपंछिको मासु उपभोक्ताले उपभोग गर्दा बिरामी पर्ने भएकोले अनुगमन आवश्यक भएको डाक्टर प्रणव जोशीले बताउनु भयो ।

अनुगमनमा नगरपालिकामा दर्ता नभएका पसललाई तीन दिन भित्र दर्ता गर्न, फ्रिज सफा नभएको र ढुसी परेकोले सफा गर्न, पसल नविकरण गर्न, बिषादी छुट्टै र बालबालिकबाट सुरक्षित गरी राख्न, औषाधि विक्रि वितरण गर्न औषधि विभागको अनुमति लिन निर्देशन दियो ।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेका औषधिहरू टेट्राक्लिन ९ ओटा, रुमबाइअन २ पाकेट, मोटीभ्याक १, फेभेस्टिन १, ब्रिम्याक्स ७, मस्ति केयर १, निन्जा २ ओटा, साल्फाडिन वोलस १ बट्टा, मस्टिनटेल स्प्रे १ ओटा, हाइटेक निडल १ बट्टा, भिटामिन बिकम्पलेक्स २ ओटा, जेन्टामाईसिन इन्जेक्सन १ ओटा, अभिलिन १ ओटा, ट्रानोस्टेट १ ओटा, कोनाकाइओन १ ओटा, सल्फोनामिक्स १ ओटा, क्रामाइन ३ ओटा, टेट्रासाक्लिन १ ओटा, कनसिप्लेक्स १ ओटा, इटासेफ १ ओटा, इमोलि १ ओटा, मेलोसिन १ ओटा, पेन्सबाओटिक १ ओटा, बिनोसिन २ ओटा, सेट्रिएक्स १ ओटा, स्टासेफ १ ओटा, ट्राइमसिनोलोन १ ओटा, बफकाइण्ड १ पाकेट, स्ट्रेराइल डाइलुएन्ट १३ ओटा, मारेक १ ओटा, इन्जेक्सन बुरसल १ ओटा जफत गरी नष्ट गरियो ।

त्यस्तै सूर्यविनायकको एक अप्टिकल पसल दर्ता लगायत केही पनि कागजात पसलमा नभएकोले तीन दिन भित्र कार्यालयमा उपस्थित हुन, पसलमा मूल्य सुची राख्न, खरिद बिल नदेखाएको र बिक्री बिल प्यान र भ्याट बिल नभएकोले सो समेत सुधार गर्न निर्देशन दियो ।

**लिवालीमा**

असार ३० गते अनुगमन टोलीले लिवालीमा खाद्य पसल अनुगमन गर्दा खाद्य अनुज्ञापत्र नलिई प्याकेजिङ्ग सामानमा लेवल नराखी बिक्री वितरण गरेको, खाद्यको अनुज्ञापत्रविना लेवल हातले लेखी राखेको र म्याद नाघेको सामान भेटिएको थियो ।

अनुगमनमा सम्बन्धित पसललाई प्याकेजिङ्ग सामानमा खाद्य अनुज्ञापत्र लिई लेवल राखीमात्र बिक्री वितरण गर्न, मूल्य सूची राख्न, खरिद बिल र बिक्री बिल लिने दिने गर्न, सरसफाइमा ध्यान दिन, तराजू नवीकरण गर्न, साइनबोर्ड राख्न, खरिद विल प्यान वा भ्याट विलमात्र लिन निर्देशन दिइयो ।

अनुगमनको क्रममा फेला परेको हस्तलिखित लेवल भएको तोरीको तेल १ लिटरको ११ ओटा र हाप लिटरको ११ ओटा, लेवल नभएको आइसक्रिम बिक्रीवितरण नगर्न निर्देशन दिनुका साथै म्याद नाघेका सामानहरू धावत मखन २ पाकेट, ओरेन्ज जुस १ बट्टा, हयापि घ्यू १ बट्टा, हरिओम मस्यौदा १४ पाकेट, भिभोर मिक्स भिजेटबल सुप ५ पाकेट, माल्लज् भुजिया १ पाकेट, दिलासा दालमोठ २ पाकेट, पशुपति पापड ८ पाकेट, उत्पादन मिति नभएको छुमा गणेश मसला, खुर्सानी ४ पाकेट, बेसार २ पाकेट, ब्लाक सस् ११ ओटा जफत गरी नष्ट गरियो ।

अनुगमन टोलीमा अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशन मैया सुवाल, भनपा श्यानिटेशका व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्ज र न्हुज किजु, जनस्वास्थ्य जिल्ला सामुदायिक आँखा अस्पतालका डा. धिरज अधिकारी, भेट फर योर पेटका डा. पंकज खनाल र डाक्टर प्रणव जोशी, महानगरीय प्रहरी परिसरका प्र.स.नि. अमित दण्डेखु र हस्तबहादुर सुनुवार, उद्योग वाणिज्य सङ्घका विश्वराम दुवाल, भेटनरी तथा पशु सेवा विज्ञ केन्द्र भक्तपुरका रूपेश आलेमगर, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी र मनोज थापा, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी र रुपालक्ष्मी प्रजापति, घरेलु कार्यालयका सिताराम त्वायना, स्वास्थ्य कार्यालय भक्तपुरका देवीका किजु सहभागी थिए ।

**औषधी, खाद्यसामग्री लगायतका बस्तु किन्दा**
**म्याद हेर्ने बानी गरौं ।**

# विविध समाचार

## नगर प्रमुख प्रजापतिसँग कोभिड १९ वरियर्स समूहको अन्तरक्रिया



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कोभिड १९ वरियर्स समूह बनेपाको आयोजनामा असार २३ गते गुगल मिटबाट अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सङ्कट वा महामारीको समयमा सतर्क र सचेत हुन सकेनौँ भने ठूलो दुर्भाग्य भोग्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा जनताको सहयोगबाट निर्मित अक्सिजन प्लान्ट सञ्चालन गरी जनतालाई सहज रूपमा अक्सिजन आपूर्ति गर्न सक्षम र सफल रहेको बताउनुहुँदै सङ्घ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा महामारीविरुद्ध लड्ने शक्ति प्राप्त हुने बताउनुभयो ।

कोभिड १९ रोगलाई बेवास्ता गरेको देशका जनताले अनाहकमा यस रोगबाट ज्यान गुमाउनुपरेको बताउनुहुँदै उहाँले विश्वमा कोभिडबाट कामदार वर्ग बढी पीडित भएको प्रष्ट पार्नुभयो । भाइरसविरुद्धको खोप नै कोभिडविरुद्ध लड्ने महत्त्वपूर्ण उपाय भएको बताउनुहुँदै उहाँले पूँजीवादी व्यवस्थामा गरिब जनताको जीवन मूल्यहीन हुने यथार्थलाई यस महामारीले प्रष्ट्याएको छ भन्नुभयो ।

कार्यक्रममा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै उहाँले नागरिकको जीवन रक्षा गर्ने उद्देश्यले नगरपालिकाले २५ बेडको एचडीयुसहितको ७५ बेडको ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गरी आजको मितिसम्ममा धेरै जनताको सेवा गरिसकेको बताउनुभयो ।

भक्तपुर नपाले जनचेतनामूलक कार्यक्रमलाई जोड दिँदै नियमित रूपमा कोभिडबाट बच्ने उपायबारे माइकिङ, टोलटोलमा साबुन पानी व्यवस्था र घर घरमा मास्क र हात धुने साबुन वितरण गरेको बताउनुहुँदै उहाँले महामारीको समयमा भक्तपुर नपाका जनप्रतिनिधि जनताको साथमा रही काम गरेको अनुभव सुनाउनुभयो ।

काठमाडौं उपत्यकामा स्मार्ट सिटीको औचित्यता नरहेको प्रष्ट पार्नुहुँदै उहाँले भन्नुभयो, हामीसँग भएका पुरातात्त्विक र सांस्कृतिक महत्त्व भएका सम्पदा संरक्षण, सम्बर्द्धन गर्नु नै महत्त्वको विषय भएको बताउनुभयो । विदेशीको भरमा देशको समृद्धि गर्ने सोच गलत भएको बताउनुहुँदै उहाँले भक्तपुर नपालाई आत्मनिर्भर बनाउने प्रयासलाई जोड दिँदै अगाडि बढिरहेको बताउनुभयो ।

नगरपालिकाले रञ्जना लिपीका कक्षा, विभिन्न सीपमूलक तालिमलाई सञ्चालन गर्दै नगरभित्रका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरिसकेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा काभ्रेका कृष्णकुमार वैद्य र कोभिड १९ वरियर्स समूहका संयोजक रोजन न्हुछेप्रधानले पनि बोल्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिसँग मध्यपुर थिमी नपाका उपप्रमुख अन्जनादेवी मधिकर्मीको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग मध्यपुर थिमी नगरपालिकाका उपप्रमुख अन्जनादेवी मधिकर्मीले असार २० गते भेट गर्नुभयो । नगर प्रमुख प्रजापतिले उपप्रमुख मधिकर्मीलाई स्वागत गर्नुहुँदै उहाँहरूबीच दुई नगरपालिकाबीच भएका गतिविधिहरूबारे अनुभव आदानप्रदान भयो । प्रमुख प्रजापतिले उपप्रमुख मधिकर्मीलाई नगरपालिकाका केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

# देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सम्पन्न गर्न ध्यानाकर्षण



देको मिवा इतापाके जग्गा एकीकरण आयोजना छिटो सम्पन्न गर्न असार २७ गते आयोजनाभित्रका जग्गाधनीहरुले भक्तपुर नगरपालिकामा ध्यानाकर्षण पत्र बुझाएको छ । नगर प्रमुख प्रजापतिलाई जग्गावालाका तर्फबाट स्थानीय प्रनेश बाटीले नपाद्वारा सञ्चालित आयोजनाले जग्गा फिर्ता गर्न ढिला गर्दा जग्गावालाहरू समस्यामा परेको हुँदा यथाशक्य छिटो सम्पन्न गर्न उक्त ध्यानाकर्षण पत्र हस्तान्तरण गर्नुभएको हो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले व्यवस्थित बस्ती विकास गरी सक्दो जनतालाई बढी सुविधा दिने उद्देश्यले आवास योजना सञ्चालनमा ल्याएको र जनताको मागबमोजिम आयोजनाको काम छिटो सम्पन्न गर्ने तयारीमा नगरपालिका जुटेको बताउनुभयो । नपाबाट सञ्चालित आवास योजनाबारे उठेका जनगुनासो सम्बोधन गर्न नगरपालिकाले चरणबद्ध रूपमा भेला तथा छलफल पनि सञ्चालन गरिसकेको बताउनुहुँदै उहाँले आयोजनाको काम अन्तिम चरणमा पुगेको पनि बताउनुभयो ।

भूकम्पका कारण कतिपय जग्गावालाहरू हालसम्म पनि टहरामा नै जीवन बिताउन बाध्य भएको, घर बनाउन समस्या पुगेको, दाजुभाइबीचमा अंशबण्डा गर्न अप्ठेरो भएको हुँदा जग्गावालाहरूको गुनासो सम्बोधन गर्नेगरी आयोजना छिटोभन्दा छिटो टुङ्ग्याउनु जरुरी रहेको ध्यानाकर्षण पत्रमा उल्लेख छ । साथै गुनासो नभएका जग्गाहरू फिर्ता गर्न आवश्यक पहलको निम्ति आग्रह गर्दै गुनासो सम्बोधन गर्न ढिलो हुने भए ती बाहेकका जग्गा फिर्ता गर्न नगरपालिकाको ध्यानाकर्षण गराएको छ ।

# तत्काल जग्गा फिर्ता गर्न देको मिवाका जग्गाधनीहरूको माग



देको मिवा इतापाके जग्गा एकीकरण आयोजना छिटो सम्पन्न गरी चाँडोभन्दा चाँडो अस्थायी पूर्जा वितरण गर्न साउन १४ गते आयोजनाभित्रका जग्गाधनीहरुले भक्तपुर नगरपालिकामा ध्यानाकर्षण पत्र बुझाएको छ । नगर प्रमुख प्रजापतिलाई आयोजना छिटो सम्पन्न गर्न गठित दबाब समूहका अध्यक्ष पुरुषोत्तम तमखूले गुनासो सम्बोधन गर्न बाँकी जग्गाबाहेकका जग्गाधनीहरूलाई तत्काल जग्गा फिर्ता गर्न माग गर्दै उक्त ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको हो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले जनताको मागबमोजिम आयोजनाको काम छिटोछरिटो सम्पन्न गर्ने तयारी गरिरहेको बताउनुभयो । नपाबाट सञ्चालित आवास योजनाबारे उठेका जनगुनासो सम्बोधन गर्न नगरपालिकाले चरणबद्ध रूपमा सम्बन्धित जग्गावालाहरूसँग छलफल गर्नुका साथै आयोजनाले निवेदन परेका बाहेकका जग्गावालाहरूको यथाशक्य चाँडो जग्गा फिर्ता गर्ने क्रम अगाडि बढेको बताउनुभयो ।

ध्यानाकर्षण पत्रमा २०७२ सालको भूकम्पदेखि वर्षौं टहरामा बसेकाहरूलाई राहत पुग्ने, जग्गा फिर्ता नपाएर दुःख पाएका जग्गावालाहरूको माग सम्बोधन हुने उल्लेख छ । साथै आयोजनाका विवादित जग्गाबाहेकका जग्गा तत्काल फिर्ता गर्न आग्रह गर्दै अस्थायी पूर्जा यथाशक्य चाँडो वितरण गर्नुपर्ने विषयमा नगरपालिकाको ध्यानाकर्षण गराएको छ ।

यसअघि पनि विभिन्न समूहले नगर प्रमुख समक्ष निवेदन दिई आफूहरू आयोजनाको नियमानुसार जग्गा कटाई जग्गा फिर्ता लिन मन्जुर भएको उल्लेख गर्दै ध्यानाकर्षण पत्र दिइसकेका छन् ।

# फेरि प्रतिनिधिसभा पुनर्स्थापना र प्रम नियुक्ति गर्न परमादेश

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम् न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले असार २८ गते सोमबार प्रतिनिधिसभा पुनर्स्थापना गर्दै असार २९ गते मङ्गलबार अपराह्न ५ बजेभित्र शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्ति गर्न परमादेश जारी गरेको छ ।

फैसलामा भनिएको छ,'प्रधानमन्त्री पदमा नियुक्ति सन्दर्भमा प्रतिनिधिसभाका कुनै सदस्यप्रति विश्वास जनाएको, समर्थन गरेको, आफ्नो अभिमत वा धारणा व्यक्त गरेको वा मतदान गरेको कुरालाई लिएर प्रतिनिधिसभाका कुनै पनि सदस्यउपर दल त्यागसम्बन्धी कारबाही नगर्नू, नगराउनू भनी प्रत्यार्थीहरूका नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ ।'

फैसलाले पुनर्स्थापित प्रतिनिधिसभाको अधिवेशन गर्न समेत समय तोकिदिएको छ ।

विगतमा शासकदलहरूले बहालवाला प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाएको थियो भने यसपटक नाम तोकेर पम नियुक्त गर्न, प्रतिनिधिसभा बस्न समय तोक्नुका साथै सांसदमाथि प्रम चयनमा सम्बन्धित दलको ह्वीप नलाग्ने गरी 'स्वतन्त्र' बनाइएको छ ।

# परमादेशका प्रम देउवालाई विश्वासको मत

संवैधानिक अदालतको परमादेश अनुसार राष्टपतिबाट २९ असारमा प्रधानमन्त्रीमा नियुक्त भएका शेरबहादुर देउवाले पुनर्स्थापित संसदको पहिलो बैठकमा विश्वासको मत लिएकोमा उनको पक्षमा १६५ मत परेको छ ।

नेपाली कांग्रेसका सभापति समेत रहेका देउवालाई उनको आफ्नै दल नेपाली कांग्रेससँगै माओवादी केन्द्र, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले मत दिएको छ । एमालेका दुवै गुटका गरी २२ सांसदले उनलाई मत दिएका छन् ।

मतदानमा २४९ जना सांसद सहभागी भएका थिए । देउवाको विपक्षमा ८३ मत खसेको छ । नेपाल मजदुर किसान पार्टीले मत दिएन भने राप्रपा तटस्थ बसेको थियो ।

मतदानमा एमालेको माधवकुमार नेपाल समूह मात्र होइन, केपी शर्मा ओली पक्षका ८ र जसपाको महन्थ ठाकुर पक्षका सांसदहरूले मत दिएका छन् ।

# वृक्षारोपण कार्यक्रम

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाको प्रमुख आतिथ्यतामा कमलविनायक आवास क्षेत्रका स्थानीयहरूको अगुवाइमा वृक्षारोपण कार्यक्रम श्रावण १ गते सम्पन्न भयो ।



प्रमुख अतिथि वडाध्यक्ष ह्यौंमिखाले समुदाय जागरुक भई वातावरण सौन्दर्य बनाउने कार्य प्रशंसनीय भएको बताउनुहुँदै वृक्षले अक्सिजन दिने भएकोले मानिसहरू स्वस्थ हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकालाई अक्सिजन प्लान्ट बनाउन सहयोग गर्ने जनताको विश्वासको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा स्थानीय कृष्ण नारायण दुमरुले पनि बोल्नु भएको थियो ।

नगरपालिकाले करीब ३० ओटा बोटविरुवा र ट्री गार्डको व्यवस्था गरिदिएको वडानिरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

# क्युवामा क्रान्ति र समाजवादको पक्षमा दसौँ लाखको प्रदर्शन



क्युवाका पूर्वराष्ट्रपति राउल क्यास्ट्रो, वर्तमान राष्ट्रपति मिग्वेल डायज कानेललगायत क्युवाली क्रान्ति र समाजवादको पक्षमा दसौँ लाख जनताले गरेको प्रदर्शनमा । चित्र : ग्रान्मा

हवाना, १७ जुलाई (प्रेन्सा ल्याटिना) । क्युवाको राजधानी हवानामा क्युवाली क्रान्ति र समाजवादको पक्षमा दसौँ लाख जनताले प्रदर्शन गरेका छन् । क्युवाविरुद्ध संरा

अमेरिकी नाकाबन्दी र कोभिड-१९ को महामारीको स्थितिका कारण क्युबाले व्यहोरिरहेको अभावको स्थितिलाई बहाना बनाएर संरा अमेरिकी साम्राज्यवाद र क्रान्तिविरोधीहरूको उक्साहटमा क्रान्तिविरोधी प्रदर्शन भएपछि त्यसको प्रतिकारस्वरूप उक्त प्रदर्शन भएको हो ।

प्रदर्शनमा मजदुर, किसान, युवा, विद्यार्थी, चिकित्सक, शिक्षक, प्राध्यापक, कानुन व्यवसायी, व्यवसायीलगायत समाजका विभिन्न पेशा र क्षेत्रका जनताको सहभागिता थियो । प्रदर्शनमा क्युबामाथिको नाकाबन्दी अन्त्य गर्न र क्युबालाई अस्थिर बनाउने उक्साहट बन्द गर्न माग गरिएको थियो ।

उक्त प्रदर्शनमा क्युबाका पूर्वराष्ट्रपति राउल क्यास्ट्रोलगायत पार्टी र सरकारका अवकाश प्राप्त नेताहरू सामेल भएका थिए भने वर्तमान राष्ट्रपति मिग्वेल डायज कानेल पनि सहभागी भएका थिए ।

त्यस्तै हवानाको मेलेकोन नजिकको ला पारागुआ नगरबाट एक लाखभन्दा बढी क्युबालीहरूले समाजवाद र सरकारको समर्थनमा दसौँ किलोमिटर पैदल यात्रा गरी हवानाको क्रान्ति चोकसम्म प्रदर्शन गरेका छन् । क्युबाको विभिन्न प्रान्तमा पनि क्युबाली क्रान्ति र समाजवादको पक्षमा दसौँ हजार स्थानीय जनताले शान्तिपूर्ण प्रदर्शन गरेका छन् ।

जुलाई ११ र १२ का दिन क्युबाका केही सहरहरूमा क्रान्ति, समाजवाद र सरकारको विरोधमा क्रान्तिविरोधीहरूले प्रदर्शनको नाममा दङ्गा र लुटपाट मच्चाएका थिए ।

**पाठक पत्र**

# ध्यानाकर्षण होस्

भक्तपुर नगरपालिका सदाचार टापूबाट विभुषित नगर हो । त्यहाँका कर्मचारीहरूले आफ्नो कर्तव्य निर्वाह धेरै हदसम्म इमानदारीपूर्वक गरेको पाइन्छ । तर एकदुई जना कर्मचारीहरू आफ्नो कर्तव्य पालनमा चुकेको देखिन्छ । एक वडा निरीक्षकको सूर्यविनायकमा एकदम आलोचना गरेको देखिन्छ । गपली कुवादेखि हाईवे जाने बाटोमा ब्लक छपाइ गरी एकदमै राम्रो बनाएको छ तर उक्त राम्रो ब्लक छपाइमाथि एक व्यक्तिले पेटी निर्माण गऱ्यो । सोको गुनासो नगरपालिकामा गराइसकेको छ । त्यस्तै सूर्यविनायक आकाशे पुल निर र भुलांचामा गाडामा फलफूललगायत सामानहरू बेच्नेहरूले पेटीमा समेत हिँड्न नहुने गरी तन्न पसलहरू राख्दा पनि बेवास्ता देखिएको छ । कुन दिन बाटोमा हिँड्ने बटुवा वा फलफूल किन्ने मानिसहरू गाडी दुर्घटनामा पर्ने हो थाहा छैन । त्यस्तो दुर्घटना हुनुभन्दा पहिले नै नगरपालिकाको गम्भीर ध्यानाकर्षण होस् । यी कुराहरूको गुनासो उक्त निरीक्षकको कानसम्म पुग्दा पनि बेवास्ता गरेकोले यो पाठकपत्र लेखेको छु ।

**टेज नागा,** भनपा ४

## नेपालमा कोरोना सङ्क्रमण

**साउन १५ गते**

**परीक्षण प्रयोगशाला :** ९६ (सरकारी- ५८, निजी- ३८)
**परीक्षण सङ्ख्या :** ३५,९४,२०२
सरकारी- २१,८०,७५८/ निजी- १४,१३,४४४
**खोप :** कोभिशिल्ड: पहिलो- १८२८४८४/ दोस्रो- ४६०३०८
भेरोसेल: पहिलो- १९५१४४८/ दोस्रो- ७१८७३८
जोन्सन: ४४२७०८
**कूल सङ्क्रमित :** ६,९३,१०९ (पु. ४,१७,१९९ म. २,७५,९१०)
**निको भएका सङ्ख्या :** ६, ५२,२६१
**मृत्यु भएको सङ्ख्या :** ९,८३४

## प्रदेशगत सङ्क्रमित विवरण (जेठ १६ - असार १५ गते)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ७,२११ | ६,०८८ | १३,२९९ |
| प्रदेश नं. २ | ८६९ | ३९३ | १,२६२ |
| बागमती | १३,३७७ | ११,४५५ | २४८३२ |
| गण्डकी | ४,६३९ | ४,१५५ | ८,७९४ |
| लुम्बिनी | १,७७८ | १,५५६ | ३,३३४ |
| कर्णाली | ५७० | ४१० | ९८० |
| सुदूरपश्चिम | ८०७ | ४१८ | १,२२५ |
| जम्मा | २९,२५१ | २४,४७५ | ५३,७२६ |

## काठमाडौं उपत्यका सङ्क्रमित विवरण (साउन १५ गते)

| जिल्ला | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १२५,९५१ | ८९,७९७ | २१५,७४८ | २०८४५३ | १९५९ |
| ललितपुर | २१,९०१ | १८,६९३ | ४०५९४ | ३८७६७ | ५९४ |
| भक्तपुर | १७,२९२ | १२,५३४ | २९८२६ | २२६९५ | ३८४ |
| जम्मा | १६५,१४४ | १२१०२४ | २८६१६८ | २६९९१५ | २९३७ |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं । शारीरिक दूरी कायम गरौं ।**

# ख्वप अस्पताललाई सहयोग जारी

# भक्तपुर नपाबाट दाताहरूलाई हार्दिक धन्यवाद !

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ ले भक्तपुर जिल्ला पनि आक्रान्त रहेको छ। भक्तपुर नगरपालिकाले २०७८ वैशाख १७ गतेदेखि २५ शय्याको एचडीयुसहित ७५ शय्याको ख्वप अस्पताल (कोभिड युनिट) सञ्चालन गरी सङ्क्रमितहरूलाई निःशुल्क उपचार सेवा प्रदान गरिरहेको छ। भक्तपुर नपाले ख्वप अस्पतालमा अक्सिजन प्लान्ट, भेन्टिलेटर, आइसीयुलगायत अन्य स्वास्थ्य उपकरणहरूको व्यवस्था गर्न जनस्तरबाट स्वेच्छाले आर्थिक, भौतिक, तथा नैतिक सहयोग प्रदान गर्नुहुने सङ्घ संस्था, विद्यालय, कलेज, उद्योगी व्यवसायी तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गरेकोछ।

भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा मिति २०७८ **असार १७ गतेदेखि असार २७ गतेसम्म** सहयोग गर्नुहुने दाताहरूको विवरण तपसिलबमोजिम रहेको छ *(जेठ ५ गतेदेखि असार १६ गतेसम्मको विवरण गताङ्कहरूमा)*-

**(असार २७ गतेसम्म कुल सहयोग रू. ६,२३,३६,७८५।७१)**

| क्र.सं. | सहयोगी दाताको नाम | ठेगाना | सहयोग मिति | सहयोग रकम |
|---|---|---|---|---|
| १०३५ | श्री विष्णु सुवाल | भनपा-६, चोछें | २०७८।३।१७ | १०,००५।- |
| १०३६ | श्री शरोन कोजु | भनपा-२ | २०७८।३।१८ | ६,५५५।- |
| १०३७ | श्री श्रृणा सितिखु | भनपा-६ | २०७८।३।१८ | ६,५५५।- |
| १०३८ | श्री नियान गाईजु | भनपा-६ | २०७८।३।१८ | ६,५५५।- |
| १०३९ | श्री भक्तपुर विकास सहयोग सङ्घ | काठमाडौं | २०७८।३।२१ | १,२५,०००।- |
| १०४० | श्री राजाराम जोशी र भवानी जोशी | काठमाडौं | २०७८।३।२१ | ५१,१११।- |
| १०४१ | प्रा.डा. श्री सर्वज्ञभक्त मल्ल र कोमलबदन मल्ल | काठमाडौं | २०७८।३।२१ | ५०,१११।- |
| १०४२ | श्री कृष्णलाल प्रधान | काठमाडौं | २०७८।३।२१ | ३०,०००।- |
| १०४३ | श्री हरिश्रेणी लाल श्रेष्ठ | काठमाडौं | २०७८।३।२१ | ३०,०००।- |
| १०४४ | श्री धर्मभक्त बल्ल | काठमाडौं | २०७८।३।२१ | २५,०००।- |
| १०४५ | श्री राम सैंजु | काठमाडौं | २०७८।३।२१ | १०,०००।- |
| १०४६ | श्री अनिलप्रसाद हाडा | काठमाडौं | २०७८।३।२१ | १०,०००।- |
| १०४७ | श्री गजेन्द्रबहादुर भुजु | काठमाडौं | २०७८।३।२१ | ५,०००।- |
| १०४८ | श्री उत्तमनारायण मल्ल | काठमाडौं | २०७८।३।२१ | ५,०००।- |
| १०४९ | श्री विदुरचरण राय | काठमाडौं | २०७८।३।२१ | ५,०००।- |
| १०५० | श्री मोहनप्रसाद श्रेष्ठ | काठमाडौं | २०७८।३।२१ | ५,०००।- |
| १०५१ | श्री लोकनाथ श्रेष्ठ | भनपा-१ | २०७८।३।२२ | २,१००।- |
| १०५२ | श्री राम महर्जन | का.म.न.पा.-६ | २०७८।३।२५ | २,०००।- |
| १०५३ | श्री नेमकिपा टोखा नगर समिति | टोखा, काठमाडौं। | २०७८।३।२५ | ५०,०००।- |
| १०५४ | श्री मिर्मिरे बचत तथा ऋण सकारी संस्था लि. | टोखा नपा-२, काठमाडौं | २०७८।३।२५ | ५०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १०५५ | श्री केशकुमार श्रेष्ठ | टोखा नपा–२, काठमाडौं | २०७८।३।२५ | ५,०००।– |
| १०५६ | श्री उन्नति फाउण्डेसन | भनपा–२, ब्यासी, भक्तपुर | २०७८।३।२७ | ग्लोभ्स–१० प्याकेट, पल्स अक्सीमिटर–५० थान, पिपिई सेट–२०, फेस मास्क–५० बाकस, बुट–२० थान, फेस शिल्ड–२० थान, स्क्रब ड्रेस–२० थान, सर्जिकल गाउन–२५ थान, इमर्जेन्सी ट्रली–४ थान, अक्सीजन रेगुलेटर–२५ थान, नाजल प्रोङ्स्–५० थान, ह्याण्ड स्यानिटाइजर–१० जार, ह्याण्ड सोप–१०० थान, डिस्पोजेबल हेड क्याप – २०० थान, अक्सीजन मास्क एडल्ट–१०० थान, इन्सेन्टीभ स्पाइरोमीस्ट्री–२० थान र सिपीएपी माक्स–५ थान |
| १०५७ | श्री कम फर सस्टेनेबल डेभेलपमेन्ट नेपाल | ताथली, भक्तपुर | २०७८।३।२७ | अक्सीजन कन्सन्ट्रेटर–४ थान, अक्सीजन फेस मास्क–४० थान, नाजल क्यानुला–२०० थान, नाजल क्यानुला २.१ मिटर–४० थान, नाजल क्यानुला ७.६ मिटर– ८० थान, अक्सीजन फेस मास्क वीथ पाइप २.१ मी–६४ थान, नाजल क्यानुला १.८ मिटर–६० थान, कन्सन्ट्रेटर इन्ट्री फिलर–८ थान, कन्सन्ट्रेटर कम्प्रेसर फिल्टर–८ थान, सकेट एडेप्टर–४ थान |
| | मिति २०७८ असार १७–२७ गतेको कूल जम्मा | | | रु. ४,८९,९९२।– |
| | **हालसम्मको कूल जम्मा** | | | **६,२३,३६,७८५।७१** |

## विश्वमा कोभिड–१९ को स्थिति (साउन १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | असार १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | १९७,३८५,४०९ | १७८,५३७,१९२ | ४,२१४,९३३ | |
| १ | संरा अमेरिका | ३५,५८४,२७२ | २९,६२६,७५४ | ६२८,४९२ | १ |
| २ | भारत | ३१,५७२,३४४ | ३०,७४३,९७२ | ४२३,२४४ | २ |
| ३ | ब्राजील | १९,८३९,३६९ | १८,५६९,९९१ | ५५४,६२६ | ३ |
| ४ | रूस | ६,२१८,५०२ | ५,५६८,३६३ | १५६,९७७ | ५ |
| ५ | फ्रान्स | ६,०७९,२३९ | ५,६९१,९२३ | १११,७६४ | ४ |
| ६ | संयुक्त अधिराज्य | ५,८०१,५६१ | ४,४८८,८९४ | १२९,५१५ | ७ |
| ७ | टर्की | ५,६८२,६३० | ५,४४३,५०१ | ५१,१८४ | ६ |
| ८ | अर्जेन्टिना | ४,९०५,९२५ | ४,५४२,९०४ | १०५,११३ | ८ |
| ९ | कोलम्बिया | ४,७६६,८२९ | ४,५५७,८२९ | १२०,१२६ | १० |
| १० | स्पेन | ४,४२२,२९१ | ३,७०७,९१४ | ८१,४४२ | ११ |
| ११ | इटाली | ४,३३६,९०६ | ४,१३०,३९३ | १२८,०२९ | ९ |
| १२ | इरान | ३,८२६,४४७ | ३,३२९,०६५ | ९०,०७४ | १३ |
| १३ | जर्मनी | ३,७७२,३०७ | ३,६५०,९०० | ९२,१३१ | १२ |
| १४ | इन्डोनेसिया | ३,३३१,२०६ | २,६८६,१७० | ९०,५५२ | १७ |
| १५ | पोलान्ड | २,८८२,६३० | २,६५३,५२९ | ७५,२५७ | १४ |
| १६ | मेक्सिको | २,८१०,०९७ | २,१९२,४७७ | २३९,९९७ | १५ |
| १७ | दक्षिण अफ्रिका | २,४२२,१५१ | २,१९४,७६२ | ७१,४३१ | १९ |
| १८ | युक्रेन | २,२५१,८६९ | २,१८६,३५३ | ५२,९३० | १६ |
| १९ | पेरू | २,१०८,५९५ | ल्ख | १९६,२१४ | १८ |
| २० | नेडरलान्ड | १,८५९,१९९ | १,६६६,५५१ | १७,८१५ | २० |
| २१ | चेक गणतन्त्र | १,६७३,२१९ | १,६३९,८४९ | ३०,३६३ | २१ |
| २२ | चिली | १,६१३,२८८ | १,५६८,२९४ | ३५,२९५ | २२ |
| २३ | इराक | १,६०३,७८७ | १,४४७,१६० | १८,५३३ | २५ |
| २४ | फिलिपिन्स | १,५७२,२८७ | १,४८८,४३७ | २७,५७७ | २४ |
| २५ | क्यानाडा | १,४२९,५७९ | १,३९७,०३७ | २६,५७५ | २३ |
| २६ | बंगलादेश | १,२२६,२५३ | १,०५०,२२० | २०,२५५ | ३० |
| २७ | बेल्जियम | १,१२२,९५१ | १,०५८,०७२ | २५,२३५ | २७ |
| २८ | स्वीडेन | १,०९९,४१४ | १,०७५,४६९ | १४,६१८ | २६ |
| २९ | रोमानिया | १,०८२,८८० | १,०४७,५२८ | ३४,२७५ | २८ |
| ३० | मलेसिया | १,०७८,६४६ | ८९०,७४२ | ८,७२५ | ३६ |
| ३१ | पाकिस्तान | १,०२४,८६१ | ९३८,८४३ | २३,२९५ | २९ |
| ३२ | पोर्तुगल | ९६३,४४६ | ८९४,५५५ | १७,३३० | ३१ |
| ३३ | जापान | ८९२,२९३ | ८२७,३७२ | १५,१६० | ३४ |
| ३४ | इजरायल | ८६९,०६३ | ८४७,०७६ | ६,४६६ | ३२ |
| ३५ | हङ्गेरी | ८०९,४२७ | ७४७,५१२ | ३०,०२५ | ३३ |
| ३६ | जोर्डान | ७६९,३९० | ७४९,६७६ | १०,०१० | ३५ |
| ३७ | सर्बिया | ७२१,२६७ | ७१०,३७२ | ७,११० | ३७ |
| ३८ | स्वित्जरलान्ड | ७१६,८६५ | ६९१,९७२ | १०,९०६ | ३८ |
| ३९ | नेपाल | ६९०,६४२ | ६५०,४४५ | ९,८०७ | ४० |
| ४० | संयुक्त अरब इमिरेटस | ६७७,८०१ | ६५५,१८३ | १,९३९ | ४१ |
| ४१ | अस्ट्रिया | ६५८,००४ | ६४२,२२९ | १०,७३७ | ३९ |
| ४२ | मोरोक्को | ६०६,८७१ | ५५२,९८३ | ९,६९७ | ४३ |
| ४३ | ट्युनिसिया | ५८२,६३८ | ४९९,६६४ | १९,३३६ | ५२ |
| ४४ | थाइलान्ड | ५७८,३७५ | ३८१,१७० | ४,६७९ | ७६ |
| ४५ | कजाख्स्तान | ५६४,८८५ | ४६७,९७२ | ५,७८० | ४९ |
| ४६ | लेबनान | ५५९,४७३ | ५३६,८०५ | ७,९०० | ४२ |
| ४७ | साउदी अरेबिया | ५२३,३९७ | ५०३,८२७ | ८,२१२ | ४४ |
| ४८ | ग्रीस | ४८७,७०९ | ४४०,३१३ | १२,९११ | ४८ |
| ४९ | इक्वेडर | ४८५,६७३ | ४४३,८८० | ३१,५४९ | ४५ |
| ५० | बोलिभिया | ४७१,९५८ | ४०५,८५३ | १७,७८४ | ४६ |
| ५१ | पारागुए | ४५१,६९५ | ४१७,८७६ | १४,८७६ | ५० |
| ५२ | बेलारूस | ४४३,८६४ | ४३८,०५० | ३,४३४ | ५१ |
| ५३ | पनामा | ४३३,५४५ | ४१४,११८ | ६,७९८ | ५३ |
| ५४ | बुल्गेरिया | ४२४,५२६ | ३९८,४३६ | १८,२०८ | ४७ |
| ५५ | जर्जीया | ४१३,६२६ | ३७९,६८५ | ५,७६८ | ५७ |
| ५६ | कोस्टा रिका | ४०५,२०६ | ३२७,२४९ | ५,०१३ | ५६ |
| ५७ | कुवेत | ३९६,३३२ | ३८१,५७५ | २,३०९ | ५९ |
| ५८ | स्लोभाकिया | ३९२,५३७ | ३७९,४६४ | १२,५३६ | ५४ |
| ५९ | उरूग्वे | ३८१,१८७ | ३७३,००७ | ५,९५३ | ५५ |
| ६० | क्युबा | ३६६,९८५ | ३२०,२४२ | २,६२८ | ८१ |
| ६१ | क्रोएसिया | ३६३,२२७ | ३५३,९०१ | ८,२५० | ५८ |
| ६२ | ग्वाटेमाला | ३६२,१३४ | ३१६,९३१ | १०,२४८ | ६४ |
| ६३ | अजरबैजान | ३४२,५४८ | ३३२,५७४ | ५,०१९ | ६० |
| ६४ | डोमिनिकन गणतन्त्र | ३४१,१७९ | ३१७,१२७ | ३,९५६ | ६१ |
| ६५ | प्यालेस्टिन | ३१६,४८७ | ३११,७१४ | ३,६०१ | ६२ |
| ६६ | डेनमार्क | ३१४,९८३ | ३०१,३४३ | २,५४८ | ६३ |
| ६७ | श्री लंका | ३०४,२०२ | २७३,४९६ | ४,३२४ | ७५ |
| ६८ | भेनेजुयला | ३०३,७९७ | २८७,७२० | ३,५५८ | ६९ |
| ६९ | आयरलान्ड | २९८,०४८ | २६६,८९६ | ५,०३५ | ६८ |
| ७० | ओमान | २९५,८५७ | २७८,१९५ | ३,८१४ | ७१ |
| ७१ | होन्डुरस | २९४,५६१ | ९९,८७९ | ७,७९३ | ७२ |
| ७२ | म्यानमार | २८९,३३३ | २०२,२३५ | ८,५५२ | ८६ |
| ७३ | मीश्र | २८४,१७० | २२९,१६७ | १६,५१४ | ६५ |
| ७४ | लिथुआनिया | २८२,०३९ | २६८,९४७ | ४,४१३ | ६६ |
| ७५ | इथियोपिया | २७९,६२९ | २६३,३९२ | ४,३८१ | ६७ |
| ७६ | बहराइन | २६८,९७४ | २६६,६३५ | १,३८४ | ७० |
| ७७ | मोल्डोभा | २५९,२०२ | २५१,८५० | ६,२५३ | ७४ |
| ७८ | स्लोभेनिया | २५८,९६३ | २५३,६१९ | ४,४२८ | ७३ |
| ७९ | लिबिया | २४६,२०० | १८९,९६४ | ३,४६९ | ८० |
| ८० | आर्मेनिया | २२९,६०३ | २१९,५०२ | ४,६०४ | ७७ |
| ८१ | कतार | २२५,९०५ | २२३,४९४ | ६०१ | ७८ |
| ८२ | बोस्निया र हर्जगोभिना | २०५,६१० | १८९,३४८ | ९,६८६ | ७९ |
| ८३ | केन्या | २०१,००९ | १८८,२२२ | ३,९१० | ८२ |
| ८४ | दक्षिण कोरिया | १९६,८०६ | १७२,७५७ | २,०८९ | ८४ |
| ८५ | जाम्बिया | १९४,१४० | १८५,२१० | ३,३५५ | ८७ |
| ८६ | नाइजेरिया | १७२,८२१ | १६४,९३० | २,१४१ | ८३ |
| ८७ | अल्जेरिया | १६८,६६८ | ११३,७०७ | ४,१८९ | ८८ |
| ८८ | मंगोलिया | १६२,८६९ | १६२,७८८ | ८०९ | ९५ |
| ८९ | कीर्गीज्स्तान | १६१,९७३ | १४२,९८४ | २,३११ | ९३ |
| ९० | उत्तर मेसेडोनिया | १५६,२२५ | १५०,३३३ | ५,४९१ | ८५ |
| ९१ | अफगानिस्तान | १४६,५२३ | ९६,६९२ | ६,६७७ | ९४ |
| ९२ | लात्भिया | १३८,७१७ | १३५,४६३ | २,५५४ | ८९ |
| ९३ | नर्वे | १३७,१२७ | ८८,९५२ | ७९९ | ९२ |
| ९४ | भियतनाम | १३३,४०५ | ३१,७८० | १,०२२ | १४० |
| ९५ | इस्टोनिया | १३३,१११ | १२८,६९८ | १,२७२ | ९१ |
| ९६ | अल्बानिया | १३२,९९९ | १३०,१८७ | २,४५७ | ९० |
| ९७ | उज्बेकिस्तान | १२८,४०३ | १२२,३६८ | ८६६ | ९६ |
| ९८ | नामिबिया | ११७,८९६ | ९४,४१२ | २,९७० | १०१ |
| ९९ | मोजाम्बिक | ११७,६६० | ८७,२५६ | १,३८८ | १०५ |
| १०० | बोत्स्वाना | १०६,६९० | ९५,३२३ | १,५६९ | १०९ |
| १०१ | जिम्बाबे | १०५,६५६ | ७३,३९४ | ३,४२१ | ११४ |
| १०२ | फिन्लान्ड | १०५,२६० | ४६,००० | ९७८ | ९९ |
| १०३ | घाना | १०३,०१९ | ९७,२१३ | ८२३ | ९८ |
| १०४ | मोन्टेनेग्रो | १०१,६४२ | ९८,९१७ | १,६२९ | ९७ |
| १०५ | साइप्रस | १००,७८४ | ८०,१७८ | ४१६ | १०६ |
| १०६ | उगान्डा | ९३,२८२ | ८१,०१४ | २,६३२ | १०३ |
| १०७ | चीन | ९२,८७५ | ८७,३०७ | ४,६३६ | १०० |
| १०८ | एल साल्भाडोर | ८६,०५९ | ७६,०५६ | २,५९९ | १०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | क्यामरून | ८२,०६४ | ८०,४३३ | १,३३४ | १०२ |
| ११० | माल्दिभ्स | ७७,२०२ | ७४,४२९ | २२० | १०७ |
| १११ | कम्बोडिया | ७६,५८५ | ६९,११८ | १,३७५ | ११२ |
| ११२ | लक्जम्वर्ग | ७३,८१६ | ७१,७४४ | ८२२ | १०८ |
| ११३ | र्वान्डा | ६८,८६७ | ४४,८१४ | ७८७ | ११९ |
| ११४ | सिंगापुर | ६४,७२२ | ६२,६७९ | ३७ | ११० |
| ११५ | सेनेगल | ६०,१७० | ४६,४२१ | १,३१८ | ११५ |
| ११६ | जमैका | ५२,५०४ | ४६,९३८ | १,१८२ | १११ |
| ११७ | मलावी | ५१,१४१ | ३७,४९१ | १,५८८ | १२१ |
| ११८ | आइभोरि कोस्ट | ४९,९११ | ४९,११७ | ३२६ | ११३ |
| ११९ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ४९,२५१ | २९,४९७ | १,०२३ | ११७ |
| १२० | मडागास्कर | ४२,६४५ | ४१,१०९ | ९४२ | ११६ |
| १२१ | अंगोला | ४२,४८६ | ३६,०२५ | १,००३ | ११८ |
| १२२ | ट्रिनिडाड एन्ड टोबागो | ३८,२४७ | ३१,३४१ | १,०५७ | १२३ |
| १२३ | रियुनियन | ३७,२३१ | ३३,८९४ | २७५ | १२६ |
| १२४ | सुडान | ३७,१३८ | ३०,८६७ | २,७७६ | १२० |
| १२५ | माल्टा | ३४,०९० | ३१,२११ | ४२३ | १२४ |
| १२६ | अस्ट्रेलिया | ३३,९०९ | २९,९२६ | ९२३ | १२५ |
| १२७ | क्याबो भर्ड | ३३,७२१ | ३२,९३५ | २९८ | १२२ |
| १२८ | फ्रेन्च गीयाना | ३०,०४० | ९,९९५ | १८५ | १२७ |
| १२९ | फिजी | २७,४९७ | ६,९५१ | २२७ | १७९ |
| १३० | सिरिया | २५,९४२ | २१,९७४ | १,९१२ | १२८ |
| १३१ | गिनी | २५,४०१ | २४,०७१ | २११ | १३० |
| १३२ | ग्याबोन | २५,३७० | २५,१४३ | १६३ | १२९ |
| १३३ | सुरिनाम | २५,२१८ | २१,५२७ | ६४३ | १३१ |
| १३४ | मौरितानिया | २५,०६३ | २१,९८५ | ५५३ | १३२ |
| १३५ | इस्वाटिनी | २४,८४८ | २०,४७६ | ७७२ | १३५ |
| १३६ | गुयाना | २२,३७२ | २०,९७४ | ५३५ | १३३ |
| १३७ | हैटी | २०,११६ | १४,०४२ | ५५२ | १३७ |
| १३८ | फ्रेन्च पोलीनेसिया | १९,८७५ | १९,२०६ | १४८ | १३६ |
| १३९ | ग्वाडेलौप | १९,५०३ | २,२५० | २४२ | १३९ |
| १४० | मायोत्ते | १९,४७४ | २,९६४ | १७४ | १३४ |
| १४१ | मार्टिनक्यू | १९,१४९ | १०४ | १११ | १५३ |
| १४२ | सेशेल्स | १८,१८९ | १७,५३८ | ९४ | १४१ |
| १४३ | पपुआ न्यू गिनी | १७,६७३ | १७,२७४ | १९२ | १३८ |
| १४४ | ताइवान | १५,६३७ | १४,०५३ | ७८७ | १४३ |
| १४५ | टोगो | १५,५२२ | १४,३३८ | १५० | १४६ |
| १४६ | सोमालिया | १५,३५८ | ७,४९८ | ८०९ | १४२ |
| १४७ | ताजिकिस्तान | १४,९२९ | १४,३८९ | १२१ | १४८ |
| १४८ | अन्डोरा | १४,६५५ | १४,१८० | १२७ | १४५ |
| १४९ | माली | १४,५६६ | १३,९३९ | ५३१ | १४४ |
| १५० | बहामाज | १४,५४५ | १२,५४९ | २८६ | १५१ |
| १५१ | बेलिज | १४,११४ | १३,३४९ | ३३७ | १४९ |
| १५२ | बुर्किना फासो | १३,५६६ | १३,३६३ | १६९ | १४७ |
| १५३ | कुरासाओ | १३,४९३ | १२,७१५ | १२६ | १५२ |
| १५४ | कंगो | १३,१५६ | ११,७५९ | १७७ | १५० |
| १५५ | लेसोथो | १२,९०८ | ६,६४९ | ३७४ | १५६ |
| १५६ | हङ कङ | ११,९८३ | ११,७०९ | २१२ | १५४ |
| १५७ | जिबौटी | ११,६४९ | ११,४८३ | १५५ | १५५ |
| १५८ | अरूबा | ११,५८४ | ११,१२५ | ११० | १५७ |
| १५९ | दक्षिण सुडान | ११,०१४ | १०,५१४ | ११८ | १५८ |
| १६० | टिमोर लेस्टे | १०,६९५ | ९,८०२ | २६ | १५९ |
| १६१ | निकारागुआ | ९,४७० | ४,२२५ | १९५ | १६२ |
| १६२ | च्यानल टापू | ९,१२७ | ६,२७७ | ८६ | १७५ |
| १६३ | इक्वेटोरियल गिनी | ८,८८० | ८,६३७ | १२३ | १६० |
| १६४ | बेनिन | ८,३९४ | ८,१३६ | १०८ | १६१ |
| १६५ | गाम्बिया | ७,७०९ | ६,६०० | २१२ | १६६ |
| १६६ | आइसलान्ड | ७,६७६ | ६,६८० | ३० | १६५ |
| १६७ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ७,१५१ | ६,८५९ | ९८ | १६३ |
| १६८ | यमन | ७,०४२ | ४,१७१ | १,३७४ | १६४ |
| १६९ | बुरून्डि | ६,८६५ | ७७३ | ९ | १७० |
| १७० | इरिट्रिया | ६,५४४ | ६,४१६ | ३४ | १६७ |
| १७१ | सिएरा लियोन | ६,२६८ | ४,२५८ | १२० | १६९ |
| १७२ | लावस | ५,६७५ | २,६९१ | ६ | १९० |
| १७३ | नाइजर | ५,६०७ | ५,३३० | १९५ | १६८ |
| १७४ | सेन्ट लुसिया | ५,५६७ | ५,३५४ | ८८ | १७१ |
| १७५ | लाइबेरिया | ५,३९६ | २,७१५ | १४८ | १८० |
| १७६ | सान मारिनो | ५,१३० | ५,००५ | ९० | १७२ |
| १७७ | चाड | ४,९७२ | ४,७८९ | १७४ | १७३ |
| १७८ | जिब्राल्टर | ४,९२२ | ४,४७१ | ९४ | १७४ |
| १७९ | आइल अफ मान | ४,५२५ | २,७३२ | २९ | १९४ |
| १८० | गिनी बिसाउ | ४,३८७ | ३,८७२ | ७४ | १७८ |
| १८१ | बार्वाडोस | ४,३६५ | ४,१६७ | ४८ | १७६ |
| १८२ | कोमोरोस | ४,०२५ | ३,८६४ | १४७ | १७७ |
| १८३ | मौरिसियस | ३,९१३ | १,८५४ | १९ | १९२ |
| १८४ | लिक्टेन्स्टाइन | ३,०८५ | ३,००५ | ५९ | १८१ |
| १८५ | न्यु जीलान्ड | २,८७० | २,७९९ | २६ | १८२ |
| १८६ | मोनाको | २,८५३ | २,६८५ | ३३ | १८४ |
| १८७ | सिन्ट मार्टेन | २,७६० | २,६४८ | ३४ | १८३ |
| १८८ | बर्मुडा | २,५५३ | २,४९५ | ३३ | १८५ |
| १८९ | भुटान | २,५०६ | २,३५३ | २ | १९१ |
| १९० | ब्रिटिस भर्जिन टापू | २,५०० | १,९१४ | ३१ | २०३ |
| १९१ | सेन्ट मार्टिन | २,४८१ | १,३९९ | ३८ | १८८ |
| १९२ | टर्क्स एन्ड कैकोस | २,४८१ | २,४३१ | १८ | १८६ |
| १९३ | साओ टोम एन्ड प्रिन्सिप | २,४३२ | २,३५३ | ३७ | १८७ |
| १९४ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | २,२८८ | २,२१० | १२ | १८९ |
| १९५ | क्यारिबियन नेडरलान्ड | १,७०५ | १,६६१ | १७ | १९३ |
| १९६ | एन्टिगुआ एन्ड बर्बुडा | १,२९५ | १,२३५ | ४३ | १९५ |
| १९७ | तान्जानिया | १,०१७ | १८३ | २१ | २०० |
| १९८ | सेन्ट बार्थ | १,००५ | ४६२ | १ | १९६ |
| १९९ | फैरोए टापू | ९८० | ९१८ | १ | १९७ |
| २०० | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | १९८ |
| २०१ | केमान आइलान्ड | ६४० | ६२८ | २ | १९९ |
| २०२ | सेन्ट किट्स एन्ड नेभिस | ५८२ | ५३७ | ३ | २०२ |
| २०३ | वालिस एन्ड फुटुना | ४४५ | ४३८ | ७ | २०१ |
| २०४ | ब्रुनइ | ३३३ | २७० | ३ | २०४ |
| २०५ | डोमिनिका | २१० | २०० | | २०५ |
| २०६ | ग्रेनाडा | १६४ | १६१ | १ | २०६ |
| २०७ | न्यू क्यालेडोनिया | १३३ | ५८ | | २०७ |
| २०८ | ग्रीनलान्ड | ११७ | ७८ | | २११ |
| २०९ | अन्गिवला | ११३ | १११ | | २०८ |
| २१० | फकलान्ड टापू | ६३ | ६३ | | २०९ |
| २११ | मकाओ | ५९ | ५३ | | २१० |
| २१२ | सेन्ट पीरे मिक्वेलोन | २८ | २६ | | २१३ |
| २१३ | भेटिकन सिटी | २७ | २७ | | २१२ |
| २१४ | मोन्टसेराट | २१ | १९ | १ | २१४ |
| २१५ | सोलोमन टापू | २० | २० | | २१५ |
| २१६ | पश्चिमी सहारा | १० | ८ | १ | २१६ |
| २१७ | एमएस जान्डाम | ९ | ७ | २ | २१७ |
| २१८ | भनौतु | ४ | ३ | १ | २१८ |
| २१९ | मार्शल टापू | ४ | ४ | | २१९ |
| २२० | समोआ | ३ | ३ | | २२० |
| २२१ | सेन्ट हेलेना | २ | २ | | २२१ |
| २२२ | माइक्रोनेसिया | १ | १ | | २२२ |
| | **जम्मा** | १९७,३८५,४०९ | १७८,५३७,१९२ | ४,२१४,९३३ | |
| | असार १५ सम्म जम्मा | १८२,२०२,३९८ | १६६,७६४,०९६ | ३,९४५,६७७ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७८।४।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# बासिबियाँलो




चित्रका लहरहरूमा एउटा अमिल्दोमा चिनो लगाउनुहोस्।



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।


## कोरोना महामारी

### जतातत्तै फैलिरहेकोले



अत्यावश्यक काममा बाहेक घर बाहिर नजाऔं, मास्कबिना जाँदै नजाऔं।

बाहिरी वस्तु छोएपछि हरेक पटक साबुन पानीले हात धुन वा सानिटाइजर लगाउन नबिर्सौं।



भौतिक दूरीको सधैं ख्याल गरौं,



अरुसँग मास्क झिकेर कहिल्यै कुरा नगरौं।

हात नधोई आँखा नमिचौं, नाक नकोट्याऔं र मुख नछोऔं।

सावधानी, सचेतता र सतर्कताको स्वस्थकर बानी बसालेर आफू बचौं र अरुलाई पनि बचाऔं।

## भक्तपुर नगरपालिकाको

BHAKTAPUR MUNICIPALITY

रेडियो कार्यक्रम

**'ख्वप सः' अर्थात् 'भक्तपुर आवाज'**

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

bhaktapur F.M. 105.4

# २८ वर्ष काम लाग्ने क्यालेन्डर

यहाँ इश्वी संवत्को एउटा क्यालेन्डर दिइएको छ जुन विभिन्न २८ वर्षको (शुरु सन् १८०५ र अन्तिम २०४७) २८ वर्षको तारिख हेर्न सकिन्छ । यस पात्रोले निम्न सन्को लागि काम दिन्छ –

१८०५, १८११, १८२२, १८३३, १८३९, १८५०, १८६१, १८६७, १८७८, १८८९, १८९५, १९०१, १९०७, १९१८, १९२९, १९३५, १९४६, १९५७, १९६३, १९७४, १९८५, १९९१, २००२, २०१३, २०१९, **२०३०,** २०४१, २०४७

**January**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**February**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | | |

**March**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**April**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | | | | |

**May**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | 31 | |

**June**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | | | | | | |

**July**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**August**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |

**September**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | | | | | |

**October**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**November**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |

**December**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

स्रोत : Mirror, April, 1984

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हामी आफै सफा गरौं ।**

# हाम्रो स्वास्थ्य

## कालो ढुसी सम्बन्धी जान्नै पर्ने कुरा, कस्ता व्यक्तिमा बढी जोखिम ?

कोभिड–१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसी (म्युकरमाइकोसिस) को सङ्क्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ । यो सङ्क्रमण विरलै देखिन्छ तर सङ्क्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ । तर कालो ढुसी कोरोना सङ्क्रमणजस्तो एक व्यक्तिबाट अर्को व्यक्तिमा भने सर्दैन ।

**कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू**

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने,
- ज्वरो आउने,
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने,
- आँखाको ढकनी सुनिने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने,
- नाकबाट रगत बग्ने, बाक्लो सिँगान आउने,
- दाँत दुख्ने वा हल्लिने ।

**कस्ता व्यक्तिमा बढी जोखिम ?**

- ४५ देखि ६५ उमेर समूह,
- मधुमेह वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरू,
- धेरै खाले एन्टीबायोटिक वा स्टेरोइड औषधीको लामो समयसम्म प्रयोग गर्नेहरू ।

**घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू**

- सफा र सुख्खा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने,
- नियमित रूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने,
- व्यक्तिगत स्वच्छतामा ध्यान दिने,
- घर बाहिर वा फोहोरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने,
- धेरै धूलो भएको र ओसिलो ठाउँमा नजाने,
- नुनिलो पानीले नाक सफा गर्ने,
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने,
- जथाभावी स्टेरोइड र एन्टिबायोटिक प्रयोग नगर्ने,
- मधुमेह भएका बिरामीले मधुमेह नियन्त्रणमा राख्ने,
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधि प्रयोग गर्ने ।

(स्वास्थ्यखबर, जेठ १८, २०७८



# आफन्तीको कथा



विनय कुमार कसजू

## को बलियो ?

एक पल्ट एक जना पहलमान आफन्तीकहाँ गयो र भन्यो, 'आफन्ती, तिमी बुद्धिमा ठूला छौ भने म बलमा ठूलो छु । हामी दुईले मित लाए कसो होला ?'

आफन्तीले पहलमानलाई घुरेर हेरे र सोधे, 'तिमी कत्तिको बलिया छौ भन त । '

'मैले पाँच सय किलो गहुँगो ढुङ्गालाई उचालेर यो सहरबाहिर फ्याँक्नसक्छु ।' पहलमानले फुर्ती लायो ।

आफन्तीले भने, 'धेरै फुर्ती नलाऊ । पहिले म तिमी कत्तिको बलियो छौ भन्ने जाँच्छु । लौ आँगनमा जाउँ ।'

आँगनमा पुगेर आफन्तीले गोजीबाट रेसमको रुमाल निकाल्दै भने, 'यो रुमालको तौल दश ग्राम पनि छैन । लौ यो रुमाललाई हाम्रो घरको पर्खाल बाहिर फ्याँकेर देखाऊ त ।'

पहलमानले हाँस्दै भन्यो, 'यति मामुली काम पनि के अह्राएको होला ? के म यित लुते छु ?'

पहलमानले रुमाल हातमा लिएर बाहिर फ्याँक्यो । तर त्यो रुमाल पर्खालभित्र खस्यो । उसले धेरै पटक कोसिस गऱ्यो तर रुमाललाई बाहिर फ्याँक्न सकेन ।

आफन्तीले रुमाल फिर्ता लिँदै भने, 'हेर म यो रुमालसँगै एउटा ढुङ्गा पनि बाहिर फ्याँक्न सक्छु । उनले भुइँबाट एउटा ढुङ्गा टिपेर रुमालले बेरे अनि बाहिर फ्याँके । रुमाल सजिलैसँग पर्खालबाहिर पुग्यो ।

अनि आफन्तीले भने, 'अब तिमी नै भन तिमी बलियो कि म ?'

पहलमान नाजवाफ भएर आफ्नो बाटो लाग्यो ।

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२१)

## परिच्छेद–११

### प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्था

**८१. कार्यालय :** गाउँपालिका, नगरपालिका तथा वडाको कार्यालय त्यस्तो गाउँपालिका, नगरपालिका वा वडाको केन्द्र रहेको स्थानमा रहनेछ ।

**८२. कार्यालयको छाप :** स्थानीय तहले नेपालको निशान छाप प्रयोग गर्नु पर्नेछ र त्यस्तो छापको तलो किनारामा आफ्नो नाम उल्लेख गर्न सक्नेछ ।

**८३. प्रशासकीय सङ्गठन र कर्मचारी दरबन्दी :** (१) गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार, सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन ।

(७) गाउँपालिका तथा नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।

(९) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) यस दफा बमोजिम तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

**८४. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

(२) स्थानीय कानूनद्वारा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार नतोकेसम्मको लागि प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभा र कार्यपालिकाको सचिवको रूपमा कार्य गर्ने,

(ख) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फर्छ्यौट गर्ने, गराउने,

(ङ) आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने,

(च) गाउँपालिका वा नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(छ) अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ज) कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको

निर्णयको अभिलेख सुरक्षित गर्ने,

(झ) न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने, गराउने,

(ञ) गाउँपालिका वा नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,

(ट) सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने,

(ठ) सभा वा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

(३) प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न खटाउनेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**८५. कर्मचारी समायोजन :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी समायोजन नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवामा कार्यरत कुनै कर्मचारीलाई स्थानीय तहमा कामकाज गर्न खटाउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिनेछ । जिल्ला समन्वय समितिका कर्मचारीलाई सम्बन्धित जिल्लाको स्थानीय तहमा खटाउन सकिनेछ र यसरी कर्मचारी खटाउँदा पर्याप्त कर्मचारी नभएका गाउँपालिका र नगरपालिकालाई प्राथमिकता दिइनेछ ।

**८६. स्थानीय सेवाको गठन तथा कर्मचारी नियुक्ति र सेवाको शर्त :** (१) स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

(३) स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोकसेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्नेछ ।

(४) सङ्घ तथा प्रदेशले स्थानीय सेवाका कर्मचारीको अभिलेख तथा विवरण माग गरेमा त्यस्तो अभिलेख तथा विवरण उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुनेछ ।

**८७. प्रतिस्पर्धा सम्बन्धी व्यवस्था :** स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाको बखतसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूलाई यो ऐन प्रारम्भ भएपछि लोकसेवा आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिन अवसर दिइनेछ । यस्ता कर्मचारीलाई पहिलो विज्ञापनको परीक्षामा सामेल हुन उमेरको हद लाग्ने छैन । उक्त परीक्षामा सहभागी नभएमा वा असफल भएमा स्वतः अवकाश हुनेछ ।

**८८. कर्मचारीको तलब :** स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**८९. काजमा पठाउन सक्ने :** नेपाल सरकारले स्थानीय तहको मागको आधारमा उपयुक्त देखेमा बढीमा दुई वर्षको लागि स्थानीय तहबाटै तलब भत्ता खाने गरी निजामती सेवाको कुनै कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

**९०. तहगत प्रणाली अपनाउने :** स्थानीय तहले स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन गर्दा वर्गीकरणमा आधारित तहगत प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

**९१. अवकाश कोषको व्यवस्था :** (१) स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्नेछ ।

(३) स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपदफा (१) बमोजिमको कोषबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिमको अवकाश कोषको रकम अन्य प्रयोजनको लागि खर्च गरिने छैन ।

(५) अवकाश कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । **(क्रमशः)**



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 62

### CHAPTER XXVI...

1850. — On the 15th of January Jang Bahadur's mission left Kathmandu en route for England. It consisted of —

- General Jang Bahadur Kunwar Ranaji, Minister and Commander-in-Chief.
- Colonel Jagat Shamsher, Minister and Commander-in-Chief.
- Colonel Dihar Shamsher, Minister and Commander-in-Chief.
- Barra Captain Ranmir Singh Adhikari.
- Kaji Karbir Khatri.
- Kaji Delhi Singh Bashniat.
- Kaji Hemdah Singh Thappa.
- Lieutenant Lal Singh Khatri.
- Lieutenant Karbar Khatri.
- Lieutenant Bhim Sen Rana.

One bard or doctor, one Niwar artist, two subahs, one subahdar, and four cooks and domestic servants.

General Bam Bahadur, Jang's second brother, was appointed to officiate as Minister and Commander-in-Chief during his elder brother's absence.

During this year there was a good deal of correspondence about the affairs of the ex-Rani of Nipal, then resident with her two sons at Benares. It appeared that when the ex-King and Queen left Kathmandu for Benares in November 1846, the King took with him from the public treasury ten or twelve lakhs, in cash and jewels. On his returning to Nipal in 1847, he left this money with his wife and sons at Benares. Her behaviour shortly after with Dalbahadur, an exile from Nipal, caused open scandal. She squandered large sums of money on him, and not only neglected, but helped in corrupting, her sons, both by her precepts and her practices. After a time, to stop the scandal which arose, the British Government took possession of the cash balance that remained, and sold the jewels and effects. The whole together realised upwards of six lakhs of rupees; this was invested in the 5 per cents, for the benefit of the Rani and her sons, who were to live on the interest, the whole being under the control of the agent to the Governor-General at Benares. (On Jang's return from England, in passing through Benares, he made a new arrangement about this money, as the previous one had given rise to much discussion and dissatisfaction. He divided the whole sum into three lots, and gave one to the mother and one to each of the sons. At the same time, he offered the boys liberal provisions if they liked to return to Nipal, but they declined doing so; the option was not given to the ex-Queen, as it was considered quite out of the question to allow her ever again to enter the country.)

On the 24th of May 1850, a salute of twenty-one guns was spontaneously fired by the Darbar's orders in honour of the birthday of the Queen of England. It was the first time such a compliment was ever paid, but it has been done regularly ever since.

In October, the senior Maharani of the King, and mother of his only two sons, died, and public mourning for one year was enjoined.

1851. — On the 6th of February Jang Bahadur with his mission reached Kathmandu on their return from England; the King and his father (the ex-King), and a large party of Sardars went out to meet him on the banks of the Baghmatti river. A few days after, a complimentary letter to the Maharajah from the Queen of England was presented in full Darbar, under a salute of twenty-one guns, by Jang, who had brought the letter with him. Jang resumed his post of Minister, and entered on his duties from the day of his arrival, without any opposition, and everything appeared to have settled down into its usual state of order and tranquillity.

On the 16th of February, a conspiracy against the life of the Minister was detected. General Bam Bahadur, near midnight of the 16th, went to Thappatalli, his brother's residence; and after sitting over the fire for some time in silence, he suddenly burst into tears, and told Jang that he had a secret in his mind which had made him sleepless for two nights past; that he had delayed revealing it till now from fear that, although he himself was conscious of his own innocence, Jang might suspect that he (Bam) was as guilty as the others; and that now Jang would only just have time to save his life, as there was a conspiracy on foot by which Jang was to be shot the next day by a hired assassin, while on the high road from his own house to the Darbar. He then entered into all the details which were known to him.

**(To be continued)**

सम्पादकको पृष्ठ

# सिंहदरबारको बाँदरको पुच्छरजस्तो निषेधाज्ञा

संसदीय मूल्य, मान्यता र परम्परा विपरीत अदालतको 'सर्वोच्चता' बाट सिंहदरबारको कुर्सीमा बस्नेको अनुहार फेरिएको छ । तर देशको स्वाधीनता, जनताको व्यापक हित हेर्ने अनुहार न हिजो थियो न आज देखिएका छन्। कुर्सीको लागि तीनहातको ऱ्याल चुहाएर 'कुकुर झगडा' गर्नेहरूको हेरफेर पसिना चुहाएर बाँच्ने जनताको लागि 'बेल पाकेर कागलाई हर्ष न विस्मात' बाहेक कुनै तात्त्विक अन्तर हुनेछैन् ।

विश्वव्यापी कोरोना महामारीको दोस्रो लहर ब्यहोरिरहेको नेपाली जनता 'डेल्टा प्लस' सहितको तेस्रो लहरको सन्त्रासमा छन्। दुईजना सङ्क्रमित देखापर्दाको 'लकडाउन' दोस्रो लहर र सम्भावित तेस्रो लहरको अवस्थामा पनि महामारी रोकथामको लागि 'लोकाचार' को निषेधाज्ञामा सीमित गरेर सिंहदरबार तमासे बनिरहेको छ । निषेधाज्ञाको अवधि थप्दै महामारी फैलिन सक्ने वातावरण बनाउन एकपछि अर्को भीडहुने क्षेत्र खुल्ला गर्दै आएको छ। यसले सिंहदरबारमा ट्रम्प, बोल्सोनारो, मोदी जस्ताका अनुयायीको हालिमुहाली चलेको स्पष्टै बुझिन्छ। त्यसैले काम गरिखाने जनता महामारीको भन्दा डुकुभातको समस्याले झनै आक्रान्त भएका छन् र ज्यान जोखिममा राखेर विदेशिन बाध्य छन्। यसले संविधानको 'समाजवाद उन्मुख' वाक्यांशको अपमान र देखावटी साबित भैरहेको छ ।

मास्क, भौतिक दूरी र साबुनपानीले हात धुने उपायबाट महामारीबाट जोगिरहेका जनतालाई ठूलो मात्रामा खोप देशमा आइसकेको छ । रकम लिएर पनि भारतले खोप नदिए पनि छिमेकी मित्र चीनलगायतका देशबाट आइपुगेको खोपसमेत उचित वितरण र ब्यवस्थापन गर्न सिंहदरबार असफल देखिएको छ। खोप भण्डार गर्नको लागि होइन व्यापक जनतालाई दिन हो । तर कुर्सीको लागि मरिहत्ते गर्ने शासकहरू उपलब्ध खोपसमेत भण्डारमा थुपारी जनतालाई जोखिममा पारेर नाममात्रको 'निषेधाज्ञा' मा रमाइरहेका छन्। सिंहदरबार क्षेत्रमा जुलुस, धर्ना गर्न निषेध छ, 'प्रतिष्ठा' को लागि सरकार त्यहाँ  सशक्त रूपमा देखापर्छ। तर आम नेपाली जनताको जीवन बचाउने खोपलाई भण्डारण गरेर सिंहदरबार किन बाँदरको पुच्छर जस्तो 'निषेधाज्ञा' घोषणा गरेर दायित्व र कर्तव्य पालना गरेको ठान्दछ ?



बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबीच नपामा भेट (साउन ४ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र नेपालका लागि प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका महामहिम राजदूत जो योङ मानबीचको भेट (साउन ७ गते)



भक्तपुर नपाद्वारा प्रकाशित स्थानीय पाठ्यक्रम सन्दर्भसामग्री 'ख्वपको पहिचान'
भाग २ का लेखकहरूसँगको छलफल कार्यक्रम (असार ३० गते)